# लुम्बिनी प्रदेशको कृषि विकास रणनीति
# (२०८१/८२-२०९५/९६)

## लुम्बिनी प्रदेश सरकार

कृषि तथा भूमि व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

जेठ, २०८१


संकेत
जिल्लाको सिमाना
भौगोलिक सीमा
हिमाली क्षेत्र
पहाडी क्षेत्र
तराई क्षेत्र
रुकुम
रोल्पा
बर्दिया
बाँके
दाङ
प्युठान
गुल्मी
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
नवलपरासी
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
लुम्बिनी प्रदेश
बागमती प्रदेश
मधेश प्रदेश
प्रदेश नं० १
संकेत
लुम्बिनी प्रदेशको सिमाना
नेपालको प्रादेशिक सिमाना
N
W
E
S

# मुख्यमन्त्री

## सन्देश

नेपालको संविधानले दिशानिर्देश गरे अनुसार देश संघीय संरचनामा गई सकेको छ। संघीयता कार्यान्वयन सँगै कृषि क्षेत्र स्थानीय तह, प्रदेश र संघको संयुक्त अधिकार क्षेत्रमा परेको छ। नेपाल सरकारद्वारा नेपालको समग्र कृषि क्षेत्रको विकासका लागि कृषि विकास रणनीति (सन् २०१५-२०३५) कार्यान्वयनमा आइसकेको परिप्रेक्ष्यमा देश संघीयतामा गए पश्चात् उक्त रणनीति सँग सामञ्जस्यता हुने गरी प्रादेशिक कृषि विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ।

प्रदेशमा रहेका सम्भावनाहरूको समुचित उपयोग गरी लुम्बिनी प्रदेशको कृषि विकासलाई मार्गदर्शन दिने रणनीतिक दस्तावेज तयार गर्न सरकारले आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा प्रतिबद्धता गरे बमोजिम आगामी आवधिक योजनाहरूको लागि समेत मार्गचित्र प्रदान गर्ने गरी लुम्बिनी प्रदेशको १५ वर्षे कृषि विकास रणनीति तर्जुमा गरेका छौं।

प्रदेशको भौगोलिक विविधता, आर्थिक अवसर तथा चुनौतीहरूलाई मध्यनजर गर्दै कृषि क्षेत्रको व्यावसायीकरण तथा औद्योगिकीकरण मार्फत उत्पादन वृद्धि गर्ने एवम् उत्पादित कृषि वस्तुलाई प्रतिस्पर्धी तुल्याई समग्र देशलाई कृषिमा आत्मनिर्भर बनाउन सकिन्छ। कुल ग्राहस्थ उत्पादनमा २३.९५ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसङ्ख्या आबद्ध रहेको कृषि क्षेत्रको आर्थिक समृद्धि हासिल भएमा समग्र अर्थतन्त्रको विकास गर्न सकिन्छ। उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुर्याउने क्षेत्र भएकोले यसको वैज्ञानिक ढंगले सुधार तथा रूपान्तरण गर्ने विगतका प्रयासहरूलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु पर्ने हुन्छ।

नेपाल सरकारले जारी गरेको कृषि विकास रणनीतिमा आधारित भइ प्रदेश सरकारको प्रथम आवधिक योजनाले निर्दिष्ट गरेको कृषि क्षेत्रको दीर्घकालीन सोच, लक्ष्य, तथा उद्देश्य हासिल गर्न एवम् प्रदेश सरकारको वर्तमान संकल्प, "समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश" को दीर्घकालीन सोच पूरा गर्न यो रणनीतिले महत्त्वपूर्ण योगदान पुर्‍याउने मेरो विश्वास छ। साथै, यो रणनीतिको सफल कार्यान्वयनबाट नेपाल सरकारले प्रतिबद्धता व्यक्त गरेको दिगो विकासका गरिबी निवारण, भोकमरीको अन्त्य, स्वस्थ जीवनको सुनिश्चितता, दिगो र समावेशी आर्थिक वृद्धि, र दिगो भू-उपयोगसँग सम्बन्धित लक्ष्य हासिल गर्न समेत योगदान पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, यस रणनीतिको तर्जुमा एवम् कार्यान्वयन प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण सरोकारवाला निकायहरू, नेपाली कृषक दाजुभाइ तथा दिदी बहिनीहरू लगायत राष्ट्रसेवक कर्मचारीहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यस रणनीतिको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु ।

जोखबहादुर महरा
मुख्यमन्त्री
लुम्बिनी प्रदेश सरकार

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय
## मन्त्री
## सन्देश

भौगोलिक विविधताले भरिएको लुम्बिनी प्रदेशले देशको कुल क्षेत्रफलको १५.१ प्रतिशत भू-भाग ओगटेको छ भने यस प्रदेशले नेपालको कुल ग्राहस्थ उत्पादनमा १४.२ प्रतिशत र कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा १७.५ प्रतिशत योगदान गरेको छ। कृषि क्षेत्रले यस प्रदेशको आन्तरिक कुल ग्राहस्थ उत्पादनमा भने २९.८ प्रतिशत योगदान पुऱ्याएको छ। यी तथ्याङ्कहरूले यस प्रदेशमा कृषि क्षेत्रको महत्त्व दर्शाएका छन्।
कृषि पेशा अधिकांश नेपालीको जीविकोपार्जन र आम्दानीको मुख्य श्रोत, खाद्य सुरक्षाको आधार स्तम्भ र गरिबी निवारणको प्रमुख क्षेत्रको रूपमा रहेको छ। कृषि क्षेत्रमा आएको परिवर्तन र यस रणनीतिले श्रृजना गरेको अनुकूल वातावरणले सरकारी, निजी र सहकारी क्षेत्रहरूलाई लगानी गर्न थप प्रेरित गर्नेछ। साथै यस रणनीतिले यस अघिका कृषि क्षेत्रसँग सम्बन्धित नीति, रणनीति, आवधिक योजना विशेषत दीर्घकालीन कृषि योजनामा भएका कमी कमजोरी, यसका सफल अभ्यासहरूलाई समाहित गरी कृषि क्षेत्रको मार्ग दर्शक नीतिको रूपमा रहने विश्वास मैले गरेको छु। जोखिममा परेका वर्गहरू जस्तै भूमिहीन, सीमान्तकृत लोपोन्मुख, अल्पसंख्यक समुदायको खाद्य तथा पोषण सुरक्षा र कृषि औद्योगीकरणको माध्यमबाट आर्थिक रूपान्तरण गरी स्वदेशी पूँजी निर्माण गर्ने यस रणनीतिको मुख्य एजेन्डा रहेको छ।

लुम्बिनी प्रदेशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान गर्ने कृषि क्षेत्रको समग्र विकासका लागि यस क्षेत्रमा काम गर्ने सरकारी, सहकारी, तथा निजी क्षेत्रलाई एकै सूत्रमा आवद्ध गरी आधुनिकीकरणको माध्यमबाट कृषि विकासको गतिलाई तीव्रता दिन सहयोग पुर्याउने रणनितिक दस्तावेजको रूपमा लुम्बिनी प्रदेशको कृषि विकास रणनीति (२०८१/८२-२०९५/९६) तर्जुमा गरिएको छ। कृषि तथा भूमि व्यवस्था मन्त्रालयको नेतृत्वमा तयार गरिएको यस रणनीतिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयदेखि लुम्बिनी प्रदेशको योजना आयोग, आम कृषक, सहकारी तथा निजी क्षेत्र, स्थानीय सरकार, गैरसरकारी संस्था, र विकासका साझेदारहरूको समेत महत्त्वपूर्ण योगदान रहेको छ।

यो रणनीतिले हासिल गर्न खोजेको लक्ष्य प्राप्त गर्न रणनीतिको सफल कार्यान्वयन आवश्यक पर्ने र त्यसमा कृषि तथा भूमि व्यवस्था मन्त्रालयले आफ्ना प्रयासहरू केन्द्रित गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। सँगसँगै, यस रणनीतिको सफल कार्यान्वयनको लागि लुम्बिनी प्रदेशका अन्य सम्बन्धित मन्त्रालय तथा प्रादेशिक निकायहरू, स्थानीय तह, सङ्घीय सरकारी निकायहरू, निजी तथा सहकारी क्षेत्र, र विकासका साझेदारहरूको बलियो सहयोगको अपेक्षा गर्दछु।

**भण्डारीलाल अहिर**
**मन्त्री**
**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**

लुम्बिनी प्रदेश सरकार

# लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

## सन्देश

नेपालको संविधानले देशलाई सङ्घीय शासन प्रणालीमा रूपान्तरण गरेपछि आफ्नो लागि अनुकूल हुने नीति नियम तर्जुमा गरी विकासका गतिविधि अगाडि बढाउने जिम्मेवारी तीनै तहका सरकारहरूमा आइ पुगेको छ। यसै मुताबिक लुम्बिनी प्रदेशको योजना आयोगले प्रथम आवधिक योजना (वि.स. २०७६/७७-२०८०/८१) को कार्यान्वयन पूरा गरी दोस्रो आवधिक योजना तर्जुमा गर्ने चरणमा रहेको छ।

देशको समग्र तथा प्रदेशको कुल ग्राहस्थ उत्पादनमा महत्त्वपूर्ण योगदान गर्ने कृषि क्षेत्रको विकासका लागि राष्ट्रिय स्तरमा कृषि विकास रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको सन्दर्भमा उक्त रणनीतिसँग तादात्म्यता कायम हुने गरी लुम्बिनी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयको नेतृत्वमा प्रादेशिक कृषि विकास रणनीति (२०८१/८२-२०९५/९६) तर्जुमा गरिएको छ। यो रणनीति तर्जुमा गर्ने क्रममा प्रदेश योजना आयोगले शुरुदेखि नै आवश्यक सल्लाह, सुझाव एवम् मार्गदर्शन उपलब्ध गराउनुका साथै मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सरोकारवाला मन्त्रालय तथा प्रादेशिक निकायहरू, निजी तथा सहकारी क्षेत्र, विभिन्न संघ/संस्था तथा विकासका साझेदारहरूलाई एक ठाउँमा ल्याउन संयोजनकारी भूमिका खेलेको छ। यो रणनीतिको सफल कार्यान्वयनबाट रैथाने बालीहरुको संरक्षण र प्रवर्धन एवं प्रांगारिक खेती प्रणालीको बिकास र बिस्तार गर्दै कृषिको वातावरण-मैत्री आधुनिकीकरण एवम् व्यावसायीकरण मार्फत निम्न चार उदेश्य; खाद्य तथा पोषण सुरक्षा सुनिश्चित हुने, बहु-आयामिक गरिबी दरमा कमी आउने, कृषिमा आधारित दिगो तथा समावेशी आर्थिक वृद्वि हुने, उच्च तथा समावेशी कृषि आय वृद्वि हुने अपेक्षा राखिएको छ।

यो रणनीतिमा प्रदेश योजना आयोग लगायत विभिन्न निकायहरूबाट समय समयमा उपलब्ध गराइएका सुझाव तथा पृष्ठपोषणलाई यथोचित सम्बोधन गरिएको पाएको छु। प्रदेश सरकारले तर्जुमा गर्ने दीर्घकालीन आर्थिक रणनीतिको महत्त्वपूर्ण अंशको रुपमा रहेको यस रणनीतिको कार्यान्वयनमा प्रदेश योजना आयोगले प्रभावकारी भूमिका खेल्ने विश्वास म सबैलाई दिलाउन चाहन्छु। रणनीति कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकारका सम्बन्धित सबै मन्त्रालय तथा निकायहरू, र प्रदेश भित्रका सबै स्थानीय तहबाट सहयोग, समन्वय र सहकार्य हुनेछ भन्ने मेरो विश्वास छ।

रणनीतिको सफल कार्यान्वयन गरी कृषि विकासको गतिलाई उचाइमा पुर्याउन प्रदेश सरकारले आफ्नो उत्तरदायित्व पूरा गर्नु पर्ने हुन्छ। त्यसका लागि प्रदेश योजना आयोगले नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गरी नीतिगत तथा कार्यगत पृष्ठपोषण उपलब्ध गराउनेछ। यो रणनीति कार्यान्वयन सफल बनाउन म प्रदेश योजना आयोगको तर्फबाट सबैलाई अनुरोध गर्दछु।

खिम बहादुर कुँवर
प्रदेश सचिव

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय
## सचिव
## भूमिका

लुम्बिनी प्रदेशमा सञ्चालन हुने कृषि विकासका गतिविधिहरूलाई दिशानिर्देश गर्ने उद्देश्यले कृषि तथा भूमि व्यवस्था मन्त्रालयको नेतृत्वमा प्रादेशिक कृषि विकास रणनीति (२०८१/८२-२०९५/९६) तयार गरिएको छ। रणनीति तर्जुमाको विभिन्न चरणमा आयोजना गरिएका छलफल तथा भेटघाटमा यस प्रदेशका कृषक प्रतिनिधि, निजी उद्यमी तथा व्यवसायी, सहकारी संस्था, व्यावसायिक संघ संगठन, अनुसन्धान संस्था, विश्वविद्यालय, गैर सरकारी संस्था, तथा विकासका साझेदारहरूको उल्लेख्य सहभागिता रहेको थियो। सबै क्षेत्रका सहभागीहरूबाट प्राप्त सुझाव तथा पृष्ठपोषणले यो रणनीतिलाई बढी उपयोगी र व्यवहारिक बनाउन सहयोग पुगेको मैले महसुस गरेको छु।

यो रणनीतिले मुख्यतः देहायका राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेश, नेपाल सरकार तथा प्रदेश सरकारको प्रतिबद्धता एवम् कार्यक्रमहरूलाई जोड्ने प्रयास गर्नुका साथै कृषि विकासमा संघ तथा स्थानीय सरकारसँगको सहकार्य, समन्वय र सहभागितालाई जोड दिएको छ।

(क) प्रदेशको कृषिलाई आत्मनिर्भर, प्रतिस्पर्धी, व्यावसायिक, आधुनिक, दिगो तथा सम्मानजनक पेशाको रूपमा रूपान्तरण तथा स्थापित गर्न।

(ख) प्रदेशका जनताको खाद्य तथा पोषण सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हक कार्यान्वयनका लागि उपयुक्त संयन्त्र निर्माण गर्न।

(ग) पहाड र तराई बीचको विद्यमान आर्थिक असमानताको दूरी कम गर्दै ग्रामीण युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्न।

(घ) प्रदेशको मौलिक कृषि वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन गर्दै आधुनिक, समय सापेक्ष र दिगो निजी क्षेत्रमैत्री नीति तथा लगानी वातावरण सृजना गर्न।

(ङ) विश्वमा विकास भएका आधुनिक कृषि प्रविधिहरूबारे प्रदेशका कृषकहरू परिचित हुने तथा तिनिहरूबाट लाभान्वित हुने वातावरण निर्माण तथा अवसर प्रदान गर्न।

"प्रदेशको द्रुत तथा दिगो आर्थिक वृद्धिमा योगदान दिन, जीवनस्तरमा सुधार ल्याउन र खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न आत्मनिर्भर, प्रतिस्पर्धी, समावेशी, दिगो तथा जलवायुमैत्री कृषि क्षेत्र" दूरदृष्टि रहेको यो रणनीतिको सफल कार्यान्वयनबाट वि.सं. २०९५/९६ को अन्त्यसम्म लुम्बिनी प्रदेशमा प्रमुख खाद्य वस्तुको उत्पादन बचतको स्थितिमा हुने, कुल सिंचित क्षेत्रको ८५ प्रतिशतमा वर्षैभर सिँचाइ सुविधा उपलब्ध हुने, कृषि क्षेत्रमा १ लाख ८८ हजार रोजगारी सृजना हुने, कृषि भूमिको उत्पादकत्व प्रति हेक्टर ५ लाख ३२ हजार पुग्ने, खेती गरिएको जग्गाको माटोमा प्राङ्गारिक पदार्थको मात्रा ४.५ प्रतिशत पुग्ने जस्ता महत्त्वपूर्ण लक्ष्यहरू हासिल हुने अपेक्षा गरिएको छ।

अन्त्यमा, रणनीति तर्जुमामा सहयोग पुर्याउनु हुने सम्पूर्ण व्यक्ति तथा संघ/संस्थाका प्रतिनिधिहरू प्रति हार्दिक आभार प्रकट गर्दै रणनीति कार्यान्वयनमा समेत यहाँहरूको सकृय सहयोगको लागि अनुरोध गर्दछु।

नम्रता सिंह

डा. नम्रता सिंह
सचिव

# विषय सूची


**तालिका सूची** ........ **X**

**संक्षेपीकरणको सूची** ........ **XI**

**कार्यकारी सारांश** ........ **XII**

**परिच्छेद - १** ........ **१**

परिचय 1

१.१ पृष्ठभूमि ........ १

१.२ लुम्बिनी प्रदेशको भौगोलिक अवस्था र प्राकृतिक स्रोत साधन ........ ४

१.३ जनसङ्ख्या, जीविकोपार्जन, पेशा तथा रोजगारी ........ ६

१.४ प्रदेशको अर्थतन्त्र ,गरिबी तथा खाद्य सुरक्षा ........ ७

१.५ कृषि भूमि वितरण ........ ८

१.६ पूर्वाधार क्षेत्र ........ ९

१.६.१ सिंचाइ ........ ९

१.६.२ सडक यातायात ........ १०

१.६.३ हवाई यातायात ........ १०

१.७ वित्तीय पूर्वाधार ........ ११

**परिच्छेद- २** ........ **१२**

प्रदेशको कृषि विकास स्थिति र समीक्षा ........ १२

२.१ प्रदेशको मुख्य खाद्यान्न बाली र उत्पादकत्व ........ १२

२.२ प्रविधि प्रणाली ........ १३

२.२.१ प्रविधि विकास ........ १३

२.२.२ प्रविधि प्रसार ........ १४

२.३ कृषि उत्पादन सामग्री आपूर्ति व्यवस्था ........ १६

२.३.१ बीउ बिजन ........ १६

२.३.२ पशुपन्छी तथा मत्स्य नश्ल सुधार तथा कृत्रिम गर्भाधान ........ १७

२.३.३ खोप सेवा तथा पशुपन्छी परीक्षण सेवा ........ १७

२.३.४ रासायनिक मलखाद ........ १८

२.३.५ कृषि यान्त्रिकीकरण ........ १८

२.३.६ कृषि ऋण ........ १८

२.४ खाद्य तथा पोषण सुरक्षा ........ १९

२.५ कृषि व्यावसायीकरण तथा बजारीकरण ........ २०

२.६ संस्थागत विकास तथा सुशासन ........ २२

२.७ कृषि विकासको अवसर ........ २३

२.८ कृषि विकासका चुनौती ........ २५

**परिच्छेद - ३** ........ **२८**

कृषि क्षेत्रको बजेट तथा खर्चको स्थिति ........ २८

३.१ सङ्घीय तह ........ २८

३.२ प्रदेश तह ........ २८

३.३ स्थानीय तह ........ ३०

**परिच्छेद -४** ........ **३१**

कृषि क्षेत्र सम्बन्धी नीति तथा आवधिक योजनाको समीक्षा ........ ३१
४.१ नेपाल सरकार ........ ३१
४.२ प्रादेशिक नीति ........ ३५
४.३ स्थानीय नीति ........ ३७
**परिच्छेद -५** ........ **३८**
प्रादेशिक कृषि विकास रणनीतिको आधार तथा मार्गदर्शक सिद्धान्तहरू ........ ३८
५.१ प्रादेशिक कृषि विकास रणनीतिको मुख्य आधार ........ ३८
५.२ प्रादेशिक कृषि विकास रणनीतिको मार्गदर्शक सिद्धान्त ........ ३९
**परिच्छेद - ६** ........ **४१**
प्रादेशिक कृषि विकास रणनीतिको रूपरेखा ........ ४१
६.१ दूरदृष्टि, ध्येय तथा उद्देश्य ........ ४१
६.१.१ दूरदृष्टि (Vision) ........ ४१
६.१.२ ध्येय (Mission) ........ ४१
६.१.३ उद्देश्य (Objectives) ........ ४१
६.२ प्रादेशिक कृषि विकास रणनीतिका प्रभावहरू ........ ४४
६.२.१ खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता ........ ४४
६.२.२ बहुआयामिक गरिबी दरमा कमी ........ ४५
६.२.३ कृषिमा आधारित दिगो तथा समावेशी आर्थिक वृद्धि ........ ४६
६.२.४ उच्च तथा समतामूलक कृषि आय वृद्धि ........ ४६
६.३ लक्ष्य तथा सूचकहरू ........ ४६
**परिच्छेद - ७** ........ **५४**
उपलब्धि ,प्रतिफल तथा क्रियाकलापहरू ........ ५४
७.१ उच्च तथा दिगो उत्पादकत्व वृद्धि ........ ६२
७.२ कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि ........ ७०
७.३ कृषि व्यावसायीकरण अभिवृद्धि ........ ७३
७.४ कृषि पूर्वाधार तथा बजार विकास र सुधार ........ ७६
७.५ संस्थागत विकास तथा सुशासन प्रवर्द्धन ........ ७७
**परिच्छेद - ८** ........ **८४**
प्राथमिकताको क्षेत्र ........ ८४
८.१ लुम्बिनी प्रदेश नेपालको उन्नत बीउ बिजनको राजधानी ........ ८४
८.२ बाँझो जमीनको उपयोग ........ ८५
८.३ एक जिल्ला एक कृषि उपज कार्यक्रम ........ ८५
८.४ जलवायुमैत्री कृषि कार्यक्रम ........ ८५
८.५ निर्यातमुखी उद्योगको स्थापनामा सहजीकरण ........ ८६
८.६ आन्तरिक क्वारेन्टाइन ........ ८६
८.७ स्रोत केन्द्रहरूको सुदृढीकरण तथा स्थापना ........ ८७
८.८ एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम ........ ८८
८.९ सरोकारवालाहरू बीच सहकार्य र साझेदारी प्रवर्द्धन ........ ८९
८.१० निजी क्षेत्रसगँको सहभागिता सुनिश्चित गर्ने ........ ८९
८.११ कृषि अनुसन्धान, शिक्षा र प्रसार बीच सम्बन्ध विस्तार तथा सेवा प्रवाहमा सुधार ........ ९०
८.१२ प्रविधि विकास, हस्तान्तरण र विस्तार ........ ९१

# चित्र सूची

चित्र १ .प्रदेशको कृषि विकास रणनीतिको रूपरेखा....xiii
चित्र २ .प्रादेशिक कृषि विकास रणनीति कार्यान्वयनमा क्षेत्रगत लगानी प्रक्षेपण....xvi
चित्र ३ .लुम्बिनी प्रदेशको भौगोलिक अवस्था) स्रोतः प्रदेश योजना आयोग, २०७५( .... ४
चित्र ४. प्रदेशको भू उपयोग स्थिति) स्रोतः प्रदेश योजना आयोग, २०७६(....५
चित्र ५ .प्रदेशको भू-उपयोग नक्सा) स्रोत :प्रदेश योजना आयोग, २०७६( ....५
चित्र ६ .जिल्लागत सिंचाइ स्थिति (स्रोत :कृषि विकास निर्देशनालय ,२०७७)....१०
चित्र ७. लुम्बिनी प्रदेशका सरकारी निकायहरू....१५
चित्र ८ .प्रदेशको कृषि विकास रणनीतिको रूपरेखा.... ४२
चित्र ९ .लुम्बिनी प्रदेशको रणनीतिका पाँच स्तम्भ.... ४३
चित्र १० .स्रोत केन्द्र अवधारणा....८७
चित्र ११ .स्रोत केन्द्र अवधारणा....८८
चित्र १२ .रणनीति कार्यान्वयन व्यवस्था....९४
चित्र १३ .स्थानीय तहमा योजना तर्जुमा चरणहरू (स्रोत :कृषि तथा पशुपन्छी विकास मन्त्रालय (ख ((२०७७(९६
चित्र १४ .प्रदेश तहमा वार्षिक कृषि विकास कार्यक्रम तर्जुमाका चरणहरू (स्रोत :कृषि तथा पशुपन्छी विकास मन्त्रालय (ख (२०७७(.... ९७
चित्र १५ .प्रादेशिक कृषि विकास रणनीति समन्वय समितिहरू....९८
चित्र १६. उपलब्धि अनुसार प्रादेशिक कृषि विकास रणनीतिको लगानी प्रक्षेपण....१००
चित्र १७ .वित्तीय स्रोत व्यवस्था....१०६

# तालिका सूची


तालिका १ .उपलब्धि अनुसारको प्रक्षेपित लगानी....xvi
तालिका २.प्रदेशको आर्थिक सूचक)) २०७८-७९ – २०७९/८०( ....७
तालिका ३ .प्रदेशमा जग्गाको आकार अनुसार कृषक परिवारको विवरण, २०६८....९
तालिका ४ .केही प्रमुख बाली वस्तुहरूको उत्पादकत्वको अवस्था....१३
तालिका ५ .लुम्बिनी प्रदेशको सरकारी प्रयोगशालाबाट आ.व .२०७८/७९ मा प्रमाणित गरिएको बीउ परिमाण )मे . टन(....१६
तालिका ६ .लुम्बिनी प्रदेशमा पशुजन्य पदार्थको प्रतिव्यक्ति प्रति वर्ष उपलब्धता....२०
तालिका ७ .जिल्लागत कृषि बजार....२२
तालिका ८ .प्रदेशको आ.व .२०७९/८० मा विनियोजित बजेट तथा खर्च विवरण) कार्यक्रम अनुसार( रु .हजारमा ....२९
तालिका ९ .कृषि तथा भूमि व्यवस्था मन्त्रालय र मातहतका निकायहरूको वार्षिक विनियोजन र खर्चको स्थिति) रकम रु .हजारमा(....२९
तालिका १० .कृषि क्षेत्रका प्रमुख बाली/वस्तु विशेष नीतिहरू....३५
तालिका ११ .लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको प्रक्षेपण) रु .अरबमा( ....३६
तालिका १२ .कृषि विकास रणनीतिले उठाएका प्रमुख सवालहरू....३८
तालिका १३ .प्रादेशिक कृषि विकास रणनीतिको प्रभावका सूचकहरू....४२
तालिका १४ .दूरदृष्टि सूचक तथा लक्ष्य....४८
तालिका १५ .प्रभाव सूचक तथा लक्ष्य....५१
तालिका १६ .उपलब्धि र प्रतिफल....५४
तालिका १७ .उपलब्धि १ :उच्च तथा दिगो उत्पादकत्व वृद्धि....५५
तालिका १८ .उपलब्धि २ :कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि....५७
तालिका १९ .उपलब्धि ३ :कृषि व्यावसायीकरणमा अभिवृद्धि....५९
तालिका २० .उपलब्धि ४ :कृषि पूर्वाधार तथा बजार विकास र सुधार....६०
तालिका २१ .उपलब्धि ५ :संस्थागत विकास तथा सुशासन....६१
तालिका २२ .उपलब्धि १ सँग सम्बन्धित क्रियाकलापहरू....६४
तालिका २३ .उपलब्धि २ सँग सम्बन्धित क्रियाकलापहरू....७१
तालिका २४ .उपलब्धि ३ सँग सम्बन्धित क्रियाकलापहरू....७४
तालिका २५ .उपलब्धि ४ सँग सम्बन्धित क्रियाकलापहरू....७६
तालिका २६ .उपलब्धि ५ का क्रियाकलापहरू....७८
तालिका २७ .उपलब्धि सूचक तथा लक्ष्य....८१
तालिका २८ .कृषि/पशु सेवा प्राविधिकको अनुमान....९३
तालिका २९ .लगानी प्रक्षेपण) रु हजारमा( ....९९
तालिका ३० .लगानी विभाजन) रु हजारमा(....१००
तालिका ३१ .लगानी विभाजन) रु हजारमा(....१०१
तालिक ३२ .प्रतिफलको आधारमा लगानी विवरण) रु हजारमा)....१०२
तालिका ३३ .प्रतिफल अनुसार लगानी प्राथमिकता....१०५
तालिका ३४ .उपलब्धि अनुसार वित्तीय स्रोत सहभागिता प्रक्षेपण) प्रतिशत( ....१०५
तालिका ३५ .जोखिम व्यवस्थापनका रणनीति तथा कार्यनीति....१११

# संक्षेपीकरणको सूची

| | | |
|---|---|---|
| अ.म. | अर्थ मन्त्रालय | MoF |
| आ.व. | आर्थिक वर्ष | FY |
| कि.मि. | किलोमिटर | KM |
| किसान २ | ज्ञानमा आधारित एकीकृत दिगो कृषि परियोजना, नेपाल | KISAN II |
| कृ.वि.र. | कृषि विकास रणनीति | ADS |
| कृ.भू.व्य.म. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | MoALM |
| कृ.प.वि.म. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/नेपाल सरकार | MOALD |
| ज.स्वा.स. | जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण | DHS |
| दि.वि.ल. | दिगो विकास लक्ष्य | SDG |
| प्र.यो.आ. | प्रदेश योजना आयोग | PPC |
| भौ.पू.वि.म. | भौतिक पूर्वाधार विकास मन्त्रालय | MoPID |
| रणनीति | लुम्बिनी प्रदेशको प्रादेशिक कृषि विकास रणनीति | PADS |
| मु.म.म.प.का. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | OCMCM |
| व.वा.म. | वन तथा वातावरण मन्त्रालय | MoFESC |
| ने.कृ.अ.प. | नेपाल कृषि अनुसन्धान परिषद् | NARC |
| रु | रुपैयाँ | NPR |

आ.व. २०७९/८० मा देशको कुल ग्राहस्थ उत्पादनमा करीब दुई तिहाई जनसङ्ख्यालाई रोजगारी उपलब्ध गराउने कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत र लुम्बिनी प्रदेशको योगदान १४.४२ प्रतिशत रहेको थियो। लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८० अनुसार प्रदेशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.८ प्रतिशत रहेको छ। त्यस्तै, आ.व. २०७९/८० मा कृषि क्षेत्रको वृद्धि दर ३.६ प्रतिशत रहने प्रदेश योजना आयोगको प्रक्षेपण छ।

नेपालमा कृषि आधुनिकीकरणको प्रयास शुरु भएको धेरै भएको छैन। उपलब्ध सिमित स्रोत, जनशक्ति, र पूर्वाधारको बाबजुद देशभर कृषि विकासका सन्जाल, संरचना, अनुभवी कृषक तथा उद्यमीहरूको विकास भइ मुलुकको निर्वाहमुखी कृषि व्यावसायीकरण तथा आधुनिकीकरण तर्फ उन्मुख भएको छ। राष्ट्रिय स्तरमा कृषि शिक्षा, अनुसन्धान तथा प्रसारको स्थायी संरचना, पद्धति एवं सुविधाहरू विकास भइ २० वर्षे दीर्घकालीन कृषि योजना कार्यान्वयन पूरा गरी २० वर्षे दीर्घकालीन कृषि विकास रणनीति कार्यान्वयनको चरणमा छ। तर, देशको अर्थतन्त्रमा उच्च योगदान दिने कृषि क्षेत्रको विकास भने अपेक्षित रूपमा प्रभावकारी हुन नसकेकोले नेपालको आर्थिक वृद्धि दर न्यून छ। देशमा उत्पादन हुन सक्ने कृषि वस्तुको आयात बढ्दै गई वार्षिक २ खरबभन्दा बढी पुगेको छ। धान, मकै जस्ता आधारभूत कृषि वस्तुमा समेत परनिर्भरता बढ्दै गएको छ।

"आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने, खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी र समावेशी कृषि क्षेत्र" दूरदृष्टि रहेको नेपालको कृषि विकास रणनीति (२०७२-२०९२) ले कृषि क्षेत्रलाई खाद्य र कृषि उत्पादनमा आत्मनिर्भर तथा प्रतिस्पर्धी तुल्याउन कृषि, पशुपालन तथा मत्स्यपालन क्षेत्रको व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरणलाई जोड दिएको छ। पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६-८१) ले नेपालको कृषि क्षेत्रको समग्र विकासको मार्गचित्र कृषि विकास रणनीति (ADS) हुने उल्लेख गरेको छ। लुम्बिनी प्रदेशको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमले खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न तथा कृषि उपजको आयात प्रतिस्थापन गर्न कृषिको आधुनिकीकरण र व्यावसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिएको छ। साथै, प्रदेशको विभिन्न जिल्लाहरूका सम्भाव्यता तथा अवसरहरूको आधारमा पशुपन्छी, बाली सघनता तथा मत्स्य विकास कार्यक्रमहरू संघ तथा स्थानीय तहसँग सहकार्य गरी प्रभावकारिताका साथ उत्पादन क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ।

उपर्युक्त पृष्ठभूमिमा लुम्बिनी प्रदेशको कृषि विकास रणनीति तर्जुमा गरिएको छ। यस रणनीतिले नेपालको संविधानको धारा १७४ को उपधारा (१) बमोजिम स्वीकृत लुम्बिनी प्रदेश सरकार (कार्य सम्पादन, पहिलो संशोधन) नियमावली, २०७८; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६; तथा कृषि विकास रणनीतिसँग तादात्म्यता कायम राख्दै प्रदेशको कृषि विकासको दूरदृष्टि, उद्देश्य सहित प्राथमिकता कार्यान्वयन तथा मार्गचित्र प्रस्तुत गरेको छ।

यो रणनीति आम कृषक एवं नेपालीहरूको जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव पार्ने कृषि जस्तो बहुआयामिक तथा आर्थिक क्षेत्रको विकास द्रुत, दिगो, समावेशी, विकेन्द्रित तथा नवप्रवर्तनात्मक विधिबाट मात्र सम्भव हुन्छ भन्ने सर्वमान्य सिद्धान्तहरूमा आधारित रही प्रदेशको विद्यमान स्थिति, माग तथा आवश्यकतालाई मध्य नजर गर्दै तयार गरिएको छ।

यो रणनीति कृषि क्षेत्रको आत्मनिर्भर, द्रुत तथा दिगो विकासको आवश्यकता तथा कृषकको समुन्नतिलाई केन्द्रबिन्दुमा राख्दै प्रदेशको वर्तमान कृषि स्थितिको विश्लेषण, कार्यान्वयनमा रहेका तथा विगतमा सम्पन्न परियोजनाहरूको अनुभव, सरकारी, सहकारी, कृषक तथा निजी क्षेत्रसँगको अन्तरसंवाद तथा छलफल एवं नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी गरिएका सम्बन्धित ऐन, कानून, नीति, कार्यविधि, निर्देशिकाहरूसँग सामञ्जस्य कायम हुने गरी तर्जुमा गरिएको छ। साथै यो रणनीतिलाई नेपालको संविधान र संविधान प्रदत्त मौलिक हक, अधिकार तथा कर्तव्य कार्यान्वयन गर्न गराउन नेपाल सरकारले जारी गरेको सहकारी ऐन, २०७४; खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५; औद्योगिक व्यवसाय ऐन, २०७६ लगायतका अन्य सम्बन्धित ऐन एवम् नेपाल पक्ष भएको दिगो विकासका लक्ष्यहरू, शून्य भोकमरी, विश्व व्यापार संगठन, सार्क खाद्य बैंक, विश्व विविधता संरक्षण तथा जलवायु परिवर्तन जस्ता दुई वा बहुपक्षीय अन्तर्राष्ट्रिय सम्झौताहरूसँग जोड्ने समेत प्रयास गरिएको छ।

"आत्मनिर्भर, प्रतिस्पर्धी, समावेशी, दिगो तथा जलवायुमैत्री कृषि क्षेत्र" दूरदृष्टि सहित कृषि क्षेत्रको नेतृत्वमा उच्च, दिगो तथा समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याई सम्पूर्ण प्रदेशवासीको जीवनस्तरमा सुधार र खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने उद्देश्य लिएको यो प्रादेशिक कृषि विकास रणनीति (PADS) को रूपरेखा चित्र १ मा प्रस्तुत गरिएको छ।

१. खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता
२. बहुआयामिक गरिबी दरमा कमी
३. कृषिको नेतृत्वमा उच्च, दिगो तथा समावेशी आर्थिक वृद्धि
४. उच्च तथा समतामूलक कृषि आय वृद्धि

समावेशीकरण | दिगोपन



निजी क्षेत्र | सहकारी क्षेत्र | समन्वय तथा सहकार्य

| | | | | |
|---|---|---|---|---|
| उच्च तथा दिगो उत्पादकत्व वृद्धि | कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि | कृषि व्यावसायीकरणको अभिवृद्धि | कृषि पूर्वाधार तथा बजार विकास | संस्थागत विकास तथा सुशासन |

**चित्र १. प्रदेशको कृषि विकास रणनीतिको रूपरेखा**

यस रणनीतिमा पाँच उपलब्धिहरू हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछन्।

### उपलब्धि १: उच्च तथा दिगो उत्पादकत्व वृद्धि

(१) राष्ट्रिय प्राथमिकता तथा प्रादेशिक प्राथमिकताको समायोजन गरी प्रादेशिक प्राथमिकता निर्धारण गरिनेछ।

(२) खेतीयोग्य भूमि तथा प्राकृतिक श्रोत साधनहरूको दिगो व्यवस्थापन गरिनेछ।

(३) उन्नत प्रविधिमा कृषक तथा उद्यमीहरूको पहुँच सुनिश्चित गरिनेछ।

(४) सञ्चालित तथा नवनिर्मित सिंचाइ प्रणालीको संरक्षण, सम्वर्द्धन तथा प्रभावकारी उपयोग गर्दै प्रदेशको बाह्रै जिल्लामा सिंचाइ क्षेत्रमा लगानी वृद्धि गरी साना सिंचाइ विस्तार र सम्पन्न ठुला आयोजनाको प्रभाव क्षेत्रमा बाली सघनता वृद्धि गरिनेछ।

(५) उन्नत तथा गुणस्तरीय बीउ तथा पशु नश्लको उपलब्धता सुनिश्चित गरिनेछ।

(६) रासायनिक मलखादको सही उपयोग अभ्यासलाई अभिवृद्धि गर्दै माटो व्यवस्थापन कार्यक्रमलाई विस्तार गरिनेछ।

(७) कृषि यान्त्रिकीकरण प्रवर्द्धन गरिनेछ।

(८) कृषि कर्जा सरलीकरण गर्दै त्यसमा कृषक तथा व्यवसायीहरूको पहुँच वृद्धि गरिनेछ।

(९) एकीकृत शत्रुजीव व्यवस्थापन अवधारणाको उपयोग गर्दै विभिन्न शत्रुजीवको रोकथाम तथा नियन्त्रण गरिनेछ।

(१०) कृषि जैविक विविधता संरक्षण गरिनेछ।

(११) कृषकहरूको जलवायु अनुकूलन क्षमता वृद्धि गरिनेछ।

**उपलब्धि २: कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि**

(१) कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न निजी क्षेत्र मैत्री नीति तर्जुमा तथा संरचनागत सुधार र कार्यक्रमगत सहयोग तथा सहजीकरण गरिनेछ।

(२) गुणस्तरीय कृषि उत्पादन सामग्री आपूर्तिको लागि अनुगमन प्रणालीको स्थापना गरिनेछ।

(३) कृषि बजार सूचना प्रणाली स्थापना तथा सञ्चालन गरी सबै बजार सरोकारवालाहरूको पहुँच वृद्धि गरिनेछ।

(४) खाद्य स्वच्छता सहित असल कृषि तथा पशु स्वास्थ्य अभ्यास संहिता पालन गर्न कृषक तथा उद्यमीहरूलाई प्रोत्साहन गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ।

(५) उत्पादनोपरान्त भण्डारण, प्रशोधन तथा मूल्य अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन्।

(६) बाली/वस्तुको विविधीकरण गरिनेछ।

(७) उत्पादन प्रशोधन तथा मूल्य अभिवृद्धिद्वारा निजी तथा सहकारी क्षेत्रको कृषि व्यवसायमा लगानी अभिवृद्धि गरिनेछ।

**उपलब्धि ३: कृषि व्यावसायीकरणमा अभिवृद्धि**

(१) उपयुक्त बाली/वस्तुको पहिचान गरी ठूलो चक्लामा व्यावसायिक उत्पादन क्षेत्रको निर्धारण तथा विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ र त्यस्ता बाली/वस्तुको बजार आवद्ध मूल्य श्रृङ्खला विकास तथा सुदृढीकरण गरिनेछ।

(२) पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

(३) प्रदेशले प्राथमिकता प्रदान गरेको बाली/वस्तु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(४) प्रदेशमा औपचारिक वा अनौपचारिक रूपमा आयात भइरहेका वस्तु/उपजको पहिचान गरी आयातित वस्तु मार्फत आउने रोग कीराको नियन्त्रण गर्न आन्तरिक क्वारेन्टाइन प्रणाली कार्यान्वयन तथा सुदृढीकरण गरिनेछ।

(५) कृषि उत्पादन, प्रशोधन, भण्डारण, तथा बजारीकरण प्रक्रियामा बीमा सेवाको विस्तार गरिनेछ।

### उपलब्धि ४: कृषि पूर्वाधार तथा बजार विकास र सुधार

(१) कृषि बजार संरचनाहरूको निर्माण, विस्तार तथा मर्मत सम्भार गरिनेछ।

(२) कृषि यन्त्र उत्पादन उद्योगको स्थापना गर्न सहजीकरण गरिनेछ।

(३) ग्रामीण/कृषि सडक विस्तार तथा मर्मत गरिनेछ।

(४) सिंचाइ संरचना (सतह तथा भूमिगत) को निर्माण, सुधार, पुनर्स्थापना, तथा विस्तार गरिनेछ।

(५) प्रशोधन, सुकाई, अन्न भण्डारण, तथा शीतगृह सेवा विस्तार तथा उपयोग गर्न कृषक, उद्यमी, तथा व्यवसायीहरूलाई अभिप्रेरित गरिनेछ।

### उपलब्धि ५: संस्थागत विकास तथा सुशासन

(१) कृषि क्षेत्रका विभिन्न नीतिहरू बीच सामञ्जस्यता कायम गर्दै तिनीहरूको विश्वसनीयता वृद्धि तथा कार्यान्वयनलाई निरन्तरता दिंदै संघ र स्थानीय तहसँगको संस्था तथा व्यवस्थापन सर्भेको आधारमा कृषि क्षेत्रको संस्थागत संरचना तथा सुविधा विस्तार गरिनेछ।

(२) नियम तथा मापदण्डहरूको निर्धारण गरी तिनको कार्यान्वयन गर्न क्षमता तथा संस्थागत विकास गरिनेछ।

(३) कृषि क्षेत्रमा कार्यरत सबै तह र तप्काका जनशक्तिको विकास तथा व्यवस्थापन गरिनेछ।

(४) वित्तीय व्यवस्थापन प्रणालीलाई सुधार गरिनेछ।

(५) एकीकृत तथा समन्वयात्मक योजना तर्जुमा गर्ने पद्धतिलाई संस्थागत गरिनेछ।

(६) स्थानीय तहसँगको समन्वय र सहकार्यमा कृषि क्षेत्रको तथ्याङ्क संङ्कलन, विश्लेषण, तथा प्रकाशनलाई विश्वसनीय बनाइनेछ।

(७) रणनीति कार्यान्वयनमा सरकारी, निजी, तथा सहकारी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ।

(८) अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सुधार गरी नियमित तथा नतिजामुखी बनाईनेछ।

यो रणनीति कार्यान्वयनका लागि प्रत्येक प्रतिफल अन्तर्गत प्रस्तावित क्रियाकलापहरूका लागि आवश्यक लगानी अनुमान गरी सरकारी, निजी तथा सहकारी क्षेत्रको अपेक्षित हिस्सा समेत प्रक्षेपण गरिएको छ। यस अनुसार रणनीति कार्यान्वयन गर्न हालको मूल्यमा आगामी १५ वर्षका लागि १ खरब २८ अरब ११ करोड ६५ हजार रुपैयाँ आवश्यक पर्ने प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणमा कर्मचारीको तलब भत्ता तथा सुविधा समावेश गरिएको छैन। यसमा कृषि तथा भूमि व्यवस्था मन्त्रालयको मात्र नभइ अन्य सम्बद्ध मन्त्रालय तथा निकायहरू (भौतिक पूर्वाधार विकास मन्त्रालय; वन तथा वातावरण मन्त्रालय; उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय; नेपाल कृषि अनुसन्धान परिषद्; सहकारी; बीमा; वित्तीय संस्था तथा निजी क्षेत्र; एवम् सङ्घीय सरकारबाट उपलब्ध हुने सशर्त अनुदान), स्थानीय सरकारको लगानी तथा समपुरक अनुदानको रकम समेत समावेश छ। यो रणनीति पूर्ण कार्यान्वयनको लागि प्रदेश सरकारले गर्ने कुल लगानीको कम्तीमा १० देखि १५ प्रतिशत नेपाल सरकारले प्रदेश सरकारलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराउनु पर्ने हुन्छ।

यस रणनीतिमा उपलब्धिको आधारमा प्रक्षेपण गरिएको लगानी तालिका १ मा प्रस्तुत गरिएको छ।

तालिका १. उपलब्धि अनुसारको प्रक्षेपित लगानी

| क्र.सं. | उपलब्धि | प्रक्षेपित लगानी (रू हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | उच्च तथा दिगो उत्पादकत्व वृद्धि | ५४,८३८,६४०५४,८३८,६४०५<br>४,८३८,६४० | ४२.८ |
| २ | कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि | १४,४४८,१२५१४,४४८,१२५ | ११.३ |
| ३ | कृषि व्यावसायीकरण अभिवृद्धि | ३०,०३१,७५०३०,०३१,७५० | २३.४ |
| ४ | कृषि पूर्वाधार तथा बजार विकास र सुधार | २५,४२५,००२५,४२५,००० | १९.८ |
| ५ | संस्थागत विकास तथा सुशासन प्रवर्द्धन | ३,३६६,५५०३,३६६,५५० | २.६ |
| | **कुल लगानी** | **१२८,११०,०६५** | **१२८,११०००.०००,<br>०६५** |

वित्तीय स्रोततर्फ सरकारी क्षेत्रबाट रु ८९ अरब ४४ करोड ७४ लाख ८० हजार (६९.८ प्रतिशत), सहकारी क्षेत्रबाट २० अरब १० करोड ८५ लाख ४४ हजार (१५.७ प्रतिशत), निजी क्षेत्रबाट १७ अरब ७४ करोड ७५ लाख १९ हजार (१३.९ प्रतिशत), र अनुसन्धान केन्द्र तथा शैक्षिक संस्थाहरूबाट ८० करोड ६५ लाख २३ हजार (०.६ प्रतिशत) लगानी गर्नु पर्ने प्रक्षेपण गरिएको छ (चित्र २)। निजी क्षेत्रले देशको आर्थिक वृद्धिमा गर्दै आएको लगानीलाई यो रणनीतिले उच्च मूल्याङ्कन गरेको छ र यो क्षेत्रलाई प्रदेशको आर्थिक वृद्धिको यन्त्रको रूपमा लिएको छ।




**चित्र २. प्रादेशिक कृषि विकास रणनीति कार्यान्वयनमा क्षेत्रगत लगानी प्रक्षेपण**

विगतमा प्रदेशले हासिल गरेका प्रगति र उपलब्ध तथ्याङ्कको समीक्षा गर्दै माथि उल्लिखित पाँच उपलब्धिहरूका लागि उपयुक्त सूचकहरू समेत यो रणनीतिमा प्रस्तुत गरिएको छ। कार्यान्वयन व्यवस्था तर्फ यो रणनीतिले तीनै तहका सरकार बीचको सम्बन्ध र समन्वयलाई अझै सघन तथा सुदृढ गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयदेखि पालिकास्तरसम्म तीन तहका समन्वय समिति र कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिवको अध्यक्षतामा संयुक्त क्षेत्रगत समीक्षा संयन्त्र रहने व्यवस्था गरेको छ। रणनीतिले पारदर्शिता सहित विधिको शासन कायम गर्ने; कृषि शिक्षा, कृषि अनुसन्धान तथा कृषि

प्रसारको त्रिकोणात्मक सम्बन्धलाई सुदृढ गर्ने, कृषि सेवा प्रवाहमा कृषक तथा व्यवसायीहरूको पहुँच अभिवृद्धि गर्ने र निजी तथा सहकारी क्षेत्रलाई समान व्यवहार र एक अर्काको परिपूरकको रूपमा रचनात्मक कार्य गर्ने वातावरण सिर्जना गर्नेछ। निजी तथा सहकारी क्षेत्रको प्रभावकारी संलग्नता र लगानी सुनिश्चित गर्न लगानीमैत्री नीति तर्जुमा, कार्यान्वयन, निरन्तरता तथा नीतिगत सामञ्जस्यतालाई जोड दिँदै जलवायुमैत्री प्रविधि विकास तथा विस्तार, वातावरण संरक्षण एवम् लैंगिक समानता तथा समावेशी विकासमा यो रणनीतिको जोड रहेको छ।

सचिव

## १.१ पृष्ठभूमि

१. नेपालमा कृषि आधुनिकीकरणका प्रयासहरूले धेरै मोडहरू पार गर्दै, अवसर पहिल्याउँदै र चुनौती सम्बोधन गर्दै अति आवश्यक संरचना, सुविधा प्रणाली तथा जनशक्ति विकास एवं तिनीहरूको समयानुकूल समसामयिक विकास तथा सुधार कार्य गर्दै निरन्तर अगाडि बढिरहेका छन्।

२. वर्तमान स्थितिमा कृषि अनुसन्धानको लागि राष्ट्रिय कृषि अनुसन्धान प्रणाली अन्तर्गत नेपाल कृषि अनुसन्धान परिषद्को बृहत् संरचना स्थापना भइ यस प्रदेशको रुपन्देही जिल्लामा राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रम, बाँकेमा प्रादेशिक निर्देशनालय तथा राष्ट्रिय दलहन बाली अनुसन्धान कार्यक्रम, र गुल्मीमा कफी अनुसन्धान र विकास केन्द्र सञ्चालनमा छन्। त्यस्तै, यस प्रदेशमा मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन स्रोत विकास केन्द्र; सुन्तलाजत फलफूल विकास केन्द्र, कृषि शिक्षाको आधारभूत व्यावसायिक शिक्षा प्रदान गर्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्देखि त्रिभुवन विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, बौद्ध सांस्कृतिक विश्वविद्यालय र मातहतका कृषि क्याम्पसहरू, कृषि प्रविधि विस्तारको लागि प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालय, निर्देशनालयहरू, तालिम केन्द्रहरू र १२ वटै जिल्लामा प्रदेश सरकार मातहत कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, मत्स्य विकास केन्द्र, कुखुरा विकास फार्म, प्रयोगशालाहरू (बीउ बिजन,माटो परीक्षण, बाली संरक्षण, पशु रोग अन्वेषण) छन्। यसै गरी, स्थानीय तहमा रहेका कृषि शाखा तथा पशु विकास शाखा मार्फत् कृषि प्रविधि प्रसारका कार्यहरू भइ राखेका छन्। यस प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरूमा निजी क्षेत्रबाट ठूलो सङ्ख्यामा कृषि, मत्स्य तथा पशु विकास फार्म स्थापना भइ सञ्चालनमा छन्।

३. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा अन्य निकायको सहयोगमा देशभर ५६९ कृषि यन्त्र भाडा सेवा केन्द्र (Custom Hiring Center) स्थापना भएकोमा यो परियोजना र प्रदेश सरकारको सहयोगमा १३८ कृषि यन्त्र भाडा सेवा केन्द्र लुम्बिनी प्रदेशमा सञ्चालनमा छन्। कृषि तथा पशु सेवा क्षेत्रमा ठुला खाद्य, डेरी, जडिबुटी उद्योग तथा कृषि बजारको लागि देशभर ११ वटा कृषि थोक बजार मध्ये यस प्रदेश अन्तर्गत रुपन्देही जिल्लाको बुटवल र बाँके जिल्लाको कोहलपुरमा दुईवटा कृषि थोक बजार र साना स्तरका कृषि तथा पशु हाट बजारहरू उल्लेख्य सङ्ख्यामा सञ्चालित छन्। बालीको उन्नत तथा प्रमाणित बीउ, पशु नश्ल, तथा मत्स्य बीउ उत्पादनको लागि देशभर ३०० भन्दा बढी सरकारी, सहकारी तथा निजी क्षेत्रबाट सञ्चालित बीउ उत्पादन, मत्स्य बिज तथा पशु नश्ल स्रोत केन्द्रहरू रहेकामा यस प्रदेशमा १०० भन्दा बढी बीउ उत्पादन गर्ने फर्म तथा केन्द्रहरू क्रियाशील छन्।

४. देशको कृषि विकासलाई मार्गदर्शन प्रदान गर्न दीर्घकालीन रणनीतिको अपरिहार्यतालाई दृष्टिगत गरी वि.सं २०५३ मा २० वर्षे दीर्घकालीन कृषि योजना (Agriculture Perspective Plan - APP) कार्यान्वयनमा ल्याइएको थियो। नेपालको राष्ट्रिय अर्थतन्त्रमा कृषिको महत्त्वपूर्ण भूमिका हुने प्ररिप्रेक्ष्यमा मुलुकका आवधिक योजनाहरूले कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिँदै आएका छन्। तथापि, समग्र नेपाल र यस प्रदेशको कृषि विकास उल्लेखनीय रूपमा हुन नसकिरहेको अवस्थामा नेपाल सरकारले दीर्घकालीन

कृषि योजनाको बृहत् समीक्षा तथा मूल्याङ्कन र सिफारिसको आधारमा कृषि क्षेत्रको दीर्घकालीन सोच सहितको २० वर्षे कृषि विकास रणनीति (Agriculture Development Strategy - ADS) (२०७२-२०९२) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो।

५. देशमा भएको राजनीतिक परिवर्तन पश्चात वि.सं. २०७२ मा जारी गरिएको नेपालको संविधानले देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरी सात प्रदेशहरू स्थापना गरेपछि लुम्बिनी प्रदेश सरकारले यसको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो जुन हाल अन्तिम चरणमा छ। यस योजनामा कृषि क्षेत्रको दीर्घकालीन सोच, "कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणबाट प्रदेशको समृद्धिमा योगदान" दिने रहेको छ।

६. लुम्बिनी प्रदेशको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा नेपाल सरकारको समन्वयमा कृषि क्षेत्रको प्रभावकारी विकासका लागि प्रादेशिक कृषि विकास रणनीति तयार गर्ने उल्लेख भए अनुसार यो रणनीति तर्जुमा गरिएको हो। मुख्यतः यो रणनीतिले देहायका विषयहरूलाई सम्बोधन गर्नेछ।

(क) प्रदेशको कृषिलाई आत्मनिर्भर, प्रतिस्पर्धी, व्यावसायिक, आधुनिक, दिगो, तथा सम्मानजनक पेशाको रूपमा रूपान्तरण तथा स्थापित गर्ने।

(ख) प्रदेशका जनताको खाद्य तथा पोषण सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हक कार्यान्वयनका लागि उपयुक्त संयन्त्र निर्माण गर्ने।

(ग) पहाड र तराई बीचको विद्यमान आर्थिक असमानता कम गर्दै बाँझो जमिनको सदुपयोग र ग्रामीण युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्ने।

(घ) प्रदेशको मौलिक कृषि वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन गर्दै आधुनिक, समय सापेक्ष र निजी क्षेत्रमैत्री नीति निर्माण तथा लगानी वातावरण सृजना गर्ने।

(ङ) विश्वमा विकास भएका आधुनिक कृषि प्रविधिहरू बारे प्रदेशका कृषकहरू एवम् मूल्य श्रृंखलाका सम्पूर्ण निकायहरू परिचित हुने तथा तिनीहरूबाट लाभान्वित हुने वातावरण सिर्जना गर्ने।

७. यो रणनीति नेपालको संविधानको धारा ५० को उपधारा (३) मा उल्लिखित "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वन्तत्र र समृद्ध अर्थतन्त्र विकास गर्ने" राज्यको आर्थिक उद्देश्यमा आधारित छ।

८. नेपाल जस्तो भौगोलिक, सामाजिक, आर्थिक, वातावरणीय विविधतायुक्त मुलुकमा सबैका लागि समान रणनीति उपयुक्त नहुने भएकाले प्रदेशको वर्तमान विकास स्थिति, विविधता, अवसर, सम्भावना तथा चुनौतीलाई दृष्टिगत गरी नेपालको संविधान, २०७२; कृषि विकास रणनीति (२०७२-२०९२); पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१); दिगो विकास लक्ष्य, सन् २०३०; लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आ.व.२०७६/७७-२०८०/८१); र लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम, कार्यान्वयन अवधारणापत्रको (मस्यौदा)का मार्गदर्शनहरू तथा लुम्बिनी प्रदेश गठन भए पछिका प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमहरूको अध्ययन, एवम् प्रदेश सरकारले आ.व.

०७६/७७ देखि हाल सम्म सम्पन्न गरिएका परियोजना तथा कार्यक्रमहरूको प्रगति समीक्षा तथा उपलब्धिहरूको आधारमा लुम्बिनी प्रदेशको कृषि विकास रणनीति तर्जुमा गरिएको छ।

९. प्रस्तुत रणनीतिले प्रदेश सरकारले हासिल गरेको विगत पाँच वर्षको प्रगति, अनुभव, सिकेका पाठहरू र प्रभावको आधारमा सञ्चालन गरेका कार्यक्रमहरूलाई निरन्तरता तथा परिमार्जन गर्न सघाउ पुऱ्याउनेछ। साथै, यो रणनीति तर्जुमा गर्दा नेपालको कृषि विकास रणनीतिसँग तादात्म्यता कायम गरिएको छ।

१०. यो रणनीतिलाई देहायका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग जोड्ने प्रयत्न गरिएको छ।

(क) नेपालको संविधान, २०७२ र संविधान प्रदत्त मौलिक हक, अधिकार तथा कर्तव्य कार्यान्वयन गर्न गराउन संसद्बाट पारित भइसकेका खाद्य अधिकार तथा सम्प्रभुता सम्बन्धी ऐन, २०७५ लगायतका अन्य सान्दर्भिक ऐन कानूनहरू।

(ख) नेपाल सरकारले प्रतिबद्धता गरेको १५ वर्षे दिगो विकास लक्ष्यहरू लगायत शून्य भोकमरी कार्य योजना।

(ग) नेपाल पक्ष भएको दुई तथा बहुपक्षीय विश्व व्यापार संगठन सम्बन्धी सम्झौताहरू, सार्क खाद्य बैंक, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन लगायतका विभिन्न अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरू।

११. यो रणनीति सहभागितामूलक प्रक्रिया अवलम्बन गरी विभिन्न सरोकारवाला, विज्ञ, निजी क्षेत्र तथा कृषक सञ्जालको सक्रिय सहभागिता, रणनीति तर्जुमाको क्रममा उपलब्ध भएसम्मका प्रकाशित प्रतिवेदन, र विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्क विश्लेषणका साथै प्राप्त अभिलेखहरू विश्लेषण गरी देहायका तीन तहका समिति/समूहको गठन, समूहभित्र भएको छलफल, सुझाव तथा निष्कर्षको आधारमा तर्जुमा गरिएको छ।

(क) कृषि तथा भूमि व्यवस्था मन्त्रीको अध्यक्षतामा प्रादेशिक कृषि विकास रणनीति निर्देशक समिति।

(ख) कृषि तथा भूमि व्यवस्था सचिवको अध्यक्षतामा प्रादेशिक कृषि विकास रणनीति तर्जुमा समिति।

(ग) रणनीति तर्जुमा सहजीकरण गर्न सरकारी, सहकारी, निजी क्षेत्र तथा विकास साझेदारको सहभागितामा कृषि तथा पशु सेवा विज्ञहरू सम्मिलित निम्न पाँच विषय विशेष समूहहरूको गठन।

(१) प्रविधि प्रणाली (प्रविधि अनुसन्धान/विकास, हस्तान्तरण तथा विस्तार)।

(२) कृषि उत्पादन सामग्री तथा सेवा।

(३) खाद्य तथा पोषण सुरक्षा।

(४) व्यावसायिक कृषि तथा बजारीकरण।

(५) संस्थागत विकास तथा सुशासन।

१२. यो रणनीति तर्जुमा हुँदा कोरोना संक्रमणको डर र त्रासको अवस्था भएकाले विज्ञहरू आवश्यक स्वास्थ्य मापदण्ड अपनाई गाउँ/परियोजना स्थलमा पुगेका थिए। यद्यपि, स्थलगत भ्रमणमा यो रणनीतिका लक्षित लाभग्राहीहरूसँग अपेक्षित रूपमा अन्तरक्रिया गर्न नसकिएकाले दूरसञ्चार विधिबाट समेत कृषि उद्यमीहरू, मुख्य सरोकारवालाहरू तथा सम्बन्धित विज्ञहरूसँग सिधा वार्ता तथा छलफल गरिएको थियो।

## १.२ लुम्बिनी प्रदेशको भौगोलिक अवस्था र प्राकृतिक स्रोत साधन

१३. नेपालको १५.१ प्रतिशत भूभाग (२२,२८८ वर्ग किलोमिटर) ओगट्ने लुम्बिनी प्रदेश २७°२०' देखि २९°०' उत्तरी अक्षांशसम्म र ८१°२१' देखि ८४°०२' पूर्वी देशान्तर बीच देशको पश्चिम-दक्षिण भूखण्डमा अवस्थित छ (प्रदेश योजना आयोग, २०७५)। यस प्रदेशको पूर्वमा गण्डकी प्रदेश, उत्तरमा गण्डकी र कर्णाली प्रदेश, पश्चिममा कर्णाली र सुदूरपश्चिम प्रदेश तथा दक्षिणमा भारतको उत्तर प्रदेश राज्य पर्छन्।

१४. यस प्रदेशको ३.१ प्रतिशत भूभाग उच्च हिमाल, ९.१ प्रतिशत उच्च पहाड, ३२.२ प्रतिशत मध्य पहाड, २७.९ प्रतिशत शिवालिक (भित्री मधेश) र २७.६ प्रतिशत तराई क्षेत्र रहेको छ (चित्र ३)। उचाइका आधारमा समुन्द्र सतहदेखि ५०० मिटरभन्दा कम भएको क्षेत्र ४३.३ प्रतिशत रहेको छ भने ५०० देखि १,००० मिटरसम्मको क्षेत्र २०.४ प्रतिशत; १,००० देखि २,००० मिटरसम्मको क्षेत्र २४.१ प्रतिशत; २,००० देखि ३,००० मिटरसम्मको क्षेत्र ७.४ प्रतिशत; ३,००० देखि ४,००० मिटर सम्मको क्षेत्र ३.० प्रतिशत; ४,००० देखि ५,००० मिटर सम्मको क्षेत्र १.६ प्रतिशत; र ५,००० मिटरभन्दा बढी उचाइ भएको क्षेत्र ०.३ प्रतिशत रहेको छ।




**चित्र ३. लुम्बिनी प्रदेशको भौगोलिक अवस्था (स्रोतः प्रदेश योजना आयोग, २०७५)**

१५. यस प्रदेशको कुल क्षेत्रफल मध्ये २९ प्रतिशत (६,५५८ वर्ग कि.मि.) जमिन खेती योग्य रहेको छ। त्यसै गरी, वन क्षेत्र ४५ प्रतिशत (१०,०८७ वर्ग कि.मि.), बुट्यान ५ प्रतिशत (१,१८८ वर्ग कि.मि.), र जल क्षेत्र १ प्रतिशत (१३६ वर्ग कि.मि.) रहेको छ (प्रदेश योजना आयोग, २०७६)। प्रदेशको भू-उपयोग स्थिति अनुसार यो प्रदेशमा करिब ५ प्रतिशत (१,०७६ वर्ग कि.मि.) (१,०७,६०० हेक्टर) जमिन बाँझो रहेको र आवासले १४ प्रतिशत भूमि ओगटेको छ (चित्र ४ र चित्र ५)।

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
उपत्यका (देउखुरी), नेपाल




चित्र ४. प्रदेशको भू उपयोग स्थिति (स्रोतः प्रदेश योजना आयोग, २०७६)




चित्र ५. प्रदेशको भू-उपयोग नक्सा (स्रोत : प्रदेश योजना आयोग, २०७६)

१६. यो प्रदेशको कुल खेतीयोग्य जमिन मध्ये ८२.९ प्रतिशत (५,३९५ वर्ग कि.मि.) मा खेती हुने गरेको तथ्याङ्कबाट देखिन्छ (प्रदेश योजना आयोग, २०७५) (अनुसूची १)।

१७. यो प्रदेशमा काली गण्डकी, भेरी, तिनाउ, रासी, बबई, बाणगंगा जस्ता ठुला नदीहरू र जगदीशपुर ताल, बढैया ताल, जखेरा ताल जस्ता प्रमुख तालहरू पर्छन्। नदीहरूको सङ्ख्या उल्लेख्य भए तापनि अन्य प्रदेशको तुलनामा यो प्रदेश विद्युत उत्पादनमा पछाडि छ। आर्थिक सर्वेक्षण २०७९/८० अनुसार २०७९ फाल्गुण मसान्तसम्म देशभर कुल २,६६६ मे.वा. विद्युत् उत्पादन भएकोमा यो प्रदेशको हिस्सा केवल ३६ मे.वा. (१.४ प्रतिशत) मात्र रहेको छ।

## १.३ जनसङ्ख्या, जीविकोपार्जन, पेशा तथा रोजगारी

१८. राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार यस प्रदेशको कुल जनसङ्ख्या ५१,२२,०७८ (महिला र पुरुषको जनसङ्ख्या क्रमशः ५२.१ प्रतिशत र ४७.९ प्रतिशत), घरपरिवार ११,४१,९०२ तथा लैंगिक अनुपात ९२.०१ रहेको छ। यो जनसङ्ख्या वि.सं. २०६८ को राष्ट्रिय जनगणना भन्दा १३.८४ प्रतिशतले बढी हो। वि.सं २०६८ मा यो प्रदेशको जनसङ्ख्या ४४,९९,२७२ थियो। २०७८ सालको जनगणना अनुसार यो प्रदेशको जनघनत्व (२३० प्रति वर्ग कि.मि.) नेपालको जनघनत्व (१९८ प्रति वर्ग कि.मि.) भन्दा १६.१ प्रतिशतले बढी देखिएको छ। नेपालका सबैभन्दा बढी जनघनत्व हुने पाँच जिल्लाहरू मध्येको तेस्रो जिल्ला रूपन्देही (८२५ प्रति वर्ग कि.मि.) यसै प्रदेशमा पर्दछ। वार्षिक जनसङ्ख्या वृद्धिदर बढी भएका ५ जिल्लाहरूमा रूपन्देहीको स्थान दोस्रो (२.३३%) छ।

१९. नेपालमा विगत दश वर्षको सरदर जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको छ। प्रदेशगत आधारमा सबैभन्दा बढी जनसङ्ख्या वृद्धिदर १.२४ प्रतिशत यसै प्रदेशको रहेको छ। यो प्रदेशमा प्रति परिवार औसत सदस्य सङ्ख्या ४.४९ रहेको छ जुन नेपालको औसत सदस्य सङ्ख्या ४.३७ भन्दा बढी हो।

२०. राष्ट्रिय जनगणनाको नतिजा अनुसार प्रदेशका १२ जिल्लाहरू मध्ये पहाडका तीन जिल्लाहरू- अर्घाखाँची, गुल्मी र पाल्पामा वार्षिक जनसङ्ख्या वृद्धिदर ऋणात्मक र बाँकी ९ जिल्लामा (१ उच्च पहाडी, २ पहाडी र ६ तराईका जिल्ला) धनात्मक छ।

२१. शहरी र ग्रामीण जनसङ्ख्या विश्लेषण गर्दा यो प्रदेशमा ५५.२ प्रतिशत (२८,२६,५८८) शहरी र ४४.८ प्रतिशत (२२,९५,४९०) ग्रामीण क्षेत्रमा बसोबास गरेको पाइन्छ। विगतका धेरै ग्रामीण क्षेत्रहरू उपमहानगरपालिका तथा नगरपालिकामा परिणत भएकाले २०६८ को जनगणनाको तुलनामा शहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या बढी हुन गएको हो।

२२. यो प्रदेशमा १२० किसिमका जातजाति बसोबास गर्छन्। त्यसमध्ये सबैभन्दा धेरै बाहुन क्षेत्री (२५.५ प्रतिशत) र त्यसपछि क्रमशः मगर (१४.६ प्रतिशत), थारू (१४.३%), मुसलमान (७.१%) र विश्वकर्मा (६.८ प्रतिशत) रहेका छन्। अन्य जातजातिको जनसङ्ख्या ५% भन्दा बढी छैन।

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## १.४ प्रदेशको अर्थतन्त्र, गरिबी तथा खाद्य सुरक्षा

२३. नेपालको कुल ग्राहस्थ उत्पादन वृद्धिदर आ.व. २०७८/७९ मा आधारभूत मूल्यमा ५.४६ प्रतिशत रहेकोमा आ.व. २०७९/८० मा विविध कारणहरूले कमी आइ २.१६ प्रतिशतमा झर्ने अनुमान गरिएको छ (आर्थिक सर्वेक्षण, २०७९/८०)। कोभिड-१९ को प्रभाव कम हुँदै गएसँगै आन्तरिक मागमा भएको बढोत्तरीको कारण वस्तु पैठारी उच्चदरले वृद्धि भइ नेपाली मुद्राको अमेरिकी डलरसँग अवमूल्यन एवम् अन्य कारणहरूबाट आर्थिक गतिविधिमा अपेक्षित विस्तार हुन नसक्दा आ.व. २०७९/८० को आर्थिक वृद्धिदर गत वर्षको तुलनामा संकुचन हुन गएको हो। यस्को सोझो असर प्रदेशको आर्थिक वृद्धिदरमा देखिन्छ। लुम्बिनी प्रदेशको कुल ग्राहस्थ उत्पादन वृद्धि दर आ.व. २०७८/७९ मा ५.०३ प्रतिशत रहेकोमा २०७९/८० मा २.०६ प्रतिशतमा रहने अनुमान गरिएको छ। प्रदेशको आर्थिक सूचक तालिका २ मा प्रस्तुत गरिएको छ।

**तालिका २. प्रदेशको आर्थिक सूचक )(२०७८-७९ – २०७९/८०)**

| क्र.सं | सूचक | २०७८/७९ | | २०७९/८० (अनुमानित) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | नेपाल | प्रदेश | नेपाल | प्रदेश | |
| १. | कुल ग्राहस्थ उत्पादन वृद्धि दर (आधारभूत मूल्यमा) प्रतिशत[1] | ५.४६ | ५.०३ | २.१६ | २.०६ | |
| २. | कुल ग्राहस्थ उत्पादनमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान[1] (प्रतिशत) | २४.७ | ३०.९ | २४.१ | २९.८ | |
| ३ | आर्थिक वृद्धि दर (आधारभूत मूल्यमा)[2] | ५.४६ | ५.०३ | २.१६ | २.०६ | |
| | कृषि | २.२४ | | २.७३ | ३.६० | |
| | उद्योग | १०.८० | | ०.५९ | (१.५०) | |
| | सेवा | ५.३२ | | २.३३ | २.६० | |
| ३. | निरपेक्ष गरिबीको रेखा मुनिको जनसङ्ख्या अनुमान प्रतिशत[1] | १६.६७ | १८.२ | अप्राप्त | अप्राप्त | प्रत्येक ७-८ वर्षको अन्तरालमा राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय जीवनस्तर सर्भे गर्ने गरेको। |
| ४. | बहुआयामिक गरिबी दर[3] (Multidimensional Poverty Value), २०७६ | ०.०७४ | ०.०७८ | अप्राप्त | अप्राप्त | प्रत्येक ५ वर्षमा राष्ट्रिय योजना आयोगले मापन गर्ने। |
| ४.१ | कुल गणना दर (Incidence प्रतिशत ) | १७.४ | १८.२ | अप्राप्त | अप्राप्त | |
| ४.२ | प्रबलता दर (Intensity | ४२.५ | ४३.१ | अप्राप्त | अप्राप्त | |

| क.सं | सूचक | २०७३/७[illegible] | | २०७९/८० (अनुमानित) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | नेपाल | प्रदेश | नेपाल | प्रदेश | |
| | प्रतिशत) | | | | | |
| ५. | बेरोजगारी दर, प्रतिशत[४] | | | अप्राप्त | ८.१ | प्रत्येक ५ वर्षमा के.त.वि.ले गणना गर्ने। |
| ६. | प्रतिव्यक्ति आय, अमेरिकी डलर[२] | ११९६ | ८४३ | १३९९ | ११२६ | राष्ट्रिय औसत ५% वृद्धिमा समायोजन। |
| ७. | राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा प्रदेशको योगदान[२], प्रतिशत | १०० | १४.१ | | १४.४ | |

स्रोत : १. केन्द्रीय तथ्याङ्क विभाग, २०७७ ; २. लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण, २०७९/८०
३. Multidimensional Poverty Index, NPC, २०७७; ४. राष्ट्रिय जनगणना, के.त.वि., २०७८

२३. खाद्य वासलातको आधारमा आर्थिक वर्ष २०७८/७९ मा यो प्रदेश खाद्यान्न (धान, मकै, गहुँ, कोदो, जौ र फापर) मा आत्मनिर्भर भइ ३,६२,५२० मे. टन बचत हुने देखिन्छ। यो अनुमान आ.व. २०७८/७९ मा उत्पादन भएको १३,९२,०५८ मे. टन उपभोग्य खाद्यान्न र प्रदेशको ५१,२२,०७८ जनसङ्ख्याको लागि प्रति व्यक्ति प्रति दिन आवश्यक पर्ने ०.२०१ के.जी. खाद्यान्न उपभोग छुट्याउँदा बाँकि रहने परिमाण हो। तराईका रूपन्देही, दाङ, बर्दिया, कपिलवस्तु र बाँके जिल्ला खाद्यान्न बचतमा निकै अगाडि देखिएका छन्। आ.व. २०७८/७९ को जिल्लागत उत्पादन तथा उपयोगको खाद्य वासलात स्थिति अनुसूची २ मा प्रस्तुत गरिएको छ।

२४. बहुआयामिक गरिबी सूचकाङ्क २०७६ मा गरिबी मापन गर्न लिइएका १० विभिन्न सूचकहरू मध्ये लुम्बिनी प्रदेशको गरिबी दर १८.२ प्रतिशत रहेको थियो। यसो हुनुमा बालबालिकाको विद्यालय जाने अवधिको असर सबैभन्दा बढी (२६.९ प्रतिशत) र त्यस पछिको दोस्रोमा पोषण स्थिति (२१.९ प्रतिशत) देखाइएको छ। यस प्रतिवेदनले पोषण स्थितिको आँकलन ५ वर्ष मुनिका बालबालिकाको वजन (Weight) र पुड्कोपन (Stunting) को आधारमा गरेको छ।

## १.५ कृषि भूमि वितरण

२५. यस प्रदेशमा कृषक परिवार सङ्ख्या ६,९२,९८२ रहेको छ (प्रदेश योजना आयोग, २०७५ (क))। यो नेपालको कुल कृषक परिवारको १८.१ प्रतिशत हो। यस प्रदेशमा १.६ प्रतिशत किसान परिवार भूमिहीन छन् जबकि राष्ट्रियस्तरमा ३.० प्रतिशत किसान परिवार भूमिहीन छन्।

२६. यस प्रदेशमा प्रति कृषक परिवारसँग औसतमा १.०३ विघा (०.७ हेक्टर) जमिन रहेको छ र प्रदेशको कुल जमिनको ५० प्रतिशत ७६.५ प्रतिशत कृषक परिवारसँग छ। औसतमा २ हेक्टर भन्दा बढी जग्गा ६.९ प्रतिशत कृषक परिवारको स्वामित्वमा छ। तालिका ३ मा जग्गाको आकार अनुसार कृषक परिवार र तिनीहरूको स्वामित्वमा रहेको जग्गाको विवरण प्रस्तुत गरिएको छ।

तालिका ३. प्रदेशमा जग्गाको आकार अनुसार कृषक परिवारको विवरण, २०६८

| क्र.सं | जग्गाको आकार | परिवार | | जग्गाको क्षेत्रफल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | क्षेत्रफल (हे.) | प्रतिशत |
| १ | <०.५० हे. | ३,४८,४३७ | ५०.२ | १,३४,४२८.४ | २५.५ |
| २ | ०.५० देखि १ हे. | १,८१,९८८ | २६.३ | १,२८,०३५.३ | २४.३ |
| ३ | १ हे.देखि २ हे. सम्म | १,१५,०९२ | १६.६ | १,५६,९१९.९ | २९.८ |
| ४ | २ हे.देखि ५ हे. सम्म | २४,६३३ | ५ | ९३,२१२.९ | १७.७ |
| ५ | ५ हे.देखि १० हे. सम्म | १,७५० | ०.३ | १०,८८५.० | २.१ |
| ६ | १० हे. भन्दा माथि | १९० | ० | २,७५८.५ | ०.५ |
| ७ | भूमिहीन | १०,८९५ | १.६ | ६४१.४ | ०.१ |
| | जम्मा | ६,९२,९८२ | १०० | ५,२६,८८१ | १०० |

स्रोतः प्रदेश योजना आयोग, २०७५

## १.६ पूर्वाधार क्षेत्र

### १.६.१ सिंचाइ

२७. वि.सं. २०७५ मा प्रदेश गठन हुनु अगाडि यस प्रदेशमा सानाठुला गरी ५४१ सिंचाइ प्रणाली सञ्चालनमा थिए। यी सिंचाइ प्रणालीबाट ३,१६,०७५ हेक्टर भूमिमा सिंचाइ सुविधा पुगेकोमा प्रदेश सरकारको प्रयासबाट आ.व. २०७५/७६ देखि २०७९/८० सम्ममा थप १३,५६९ हेक्टरमा सिंचाइ सुविधा पुगी कुल ३,२९,६४४ हे. मा सिंचाइ सुविधा पुगेको अनुमान छ (लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण, २०७९/८०)। प्रदेशको कुल खेतीयोग्य जमिन ६,५५,८१७ हेक्टर मध्ये ८२.२ प्रतिशत अर्थात् ५, ३९,४४३ हेक्टरमा खेती गरिएको छ। यी तथ्याङ्कले खेती गरिएको जमिनको ६१.११ प्रतिशतमा सिंचाइ सुविधा पुगेको देखाउँछन् तर, लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षणले प्रदेशको ५१.१३ प्रतिशतमा मात्र सिंचाइ सुविधा पुगेको अनुमान गरेको छ। सिंचित क्षेत्रफल बढाउन प्रदेश सरकारले कृषिको आधारः सिंचाइको सुधार भन्ने मूल अभियानका साथ सिंचाइ विकास सम्बन्धी काम कारबाहीहरू अगाडि बढाई रहेको छ।

२८. प्रदेशमा हाल सञ्चालनमा रहेको ठुला तथा मध्यमस्तरका ८ सिंचाइ प्रणालीहरू मध्ये करिब ५,००० हेक्टर वा आसपासको प्रभाव क्षेत्र (Command area) भएका ४ मध्यमस्तरका सिंचाइ प्रणालीहरू (मर्चवार, सोह्रछत्तिस मौजा, प्रगन्ना र श्रृङ्गीघाट) प्रदेश सरकार मातहत र बाँकि ४ ठुला प्रणालीहरू (पश्चिम गण्डक, भैरहवा लुम्बिनी भूमिगत, बाणगंगा र राजापुर) सङ्घीय सरकार मातहत सञ्चालित छन्।

२९. प्रदेशको बस्तुगत विवरण २०७५ अनुसार यो प्रदेशमा १,१८,५०० हे. क्षेत्रफलमा भूमिगत सिंचाइ सुविधा उपलब्ध छ। प्रदेशको कुल सिंचाइ सुविधा उपलब्ध भूमि मध्ये करिब २,२७,२५० हे. (६९ प्रतिशत) मा वर्षैभर सिंचाइ सेवा उपलब्ध हुने अनुमान गरिएको छ। सिंचाइ सुविधा उपलब्ध भएको आधारमा यो प्रदेश सुक्खा/खडेरी जस्ता जलवायु परिवर्तनको असरबाट धेरै हदसम्म सुरक्षित रहने आंकलन गर्न सकिन्छ।

३०. सिंचाइ उपलब्धताको हिसाबले सबभन्दा बढी सिंचित भूमि दाङमा ८९ प्रतिशत, त्यसपछि क्रमशः बर्दिया (८७.७ प्रतिशत), रूपन्देही (७२.४ प्रतिशत), कपिलवस्तु (४२.७ प्रतिशत) र बाँके (२९.३ प्रतिशत) रहेका छन्। यस प्रदेशमा सबैभन्दा कम रोल्पामा २०.५९ प्रतिशत क्षेत्रफलमा सिंचाइ सुविधा उपलब्ध छ (चित्र ६)।




**चित्र ६ . जिल्लागत सिंचाइ स्थिति (स्रोत :कृषि विकास निर्देशनालय ,२०७७ )**

### १.६.२ सडक यातायात

३१. भौतिक पूर्वाधारमा सडक यातायातको उपलब्धता महत्त्वपूर्ण हुन्छ र यसलाई मेरुदण्डको रूपमा लिइन्छ। लुम्बिनी प्रदेशको तथ्याङ्क अनुसार २०७९ असारसम्म यस प्रदेशमा प्रादेशिक र ग्रामीण सडक गरी करिब ९,५९४ कि.मि. सडक रहेको छ। त्यस मध्ये अधिकांश सडक कच्ची छन्। तुलनात्मक रूपमा पाल्पामा सबैभन्दा बढी र रुकुम पूर्वमा सबैभन्दा कम सडक उपलब्ध छ भने प्रति १०० वर्ग कि.मि. क्षेत्रफलमा सडक घनत्व सबैभन्दा बढी नवलपरासी र सबैभन्दा कम रुकुम पूर्वमा रहेको छ। प्रदेश स्थापनादेखि आ.व. २०७९/८० सम्म कुल ३,८४३ किलोमिटर प्रादेशिक सडक निर्माण गरेको र त्यसको करिब २१ प्रतिशत कालोपत्रे गरी सकिएको देखिन्छ (लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण, २०७९/८०)।

### १.६.३ हवाई यातायात

३२. नेपालमा पहिलो अन्तर्राष्ट्रिय विमानस्थल बनेको सात दशक पछि दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा यो प्रदेशको भैरहवामा गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको छ। यस विमानस्थललाई लुम्बिनी प्रदेशको मात्र नभइ देशकै समृद्धिको ढोकाको रूपमा हेरिएको छ।

३३. हवाई यातायातको विकासको सन्दर्भमा यस प्रदेशमा गुल्मी, दाङ, भैरहवा र नेपालगञ्ज गरी चारवटा विमानस्थल रहेका छन्। नेपालगञ्ज विमानस्थल काठमाडौं र पोखरापछि नेपालको तेस्रो व्यस्त विमानस्थल हो। यो विमानस्थल कर्णाली प्रदेशको विभिन्न जिल्लामा जाने मुख्य केन्द्रको रूपमा रही आएको छ। पहाडी जिल्ला गुल्मीमा विमानस्थल निर्माण हालसालै सम्पन्न भएको छ।

## १.७ वित्तीय पूर्वाधार

३४. लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८० अनुसार २०७९ चैत्रसम्म १०९ स्थानीय तहमा वाणिज्य बैंकका शाखा सञ्चालनमा रहेका छन्। सङ्ख्याका हिसावले प्रदेश भित्र वाणिज्य बैंकका ७५२, विकास बैंकका २५७, वित्त कम्पनीका ४६ तथा लघुवित्त संस्थाका १,१७० गरी कुल २,२२५ बैंक तथा वित्तीय संस्थाका शाखा रहेका छन्। वाणिज्य बैंकका शाखातर्फ यो प्रदेशको स्थान तेस्रो र विकास बैंकमा दोस्रो रहेको छ। यी वित्तीय संस्थाहरूले आ.व. २०७९/८० को चैत्रसम्ममा रु ४ खरब ६५ अरब १३ करोड निक्षेप संकलन र ५ खरब ४८ अरब ६६ करोड कर्जा प्रवाह गरेका छन्।

३५. प्रदेश योजना आयोगको वस्तु स्थिति विवरण, २०७५ अनुसार यस प्रदेशमा कुल ४,०४३ सहकारी संस्थाहरू सञ्चालनमा छन्, जस मध्ये, कृषि १,४७१, बचत तथा ऋण १,३०१, बहुउद्देश्यीय ४८१, दुग्ध १४१ र अन्य ३७९ रहेका छन्।

३६. यस प्रदेशमा रहेका सहकारी संस्थाहरू मध्ये अधिकांश (करिब ८२ प्रतिशत) को कार्य क्षेत्र स्थानीय तहमा मात्र र १८ प्रतिशतको कार्य क्षेत्र प्रदेशमा रहेको छ। साथै, यी संस्थाहरूमा कुल ९,६७,२२३ सदस्य (प्रदेशको  जनसङ्ख्याको करिब १८.९ प्रतिशत) आवद्ध भएका छन् (प्रदेश योजना आयोग, २०७५)। कुल सदस्य सङ्ख्या मध्ये ६४.१ प्रतिशत महिला र ३५.९ प्रतिशत पुरुष रही यिनीहरूले रु ५९ अरब भन्दा बढी बचत सङ्कलन तथा करिब रु ४१ अरब (रू ४०,८०,६८,०४,०३२) ऋण परिचालन गरेका छन् (सहकारी विभाग, २०७७)। यसबाट ग्रामीण स्तरमा न्यून आय भएका गरिब तथा सीमान्तकृत वर्गलाई वित्तीय सुविधा पुग्दै आएको छ। जिल्लागत रूपमा सबैभन्दा बढी सहकारी रूपन्देहीमा ७७९ र सबैभन्दा कम रुकुम पूर्वमा ४४ वटा छन्।

३७. नेपालमा कारोबार गरी राखेका १४ वटा निर्जिवन बीमा कम्पनीहरूले २०८० जेष्ठ मसान्तसम्ममा कुल २५,३७,४१६ बीमालेख जारी गरेकोमा लुम्बिनी प्रदेशमा ३,९७,८५९ (१५.६८ प्रतिशत) जारी भएका थिए। कृषि तथा बालीतर्फ जारी भएका कुल १,५७,३६० बीमालेख मध्ये लुम्बिनी प्रदेशमा २९,०५३ रहेका थिए। लुम्बिनी प्रदेशमा जारी भएका कृषि तथा बाली बीमालेखबाट सो अवधिमा रु ३१ करोड १ लाख बीमा शुल्क संकलन भएको थियो।

३८. लुम्बिनी प्रदेशमा जीवन बीमाका ३५४ र निर्जिवन बीमाका १७३ गरी कुल ५२७ शाखा रहेका छन्। बाली वस्तुको जोखिम बहन गर्न कृषि तथा पशुपन्छी बीमा आवश्यक भए तापनि यस क्षेत्र तर्फ निर्जिवन बीमा कम्पनीहरू कम इच्छुक देखिएकाले बीमा कार्यक्रम प्रभावकारी हुन सकेको छैन।

परिच्छेद २
प्रदेशको कृषि विकासको स्थिति र समीक्षा

## २.१ प्रदेशको मुख्य खाद्यान्न बाली र उत्पादकत्व

३९. धान, गहुँ, मकै, कोदो, फापर र जौ लुम्बिनी प्रदेशका मुख्य खाद्यान्न बाली हुन्। यी मध्ये, तीन प्रमुख खाद्यान्न बाली: धान, गहुँ र मकै आ.व. २०७८/७९ मा क्रमशः ३,१७,९१५ हेक्टर; १,५८,५८९ हेक्टर; र १,४४,९९१ हेक्टरमा खेती गरिएका थिए। उक्त क्षेत्रफलबाट क्रमशः १०,४०,०४६ मे.टन धान; ४,६८,२५६ मे.टन गहुँ; र ४,१७,७७१ मे.टन मकै उत्पादन भएको थियो (कृषि तथा भूमि व्यवस्था मन्त्रालयको पाँच वर्षे उपलब्धि, २०७९)। मकै बाली विगत केही वर्षदेखि खाद्यान्न बाली भन्दा पनि औद्योगिक बालीको रूपमा विकास भइरहेको छ। यी बालीहरूले दिने उत्पादनमा खेती गरिएको क्षेत्रफल, सिंचाइ सुविधा तथा जातीय उत्पादन क्षमताका आधारमा सन्तोष मान्न सकिने अवस्था छैन। यसलाई कसरी बढाउने भन्ने नै आजको ठूलो चुनौती हो।

४०. प्रदेशको १० वर्षको उत्पादन स्थिति विश्लेषणबाट धानको औसत उत्पादकत्व ३.६४ मे. टन प्रति हेक्टर पाइयो। वार्षिक वृद्धिदरमा क्षेत्रफल तर्फ १.६२ प्रतिशतले घटेको, उत्पादन र उत्पादकत्व तर्फ क्रमशः ०.०३ प्रतिशत र १.६८ प्रतिशतले बढेको छ। सिंचाइ र प्रविधिको उपलब्धतासँगै विगत लामो समयदेखि चैते धान खेती यस प्रदेशमा शुरु गरिएको भए तापनि त्यसको क्षेत्रफ़ल र उत्पादन साह्रै न्यून रहेको छ।

४१. लुम्बिनी प्रदेशमा धान पछिको दोस्रो महत्त्वपूर्ण खाद्यान्न बाली गहुँ हो। प्रदेशको १० वर्षको उत्पादन स्थिति विश्लेषणबाट गहुँको औसत उत्पादकत्व २.८७ मे.टन प्रति हेक्टर देखिन्छ। गहुँको वार्षिक वृद्धिदरमा क्षेत्रफलतर्फ २.११ प्रतिशतले घटेको तथा उत्पादन र उत्पादकत्वतर्फ क्रमशः ०.९७ प्रतिशत र ३.१४ प्रतिशतले बढेको छ।

४२. लुम्बिनी प्रदेशको तेस्रो महत्त्वपूर्ण खाद्यान्न बाली मकै हो। प्रदेशको १० वर्षको उत्पादन स्थिति विश्लेषणबाट औसत उत्पादकत्व २.३९ मे. टन प्रति हेक्टर हुन आउँछ। वार्षिक वृद्धिदरमा क्षेत्रफल तर्फ १.४४ प्रतिशतले घटेको तथा उत्पादन र उत्पादकत्व तर्फ क्रमशः १.८६ प्रतिशत र ३.३६ प्रतिशतले बढेको छ। हाइब्रिड बीउको व्यापकता, सघन खेती र सिंचाइ सहितको उत्पादन सामग्रीको बढ्दो प्रयोगको परिणाम स्वरूप मकैको उत्पादकत्व वृद्धि हुँदै गइरहेको छ।

४३. खाद्यान्न बालीहरूको विगत एक दशकको क्षेत्रफल, उत्पादन र उत्पादकत्व समीक्षा गर्दा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने प्रशस्त सम्भावना छ (तालिका ४)। अनुसूची ३ मा लुम्बिनी प्रदेशमा बृहत्तर खेती हुने नेपाल कृषि अनुसन्धान परिषदबाट सिफारिस तथा राष्ट्रिय बीउ बिजन समितिले उन्मोचन गरेका १० प्रमुख जात र दर्ता गरेका ५ हाइब्रिड जातका धानको उत्पादकत्व क्षमता प्रस्तुत छ। साथै, अनुसूची ४ मा प्रदेशको मुख्य मुख्य बाली र वस्तुको विगत दश वर्ष अवधिको उत्पादन क्षेत्रफल, उत्पादन, उत्पादकत्व तथा वृद्धिदर प्रस्तुत गरिएको छ।

तालिका ४. केही प्रमुख बाली वस्तुहरूको उत्पादकत्वको अवस्था

| बाली/वस्तु | एकाइ | प्रदेशको स्थिति (२०७८/७९) | कृषकको स्तरमा सम्भाव्य उत्पादकत्व | कैफियत |
|---|---|---|---|---|
| धान | मे.टन/हे | ३.९१[1] | ६.५[2] | |
| मकै | मे.टन/हे | ३.४३[1] | ६.५[2] | |
| गहुँ | मे.टन/हे | २.७८[1] | ४.८[2] | |
| आलु | मे.टन/हे | १५.७१[1] | २०-२५[2] | सम्भाव्य उत्पादकत्व कुफ्री सिन्दुरी आलु |
| तरकारी | मे.टन/हे | १३.६५[1] | १०५-११०[3] | नेपाली सृजना हाईब्रिड गोलभेंडाको सम्भाव्य उत्पादकत्व मात्र |
| फलफूल | मे.टन/हे | ८.५९[1] | ३४.५[3] | कागती (सुन कागती १- ३ वर्षमा फल्ने) |
| | | १६,४९ | ४०-५०[3] | विलियम हाइब्रिड केराको सम्भावित उत्पादकत्व |
| माछा | टन /हेक्टर/वर्ष | ४.४८[1] | १५[4] | कार्प माछाको उत्पादकत्व |
| गाईको दुध (Crossbreed) | लिटर/ दुध दिने गाई | ७९७[1] | १७८७[2] | सम्भावित उत्पादकत्व हिफ़र क्रस (औसत दैनिक दुध उत्पादन ५.५ लिटर, प्रति बेत ३२५ दिन |
| भैंसीको दुध | लिटर/ दुध दिने भैंसी | ८५५[1] | १२००[2] | |

स्रोतः १. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सन् २०२२; २. नेपाल कृषि अनुसन्धान परिषद, सन् २००८; ३. नेपाल कृषि अनुसन्धान परिषद २०७७; ४. कृषि तथा पशुपन्छी डायरी, २०७८

४४. आ.व. २०७८/७९ मा यस प्रदेशमा ६६,४१८ मे.टन. तेलहन र ९४,७८८ मे. टन दलहन बाली उत्पादन भएको थियो। दलहन तर्फ मुसुरो र रहर तथा तेलहनतर्फ तोरी, सर्स्युं र सूर्यमुखी मुख्य बाली हुन्।

४५. यो प्रदेशमा आ.व. २०७९/८० मा ५,५७,२०० मे.टन दुध; १,०९,८०० मे.टन मासु; र १५,६३२ मे.टन माछा उत्पादन भएको थियो।

४६. यो प्रदेश पशुजन्य उत्पादन दुध र मासु (मुख्य रुपले खसी, बोका र कुखुरा) तथा कृषि बाली तर्फ धान, कफी र अदुवाका लागि प्रसिद्ध रहेको छ। गुल्मी जिल्लालाई नेपालमा कफी खेती शुरु गर्ने प्रथम जिल्लाकै रूपमा मानिंदै आएको छ। साथै, माछाका लागि पनि यो प्रदेश खासगरी रूपन्देही, कपिलवस्तु र बाँकेको प्रगति तथा ख्याति बढ्दो छ।

## २.२ प्रविधि प्रणाली

### २.२.१ प्रविधि विकास

४७. नेपाल कृषि अनुसन्धान परिषद्ले यस प्रदेशको रूपन्देही जिल्लामा राष्ट्रिय गहुँ बाली अनुसन्धान कार्यक्रम, बाँकेको खजुरामा प्रादेशिक कृषि अनुसन्धान निर्देशनालय र राष्ट्रिय कोसेबाली अनुसन्धान

कार्यक्रम तथा गुल्मीको बलेटक्सारमा कफी अनुसन्धान केन्द्र सञ्चालन गरी सम्बन्धित बाली/वस्तुमा अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालन गर्दै आएको छ।

४८. Bilateral and Multilateral Development Partners (DPS) जस्तै United States Agency for International Development (USAID), World Bank (WB), Asian Development Bank (ADB), तथा International Maize and Wheat Improvement Centre (CIMMYT), International Rice Research Institute (IRRI), International Crops Research Insitute for Semi-Arid Tropics (ICRISAT), International Food Policy Research Institute (IFPRI), International Centre for Integrated Mountain Development (ICIMOD) जस्ता अन्तर्राष्ट्रिय संस्था/कृषि अनुसन्धान केन्द्रहरूको सहयोगबाट प्रविधि विकास तथा विस्तारमा सहयोग पुगेको छ।

### २.२.२ प्रविधि प्रसार

४९. प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालय तथा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मातहतमा जिल्लास्तरका कार्यालयहरू क्रमशः कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र एवं एकीकृत कृषि तथा पशु सेवा कार्यालयहरू स्थापना गरी स्मार्ट कृषि गाउँ, उत्पादनमा आधारित अनुदान, ब्याज अनुदान, कृषि यान्त्रिकीकरण सहयोग, स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण जस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ।

५०. नेपालको संविधानले स्थानीय सरकारलाई कृषि प्रसारको एकल जिम्मेवारी प्रदान गरेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कृषि प्रसारमा स्थानीय निकायहरूको भूमिका तथा जिम्मेवारी समेत स्पष्ट बनाइ सकेकोमा लुम्बिनी प्रदेशका १०९ वटै स्थानीय सरकारहरूले जनशक्ति अभावका कारण अपेक्षा अनुसार सेवा प्रवाह गर्न सकेका छैनन्। स्थानीय तहमा कृषि तर्फ ४ र पशु सेवा तर्फ ४ देखि ११ जनासम्म दरबन्दी रहेकोमा सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रकाशित Annual JSR Report, 2021 अनुसार लुम्बिनी प्रदेशका स्थानीय निकायहरूमा कुल दरबन्दीको ४९ प्रतिशत भन्दा बढी पदहरू रिक्त रहेका छन्। यसर्थ, कृषि तथा पशु सेवा प्रसारसँग सम्बन्धित क्रियाकलापहरू प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन्।

५१. स्थानीय सरकारको कार्य क्षेत्र ठूलो रहेको र पालिकाको एउटा वडा विगतको एउटा गाउँ विकास समिति जत्रै रहेकाले प्रविधि हस्तान्तरण र प्रसार सेवामा कृषकहरूको पहुँच विगतको भन्दा पनि न्यून भएको र ती निकायहरू प्रविधि प्रसार सेवाभन्दा कृषि उत्पादन सामग्री वितरणमा बढी संलग्न हुँदा कृषि प्राविधिकहरूको क्षमता क्रमशः ह्रास हुँदै गएको छ। यसले प्रविधि हस्तान्तरणमा नकारात्मक असर पारेको छ।

५२. कृषि तथा भूमि व्यवस्था मन्त्रालय अन्तर्गतका केन्द्र तथा प्रयोगशालाबाट पनि कृषक तथा व्यवसायीहरूलाई प्रविधि प्रसार तथा विभिन्न विषयगत सेवाहरू उपलब्ध गराइँदै आएको छ। अनुसूची ५ मा मन्त्रालयको वर्तमान संगठनात्मक संरचना प्रस्तुत छ। चित्र ७ मा प्रस्तुत प्रदेशको नक्साले यस प्रदेशको बाँके, रूपन्देही र कपिलवस्तुमा कृषि क्षेत्रका सरकारी निकाय/संस्थाहरूको बाहुल्यता रहेको देखाउँछ।

५३. प्रदेश तर्फ कृषि तथा भूमि व्यवस्था मन्त्रालय र मातहतका कार्यालहरूको स्थायी दरबन्दी ४२८ जना मध्ये १४४ भन्दा बढी पद रिक्त हुँदा कृषि प्रविधि प्रसार तथा अनुसन्धानात्मक कृषि प्रसार प्रणाली प्रभावकारी हुन सकेको छैन (Annual JSR Report, 2021)। प्रदेश लोक सेवा आयोग गठन भएदेखि हालसम्म रिक्त पदहरूमा पदपूर्ति तथा बढुवा प्रक्रिया शुरू नगरेको हुँदा अनिवार्य अवकाशका कारण कर्मचारी सङ्ख्या दिन प्रतिदिन घट्दै गइरहेको र सेवारत कर्मचारीहरूको मनोबल खस्किंदै गइरहेको आभास भएको छ।

५४. नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले विभिन्न जिल्लामा बाली/वस्तुसँग सम्बन्धित सुपर जोन र जोन, प्रदेश सरकार अन्तर्गतका कृषि ज्ञान केन्द्र तथा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरूले बाली/वस्तु विशेष ब्लक उत्पादन कार्यक्रम तथा स्थानीय सरकार मातहतका कृषि तथा पशु सेवा शाखाहरूले निर्दिष्ट बाली/वस्तुको पकेट क्षेत्र विकास कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्।

५५. सरकारी निकायका अलावा निजी क्षेत्रले आफ्नै सक्रियतामा तथा विकासका साझेदारहरूबाट सञ्चालित कृषि विकाससँग सम्बन्धित परियोजनाहरूमा आवद्ध भई लुम्बिनी प्रदेशमा समेत कृषि तथा पशु प्रसार सेवा प्रवाह तथा अन्य गतिविधिहरू गर्दै आएका छन्। यसरी सेवा प्रवाहमा संलग्न निजी क्षेत्रका व्यवसायीहरूको क्षमता विकास गरी दीर्घकालसम्म उपयोग गर्न सकिएको खण्डमा बढी भन्दा बढी किसानहरू लाभान्वित हुने अवस्था छ।




चित्र ७. लुम्बिनी प्रदेशका सरकारी निकायहरू

५६. नेपालका विकास साझेदारहरूको सहयोगमा सञ्चालित USAID's Feed the Future-Knowledge-Based Integrated Sustainable Agriculture in Nepal II (KISAN II), Nepal Seed and Fertilizer Project (NSAF), Nepal Livestock Secor Innovation Project (NLSIP), Rural Enterprise and Economic Development Project (REED) जस्ता परियोजनाहरूले निजी क्षेत्रलाई कृषि प्रसार तथा प्रविधि हस्तान्तरणमा संलग्न गराउन विभिन्न प्रकारको पूरक कोष मार्फत सहयोग उपलब्ध गराउँदै आएका छन्।

५७. प्रदेशका १२ वटै जिल्लाका कृषकहरूलाई प्रदेश सरकारले उपलब्ध गराएको निशुल्क टोल फ्री नम्बर मार्फत किसान कल सेन्टर स्थापना गरी कृषि सम्बन्धी समस्या समाधान तथा नवीनतम प्रविधिबारे जानकारी दिने कार्य शुरु भएको छ। तथापि, लुम्बिनी प्रदेशका अधिकाँश कृषकहरूलाई कृषि सम्बन्धी आधुनिक सूचना प्रविधिमा पहुँच पु¥याउन सकिएको छैन।

## २.३ कृषि उत्पादन सामग्री आपूर्ति व्यवस्था

### २.३.१ बीउ बिजन

५८. नेपालमा औपचारिक तथा अनौपचारिक क्षेत्रबाट हुने बीउ उत्पादनमा लुम्बिनी प्रदेश अग्र स्थानमा पर्छ। वि.सं. २०७६ मा सम्पन्न बीउ उत्पादनमा संलग्न संस्थाहरूको अध्ययनका क्रममा नेपालमा २४२ संस्थाहरू सञ्चालनमा थिए। ती मध्ये यस प्रदेशमा १०६ (करिब ४३ प्रतिशत) संस्थाहरू सञ्चालनमा रहेको पाइयो। ती बीउ उत्पादक संस्थाहरू मध्ये सहकारी संस्था ४३, बीउ उत्पादन कम्पनी २३ (निजी क्षेत्रबाट सञ्चालित २० र सरकारी क्षेत्रको ३), बीउ उत्पादन कृषक समूह ३६, र एग्रोभेट ४ थिए। अनौपचारिक क्षेत्रबाट बीउ उत्पादनमा संलग्न संस्था र रेकर्डमा नआएका निजी तथा सहकारी क्षेत्र आवद्ध बीउ उत्पादन फर्म, व्यवसायी र बीउ उत्पादक समूहहरू यो प्रदेशमा करिब १,००० रहेका छन् र बीउ उत्पादन तथा कारोवारमा बीउ व्यवसायीहरूको संलग्नता बढ्दो क्रममा छ। अनुसूची ६ मा लुम्बिनी प्रदेशका बीउ उत्पादनमा संलग्न फार्म तथा संस्थाहरूको जिल्लागत विवरण प्रस्तुत गरिएको छ।

५९. बीउ उत्पादन बढी हुने भए तापनि प्रदेश मन्त्रालयको प्रतिवेदन अनुसार आ.व. २०७८/७९ मा यस प्रदेशको धान, मकै तथा गहुँको बीउ प्रतिस्थापन दर क्रमशः २२.८७ प्रतिशत, ८.४ प्रतिशत र १७.८ प्रतिशत रहेको थियो, जुन बीउ बिजनको दीर्घकालीन सोचले निर्धारण गरेको लक्ष्य भन्दा न्यून हो।

६०. यस प्रदेशका दुईवटा सरकारी बीउ बिजन परीक्षण प्रयोगशालाबाट आ.व. २०७८/७९ मा प्रमाणित गरेको बीउ बिजनको परिमाण तालिका ५ मा दिइएको छ। उक्त वर्षमा विभिन्न बालीका ४२१.१ मे. टन मूल तथा १२४.३ मे. टन प्रमाणित गरी जम्मा ५४५.४ मे. टन बीउ प्रमाणीकरण भएको थियो। यो तथ्याङ्कले बीउको प्रमाणीकरण न्यून मात्रामा मात्र गरिने तथा बीउ चक्र पालना गर्न गराउन सम्बन्धित बीउ उत्पादक संस्थाहरूको (बीउ उत्पादन समूह, सहकारी तथा कम्पनी) सचेतनामा कमी भएको देखिन्छ। यसो हुनुमा विदेशबाट उच्च सङ्ख्यामा राष्ट्रिय बीउ बिजन समितिले दर्ता गरे/नगरेका हाइब्रिड बीउहरू औपचारिक/अनौपचारिक माध्यमबाट आयात हुनु, बीउ बिजन प्रयोगशालाहरूको क्षमता कम हुनु, कमजोर नियमन, तथा बीउ बिजन प्रमाणीकरण गर्ने गराउने सम्बन्धमा उत्पादक तथा बिक्रेताहरूको समेत सहभागिता कम हुनु प्रमुख कारण हुन्।

**तालिका ५. लुम्बिनी प्रदेशको सरकारी प्रयोगशालाबाट आ.व. २०७८/७९ मा प्रमाणित गरिएको बीउ परिमाण (मे. टन)**

| बाली | बीउ बिजन प्रयोगशाला, भैरहवा | | बीउ बिजन प्रयोगशाला, खजुरा | | कुल | | |
|---|---|---|---|---|---|---|---|
| | मूल बीउ | प्रमाणित बीउ | मूल बीउ | प्रमाणित बीउ | मूल बीउ | प्रमाणित बीउ | जम्मा |
| धान | १०६.८२ | ४८.१४ | ३७.७० | २६.६० | १४४.५२ | ७४.७४ | २१९.२६ |
| गहुँ | २३३.६० | १८.२० | २५.६० | १८.२० | २५९.२० | ३६.४० | २९५.६० |

| बाली | बीउ बिजन प्रयोगशाला, भैरहवा | | बीउ बिजन प्रयोगशाला, खजुरा | | कुल | | |
|---|---|---|---|---|---|---|---|
| | मूल बीउ | प्रमाणित बीउ | मूल बीउ | प्रमाणित बीउ | मूल बीउ | प्रमाणित बीउ | जम्मा |
| मकै | १२.४० | १२.०६ | १.०० | १.०६ | १३.४० | १३.१२ | २६.५२ |
| अन्य | २.०० | ०.०० | २.०० | ०.०० | ४.०० | ०.०० | ४.०० |
| कुल | ३५४.७६ | ७८.४० | ६६.३० | ४५.८६ | ४२१.१२ | १२४.२६ | ५४५.३८ |

स्रोत : बीउ बिजन प्रयोगशाला भैरहवा र खजुराको वार्षिक प्रगति प्रतिवेदन, २०७८/७९

### २.३.२ पशुपन्छी तथा मत्स्य नश्ल सुधार तथा कृत्रिम गर्भाधान

६१. पशु नश्ल सुधारका लागि लुम्बिनी प्रदेशको बाँकेमा नेपाल सरकार अन्तर्गत राष्ट्रिय पशु प्रजनन कार्यालय तथा प्रदेश सरकार अन्तर्गत कुखुरा विकास फार्मले सेवा प्रदान गर्दै आएका छन्। माछाको नश्ल सुधारका लागि नेपाल सरकार अन्तर्गत मत्स्य शुद्ध नश्ल सुधार तथा विकास केन्द्र, भैरहवा र प्रदेश सरकार अन्तर्गत मत्स्य विकास केन्द्र, महादेवपुरी, बाँके रहेका छन्। उपर्युक्त चार फार्म केन्द्रका अतिरिक्त सरकारी क्षेत्रबाट भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, निजी क्षेत्रबाट एग्रो-भेट, तालिम प्राप्त पाराभेट, र दुग्ध/कृषि समूह तथा सहकारीले पनि उन्नत नश्ल छनोट तथा कृत्रिम गर्भाधान सेवा प्रदान गर्दै आएका छन्।

६२. आ.व. २०७८/७९ मा राष्ट्रिय पशु प्रजनन कार्यालयको प्रतिवेदन अनुसार नेपालमा कुल ९६३ कृत्रिम गर्भाधान केन्द्रहरू (सरकारी- ३७३, सामुदायिक पशु प्रजनन केन्द्र- ३७८, निजी क्षेत्र- २१२) कार्यरत रहेकोमा सबैभन्दा बढी यो प्रदेशमा २४७ (२५.६ प्रतिशत) सञ्चालनमा रहेका छन्। साथै, प्रजननकर्ताको सङ्ख्या पनि यो प्रदेशमा सबैभन्दा बढी रहेको छ। नेपालमा १,९५२ प्रजननकर्ता रहेकोमा लुम्बिनी प्रदेशमा २९० रहेका र ती मध्ये सरकारी तर्फका ११८, सामुदायिक केन्द्र तर्फका ९० र निजी तर्फका ८२ रहेका छन्। तर, यो प्रदेशमा उपलब्ध सुविधाको दाँजोमा सेवा उपलब्धता कमजोर पाइन्छ। आ.व. २०७८/७९ मा यस प्रदेशमा जम्मा ३३,१६६ पशुमा कृत्रिम गर्भाधान गरिएको थियो।

### २.३.३ खोप सेवा तथा पशुपन्छी परीक्षण सेवा

६३. पशुपन्छीमा लाग्न सक्ने महामारीजन्य रोग रोकथामका लागि रोग नियन्त्रण अभियान सञ्चालन भइरहेको छ। सङ्घीय सरकारले उपलब्ध गराएको खोप तथा बजेटबाट प्रदेश र स्थानीय तहहरूले खोप अभियान सञ्चालन गरी रहेका छन्। नेपालमा निशुल्क वितरण हुने पीपीआर, खोरेत, रानीखेत, स्वाइन फीभर, भ्यागुते र चर्चरे रोग विरुद्धका खोपहरू संघले उपलब्ध गराउने गरेको छ। यसरी प्राप्त खोप प्रदेश भरी भ्याक्सिनेटर मार्फत पशुपन्छीहरूमा लगाउने गरिएको छ। यसरी प्राप्त खोप खपुग भएमा प्रदेश तथा स्थानीय तहले आवश्यकता अनुसार बजेट व्यवस्थापन गरी खोप सेवा सञ्चालन गर्न आवश्यक रहेको छ। यो वर्ष गाई भैंसीमा लम्पी स्किन रोग देखा परेकोले प्रदेश स्तरमा Rapid Response Team गठन गरी प्रत्येक जिल्लामा फोकल अधिकृत तोकिएको छ। यसै गरी, २०८० असारको पहिलो हप्तासम्म १२,६०० पशुलाई लम्पी स्किन विरुद्धको खोप लगाइ सकिएको छ भने करिब २७,८२,००० रुपैयाँ बराबरको औषधी खरिद भै उपचार गरिएको छ। खोप व्यवस्थपानका लागि भ्याक्सिन बैङ्क स्थापना तथा खोप response परीक्षणका लागि पशुपन्छी रोग अन्वेशक प्रयोगशाला परिचालन गरिएको छ।

### २.३.४ रासायनिक मलखाद

६४. प्रदेशमा खेती गरिने मुख्य तीन बाली धान, गहुँ, र मकैको क्षेत्रफल तथा अनुसन्धान/प्रसारले सिफारिस गरेको रासायनिक मलको मात्राको[1] हिसाब गर्दा यो प्रदेशको लागि वार्षिक न्यूनतम युरिया, डी.ए.पी. र पोटास मल क्रमशः २,५०,००० मे.टन, २,१५,००० मे.टन. र १,२५,००० मे.टन गरी कुल ५,९०,००० मे. टन आवश्यक पर्ने देखिन्छ। भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रलयको अनुमान अनुसार युरिया १,६०,००० मे.टन; डी.ए.पी. ८०,००० मे.टन; तथा पोटास २५,००० मे.टन उपलब्ध हुन सकेको खण्डमा प्रदेशमा रासायनिक मलको चर्को अभाव महसुस हुने थिएन। तर, विभिन्न स्रोतबाट आ.व. २०७८/७९ मा युरिया ३१,०५६, डी.ए.पी. १५,४५३ र पोटास १,३७५ गरी जम्मा ४७,८८४ मे टन. वितरण हुन सक्यो (कृषि तथा भूमि व्यवस्था मन्त्रालय, २०७९)। यो तथ्याङ्कले खाद्य उत्पादनमा अग्रणी स्थानमा रहेको यस प्रदेशमा कृषि उत्पादन वृद्धिको लागि अति आवश्यक कृषि सामग्रीको अभाव रहेको स्पष्ट देखिन्छ।

### २.३.५ कृषि यान्त्रिकीकरण

६५. यो प्रदेशमा कृषि यान्त्रिकीकरण दर यकिन गर्ने भरपर्दो अध्ययन नभए तापनि तराई क्षेत्रको बाहुल्यता रहेको लुम्बिनी प्रदेश कृषि यान्त्रिकीकरणमा अग्र स्थानमा छ। हाल लुम्बिनी प्रदेश सरकारको अनुदान समेतबाट ड्रिप सिंचाईको सामग्री उत्पादन गर्ने एउटा कारखाना नवलपरासी (वर्दघाट पश्चिम) मा सञ्चालनमा रहेको छ। यसबाट यो प्रदेशको तराई तथा पहाडी जिल्लाहरूमा उच्च प्रविधियुक्त पोलिथिन टनेलमा गोलभेंडा तथा तरकारी खेती, पुष्प खेती तथा फलफूल बेर्नाको व्यावसायिक उत्पादनलाई सहयोग पुगेको छ।

६६. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले यो प्रदेशमा मात्र ५० भन्दा बढी कस्टम हाइरिंग (Custom Hiring) केन्द्रहरू स्थापना गरेको छ। यसका अतिरिक्त, प्रदेश सरकारको सहयोगमा आ.व. २०७६/७७ सम्म थप ९८ कस्टम हाइरिंग सेन्टर स्थापना भइ कुल १४८ कस्टम हाइरिंग केन्द्रहरू यो प्रदेशमा स्थापना भएका छन्। त्यसै गरी, स्थानीय तहहरूबाट समेत विभिन्न कृषि यन्त्र तथा उपकरणहरू कृषकलाई वितरण भैराखेका छन्। यसबाट कृषि यन्त्र खरिद गर्न नसक्ने साना तथा सीमान्त कृषकहरूका साथै सबै कृषकहरूले ठुला यन्त्रहरू बहालमा लिई उपयोग गर्न पाउँदा कृषि यान्त्रिकीकरण दरमा उल्लेख्य वृद्धि भएको छ।

### २.३.६ कृषि ऋण

६७. वित्तीय सङ्घीयता कार्यान्वयनसँगै यस प्रदेशका १०९ वटै स्थानीय तहमा स्थापना भएका २,०२६ वाणिज्य बैंकका शाखाहरूबाट सेवा विस्तार भए तापनि तिनीहरूको कृषि उत्पादन तथा कृषि व्यावसायीकरणमा लगानी न्यून रहेकाले यसमा सुधार गर्न नेपाल राष्ट्र बैंकले २०७७/७८ को मौद्रिक नीति मार्फत् कृषि विकास बैंकलाई कृषि ऋणको लागि अगुवा बैंक तोक्नुका साथै वाणिज्य बैंक र विकास बैंकहरूलाई कृषि ऋणपत्र जारी गर्ने व्यवस्था गरेको छ। साथै, कृषि विकास बैंकले कृषकहरूलाई कृषि कर्जा कार्ड उपलब्ध गराउने व्यवस्था गरेबाट अपेक्षित रूपमा कर्जा प्रवाह बढ्न सक्ने अवस्था सिर्जना भएको छ।

---

[1] नेपालमा अन्नबालीको उत्पादन बढाउन आवश्यक मार्ग- निर्देशिका २०७५, USAID, Bill&Melinda, CIMMYT, IFPRI र IRRI

६८. कृषि व्यवसायमा सहुलियतपूर्ण कर्जा वितरणमा सहजीकरणका लागि प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले कृषि कर्जा कार्यविधि जारी गर्नुको साथै प्रत्येक जिल्लाको जिल्ला स्थित कृषि वा पशुपन्छी विकास कार्यालयमा एक जिल्लाका लागि एक जना कृषि कर्जा सहजकर्ताको व्यवस्था गरी कृषि कर्जाको ब्याजदरमा अनुदान दिने व्यवस्था गरेको छ। तथापि, आ.व. २०७८/७९ मा ब्याज सुविधा सहितको कृषि ऋण प्राप्त गर्ने आयोजनाको सङ्ख्या जम्मा ११० मात्र भएबाट सहुलियतपूर्ण कृषि कर्जाबाट लाभान्वित कृषकहरूको सङ्ख्या अत्यन्तै न्यून छ भन्ने कुरा प्रष्ट हुन आउँछ।

६९. संस्थागत रूपमा बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय सहकारी, कृषि सहकारी संस्थाहरूले समेत कृषकहरूलाई कृषि कर्जा प्रदान गर्दै आएका छन्। प्रदेशमा कृषि सहकारीको बाहुल्यताले कृषि कर्जामा कृषकहरूको पहुँच वृद्धि त भएको छ, तर सहकारीहरूले चर्को ब्याजदरमा ऋण लगानी गर्ने हुँदा कृषकहरू मारमा परेका छन्।

## २.४ खाद्य तथा पोषण सुरक्षा

७०. खाद्यान्न उत्पादनमा यो प्रदेश आत्मनिर्भर भए तापनि नेपालमा वर्षेनी कृषिजन्य वस्तुको आयात वृद्धि भइ रहेको छ। स्थानीय रूपमा उत्पादन हुन सक्ने धान/चामल, मकै, गहुँ, सुकेको केराउ, माछा, तरकारी, दलहन, आलु, नट्स तथा फलफूल, दुग्ध पदार्थ तथा पशुजन्य वस्तु, जीवित जन्तु, आदिको आयात वार्षिक २ खरब भन्दा बढि हुने गरेको छ (राष्ट्रिय योजना आयोग, २०७७)। नेपालगञ्ज स्थित भन्सार कार्यालय अनुसार २०७७/७८ को श्रावणदेखि चैत्रसम्म रु ६ अरब ७३ करोड ८३ लाख ७६ हजार मूल्य बराबरको १,३०,०५५ मे. टन, धान/चामल आयात भएकोमा २०७८/७९ को सोही अवधिमा रू. ७ अरब ९३ करोड ६७ हजार बराबरको १,४०,२९० मे.टन धान/चामल आयात भएको थियो (नेपालगञ्ज भन्सार कार्यालय प्रतिवेदन, २०७९)।यो आयात यस प्रदेशका लागि मात्र नभइ देशका विभिन्न भागमा पुग्छ। ठूलो परिमाणमा धान चामल आयात हुनुमा देहायका प्रमुख तीन कारण रहेका छन् :

(क) नेपाली उपभोक्ताहरू मसिनो चामल उपभोग गर्न रुचाउने तर मसिनो धान कम क्षेत्रफलमा लगाइने र त्यसको उत्पादकत्व समेत न्यून हुनाले आयात बढेको।

(ख) भारतको तुलनामा नेपालमा कृषकहरूलाई अनुदानको दर र परिमाण दुबै न्यून रहनुका साथै कृषि क्षेत्रको व्यावसायीकरण, प्रतिस्पर्धात्मक क्षमता, र आधुनिकीकरणमा पनि कमजोर अवस्थामा रहेका कारणबाट उत्पादन पनि कमी हुन पुगेको छ।

(ग) नेपाली मिलहरूले भारतीय व्यापारीहरूसँग मूल्य प्रतिस्पर्धा गर्न नसक्ने।

खाद्य वस्तुको बढ्दो आयातले राष्ट्रलाई नै चिन्तित तुल्याइ रहेको अवस्थामा आ.व. २०७७/७८ को तुलनामा २०७८/७९ र २०७९/८० मा धान/चामल र मकैको आयातमा आएको गिरावटले केही राहत दिएको छ। विगत दुई वर्षमा राष्ट्रिय स्तरमा धान/चामलको आयात क्रमश: १५ र ३० प्रतिशत तथा मकैको आयात क्रमश: ३ र १९ प्रतिशतले घटेको छ। यी दुई खाद्यान्न संगै अन्य खाद्य वस्तुहरूको आयात समेत यो अवधिमा घटेको पाइएको छ।

७१. क्यालोरी बाहेक प्रोटिन लगायतका अन्य पोषक तत्त्वको उपभोगमा यो प्रदेशको स्थिति खासै राम्रो देखिंदैन। अनुसूची ७ मा उल्लेख भए अनुसार भारतीय स्वास्थ्य विज्ञान अनुसन्धान प्रतिष्ठानले प्रति व्यक्ति प्रति दिन र प्रति वर्ष शिशु, बालबालिका, युवा, तथा वयस्क महिला र पुरुषलाई सिफारिस गरेका खाद्य

वस्तुहरू मध्ये यस प्रदेशमा दुध, मासु, अन्डा, र माछाको उपलब्धता तालिका ६ मा प्रस्तुत गरिएको छ। साथै, कृषि विकास रणनीतिले उल्लेख गरेझैं प्रदेशको खाद्य तथा पोषण सुरक्षाको हिसाबले कुन हदसम्म अन्न र कुन हदसम्म पोषण सुरक्षामा अन्नभन्दा पनि पशु तथा बागवानीजन्य उत्पादन सहितको विविधिकृत कृषि उत्पादन प्रणालीमा जोड दिने भन्ने स्पष्ट हुनु जरुरी छ। यसो हुन नसक्दा यस प्रदेशका बालबालिका र गर्भिणी महिलाहरू मुख्य पोषक तत्त्वको न्यून उपभोग गर्ने गरेका कारण रक्त अल्पताको समस्याबाट ग्रसित रहेका छन् (प्रदेश योजना आयोग, सन् २०१९)।

**तालिका ६. लुम्बिनी प्रदेशमा पशुजन्य पदार्थको प्रतिव्यक्ति प्रति वर्ष उपलब्धता**

| पशुजन्य पदार्थ | आवश्यकता | २०७८/७९ उपलब्धता | २०७९/८० उपलब्धता | पुग/ (नपुग) | प्रतिशत |
|---|---|---|---|---|---|
| दुध (ली.) | ९१ | ८३ | ११० | १९ | २०.८ |
| मासु (केजी) | १४ | १५.२ | २२ | ८ | ५७.१ |
| अन्डा (गोटा) | ४८ | ४४ | ४४ | (४) | (८.३३) |
| माछा (केजी) | ५ | ३.६७ | ३.६७ | (१.३३) | (२६.७) |

स्रोतः कृषि तथा भूमि व्यवस्था मन्त्रालय, २०७९

## २.५ कृषि व्यावसायीकरण तथा बजारीकरण

७२. लुम्बिनी प्रदेशको करिब ५४ प्रतिशत भू-भाग तराई तथा भित्री मधेशमा पर्ने र यसको दक्षिणी सीमा भारतको उत्तर प्रदेशसँग जोडिएको तथा विगतमा सम्पन्न परियोजनाहरूले विकास गरेका सुविधा तथा संरचनाहरू एवम् अन्य प्राविधिक, भौगोलिक, आर्थिक र सामाजिक कारणहरूले गर्दा कृषि व्यावसायीकरणको क्षेत्रमा यो प्रदेश नेपालकै अग्रणी प्रदेशमा पर्छ।

७३. प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) ले कृषिलाई व्यावसायिक प्रणालीमा रूपान्तरण गर्दै बाली वस्तुको मूल्य श्रृंखलामा आधारित कृषि उद्योगहरू विकास गर्ने लक्ष्य राखेको छ।

७४. कृषि व्यावसायीकरण प्रवर्द्धनका लागि नेपाल सरकार तथा प्रदेश सरकारले सञ्चालन गरेका विभिन्न परियोजना/कार्यक्रम मध्ये बजारमुखी धान प्रवर्द्धन कार्यक्रम; प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका विभिन्न बाली वस्तुका जोन तथा सुपर जोन; उत्पादनमा आधारित अनुदान कार्यक्रम; कृषि तथा पशुपन्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम; लसुन, प्याज, आलु, मकै, कागती/सुन्तला, भेडा, बाखा, बंगुर अभियानमुखी कार्यक्रम; स्मार्ट कृषि गाउँ कार्यक्रम र सुलभ कर्जा सहजीकरण तथा ब्याज अनुदान कार्यक्रम प्रमुख हुन्। त्यसै गरी, विभिन्न जिल्लामा बाली वस्तुका ब्लक तथा पकेट कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

७५. नेपाल व्यापार एकीकृत रणनीति (Nepal Trade Integration Strategy, 2022) ले प्राथमिकतामा राखेका निर्यातजन्य बाली/वस्तुहरू मध्येको अदुवा बाली यस प्रदेशमा आ.व. २०७८/७९ मा ३९८२ हे. मा खेती भएको थियो।

७६. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्क अनुसार नेपालमा हाल ४७ जिल्लामा कफी खेती हुने गरेको छ, त्यसमा यो प्रदेशको हिस्सा करिब १७.५ प्रतिशत रहेको छ। कृषिजन्य उद्योग विस्तार र व्यावसायीकरणलाई टेवा पुग्ने गरी नेपाल सरकारले उच्च मूल्य वस्तु उत्पादनका लागि यो प्रदेशमा कफी

पकेट क्षेत्र विकास गरी निर्यातमा जोड दिने लक्ष्य राखेको छ[2]। यस प्रदेशका ५ पहाडी र १ उच्च पहाडी जिल्ला मध्ये पाल्पा, गुल्मी, अर्घाखाँची जिल्लामा अत्याधिक र बाँकी तीन जिल्ला (रुकुम पूर्व, रोल्पा र प्यूठान)मा कफी खेती शुरुवाती अवस्थामा छ। क्षेत्रफलको हिसाबले सबभन्दा बढी अर्घाखाँचीमा करिब १०७ हे. र त्यसपछि गुल्मी र पाल्पाको स्थान आउँछ।

७७. तरकारी बाली लुम्बिनी प्रदेशको कृषि प्रणालीको अभिन्न अंग हो र पछिल्ला वर्षहरूमा यस बालीको उत्पादन तीव्र हिसाबले वृद्धि भइरहेको छ। धेरै किसानहरू राम्रो प्रतिफलको खोजीमा परम्परागत अन्न बालीबाट तरकारी खेतीतर्फ आकर्षित हुँदै गएको देखिन्छ। आ.व. २०७७/७८ मा यो प्रदेशमा कुल ५४५ हजार मे. टन तरकारी उत्पादन भएको थियो। साथै प्रदेशमा सञ्चालित स्मार्ट कृषि गाउँ तथा अन्य कार्यक्रमले तरकारी बालीको विस्तारमा सहयोग पुगेको छ।

७८. यस प्रदेशमा २०७७/७८ मा विभिन्न फलफूलहरू गरी कुल १०९ हजार मे. टन उत्पादन भएको थियो। लुम्बिनी प्रदेशका सबै पहाडी जिल्ला र दाङ तथा नवलपरासी जिल्लाका केही भागमा परम्परादेखि नै सुन्तला खेती हुने गरेको छ। लुम्बिनी प्रदेशको नवलपरासी तथा कपिलवस्तु जिल्ला व्यावसायिक केरा खेतीका लागि अग्रणी मानिन्छन्।

७९. लुम्बिनी प्रदेशमा २०७८/७९ मा ३,०२६ हेक्टर (पोखरी सङ्ख्या १२,१५०) मा माछापालन भइ १६,०७९ मे.टन माछा उत्पादन भएको थियो। यो हिस्सा नेपालको जम्मा उत्पादनको २१.६ प्रतिशत हो। नेपालमा माछा उत्पादनमा लुम्बिनी प्रदेशको स्थिति मधेश प्रदेशपछि दोस्रो नम्बरमा देखिन्छ। लुम्बिनी प्रदेशको १२ जिल्लाहरू मध्ये ६ वटा तराईका जिल्लाहरू र त्यसमध्ये पनि रूपन्देही, कपिलवस्तु, बाँके र बर्दिया माछा उत्पादनमा अग्रणी छन्। प्रदेशको १० वर्षको माछा व्यवसायको वार्षिक वृद्धिदर अध्ययन गर्दा पोखरी सङ्ख्या ५.४८ प्रतिशत, जलाशय क्षेत्रफल ५.१६ प्रतिशत, उत्पादन ८.४६ प्रतिशत र उत्पादकत्व ३.१३ प्रतिशतले वृद्धि भइ माछापालन तर्फ कृषकहरूको आकर्षण निरन्तर वृद्धि भइरहेको देखिन्छ।

८०. आर्थिक वर्ष २०७९/८० मा लुम्बिनी प्रदेशमा गाई र भैंसीको गरी जम्मा ५,५७,२०० मे. टन दुध उत्पादन भएको थियो। यो परिमाण नेपालको जम्मा उत्पादनको करिब २०.३ प्रतिशत हुन आउँछ। दुध उत्पादनको दृष्टिकोणले ७ प्रदेशहरू मध्ये कोशी पछि लुम्बिनी प्रदेश दोस्रो स्थानमा छ।

८१. प्रदेशको १० वर्षको दुध उत्पादनको वार्षिक वृद्धिदर अध्ययन गर्दा दुधालु गाईको सङ्ख्यामा २ प्रतिशत, भैंसीको सङ्ख्यामा ४.६१ प्रतिशत र गाई तथा भैंसीको दुधमा क्रमशः ८.९१ र ४.९५ प्रतिशतले वृद्धि भएको छ।

८२. पशुपन्छी तथा मत्स्य निर्देशनालय, बुटवलको २०७६/७७ को वार्षिक प्रतिवेदन अनुसार प्रदेशमा ३८१ व्यावसायिक गाई फार्म, ३३२ भैंसी फार्महरू सञ्चालनमा रहेका थिए। ती फार्महरूले क्रमशः ८,११३ र १७,४६० व्यक्तिहरूलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी उपलब्ध गराएका छन्।

---

[2] रूपान्तरणको मार्गचित्र, २०७५ (कृषि, पशुपन्छी, भूमि व्यवस्था र सहकारी क्षेत्र, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, वैशाख २०७५

८३. आ.व. २०७९/८० मा लुम्बिनी प्रदेशमा कुल १०९,८०० मे. टन मासु उत्पादन भएको थियो। जस मध्ये खसी बोकाको मासु २९,५५० मे. टन (कुल मासु उत्पादनको २६.९ प्रतिशत) थियो।

८४. यो प्रदेशमा ३२२ व्यवस्थित तरकारी तथा फलफूल बजार र ६ वटा पशु हाटबजारहरू स्थापना भएका छन्। यी बजारहरू मध्ये रूपन्देही जिल्लाको बुटवलस्थित तरकारी तथा फलफूल थोक बजार नेपालको ठुला बजारहरू मध्ये एक हो। प्रदेशमा हाल सञ्चालित कृषि उपज बजारहरूको सूची तालिका ७ मा प्रस्तुत गरिएको छ।

**तालिका ७. जिल्लागत कृषि बजार**

| क.स. | जिल्ला | कृषि बजार (फलफूल- तरकारी केन्द्रित) | | | | | | पशु बजार |
|---|---|---|---|---|---|---|---|---|
| | | संकलन केन्द्र | हाट बजार | थोक बजार | खुद्रा बजार | सहकारी बजार | जम्मा | |
| १ | अर्घाखाँची | ४ | १ | ० | ० | | ५ | १ |
| २ | बाँके | ६ | १२ | २ | २ | १ | २३ | |
| ३ | बर्दिया | ११ | २२ | ० | ० | १ | ३४ | १ |
| ४ | दाङ | १२ | ३ | २ | ३ | १ | २१ | |
| ५ | गुल्मी | ६ | २ | ० | ० | ३ | ११ | |
| ६ | कपिलवस्तु | १० | २६ | ० | ० | | ३६ | १ |
| ७ | नवलपरासी | ४ | ३० | ० | १ | १ | ३६ | |
| ८ | पाल्पा | २९ | ४ | १ | ० | | ३४ | १ |
| ९ | प्यूठान | १३ | १ | ० | ० | १ | १५ | |
| १० | रोल्पा | १४ | ० | ० | ० | १ | १५ | |
| ११ | रुकुम | ५ | १ | ० | ० | १ | ७ | |
| १२ | रूपन्देही | ११ | ५७ | १ | १६ | | ८५ | २ |
| जम्मा | | ८८ | १२८ | ६ | १७ | १० | ३२२ | ६ |

स्रोतः कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, हरिहरभवन, २०७२/७३
कृषि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, २०७९/८०

## २.६ संस्थागत विकास तथा सुशासन

८५. नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७; तथा संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ जारी गरिसकेको छ। यो मापदण्ड पछि धेरै हदसम्म संघ, प्रदेश तथा स्थानीय तहको कार्य र जिम्मेवारी स्पष्ट भइ दोहोरोपना कम हुँदै गए तापनि कतै कतै अझै दोहोरोपना देखिन्छ। यो मापदण्डले प्रदेश सरकारको मुख्य जिम्मेवारी निम्न तोकेको छ।

(क) उत्पादन केन्द्रित कृषि तथा पशुपन्छी फार्म/केन्द्र।

(ख) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू।

(ग) कृषि क्षेत्रको व्यावसायीकरण र बजारीकरण सम्बन्धी कार्यक्रम।

(घ) बीउ आपूर्ति नियमन।

८६. उपर्युक्त मापदण्डको अतिरिक्त संविधानले नै संघ, प्रदेश तथा स्थानीय सरकारको एकल तथा साझा अधिकारहरू प्रष्ट गरी संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ समेत जारी गरी सकेकोले यो रणनीतिले तीन तहको सरकारबीचको समन्वय र अन्तरसम्बन्ध सुदृढीकरण गर्दै एकल अधिकारभित्र पर्ने कार्य जिम्मेवारीलाई प्रभावकारी तथा कुशलताका साथ वहन गर्न जोड दिएको छ।

८७. संघ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारीमा पनि पर्ने र संघको जिम्मेवारीमा तोकिएको कृषि अनुसन्धान कार्यक्रम, उत्पादन र उत्पादकत्व अभिवृद्धि, कृषि व्यावसायीकरण जस्ता कार्यक्रम तीनै तहबाट कार्यान्वयन गर्नुपर्ने भएकाले तीनै तहबीच नियमित समन्वय, अन्तरक्रिया र संवाद गरी एक अर्काको परिपूरकको रूपमा काम गर्नु आवश्यकता छ।

८८. कृषि तथा भूमि व्यवस्था मन्त्रालयको स्वीकृत दरवन्दी मध्ये ३२.४४ प्रतिशत पद रिक्त भएको अवस्थामा सेवाग्राहीहरूलाई सार्वजनिक सेवा गुणस्तरीय, चुस्त दुरुस्त र समयमा उपलब्ध गराउन कठिन हुनुका साथै स्वीकृत वार्षिक बजेट समेत समयमै खर्च गर्न कठिन भएको देखिन्छ। परिणाम स्वरूप आर्थिक वर्ष २०७९/८० मा कृषि तथा भूमि ब्यवस्था मन्त्रालय र मातहतका कार्यालयहरूको बजेट ५९.०९ प्रतिशत मात्र खर्च भएको छ।

८९. तीनै तहबाट वितरण गरिने अनुदान कसले, कहाँ, के कति, के प्रतिफल हासिल गर्नका लागि प्राप्त गऱ्यो र वास्तविक रूपमा अपेक्षित प्रतिफल हासिल भयो/भएन भन्ने कुरा सही समयमै अनुगमन हुन नसक्दा अनुदान वितरणमा दोहोरोपना हुने र वास्तविक किसानले उचित समयमा सही परिमाण र सही कार्यमा समेत अनुदान पाउन नसकी अनुदान व्यवस्थापन र वितरणमा एकरूपता कायम तथा न्याय हुन सकेको छैन।

९०. स्थानीय तहमा कार्यरत कर्मचारीहरूको न्यून क्षमताका कारण त्यहाँबाट हुने सेवा प्रवाहलाई अपेक्षा अनुसार चुस्त, दुरुस्त तथा विश्वसनीय तुल्याउन नसकी प्राविधिक सेवा प्रवाह प्रभावकारी हुन सकेको देखिंदैन।

## २.७ कृषि विकासको अवसर

९१. **सिंचाइ सुविधाः** कुल खेती योग्य भूमिको ५१ प्रतिशत सिंचित क्षेत्र भएको लुम्बिनी प्रदेश कृषि उत्पादकत्व वृद्धि गर्न, कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन र कृषि क्षेत्रको व्यावसायीकरण गर्नका लागि निकै उपयुक्त मानिन्छ। नेपाल सरकारले देशको आर्थिक विकासमा योगदान पुऱ्याउन आर्थिक वर्ष २०६८/६९ देखि कार्यान्वयनको र उच्च प्राथमिकतामा राखेका रणनीतिक महत्वका २२ वटा राष्ट्रिय गौरवका आयोजनाहरू मध्ये यस प्रदेशमा रहेका ३ वटा सिंचाइसँग सम्बन्धित आयोजना (बर्दिया जिल्लाको ३६,००० हेक्टरमा सिंचाइ सेवा उपलब्ध गराउने बबई सिंचाइ आयोजना, बाँके जिल्लाको ४२,७६६ हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउने सिक्टा सिंचाइ आयोजना र बर्दियाको ६०,००० हेक्टर सिंचाइ सुविधा उपलब्ध गराउने भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना) निर्माणका चरणमा रहेकाले कृषि विकास रणनीति कार्यान्वयनमा कोशेढुंगा सावित हुने विश्वास लिइएको छ। साथै, दाङ जिल्लाको देउखुरी उपत्यकाको ५,८०० हेक्टरमा सिंचाइ सुविधा विस्तार गर्ने प्रगन्ना तथा बड्कापथ सिंचाइ

आयोजना पनि सम्पन्न हुने चरणमा छन्। यी ठूला सिंचाइ आयोजनाहरू आगामी ३/४ वर्ष भित्रै सम्पन्न भइ थप १,५०,००० हे. भन्दा बढी क्षेत्रफलमा सिंचाइ सुविधा विस्तार हुनेछ।

९२. **भौगोलिक विविधताः** तराईको समथर भू-भागदेखि भित्री मधेश एवम् पहाडी र हिमाली भूगोल समेटेर बनेको यो प्रदेश भौगोलिक आकार, प्राकृतिक स्रोत, जैविक विविधता तथा बहुमूल्य जडिबुटीमा धनी रहेको छ। यो भौगोलिक विविधताबाट यस प्रदेशलाई ठूलो अवसर प्राप्त भएको छ। तर, यसमा प्रदेशको सरकारी, सार्वजनिक, सहकारी, तथा निजी क्षेत्रको संयुक्त प्रयास तथा विकास साझेदारहरूको उपयुक्त योगदान तथा एकीकृत सहभागिता हुन जरुरी छ।

९३. **कृषि पर्यटनः** भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी र विभिन्न धार्मिक तथा साँस्कृतिक स्थलहरू यसै प्रदेशमा हुनु र देशको राष्ट्रिय गौरवका आयोजनाहरू मध्ये मुलुककै दोस्रो अन्तर्राष्ट्रिय गौतमबुद्ध विमानस्थल सञ्चालनबाट यो प्रदेशलाई कृषि पर्यटन, व्यावसायीकरण, औद्योगिकीकरण तथा बजारीकरणमा निकै सहयोग पुग्ने देखिन्छ।

९४. **आधुनिक कृषि सूचना प्रणाली तथा प्रविधिः** आधुनिक कृषि सूचना प्रणाली तथा प्रविधिहरूको द्रुत विकास र उपयोगले पनि कृषि विकासलाई ठूलो योगदान पुगेको छ। मोबाइल फोनको व्यापक उपयोग, फेसबुक, मेसेन्जर, भाइबर जस्ता सामाजिक सञ्जालको विकास तथा आम जनसमुदायको यी सामाजिक सञ्जाल प्रति बढ्दो रुचि, पहुँचमा वृद्धि, उपयोग तथा मोबाइल एप्लिकेसनको बढ्दो उपयोगले कृषि विकास र व्यावसायीकरणलाई अगाडि बढाउन तथा आफ्नो व्यवसाय विस्तार र बजारीकरण गर्न अवसर प्राप्त भएको छ। वि.सं. २०७७ मा नेपाल कृषि अनुसन्धान परिषद् र USAID Feed the Future अन्तर्गतको NSAF ले संयुक्त रूपमा तयार गरेको डिजिटल माटो नक्साले प्रदेशका सबै जिल्लाहरू र गाउँ/नगरपालिका तथा वडाहरूको माटोको गुणस्तर तथा उर्वराशक्ति थाहा पाउन सकिने स्थिति सिर्जना भएको छ।

९५. **नेपाल भारत बीच खुला सिमानाः** लुम्बिनी प्रदेशको दक्षिणी भूभाग र भारतको उत्तर प्रदेश राज्य बीच खुला सिमा रहेको सन्दर्भमा यो प्रदेशलाई मसिनो धान, औद्योगिक मकै, गहुँ तथा तरकारी जस्ता कृषि बाली/वस्तुको उत्पादन वृद्धि गरी प्रतिस्पर्धी बनाउन सकेमा खुला सिमाको फाईदा लिई हुँदै आएको ती वस्तुहरूको अनधिकृत आयात न्यूनीकरण हुनेछ। त्यसै गरी, नेपालमा उत्पादित तरकारी तथा फलफूल निर्यात हुने वातावरण सृजना हुँदै जानेछ। त्यसैले, खुला सिमाका चुनौतीहरूलाई समानान्तर सम्बोधन गर्दै अवसरको रूपमा बदल्न यो रणनीतिको जोड रहनेछ।

९६. **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाः** कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाका रूपमा कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि र व्यावसायीकरणलाई सहजीकरण गर्ने गरी आ.व. २०७३/७४ देखि १० वर्षको लागि कार्यान्वयनमा ल्याइएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना यो प्रदेशको १२ वटै जिल्लामा कार्यान्वयनमा रहेको र यसबाट केही प्रमुख बाली/वस्तुको व्यावसायीकरण तथा बजारीकरणमा सहयोग पुग्न गएको छ।

९७. **सहकारी तथा निजी क्षेत्रको सेवा विस्तार :** सहकारीहरूको सही परिचालनबाट यस प्रदेशको कृषिले गति लिन सक्ने देखिन्छ। यस प्रदेशमा प्रति स्थानीय तह करिब ४० वटा सहकारी संस्था सञ्चालनमा

छन् भने ती मध्ये अधिकांश बचत तथा ऋण, कृषि र दुग्ध सहकारीहरू हुन्। यसबाट कृषक एवम् लघु तथा साना उद्यमीहरूले स्थलगत कृषि उपज तथा बचत सेवा, सुपथ मूल्यमा उत्पादन सामग्री तथा बजारीकरण सेवा समेत पाएका छन्। नेपाल सरकारले दशौं योजना (२०५९/६०-२०६३/६४) देखि नै सहकारी क्षेत्रका साथै निजी क्षेत्रलाई सम्पूर्ण आर्थिक क्रियाकलापको मेरूदण्डको रूपमा विकास गर्ने र सरकारी भूमिकालाई नीति निर्माण, अनुगमन र निजी क्षेत्रलाई काम गर्न सहज वातावरण बनाउनमा केन्द्रित गर्ने दीर्घकालीन अवधारणा राखेको छ। नेपाल सरकारका विकास साझेदारहरू पनि कृषि विकासमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि प्रति सकारात्मक देखिएकाले यस प्रदेशमा निजी क्षेत्र उत्तरदायी रूपमा प्रस्तुत भएको छ। नेपालको Economic Census Atlas - Nepal अनुसार यस प्रदेशमा १,४७,७८९ वटा निजी फर्म तथा संस्थाहरू कार्यरत छन् जस मध्ये ५२.४ प्रतिशत औपचारिक रूपमा सम्बन्धित निकायमा दर्ता छन् (केन्द्रिय तथ्याङ्क विभाग, सन् २०२१)।

९८. **कृषि बजार सुविधा :** लुम्बिनी प्रदेशमा नेपाल सरकारले रूपन्देही जिल्लाको बुटवल नगरपालिका क्षेत्रभित्र अन्तर्राष्ट्रिय स्तरको कृषि बजार निर्माण गर्ने कार्यको पहल तथा सम्भाव्यता अध्ययन सम्पन्न गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्दै रहेको हुनाले भविष्यमा कृषिको बजारीकरण तथा व्यावसायीकरणमा ठूलो अवसर प्राप्त हुने देखिन्छ। विगतदेखि सञ्चालनमा आएका बुटवल, नेपालगञ्ज लगायतका ठुला र मझौला कृषि बजारहरूको क्षमता अभिवृद्धि गरेमा यस प्रदेशको कृषि उपज अन्य प्रदेश तथा भारतमा समेत निर्यात गर्न सहज हुनेछ।

## २.८ कृषि विकासका चुनौती

९९. **जग्गाको अव्यवस्थित खण्डीकरण र शहरीकरणः** यस प्रदेशमा हाल जग्गाको अव्यवस्थित प्लटिङ र जथाभावी भौतिक संरचनाको निर्माणले भू-उपयोगको स्थितिमा परिवर्तन भइ खेतीयोग्य जग्गाको स्वरूप र अवस्था नै क्रमिक रूपमा परिवर्तन भइरहेको छ। ठुला सिंचाइ नहरसंगै बन्ने बाटोले खेतीयोग्य जमिनलाई घडेरी बनाइ बिक्री वितरण गर्न सहयोग पुऱ्याएको छ। तराई र भित्री मधेशको वन क्षेत्र अतिक्रमण र चुरे क्षेत्रको अनुचित दोहनबाट तराई क्षेत्रको उर्वराशक्तिमा ह्रास आइ कृषि उत्पादन वृद्धिमा असर परेको छ।

१००. **भू-उपयोग नीति तथा कानून कार्यान्वय नहुनुः** वि.सं २०७२ मा भू-उपयोग नीति र २०७५ मा राष्ट्रिय भूमि नीति तथा त्यसपछि जारी भएका ऐन र नियमावलीको पूर्ण कार्यान्वयन हुन नसक्दा नेपालको संविधानले परिकल्पना गरे अनुसार भूमिको समुचित उपयोग र दिगो, व्यवहारिक तथा वैज्ञानिक भूमि व्यवस्थापन कार्यान्वयनमा चुनौतीहरू थपिंदै गएका छन्।

१०१. **खेतीयोग्य जग्गा बाँझोमा परिणत :** युवाहरूको कृषि व्यवसाय प्रति रुचि घट्दै जानु वा पलायन हुँदै जानु, वृद्ध/प्रौढका काँधमा खेतीपाती धान्नु पर्ने बाध्यता बढ्दै जानु, कृषि कार्यमा महिलाको कार्यबोझ उल्लेख्य रूपमा वृद्धि हुनु, कृषि वस्तुको उत्पादन लागत वृद्धि हुँदै जानु, मुख्य खेतीका वेला कृषि सामग्रीहरूको अभाव जस्ता कारणहरूले खेतीयोग्य जग्गा बाँझो राख्ने प्रवृति बढ्दै गइ रहेको छ। यसरी उर्वर जग्गा क्रमिक रूपमा बाँझोमा परिणत हुँदै जाँदा राष्ट्रिय तथा प्रदेशस्तरमा भू-परिषद् तथा स्थानीय निकायहरूमा भूमि बैंक स्थापना गर्न विगतका वर्षहरूदेखि प्रयास गरिएको भए तापनि सो कार्य अगाडि बढ्न सकेको छैन।

१०२. **पशुपन्छी तथा मत्स्य स्वास्थ व्यवस्थापन सम्बन्धी समस्याः** पशु स्वास्थ्य सेवा प्रदान गर्नका लागि व्यवस्था गरिएका संस्थाहरूले कृषकबाट माग भए अनुसार विशेषज्ञ पशु स्वास्थ्य सेवा प्रदान एवम् विस्तार गर्न सकिरहेका छैनन्। आर्थिक तथा जनस्वास्थ्यमा प्रभाव पार्ने पशुपन्छीका महामारी रोगहरू नियन्त्रणका लागि आवश्यक स्रोत, साधन र दक्ष जनशक्तिको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। पशुपन्छी तथा मत्स्य रोग निदानको लागि आवश्यक विभिन्न स्तरका आधारभूत तथा रिफरल प्रयोगशालाको व्यवस्था नहुँदा प्रयोगशाला नतिजामा आधारित रोग निदान तथा उपचार सेवा प्रभावकारी हुन सकेको छैन। प्रति जैविकी प्रतिरोध (एन्टिमाइक्रोबियल रेसिस्टेन्स्), जुनोटिक रोग लगायत जनस्वास्थ्यका चुनौती सामना गर्न जनस्वास्थ्य तथा पशु स्वास्थ्य क्षेत्रका निकायहरू बीच विभिन्न तहमा कार्यगत एकता सहितको सञ्जालको कार्यान्वयन चुनौतीपूर्ण रहेको छ।

१०३. **जंगली पशुपन्छी तथा सामुदायिक पशुको असरः** तराईमा बँदेल, नीलगाई, सुगा र पहाडमा बाँदर, दुम्सी तथा बँदेल जस्ता जंगली तथा सामुदायिक गाई/गोरू जनावरले बाली हानि नोक्सानी गर्ने समस्या दिनानुदिन वृद्धि हुँदै गई रहेको हुँदा कृषकहरू यस चुनौतीलाई सामना गर्न नसक्ने भइ खेतबारी नै बाँझो छोड्ने अवस्थामा पुगेका छन्।

१०४. **अनौपचारिक व्यापारः** भारत र नेपाल बीच खुला सीमाको प्रयोग गरी भारतबाट सस्तो मूल्यमा न्यून गुणस्तरका कृषि उत्पादनहरू (केरा, माछा, अण्डा, तरकारी, फलफूल, आदि) प्रदेशमा भित्रिंदा यहाँका कृषकहरूले त्यस्ता उत्पादनसँग मूल्यमा प्रतिस्पर्धा गर्न सकेका छैनन्। कृषकहरू आफ्नो उत्पादन लागत समेत उठाउन नसक्दा कृषि पेशाबाटै क्रमशः पलायन हुँदै गएको स्थिति छ। साथै, खुला सीमाबाट अवैधानिक रूपमा आयात हुने नक्कली बीउ, मल, विषादी तथा औजारहरूले उत्पादन वृद्धि र कृषि उपजको प्रतिस्पर्धात्मक क्षमतामा नकारात्क असर परेको छ।

१०५. **कृषि प्रविधि प्रसार सेवामा कृषकहरूको न्यून पहुँचः** दक्ष प्राविधिक कर्मचारीहरू उमेर हदका कारण अवकाश हुँदै जानु, नयाँ संरचना बमोजिम समयमा ऐन कानुन निर्माण हुन नसक्नाले नयाँ नियुक्ति तथा बढुवा समेत रोकिंदै जाँदा कृषि सेवा प्रवाहमा अवरोध सिर्जना भएको छ। कार्यरत कर्मचारीहरूलाई पनि तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू प्रभावकारी रूपमा दिन सकिएको छैन। संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गरिएको भए तापनि आवश्यकता अनुसारको जनशक्ति पु-याउन सकिएको छैन।

१०६. **जलवायु परिवर्तनको असरः** जलवायु परिवर्तनको असर न्यून गर्न कृषकहरूमा आवश्यक ज्ञान तथा अनुकूलन क्षमताको कमीले उत्पादन तथा उत्पादकत्व वृद्धिमा चुनौती थपिंदै गएको सबैले महसुस गरेका छन्। जलवायु परिवर्तनको कारणबाट परम्परागत पानीको स्रोत, कुवा, तथा मूलहरू सुक्दै जानु; सुक्खा खडेरीको अवस्था दोहोरिइ रहनु; बेमौसमी वर्षाले बाली बिग्रनु; पहिले कहिल्यै नदेखिएका रोग कीराहरूको प्रकोप बढ्दै जानु; बाढी पहिरोबाट खेतीयोग्य जमिन नास हुनु, खडा बाली समेत बग्ने अवस्था आइरहनु र सिंचाइका संरचनाहरू समेत भत्कनु जस्ता कारणहरूले गर्दा प्रदेशको कृषिमा चुनौतीहरू थपिंदै गएका छन्।

१०७. **कोभिड -१९ को प्रभावः** विगत तीन वर्षदेखि विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीको प्रभावबाट यस प्रदेशको कृषि क्षेत्र पनि प्रभावित भएको छ। यसको असरलाई न्यूनीकरण गर्दै कृषि

क्षेत्रलाई पुरानै अवस्थामा ल्याई बाह्य मुलुक तथा स्वदेशमा समेत रोजगारी गुमाएकालाई कृषि व्यवसाय तथा उद्यमबाट रोजगारी उपलब्ध गराउनु पर्ने चुनौती सिर्जना भएको छ।

१०८. **रुस-युक्रेन युद्धको प्रभावः** रुस-युक्रेन युद्धले विश्वको अर्थतन्त्र गम्भीर रूपमा प्रभावित भइरहको अवस्थामा लुम्बिनी प्रदेश समेत अछुतो रहन सक्ने अवस्था छैन। यसको असर मुख्य रूपले रासायनिक मल, ढुवानीमा प्रयोग हुने इन्धन र खाद्यान्नको मूल्यमा वृद्धि भइ समग्र आपूर्ति श्रृङ्खला नै प्रभावित हुन पुगेकाले थप चुनौती सिर्जना हुन गएको छ।

१०९. **न्यूनतम समर्थन मूल्य कार्यान्वयन नहुनुः** नेपाल सरकारले घोषणा गर्ने गरेको मुख्य खाद्यान्न बाली र उखु बालीको न्यूनतम समर्थन मूल्यमा कृषकका उपजहरू सहज रुपले खरिद नहुँदा कृषकहरू खेती प्रणाली प्रति आकर्षित हुन सकेका छैनन् भने त्यस्ता उपजहरूको भण्डारण तथा प्रशोधन क्षमता विकास गर्न जरूरी रहेको छ।

सचिव

# परिच्छेद ३
# कृषि क्षेत्रको बजेट तथा खर्चको स्थिति

## ३.१ सङ्घीय तह

११०. नेपाल सरकारले प्रदेश सरकारलाई कृषि विकासको लागि उपलब्ध गराउने विभिन्न अनुदानहरू मध्ये निम्न प्रकृतिका परियोजनाहरूलाई २० करोडदेखि बढीमा एक अरबसम्म लागत सहभागिताका आधारमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने व्यवस्था छ[3]।

(क) कृषि उपजको भण्डारण गृह तथा शीतगृह सम्बन्धी आयोजना/कार्यक्रम।
(ख) नवीनतम प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने सिंचाइ प्रणाली।
(ग) सौर्य, वायु, जैविक लगायतका वैकल्पिक ऊर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार निर्माण आयोजना/कार्यक्रम।
(घ) स्थानीय, ग्रामीण वा कृषि सडक।

१११. कृषि उत्पादन वृद्धि, कृषिको व्यावसायीकरण तथा आधुनिकीकरणको लागि हाल सङ्घीय सरकारबाट कार्यान्वयन हुँदै गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट छानिएका बाली/वस्तुमा निर्दिष्ट कार्यविधि अपनाई सङ्घीय सरकार आफैले सुपरजोन तथा जोन र सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेश सरकारले ब्लक र स्थानीय सरकारद्वारा पकेट उत्पादन कार्यक्रम सञ्चालन भइ रहेको छ।

११२. कृषि विभाग तथा पशु सेवा विभाग अन्तर्गतका विभिन्न केन्द्र तथा निकायहरूले पनि सङ्घीय सरकारबाट स्वीकृत कार्यविधि बमोजिम सङ्घीय सरकार आफैले र प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरी विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

## ३.२ प्रदेश तह

११३. प्रदेश सरकारले समग्र कृषि क्षेत्रको विकासका लागि कृषि तथा भूमि व्यवस्था मन्त्रालय र अन्य अन्तरसम्बन्धित मन्त्रालयहरू जस्तैः वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, तथा अन्य निकायहरू मार्फत कृषि विकास, कृषि वन, सिंचाइ, स्थानीय/कृषि सडक, ग्रामीण विद्युतीकरण जस्ता कार्यक्रमहरूमा खर्च गरी रहेको छ। कृषि तथा भूमि व्यवस्था मन्त्रालय र मातहतका निकायहरू मार्फत खर्च हुने गरी हरेक वर्ष रु २ अरबको हाराहारीमा बजेट विनियोजन हुँदै आएको छ। आ.व. २०७९/८० मा कृषि तथा भूमि व्यवस्था मन्त्रालय र मातहतका निकायहरूबाट सञ्चालित कार्यक्रमको लागि वार्षिक विनियोजन तथा यथार्थ खर्चको विवरण तालिका ८ मा प्रस्तुत गरिएको छ।

सचिव

---

[3] समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७ र समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७

**तालिका ८. प्रदेशको आ.व. २०७९/८० मा विनियोजित बजेट तथा खर्च विवरण (कार्यक्रम अनुसार) रु. हजारमा**

| क्र.सं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | ४१६७०७ | २५८४३२ | ६२.०२ |
| २ | स्मार्ट कृषि गाँउ कार्यक्रम | २११५०६ | १३८६१६ | ६५.५४ |
| ३ | मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | ३६२७८ | १९३८१ | ५३.४२ |
| ४ | भुमि तथा गुठी व्यवस्थापन कार्यक्रम | ३१८०० | २१०६३ | ६६.२४ |
| ५ | कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | ४४०७६९ | २२५६३१ | ५१.१९ |
| ६ | कृषि तथा पशुपन्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम | १७५३६५ | ९९६९४ | ५६.८५ |
| ७ | पशुपन्छी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | ५१९७८ | २९६८९ | ५७.१२ |
| ८ | कृषि क्षमता अभिवृद्धि तथा सीप विकास तालिम कार्यक्रम | २३२४८ | १८२२० | ७८.३७ |
| | **कार्यक्रम तर्फको जम्मा** | **१३८७६५१** | **८१०७२६** | **५८.४२** |
| | सशर्त कार्यक्रम तर्फ | २२२००० | ६४३७४ | २९.०० |
| | प्रशासनिक बजेट | ८६९८४९ | ५९००८८ | ६७.८४ |
| | **कुल जम्मा** | **२४७९५००** | **१४६५१८८** | **५९.०९** |

स्रोतः कृषि तथा भूमि व्यवस्था मन्त्रालय, २०८०

११४. प्रदेश सरकारको स्थापना भएको वर्ष आ.व. २०७४/७५ देखि आ.व. २०७९/८० सम्मको कृषि तथा भूमि व्यवस्था मन्त्रालय र मातहतका निकायहरूको स्वीकृत बजेट र खर्चको विवरण केलाउँदा कुल वार्षिक खर्च ६० प्रतिशत भन्दा माथि पुग्न सकेको पाइँदैन। यी ६ वर्षमा सबैभन्दा बढी आ.व. २०७९/८० मा ५९ प्रतिशत तथा सबैभन्दा कम आ.व. २०७४/७५ मा २७ प्रतिशत मात्र खर्च भएको देखिन्छ। यसरी खर्च हुन नसक्नुका पछाडि विभिन्न कारणहरू रहेको भए तापनि दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन नसक्नु सबैभन्दा प्रमुख कारण रहेको छ। तालिका ९ मा आ.व. २०७४/७५ देखि आ.व. २०७९/८० सम्म कृषि तथा भूमि व्यवस्था मन्त्रालय र मातहतका निकायहरूको वार्षिक विनियोजन तथा खर्चको विवरण प्रस्तुत गरिएको छ।

**तालिका ९. कृषि तथा भूमि व्यवस्था मन्त्रालय र मातहतका निकायहरूको वार्षिक विनियोजन र खर्चको स्थिति ( रकम रु. हजारमा)**

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|
| विनियोजन | ४८९९९ | ४०७५११५० | ४०४३३९० | ४००७२९० | ३४०३०८५ | २४७९५०० |
| खर्च | १३०६३ | २०४०९७० | १६९३८८० | २२३५४०० | १७६५३८५ | १४६५१८८ |

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|
| खर्च प्रतिशत | २६.६६ | ५०.०८ | ४१.८९ | ५५.७९ | ५१.८८ | ५९.०९ |

स्रोतः कृषि तथा भूमि व्यवस्था मन्त्रालय, २०८०

### ३.३ स्थानीय तह

११५. बजेट विनियोजनको स्थिति समीक्षा गर्दा सबै स्थानीय तहले कृषिभन्दा यातायात तथा पूर्वाधार क्षेत्रलाई प्राथमिकता दिने गरेको देखिन्छ। पूर्वाधार विकास कृषि विकासको पूर्व शर्त हो। धेरै स्थानीय तहले यातायात लगायत अन्य पूर्वाधारको अभावमा कृषि विकासको कार्य अगाडि बढाउन नसकेको तथा जनताले देखिने र महसुस गर्ने विकास पूर्वाधार नै हुने भएकाले यातायात लगायतका पूर्वाधारको विकास उनीहरूको प्राथमिकतामा पर्नु स्वाभाविक छ। तर, हालका वर्षहरूमा सबै स्थानीय तहले कृषि विकासमा लगानी क्रमशः वृद्धि गर्दै गएको देखिन्छ। कतिपय स्थानीय तहले अन्तर्राष्ट्रिय संस्था तथा राष्ट्रिय/स्थानीय स्तरका गैरसरकारी संस्थाहरूसँग लागत साझेदारीमा समेत सहकार्य गरिरहेका छन्।

११६. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तोकिएको बाली वस्तुमा यो परियोजनाबाट स्वीकृत बजेट भित्र रही सबै स्थानीय तहले पकेट कार्यक्रम सञ्चालन गरी रहेका छन्। त्यसै गरी, सङ्घीय सरकारबाट स्वीकृत सशर्त वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त बजेटबाट विभिन्न विशेष कृषि उत्पादन कार्यक्रम तथा कृषि/पशु बजार र अन्य पूर्वाधार विकासका कार्यक्रमहरू स्थानीय तहको सहभागितामा सञ्चालित छन्।

११७. नेपाल सरकार तथा प्रदेश सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त सशर्त अनुदानको रूपमा प्राप्त रकम, विशेष अनुदान, विभिन्न सरकारी र गैरसरकारी संस्थासँगको लागत साझेदारी र समपूरक तर्फको रकम जस्ताको तस्तै सम्बन्धित क्षेत्रमा नै खर्च गर्नुपर्ने व्यवस्था अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ ले गरेको छ। त्यस्तै, यो ऐनले स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारद्वारा प्राप्त वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँटको रकम र आन्तरिक आयबाट बाँकी हुन आउने रकमबाट बजेट विनियोजन गर्नुपर्ने व्यवस्था गरेकाले सबै स्थानीय तहले आ.व. २०७९/८० मा कुल विनियोजित बजेटको आकार, स्थानीय तहको आवश्यकता, माग, सम्भाव्यता र प्राथमिकता अनुसार कृषि क्षेत्रका लागि २ देखि १५ प्रतिशतसम्म बजेट विनियोजन गरेका छन्।

# कृषि क्षेत्र सम्बन्धी नीति तथा आवधिक योजनाको समीक्षा

११८. संविधानको अनुसूची-९ मा कृषि सम्बन्धी राष्ट्रिय नीति, मापदण्ड निर्धारण र नियमनलाई संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचीमा समावेश गरेको प्ररिप्रेक्ष्यमा संवैधानिक प्रावधानसँग प्रतिकूल नहुने गरी नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत नीति तथा ऐन कानूनको जगमा यो रणनीति तर्जुमा गरिएको छ।

## ४.१ नेपाल सरकार

११९. **कृषि विकास रणनीति (२०७२-२०९२)** : कृषि क्षेत्रमा कार्यरत विकास साझेदारहरूको सहभागितामा कृषि तथा सहकारी मन्त्रालयले तर्जुमा गरेको कृषि विकास रणनीति वर्तमान अवस्थामा विभिन्न कारणवश परिमार्जनको अवस्थामा रहे पनि यसको मूल भावना, उद्देश्य तथा रूपरेखा आगामी दुई दशकसम्म त्यतिकै सान्दर्भिक हुने देखिन्छ। नेपाल सरकारको पन्ध्रौं योजनामा कृषि क्षेत्रको सम्रग विकासका लागि कृषि विकास रणनीतिलाई मार्गदर्शनको रूपमा लिएकोले यसै रणनीतिसँग सामञ्जस्यता कायम गर्दै प्रादेशिक कृषि विकास रणनीति तर्जुमा गरिएको छ। यस रणनीतिले कृषि तथा पशुपन्छीजन्य उत्पादनको व्यावसायीकरण र विविधीकरण गर्दै यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ।

१२०. **पन्ध्रौं योजना (२०७६-२०८१)** : नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्वान्त र नीति लगायतका अन्य व्यवस्था, दिगो विकास लक्ष्य, र अन्तर्राष्ट्रिय परिदृश्य तथा सरकारको प्रतिवद्धतालाई ध्यानमा राखी पन्ध्रौं योजना तर्जुमा भएको छ। यस योजनाले कृषि उत्पादन र उत्पादकत्व वृद्धिद्वारा मुलुकको उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउन कृषि क्षेत्रको वैज्ञानिक ढंगले सुधार तथा रूपान्तरणमा जोड दिएको छ। यस योजनाका कृषि क्षेत्रसँग सम्बन्धित देहाय बमोजिम तीन मुख्य उद्देश्य छन्।

(१) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु।
(२) कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु।
(३) व्यावसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन कायम गर्नु।

१२१. यस योजनाका ६ वटा रणनीतिहरू मध्ये पहिलो रणनीतिले संघ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवालासँगको समन्वय र सहकार्यमा कृषि सम्बन्धी नीति, कानून तथा योजना निर्माण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नमा जोड दिएको छ। यस योजनाले कृषि विकासमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार र कार्यक्रम सहजीकरण गर्न विभिन्न कार्यनीति पनि निर्दिष्ट गरेको छ।

१२२. **राष्ट्रिय कृषि नीति २०६१**: नेपाल सरकारले दीर्घकालीन कृषि योजनाका मूलभूत पक्षलाई कायम राखी आर्थिक उदारीकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरूमा नेपालको प्रतिबद्धता, नेपालका लागि दिगो विकासको एजेण्डा एवं सहस्राब्दी विकासका लक्ष्यहरू समेतको पृष्ठभूमिमा यो नीति तर्जुमा गरेको हो। दीर्घकालीन कृषि योजना सीमित क्षेत्र (चार उत्पादन सामग्री, चार प्रतिफल र चार प्रभाव) मा

केन्द्रित रहेकाले पनि परिपूरकको रूपमा राष्ट्रिय कृषि नीतिको खाँचो महसुस गरी जारी गरिएको हो। खाद्य तथा पोषण सुरक्षा र कृषि व्यावसायीकरणलाई जोड दिइएको यो नीतिको उद्देश्य, रणनीति, कार्यक्रमहरू धेरै हदसम्म समसामयिक भए पनि वर्तमान सङ्घीय संरचना र परिवर्तित राजनीतिक, आर्थिक तथा सामाजिक व्यवस्था अनुसार मिलाउन यसको परिमार्जन अपरिहार्य भएकोले नेपाल सरकारले राष्ट्रिय कृषि नीतिको नयाँ मस्यौदा तयार गरी रहेको छ[4]। प्रस्तावित नीतिले नेपालको कृषिलाई आत्मनिर्भर, प्रतिस्पर्धी, दिगो र सम्मानित पेशाको रूपमा विकास गरी रोजगारी सृजना, खाद्य तथा पोषण सुरक्षा र जीवनस्तर सुधारको माध्यमबाट समतामूलक आर्थिक विकासमा योगदान गर्नेछ।

१२३. **कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३:** देहाय बमोजिमका उद्देश्यहरू रहेको कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ कार्यान्वयनमा रहेको छ :

(क) बजारमुखी र प्रतिस्पर्धात्मक कृषि उत्पादनमा सहयोग पुऱ्याउने।

(ख) कृषिजन्य उद्योगको विकास गरी आन्तरिक बजार तथा निर्यात प्रवर्द्धनमा योगदान गर्ने।

(ग) कृषिको व्यावसायीकरण गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने।

१२४. कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनमा सहजीकरण गर्न देशका एक चौथाइ भन्दा बढी स्थानीय तहले आ-आफ्ना कृषि व्यवसाय प्रवर्द्धन ऐन जारी गरी सकेका छन्। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले "कृषि व्यवसायमा निजी क्षेत्रको संलग्नता सम्बन्धी कार्यविधि २०७८" को मस्यौदा तयार गरी स्वीकृतिको प्रक्रियामा रहेको छ। यो कार्यविधिको समग्र उद्देश्य निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता र उत्पादकत्व अभिवृद्धि गरी तीव्र आर्थिक वृद्धि र मर्यादित रोजगारीका लागि कृषि व्यवसायमा लगानीमैत्री वातावरण सिर्जना गर्नु रहेको छ। यो कार्यविधिले कृषि व्यवसायका विभिन्न क्षेत्रहरू उन्नत तथा रैथाने बीउ बिजन उत्पादनदेखि मूल्य अभिवृद्धि र बजारीकरणसम्म तथा उन्नत र रैथाने पशु नश्ल छनोट तथा व्यवस्थापन र कृत्रिम गर्भाधान सेवादेखि पशुजन्य उत्पादन, मूल्य अभिवृद्धि, तथा बजारीकरणसम्म निजी क्षेत्रको संलग्नता सुनिश्चित गर्न विभिन्न प्रक्रिया तथा लगानी वातावरण सिर्जनामा जोड दिएको छ।

१२५. **सिंचाइ नीति, २०७० तथा राष्ट्रिय जलस्रोत नीति, २०७७ :** मुलुकको सम्पूर्ण कृषियोग्य भूमिमा कृषि उत्पादन वृद्धि गर्न योगदान पुग्ने गरी वर्षै भरी दिगो एवं भरपर्दो सिंचाइ सुविधा पुऱ्याउने दृष्टिकोण राखी तर्जुमा गरिएको सिंचाइ नीति, २०७० को प्रमुख उद्देश्य कृषिमा उत्पादकत्व वृद्धि गर्न जलस्रोतको अधिकतम उपयोग गरी सिंचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्नु रहेको छ। यसै सन्दर्भमा, नेपाल सरकारले २०७७ मा जारी गरेको राष्ट्रिय जलस्रोत नीतिको लक्ष्य नेपालको जलस्रोतको संरक्षण, सम्बर्द्धन, र बहुउपयोगी विकास एवम् दिगो उपयोगबाट आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि योगदान पुऱ्याउनु रहेको छ। यो नीतिले वर्षैभरि सिंचाइ सुविधा पुऱ्याउने जलस्रोतको संरक्षण र विकासमा निजी क्षेत्र तथा सम्बन्धित सरोकारवालाहरूको सहभागिता अभिवृद्धि तथा संघ, प्रदेश र स्थानीय तहको भूमिका र दायित्व प्रष्ट गरी समन्वयात्मक तवरले जलस्रोतको उपयोग तथा व्यवस्थापनलाई जोड दिएको छ। जलस्रोत तथा सिंचाइ विभागले हालै मात्र तर्जुमा गरी कार्यन्वयनमा ल्याएको एकीकृत बाली तथा जल व्यवस्थापन मार्गदर्शन, २०७७ ले कृषिको उत्पादकत्व वृद्धि तथा व्यावसायीकरण गर्न बाली तथा जल

[4] कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो नीतिलाई कृषि विकास रणनीतिसँग समेत तालमेल मिलाई परिवर्तित संवैधानिक व्यवस्था, आर्थिक तथा सामाजिक संरचना तथा व्यवस्था अनुरूप परिमार्जन गरी नेपाल सरकारबाट स्वीकृत हुने क्रममा रहेको छ।

व्यवस्थापनका आवश्यक संरचना निर्माण, जल उपभोक्ता संस्थाको क्षमता तथा संस्थागत विकास, एकीकृत बाली तथा जल व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनमा जोड दिएको छ।

१२६. **राष्ट्रिय वन नीति, २०७५ :** व्यवस्थित वन क्षेत्र र सन्तुलित पर्यावरण मार्फत नेपालको आर्थिक, सामाजिक, र सांस्कृतिक समृद्धिमा योगदान पुर्‍याउने दृष्टिकोण राखेको राष्ट्रिय वन नीति, २०७५ को लक्ष्य वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, वन्यजन्तु र वनस्पतिको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन एवं मूल्य अभिवृद्धि र तिनको न्यायोचित वितरण गर्नु रहेको छ। यस नीति अनुसार सरकारले निजी जग्गामा निजी वन, कृषि वन, तथा तिनमा आधारित हरित उद्योगहरूलाई प्रवर्द्धन र विस्तार गर्न नवीनतम प्रविधिहरू हस्तान्तरण गर्नेछ।

१२७. **कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन २०७१):** खाद्य तथा पोषण सुरक्षा, जीविकोपार्जन, गरिबी निवारण, पर्यावरणीय सन्तुलन र दिगो विकासको प्रमुख आधार कृषि जैविक विविधता भएकाले नेपाल सरकारले कृषि जैविक विविधता नीति तर्जुमा गरी कार्यान्वयन गरेको हो। यो नीतिको मुख्य उद्देश्य नेपालको संविधान, नेपाल जैविक विविधता रणनीति तथा राष्ट्रिय कृषि नीतिका साथै जैविक विविधता सम्बन्धी महासन्धि, खाद्य र कृषिका लागि वानस्पतिक तथा आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, पशु आनुवंशिक स्रोतका लागि विश्व कार्य योजना तथा इन्टरलेकन घोषणपत्र (Interlaken Declaration), २००७ जस्ता नेपाल पक्षधर भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूलाई दृष्टिगत गरी कृषि जैविक विविधता पहिचान, संरक्षण, संवर्द्धन, विकास र दिगो उपयोग गर्नु हो। यो नीतिले समुदायमा आधारित जैविक विविधता व्यवस्थापन पद्धतिलाई प्रवर्द्धन गर्न सामुदायिक जैविक विविधता अभिलेखीकरण, जैविक विविधता मेला, सामुदायिक बीउ बैंक, फिल्ड जिन बैक, सिमेन बैंक र जैविक विविधता व्यवस्थापन जस्ता कार्यक्रमहरू सञ्चालन र विस्तारमा जोड दिएको छ।

१२८. **राष्ट्रिय भूमि नीति, २०७५ :** राष्ट्रिय भूमि नीति २०७५ ले भूमि अधिकार तथा स्वामित्वको सुरक्षा, सबै नागरिकहरूका लागि सुरक्षित र व्यवस्थित आवासको व्यवस्था, कृषि भूमिमा किसानको सहज पहुँच, दिगो पूर्वाधार विकास, व्यवस्थित भूमि बजार, खाद्य अधिकारको सुनिश्चितता, वातावरण संरक्षण, जलवायु परिवर्तनको कारणबाट पर्ने असरको न्यूनीकरण, गरिबी न्यूनीकरण, लैंगिक समानता सहित भूमि सम्बन्धी महत्वपूर्ण चुनौतीहरू सम्बोधन गर्न तथा समस्या समाधान गर्न सहजीकरण गर्नेछ। वातावरणीय सन्तुलन, खाद्य सुरक्षा, व्यवस्थित पूर्वाधार विकास तथा सुरक्षित बसोबासका लागि भूमिको महत्तम उपयोग र व्यवस्थापन सुनिश्चित गर्नु यस नीतिको कृषिसँग सम्बन्धित उद्देश्य रहेको छ।

१२९. **भू-उपयोग नीति, २०७२ :** देशमा उपलब्ध भूमि तथा भूमि स्रोतलाई महत्तम उपयोग गर्नुका साथै दिगो, वातावरण मैत्री एवम् व्यवस्थित तुल्याउन नेपाल सरकारले भू-उपयोग नीति, २०७२ लागू गरेको छ। यो नीतिले भूमिको प्रयोग नगर्ने, न्यून उपयोग गर्ने र दुरुपयोग गर्ने कुरालाई निरुत्साहित गर्दै भू-उपयोग जोन निर्धारण गर्ने स्पष्ट आधारहरू समेत तय गरेको छ।

१३०. भू-उपयोग नीतिमा हाल वन क्षेत्र कायम रहेको जग्गा बाहेक सरकारी जग्गा उपयुक्तताका आधारमा कृषि र उद्योग व्यवसाय सञ्चालनका लागि लिजमा उपलब्ध गराउने र यो कार्यमा भूमिहीन तथा साना किसानहरूलाई कृषियोग्य जग्गा खरिद गर्न वा लिजमा खेती गर्न सहुलियत दरमा कर्जा उपलब्ध गराउने; व्यावसायिक प्रयोजनका लागि सरकारी जग्गा लिजमा उपलब्ध गराउँदा कृषि श्रमिक र कृषक

परिवारलाई प्राथमिकता दिने तथा भू-उपयोग योजना तर्जुमा गर्दा खण्डीकरणको नियन्त्रण, उत्पादकत्वमा वृद्धि, वातावरण सन्तुलन तथा संरक्षण, सामाजिक तथा आर्थिक समृद्धि, गरिबी निवारण, भूमि बैंक स्थापना, ऐतिहासिक तथा पर्यटकीय महत्त्वका क्षेत्रहरूको संरक्षणलाई प्राथमिकता दिएको छ। त्यसै गरी, यो नीतिले कृषियोग्य भूमिको संरक्षणमा विशेष जोड दिंदै कृषिको आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण, र औद्योगिकीकरण गरी उत्पादन वृद्धि गर्न चक्लाबन्दी र सहकारी खेतीलाई प्रोत्साहन गरेको छ।

१३१. **राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६:** जलवायु, जैविक विविधता र मानिसको अन्योन्याश्रित सम्बन्ध रहेको परिप्रेक्षमा नेपाल सरकारले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ जारी गरेको छ। यो नीतिको मूल उद्देश्य जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक आर्थिक समृद्धिमा योगदान पुऱ्याउनु हो। साथै, यस नीतिले कृषि क्षेत्रमा जलवायु परिवर्तनबाट पर्ने प्रभावसँग जुध्न र अनुकूलित भइ कृषि उत्पादकत्व बढाउन तथा कृषि क्षेत्रबाट उत्सर्जन हुने हरितगृह ग्यास सकेसम्म कम गर्ने जलवायु मैत्री खेती प्रणाली अवलम्बन गर्न जोड दिएको छ।

१३२. **वाणिज्य नीति, २०७२**: नेपाल सरकारको खुला एवं बजारोन्मुख नीतिसँग सामञ्जस्यता कायम गर्दै नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच तथा गरिबी घटाउने उद्देश्यलाई मार्गनिर्देशनको रूपमा लिई वाणिज्य नीति, २०७२ तर्जुमा भएको हो। वाणिज्य नीति, २०७२ को तर्जुमा नेपाल एकीकृत व्यापार रणनीति, २०७३; विकास सहायता नीति, २०७१; विदेशी लगानी नीति, २०७१; र कृषि विकास रणनीति, २०७२ सँग सामञ्जस्य कायम गर्दै निकासी प्रवर्द्धन गरी समावेशी र दिगो आर्थिक वृद्धि गर्ने लक्ष्यका साथ गरिएको हो। यो नीतिले, अन्य विषयहरूका अतिरिक्त, व्यापार सहजीकरण; उत्पादन विकास र मूल्य श्रृंखला; व्यापार सम्बन्धी बौद्धिक सम्पति अधिकारहरू; बजार पहुँच/अभिवृद्धि/विविधीकरण; विश्वव्यापी उत्पादन श्रृंखला तथा मूल्य श्रृंखलालाई जोड दिएको छ।

१३३. वाणिज्य नीतिले देहायका प्रावधानहरूलाई जोड दिएको छ।

(क) कृषि, वन पैदावर लगायतका अन्य वस्तुको व्यवस्थित खेती गर्न लिजमा जग्गा उपलब्ध गराउने।

(ख) आयातलाई व्यवस्थापन गर्न मानव, पशुपन्छी तथा वनस्पति स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पर्ने लगायतका वस्तुहरूको आन्तरिक क्वारेन्टाइन क्षमतालाई प्रभावकारी तुल्याउने।

(ग) देशका विभिन्न भागमा स्थापना भएका कृषि उद्योगहरूको संरक्षण, सम्वर्द्धन र विकासका लागि बहुपक्षीय व्यापार सम्झौता अनुकूल हुने गरी उपयुक्त उपायहरू अवलम्बन गर्ने।

१३४. **बाली/वस्तु विशेष नीतिहरू:** माथि उल्लिखित बहुपक्षीय तथा बहुआयामिक नीतिहरूका अतिरिक्त कृषि क्षेत्रको विकासका लागि नेपाल सरकारले कृषिका विभिन्न बाली तथा वस्तु विशेष नीतिहरू समेत जारी गरेको छ। तालिका १० मा केही प्रमुख नीतिहरूलाई कृषि बाली, पशुजन्य उत्पादन तथा कृषि र पशुजन्य दुबै क्षेत्रमा लागू हुने गरी तीन क्षेत्रमा छुट्याई प्रस्तुत गरिएको छ। यी सबै नीतिहरूले मुख्यतः मूल्य श्रृङ्खला अभिवृद्धिमा सार्वजनिक, सहकारी तथा निजी क्षेत्रको सक्रिय संलग्नता, लगानीमा साझेदारी, जलवायुमैत्री प्रविधि विकास र विस्तार, विकास र वातावरण बीच सन्तुलन कायम, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि सहितका बजारीकरण सुविधा विस्तार तथा पहुँच, कृषकहरूको स्तर तथा किसिम अनुसार मागमा आधारित सेवा प्रवाहमा वृद्धि जस्ता पक्षमा जोड दिएका छन्।

तालिका १०. कृषि क्षेत्रका प्रमुख बाली/वस्तु विशेष नीतिहरू

| बाली विशेष | पशुजन्य उत्पादन विशेष | बाली तथा पशुजन्य दुबै क्षेत्रमा लागू हुने |
|---|---|---|
| १. राष्ट्रिय मल नीति, २०५८ परिमार्जन २०६६, तथा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ | १. राष्ट्रिय पशुपन्छी प्रजनन नीति, २०७८ | १. राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६ |
| २. बीउ बिजनको दीर्घकालीन राष्ट्रिय सोच (२०७०-८२) | २. राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ | २. राष्ट्रिय कृषि-वन नीति २०७६ |
| ३. राष्ट्रिय बीउ विजन नीति, २०५६ | ३. राष्ट्रिय दुग्ध विकास नीति, २०७८ | ३. कृषि यन्त्रिकीकरण नीति, २०७३ |
| ४. पुष्प प्रवर्द्धन नीति, २०६९ | ४. खर्क नीति, २०६८ | ४. कृषि अनुसन्धानको दीर्घकालीन राष्ट्रिय सोच (२०६८ - २०७८) |
| ५. राष्ट्रिय कफी नीति, २०६० | ५. पन्छीपालन नीति, २०६८ | |

## ४.२ प्रादेशिक नीति

१३५. नीति निर्माणमा नेपाल सरकारको प्रमुख जिम्मेवारी र दायित्व रहने भएकाले प्रदेश सरकारले सङ्घीय नीति अनुरूप प्रादेशिक नीति, रणनीति तथा कार्यविधिहरू तर्जुमा गरेका छन्। यसै सन्दर्भमा प्रदेश सरकारले कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९; कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिवृद्धि कार्यविधि, २०७८; मसिना तथा वास्नादार धान प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८; कृषि कर्मी रोजगार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७८; शुलभ कर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६; लुम्बिनी प्रदेशको अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ बमोजिम उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम कार्यविधि, २०७६; स्मार्ट कृषि गाउँ सञ्चालन (पहिलो संसोधन) कार्यविधि, २०७८ लगायत ९० भन्दा बढी कृषिसँग सम्बन्धित नीति, ऐन, नियम तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

१३६. **लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१)**: लुम्बिनी प्रदेश सरकारले ल्याएको यो पहिलो आवधिक योजना हो। यस योजनाले उच्च आर्थिक वृद्धि सहित समृद्ध अर्थतन्त्र, रोजगारी सहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम राखी "समृद्ध प्रदेशका खुसी जनता" को दीर्घकालीन सोच राखेको छ। योजनामा कृषि विकास तर्फको दीर्घकालीन सोच "कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणबाट प्रदेशको समृद्धिमा योगदान" रहेको छ।

१३७. कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यावसायिक र सम्मानजनक पेशाको रूपमा रूपान्तरण गर्ने लक्ष्य रहेको यो आवधिक योजनामा कृषि क्षेत्रको लागि देहायका लक्ष्य निर्धारण गरिएका छन्।

(क) निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु।

(ख) बाली वस्तुको मूल्य श्रृंङ्खलामा आधारित कृषि उद्योगहरूको विकास गर्नु।

(ग) कृषि क्षेत्रलाई सम्मानजनक र विशिष्टीकृत व्यवसायको रूपमा विकास गर्नु।

(घ) कृषि उपजको उत्पादन लागत घटाई कृषि बजार प्रवर्द्धन गर्नु।

(ङ) परम्परागत कृषि ज्ञान तथा कृषि जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्नु।

१३८. तालिका ११ मा आ.व. २०७५/७६ को स्थिर मूल्यमा लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनामा प्रक्षेपण गरिएको कृषि क्षेत्रको मूल्य अभिवृद्धि र कुल ग्राहस्थ उत्पादन लक्ष्य प्रस्तुत गरिएको छ।

**तालिका ११. लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको प्रक्षेपण (रु. अरबमा)**

| क.स | क्षेत्रहरू | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | औसत वृद्धि दर |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि | १३३.३ | १४०.८ | १४९.१ | १५८.४ | १६१ | १८०.६ | ६.३ |
| १.१ | कृषि तथा वन | १३०.१ | १३७.२ | १४५.२ | १५४.२ | १६४ | १७५.४ | ६.२ |
| १.२ | मत्स्यपालन | ३.२ | ३.५ | ३.९ | ४.३ | ४.७ | ५.२ | १०.२ |
| २ | गैरकृषि | २९७.७ | ३२६.५ | ३६०.१ | ३९९.३ | ४४५.३ | ४९८.५ | १०.८ |
| २.१ | उद्योग | ७५.७ | ८६.० | ९८.४ | ११३.३ | १३१.४ | १५३.० | १४.७ |
| २.२ | सेवा | २२२.० | २४०.५ | २६१.७ | २८६.० | ३१३.८ | ३४५.५ | ९.७ |
| ३ | वित्तीय मध्यस्थता सेवा अप्रत्यक्ष रूपमा | १२.७ | १३.८ | १५.० | १६.३ | १७.७ | १९.३ | ३.९ |
| ४ | कुल ग्राहस्थ उत्पादन (आधारभूत मूल्यमा) | ४१८.३ | ४५३.५ | ४९४.२ | ५४१.५ | ५९६.७ | ६५९.९ | ९.५ |
| ५ | खुद वस्तु तथा सेवा उत्पादन कर | ३४.५ | ३७.३ | ४०.९ | ४४.९ | ४९.३ | ५४.२ | ९.४ |
| ६ | कुल ग्राहस्थ उत्पादन (उत्पादकको मूल्यमा) | ४५२.८ | ४९०.८ | ५३५.१ | ५८६.४ | ६४६.० | ७१४.१ | ९.५ |

स्रोतः प्रदेश योजना आयोग, २०७६

१३९. प्रथम आवधिक योजना अवधिमा आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पार्ने खालका घटनाहरू अन्तरराष्ट्रिय रूपमै भए। यी वर्षहरूमा कोभिड-१९ र रसिया-यूक्रेन युद्धको असरले गर्दा नेपालको आर्थिक वृद्धिमा संकुचन आयो। लुम्बिनी प्रदेशको आ.व. २०७९/८० को आर्थिक सर्वेक्षण अनुसार यो वर्ष यस प्रदेशको कुल ग्राहस्थ उत्पादन आधारभूत मूल्यमा रु ६६६ अरब (कृषि क्षेत्रको अंश २९.८ प्रतिशत र गैर कृषि क्षेत्रको अंश ७०.२ प्रतिशत) पुगेको अनुमान छ, जुन आवधिक योजनामा प्रक्षेपण गरिए भन्दा बढी हो। तर, कुल ग्राहस्थ उत्पादनको वृद्धिदर २.०६ प्रतिशत मात्र रह्यो। क्षेत्रगत हिसाबले कृषि

क्षेत्रको वृद्धिदर ३.६ प्रतिशत, उद्योग क्षेत्रको माइनस (१.५ प्रतिशत, र सेवा क्षेत्रको २.६ प्रतिशत रहेको अनुमान छ।

१४०. **उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६:** प्रदेश सरकारले कृषकहरूलाई उनीहरूले उत्पादन गरेको कृषि वा पशुजन्य उत्पादनमा आर्थिक सहयोग गर्दै कृषि पेशामा आकर्षण बढाउने उद्देश्यले संस्थागत रूपमा कृषि उपज बेच बिखन गर्ने कृषक तथा व्यवसायीहरूलाई खाद्यान्न, गुणस्तरीय खसी बोका, भेडा, माछा, फलफूल, बीउ बिजन, आलु, प्याज, तरकारी तथा फलफूल बिक्रीको आधारमा अनुदान उपलब्ध गराउन उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ कार्यान्वयनमा ल्याएको छ।

१४१. **स्मार्ट कृषि गाउँ सञ्चालन (पहिलो संसोधन) कार्यविधि २०७८:** प्रदेश सरकारले २०७५ सालमा आफ्नो प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याएकोमा २०७६ मा अर्को कार्यविधि बनाइयो। त्यसमा समसामयिक संशोधन गरी स्मार्ट कृषि गाउँ सञ्चालन (पहिलो संसोधन) कार्यविधि २०७८ हाल कार्यान्वयनमा छ। यो कार्यविधिले सङ्घीय स्तरमा जारी गरिएका कृषि विकास रणनीति, कृषि जैविक विविधता संरक्षण नीति, राष्ट्रिय जलवायु नीति, सिंचाइ नीति, भूउपयोग नीति जस्ता नीतिहरूले राखेका उद्देश्यहरूलाई समेटी एकीकृत रूपमा स्मार्ट कृषि गाउँ कार्यक्रम तर्जुमा तथा सञ्चालनमा जोड दिएको छ।

## ४.३ स्थानीय नीति

१४२. नेपालको संविधानले निर्दिष्ट गरे अनुसार कृषि विकासका सवैजसो गतिविधिहरू स्थानीय तथा प्रादेशिक सरकारको क्षेत्राधिकार भित्र पर्छ। स्थानीय तहले मुख्यतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरूप आफ्नो क्षेत्रमा कृषि उत्पादन वृद्धि तथा कृषि प्रसारका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्।

१४३. स्थानीय तहले सम्बन्धित गाउँसभा वा नगरसभाबाट स्वीकृत आफ्नो वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत रही स्थानीय सम्भाव्यता, अवसर तथा मागका आधारमा कृषि विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ। प्रदेश सरकारले कृषि विकास रणनीति कार्यान्वयनका लागि स्थानीय तहको सहभागितामा सञ्चालन गरेको अभिमुखीकरण गोष्ठीले समग्र पालिकाको कृषि विकासका लागि पालिका स्तरीय आवधिक योजना निर्माण गर्ने सुझाव दिएको थियो।

सचिव

## परिच्छेद
## प्रादेशिक कृषि विकास रणनीतिको आधार तथा मार्गदर्शक सिद्धान्तहरू

### ५.१ प्रादेशिक कृषि विकास रणनीतिको मुख्य आधार

१४४. लुम्बिनी प्रदेशको कृषि विकास रणनीतिको मुख्य आधार कृषि विकास रणनीति (सन् २०१५-२०३५) तथा लुम्बिनी प्रदेशको कृषि विकासका आवश्यकता र सम्भावनाहरू हुन्। पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) मा समेत कृषि विकास रणनीतिले नै देशको कृषि विकासलाई आगामी २० वर्षसम्म मार्गदर्शन गर्ने उल्लेख गरेको अवस्थामा यो रणनीतिले पनि सोही कृषि विकास रणनीतिलाई आधार बनाएको हो।

१४५. कृषि विकास रणनीतिले नेपालमा प्रचुर सम्भावना हुँदाहुँदै पनि बाली/वस्तुको उत्पादकत्व न्यून हुनु; अपर्याप्त लगानीका कारण कृषि अनुसन्धान तथा प्रविधि विस्तार प्रणालीले अपेक्षित नतिजा दिन नसक्नु; अनुसन्धान, प्रसार र कृषकहरूलाई जोड्ने प्रभावकारी संयन्त्रको अभाव; वर्षैभरि सिंचाइको न्यून उपलब्धता; प्रमुख कृषि सामग्रीहरूको सीमित उपलब्धता; माटोको घट्दो उर्वरता शक्ति; ग्रामीण क्षेत्रबाट युवाहरू पलायन हुने क्रम बढ्नु; उत्पादन लागत बढ्नु जस्ता कारणहरूले कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता न्यून हुन गएका सवालहरूलाई उठाएको छ (तालिका १२)। प्रदेशिक कृषि विकास रणनीति तर्जुमा गर्दा यी सवालहरूलाई यथोचित सम्बोधन गरिएको छ (अनुसूची ८)।

**तालिका १२. कृषि विकास रणनीतिले उठाएका प्रमुख सवालहरू**

| | | | |
|---|---|---|---|
| १. न्यून उत्पादकत्व | २. खाद्य तथा पोषण सुरक्षा | ३. व्यावसायीकरणको सुस्त गति | ४. भौतिक पूर्वाधारको अभाव |
| ५. कृषि क्षेत्रको प्रतिस्पर्धात्मकतामा कमी | ६. जलवायु परिवर्तन तथा प्राकृतिक संसाधन व्यवस्थापन | ७. संस्थागत संरचना तथा मानव संसाधन | ८. ऋण तथा बीमामा पहुँचको कमी, अव्यवहारिक करहरू |
| ९. वातावरणीय रूपमा बढ्दो विनाशकारी भूमि उपयोग | १०. अनुदान व्यवस्थापन, अपारदर्शीता तथा वितरणमा गुनासो | ११. घरेलु तथा बाह्य बजार समस्या | |
| १२. नीति विश्वसनीयता/ कानुन पालना | १३. सामाजिक एवं भौगोलिक समावेशीकरण | | |

स्रोतः कृषि विकास रणनीति, सन् २०१५-२०३५, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

१४६. "आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने, खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र" कृषि विकास रणनीतिको दूरदृष्टि रहेको छ। प्रादेशिक कृषि विकास रणनीति पनि यही दूरदृष्टिको परिधिमा रही तर्जुमा गरिएको छ।

१४७. वि.सं. २०८३ मार्ग ९ गते (November 24, 2026) भित्र संयुक्त राष्ट्रसंघको अति कम विकसित मुलुकको सूचीबाट विकासशील मुलुकमा स्तरोन्नति हुने नेपालको प्रस्तावलाई संयुक्त राष्ट्रसंघको ७६ औं महासभाको ४० औं बैठकले अनुमोदन गरिसकेको अवस्थामा नेपालले हासिल गर्नुपर्ने मानव सम्पत्ति तथा

आर्थिक जोखिम जस्ता तत्त्वहरूलाई समेत प्रादेशिक कृषि विकास रणनीति तर्जुमाको आधार बनाईएको छ।

१४८. कोभिड १९ महामारी पछिको आर्थिक पुनरुत्थानको अपरिहार्यतालाई यस प्रदेशको कृषि क्षेत्रबाट पुऱ्याउन सकिने सम्भावित सहयोगका क्षेत्र र उपयुक्ततालाई समेत यो रणनीति तर्जुमामा आधार बनाईएको छ।

## ५.२ प्रादेशिक कृषि विकास रणनीतिको मार्गदर्शक सिद्धान्त

१४९. यो रणनीति कार्यान्वयन गर्दा देहायका विषयहरूलाई मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्बन गरिने छ।

१५०. **रोजगारी सिर्जना**ः लुम्बिनी प्रदेशको कृषि विकास रणनीतिमा प्रस्तावित अधिकांश क्रियाकलापहरू विपन्न, गरिब, महिला तथा जलवायु संकटासन्न (Climate Vulnerables) परिवार तथा तिनीहरूका सदस्यको लागि रोजगारी सिर्जनामा केन्द्रित रहने तथा कार्यान्वयन भएका परियोजनाबाट कसले के कति रोजगारी पाए त्यस तर्फ केन्द्रित हुनेछन् भने देशमा सञ्चालित रोजगार कार्यक्रमसँगको समन्वय र सहकार्यलाई प्राथमिकता दिईनेछ।

१५१. **समावेशीकरणः** समावेशी वृद्धिले आर्थिक वृद्धिको गति तथा वितरण प्रणाली दुबैलाई समेट्ने र समावेशी वृद्धि बिना आर्थिक वृद्धि दिगो तथा प्रभावकारी भइ गरिबी निवारणमा योगदान पुऱ्याउन नसक्ने भएकाले यो रणनीति समावेशीकरणका चारवटै मुख्य तत्त्वहरू- (१) समता, (२) सबैलाई समान अवसर, (३) बजार सुरक्षा तथा (४) रोजगारी सृजनालाई आन्तरिकीकरण गर्नमा केन्द्रित छ। कृषि श्रम शक्तिमा महिलाको अंश ठूलो हुने र सामाजिक दिगोपना महिलाको अधिकार, शक्ति तथा तिनीहरूको उपयोगमा निर्भर हुने भएकाले यो रणनीति अन्तर्गत सञ्चालन हुने सबै क्रियाकलापहरूमा महिलाहरूको संलग्नता, सेवा सहुलियतमा उनीहरूको पहुँचको सुनिश्चितता तथा अभिवृद्धि, र तिनीहरूको क्षमता विकासमा जोड दिँदै महिला समानता, समता, र सशक्तीकरण तथा संकटापन्न र विकासमा पछि पारिएका समूहहरूको पहिचान, क्षमता विकास तथा लैंगिकमैत्री कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

१५२. **दिगोपनः** समावेशी वृद्धि दिगोपनको पूर्व शर्त हो। यसको लक्ष्य हासिल गर्न दिगोपनका तीनवटा आयाम (आर्थिक, वातावरण तथा सामाजिक) का अतिरिक्त संस्थागत आयामलाई पनि समेट्न जरुरी हुन्छ। त्यसैले, यो रणनीतिले संवैधानिक व्यवस्था, कृषि विकास रणनीति र प्रदेशको अधिकार तथा जिम्मेवारी अन्तर्गत रही दिगो विकासका सबै विधिको अवलम्बन गरी दिगो तथा तीव्र आर्थिक वृद्धिका लागि जोड दिन्छ। यसै सन्दर्भमा मानव, पृथ्वी र समृद्धिको लागि संयुक्त राष्ट्रसंघबाट अनुमोदित दिगो विकास लक्ष्य सन् २०३० का १७ लक्ष्यहरू मध्ये यो रणनीति विशेषतः लक्ष्य १ "सबै ठाउँबाट सबै स्वरूपका गरिबीको अन्त्य गर्ने; लक्ष्य २ "भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने"; लक्ष्य ५ "लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने"; लक्ष्य ८ "भरपर्दो, समावेशी, दिगो आर्थिक वृद्धि तथा पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने"; लक्ष्य १० "मुलुक भित्र तथा मुलुकहरूबीचको असमानता हटाउने"; लक्ष्य १२ "दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने"; लक्ष्य १३ "जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल गर्ने"; लक्ष्य १५, "स्थानीय पर्यावरणको संरक्षण,

पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने" तथा लक्ष्य १७, "दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने" सँग प्रत्यक्ष सम्बन्धित भएकाले यो रणनीतिले दिगो विकास लक्ष्यलाई मार्गदर्शक सिद्धान्तको रूपमा लिनेछ।

१५३. **कृषि, पर्यटन र शिक्षाबीच सन्तुलित सम्बन्ध तथा एकीकृत विकासः** कृषिको अपेक्षित वृद्धि, बजारीकरण र औद्योगिकीकरणका लागि यस रणनीतिले कृषि, पर्यटन र शिक्षालाई समान स्थानमा राख्दै एक अर्काको परिपूरकको रूपमा त्रिकोणात्मक सम्बन्ध तथा सन्तुलित विकासलाई जोड दिनेछ। कृषि प्रणालीमा आधारित खाद्य सुरक्षा, नवीकरणीय ऊर्जा विकास र उपयोग, जैविक विविधताको संरक्षण, सामाजिक समावेशीकरण र लैंगिक मूल प्रवाहीकरणलाई प्राथमिकता दिई न्यून आय भएका सीमान्त वर्गको हक, हित तथा सुरक्षामा विशेष ध्यान दिनेछ।

१५४. **निजी तथा सहकारी क्षेत्रको संलग्नताः** नेपालको संविधानको निर्देशक सिद्धान्तमा सार्वजनिक, निजी, र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनबाट दिगो आर्थिक विकास गर्ने उल्लेख छ। त्यसै गरी, पन्ध्रौं योजना (२०७६/७७– २०८०/८१) ले कृषि क्षेत्रमा कुल लगानीको न्यूनतम ३५.४ प्रतिशत निजी क्षेत्रबाट हुने प्रक्षेपण गरेको सन्दर्भमा दिगो तथा तीव्र आर्थिक वृद्धि र मर्यादित रोजगारी वृद्धिका लागि कृषि व्यवसायमा निजी क्षेत्रको संलग्नता अपरिहार्य छ। त्यसैले, निजी क्षेत्रको अनुभव, व्यापार कुशलता तथा विशेषज्ञताबाट लाभ लिन र तिनीहरूको प्रतिस्पर्धात्मक क्षमता र उत्पादकत्व वृद्धि गर्न निजी क्षेत्र-मैत्री नीति तर्जुमा र कार्यान्वयन गर्दै लगानी वातावरण सिर्जना हुने गरी क्रियाकलापहरू सञ्चालन गरिनेछन्। यो रणनीतिका प्रतिफलहरू हासिल गर्न प्रस्तावित सबैजसो क्रियाकलापहरूमा निजी तथा सहकारी क्षेत्रको लगानी र सहभागिता सुनिश्चित गरिनेछ। सरकारी क्षेत्रबाट सञ्चालित कुनै पनि क्रियाकलापमा यी दुई क्षेत्र (सहकारी तथा निजी) को योग्यता, दक्षता र अनुभवलाई अधिकतम उपयोग गर्दै ती दुईबीच आपसी प्रतिस्पर्धाको स्थिति सिर्जना हुने वातावरण उत्पन्न हुन नदिनेतर्फ सचेत रही दुबैलाई समान स्थानमा राखी कार्यक्रम सञ्चालन गरिनेछ। यस सन्दर्भमा, नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तर्जुमा गरेको मस्यौदा "कृषि व्यवसायमा निजी क्षेत्रको संलग्नता सम्बन्धी मार्गदर्शन, २०७८" अनुरुप कृषिमा निजी क्षेत्रको विकास गरिनेछ।

१५५. **सहकार्य तथा समन्वयः** रणनीतिले दिशा निर्देश गरे अनुरुपका कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र समन्वयमा प्रदेश तथा स्थानीय सरकार जिम्मेवार हुने छन्। यद्यपि, यो रणनीतिले अपेक्षा गरेको प्रतिफल र उपलब्धि हासिल गर्न अन्य सरोकारवाला, खास गरी, कृषक; सहकारी; निजी क्षेत्र; राष्ट्रिय, प्रादेशिक तथा स्थानीय किसान सञ्जाल; सहकारी महासंघ; व्यावसायिक संघ/संगठन; तथा कृषि उद्योग र तीनका संगठनहरूसँग समन्वय, सहकार्य र साझेदारी अपरिहार्य छ। साथै, यो रणनीति बहुआयामिक, लगानी सघन र महत्त्वाकांक्षी हुनुका साथै यस्ले प्रदेशको कृषि विकासलाई आगामी १५ वर्षसम्म मार्गदर्शन गर्ने भएकाले यसको सफलताका लागि प्रदेशमा कार्यरत नेपाल सरकारका विकास साझेदारहरूसँग समन्वय, समान बुझाई, सहकार्य र सूचना आदानप्रदानको महत्वलाई विशेष जोड दिंदै यो रणनीतिमा प्रस्ताव गरेको संयुक्त क्षेत्रगत समीक्षा संयन्त्र निर्माण गर्न समेत प्राथमिकता दिइनेछ।

परिच्छेद - ६
# प्रादेशिक कृषि विकास रणनीतिको रूपरेखा

१५६. प्रादेशिक कृषि विकास रणनीति सङ्घीय कृषि विकास रणनीतिमा उल्लिखित कृषि विकासको दीर्घकालीन दूरदृष्टि, लक्ष्य तथा उद्देश्यसँग सामञ्जस्यता कायम गर्दै लुम्बिनी प्रदेश सरकारको अवधारणालाई सर्वोपरी स्थानमा राखी सङ्घीय रणनीतिकै ढाँचा अनुरुप प्रदेशको वर्तमान कृषि विकास स्थितिको समीक्षा, अवसरहरूको अधिकतम उपयोग तथा चुनौतीहरूलाई द्रुत तथा प्रभावकारी रूपमा सम्बोधन गर्ने उद्देश्यले तर्जुमा गरिएको छ।

## ६.१ दूरदृष्टि, ध्येय तथा उद्देश्य

### ६.१.१ दूरदृष्टि (Vision)

**"प्रदेशको आर्थिक उन्नतिमा योगदान दिन, जीवनस्तरमा सुधार ल्याउन र खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न आत्मनिर्भर, प्रतिस्पर्धी, समावेशी, दिगो तथा जलवायु मैत्री कृषि क्षेत्र"**

१५७. उपर्युक्त दूरदृष्टिले नेपाल सरकारको वि.सं. २०८७ सम्म उच्च, दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि मार्फत गरिबी, असमानता, बेरोजगारी तथा परनिर्भरता अन्त्य गरी दिगो विकास लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको स्तरमा पुग्ने र वि.सं. २०९२ सम्म एशियाको मजबुत अर्थतन्त्रयुक्त मुलुक निर्माण गर्ने संकल्प पूरा गर्न योगदान पुऱ्याउनेछ।

### ६.१.२ ध्येय (Mission)

१५८. "समृद्ध प्रदेश आत्मनिर्भर जनता" को अवधारणा अनुरूप कुशल, प्रतिस्पर्धी तथा दिगो कृषि क्षेत्रको अभिवृद्धिद्वारा खाद्य सम्प्रभता सहितको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै दिगो आय वृद्धि गर्नु।

### ६.१.३ उद्देश्य (Objectives)

१५९. कृषिको वातावरण-मैत्री आधुनिकीकरण तथा व्यावसायीकरणद्वारा सबै तहका कृषक तथा सम्वद्ध व्यवसायीहरूको दिगो आय वृद्धि गर्दै कृषिको नेतृत्वमा उच्च तथा समावेशी आर्थिक वृद्धिदर कायम गर्नु यस रणनीतिको मूल उद्देश्य रहेको छ। यो रणनीतिका विशेष उद्देश्यहरू निम्नानुसार छन्:

- (क) खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु।
- (ख) बहुआयामिक गरिबी दरमा कमी ल्याउनु।
- (ग) कृषिमा आधारित दिगो तथा समावेशी आर्थिक वृद्धि गर्नु।
- (घ) उच्च तथा समतामूलक कृषि आय वृद्धि गर्नु।

१६०. कृषि विकास रणनीतिले निर्माण गरेको रुपरेखालाई आधार बनाउदै यो रणनीतिको रूपरेखा चित्र ८. मा प्रस्तुत गरिएको छ।




**चित्र ८. प्रदेशको कृषि विकास रणनीतिको रूपरेखा**

१६१. प्रादेशिक कृषि विकास रणनीतिका चार प्रभावहरू: (१) खाद्य तथा पोषण सुरक्षा, (२) बहुआयामिक गरिबी दरमा कमी, (३) कृषिमा आधारित दिगो तथा समावेशी आर्थिक वृद्धि, र (४) उच्च तथा समतामूलक कृषि आय वृद्धि रहेका छन् (चित्र ९)। यी चार प्रभावका १७ सूचकहरू तालिका १३ मा प्रस्तुत गरिएको छ।

**तालिका १३. प्रादेशिक कृषि विकास रणनीतिको प्रभावका सूचकहरू**

| प्रभाव | सूचकहरू |
|---|---|
| खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता | १. खाद्य असुरक्षा अनुभव गर्ने जनसङ्ख्या (प्रतिशत) |
| | २. खाद्य सुरक्षा (प्रतिशत) |
| | ३. प्रतिव्यक्ति खाद्य वस्तु उपलब्धता (के.जी) |
| | ४. पारिवारिक कुल आयको खाद्यान्न खरिद/उपभोगमा हुने खर्च (प्रतिशत) |
| | ५. पाँच वर्ष मुनिका बालबालिकामा कुपोषण दर (प्रतिशत) |
| | ६. रक्तअल्पताबाट पीडित प्रजनन उमेरका (१८-४५ वर्ष) महिलाहहरू () |
| | ७. रक्त अल्पताबाट पिडित पाँच वर्ष मुनिका बालबालिका (प्रतिशत) |
| बहुआयामिक गरिबी दरमा कमी | १. बहुआयामिक गरिबी सूचकाङ्क (गणना दर र प्रवलता दर प्रतिशत) |
| | २. गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात (प्रतिशत) |
| कृषिमा आधारित दिगो तथा समावेशी आर्थिक वृद्धि | १. कुल ग्राहस्थ उत्पादनमा कृषिको योगदान (प्रतिशत) |
| | २. कृषि क्षेत्रको मूल्य अभिवृद्धि (अरब) |
| | ३. कृषि ग्राहस्थ उत्पादनको वार्षिक वृद्धिदर (प्रतिशत) |
| उच्च तथा समतामूलक कृषि आय वृद्धि | १. सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय (रू.) |
| | २. सानास्तरका खाद्यान्न उत्पादक पुरूषहरूको औसत आय (रू.) |
| | ३. सानास्तरका खाद्यान्न उत्पादक महिलाहरू को औसत आय (रू.) |
| | ४. सानास्तरका खाद्यान्न उत्पादक आदिवासीहरूको औसत आय (रू.) |
| | ५. सानास्तरका खाद्यान्न उत्पादक गैर आदिवासीहरूको औसत आय (रू.) |

१६२. यो प्रादेशिक कृषि विकास रणनीतिको कार्यान्वयनबाट हासिल हुने निम्न पाँच उपलब्धिहरूले माथि उल्लेख गरिएका चारवटा क्षेत्रमा प्रभाव पार्नेछन्।

(१) उच्च तथा दिगो उत्पादकत्व वृद्धि।
(२) कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि।
(३) कृषि व्यावसायीकरण अभिवृद्धि।
(४) कृषि पूर्वाधार तथा बजार विकास र सुधार।
(५) संस्थागत विकास तथा सुशासन प्रवर्द्धन।

१६३. उपर्युक्त पाँच उपलब्धिहरू एक आपसमा आवद्ध (Connected) मात्र नभइ परिपूरक (Complimentary) पनि छन्। साथै, एक उपलब्धिले अर्को उपलब्धिको जग (Foundation) को रूपमा काम गरेको छ।

१६४. प्रत्येक उपलब्धि हासिल गर्न पाँच देखि दश प्रतिफल हासिल गर्नु पर्नेछ र ती प्रतिफल हासिल गर्न चित्र ९ मा उल्लिखित चार तत्त्वहरूलाई विशेष ध्यान दिइनेछ। यी तत्त्वहरूलाई उपयुक्त विधि तथा प्रक्रिया अपनाई सम्बोधन गरिनेछ जसले गर्दा रणनीतिले अपेक्षा गरेका नतिजा हासिल हुनुका साथै रणनीतिका प्रत्यक्ष तथा अप्रत्यक्ष सबै लाभग्राही तथा सरोकारवालाहरू सन्तुष्ट हुने आशा गरिएको छ।

(१) महिला, विपन्न, संकटापन्न, तथा विकासमा पछि पारिएका समूहहरूको पहिचान, क्षमता विकास तथा लैंगिक मैत्री कार्यक्रम प्रस्तावका साथै अन्य सहयोगी पात्रहरूको पहिचान तथा परिचालन।
(२) निजी तथा सहकारी क्षेत्रको उपलब्धिमूलक सहभागिता र संलग्नताको लागि लगानी मैत्री वातावरण।
(३) कार्यक्रममा संलग्न निकाय तथा विकास साझेदारहरू बीच समन्वय, समझदारी तथा सहकार्य।
(४) परियोजनाहरूको दिगोपन सुनिश्चित गर्न अवसरहरूको पहिचान तथा अवरोधहरूको पक्षपात रहित (Unbiased) सम्बोधन तथा सन्तुलन।




**चित्र ९. लुम्बिनी प्रदेशको रणनीतिका पाँच स्तम्भ**

## ६.२ प्रादेशिक कृषि विकास रणनीतिका प्रभावहरू

### ६.२.१ खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता

१६५. कोभिड १९ संक्रमणमा लगाइएको यातायात प्रतिबन्धले खाद्य व्यापार, खाद्य आपूर्ति श्रृङ्खला र खाद्य बजार मात्र प्रभावित नभइ मानिसहरूको जीवन, जीविकोपार्जन तथा पोषणलाई पुऱ्याएको असर अझैसम्म देखिंदैछ। कोभिड १९ को संक्रमण भन्दा अगाडि पनि विश्वका मुख्यतः नेपाल जस्तो अति कम विकसित मुलुक भोकमरी तथा कुपोषणलाई न्यूनीकरण गरी सही मार्ग (Right Track) मा आउन सक्ने स्थिति यसै पनि थिएन। यस्तो स्थितिलाई मध्यनजर गर्दै प्रदेश सरकारले खाद्य तथा पोषण सुरक्षा कार्यक्रममा केन्द्रित रही खाद्य प्रणालीको दिगो विकास सहित खाद्य प्रणालीको सक्षमता, समानुकूलन, समावेशीकरण तथा दिगोपन अभिवृद्धि गर्न कार्यक्रमहरू सञ्चालन गर्नेछ।

१६६. कृषि खाद्य प्रणाली[5] सुक्खा खडेरी, बाढी, मूल्य वृद्धि जस्ता तत्त्वहरूबाट संकटासन्न (Vulnerable) हुन्छ। यस माथि जलवायु संकट (Climate Crisis) तथा वातावरणीय ह्रास (Environmental Degradation) ले यो प्रणाली दीर्घकालीन संकटमा पर्न सक्ने हुँदा प्रदेश सरकारले कृषि खाद्य प्रणाली सम्बद्ध सबै पात्र तथा सरोकारवालाहरूको यस्ता चोट (Shocks) र दवाव (Stress) सहन सक्ने क्षमता अभिवृद्धि गरी खाद्य प्रणालीमा आउन सक्ने अवरोध न्यूनीकरण गर्न आवश्यक क्रियाकलापहरू पूर्व तयारीका साथ कार्यान्वयन गर्नेछ।

१६७. खाद्य प्रणालीमा आधारित खाद्य तथा पोषण सुरक्षाका चार आयामहरूः खाद्य उपलब्धता, खाद्यमा पहुँच, खाद्य उपयोग, तथा खाद्य स्थिरताका लागि कृषि खाद्य प्रणाली सहनशीलतामा संलग्न परम्परागत छोटो (Traditional and Short), संक्रमणकालीन (Transitional), तथा आधुनिक (Modern/Integrated and Long) गरी तीनै प्रकारका खाद्य आपूर्ति श्रृंखला समावेश हुने भएकाले खाद्य श्रृंखलामा आवद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ।

१६८. प्रतिस्पर्धात्मक क्षमता बढाउन सानो स्तरका उत्पादकहरूलाई जीविकोपार्जनमुखी खाद्यान्न आपूर्ति श्रृंखलामा एकीकृत गर्नु पर्ने भएकाले तिनीहरू आवद्ध सहकारी तथा उत्पादन संस्थाहरूको क्षमता विकासका साथै उनीहरूको कृषियन्त्र, कर्जा एवम् अन्य वित्तीय स्रोत लगायतका उत्पादन सामग्री र बजारीकरणमा पहुँच वृद्धि गरी सशक्तीकरण गरिनेछ।

१६९. खाद्य प्रणालीको कुनै एक अवयवमा आउने दवाव वा तनावले बाँकी अन्य सबै अवयवहरूमा समेत असर गर्ने भएकाले कृषि आपूर्ति श्रृङ्खलामा विविधीकरणको पनि त्यतिकै जरुरी छ। कम आय भएका साना तथा सीमान्त कृषकहरूको सहन सक्ने क्षमता कम हुने हुँदा बाली/खेती विविधीकरण बाध्यता र रणनीति दुबै हुन्। क्रियाशील बाली तथा पशु बीमा व्यवस्था, कर्जा तथा बजारको अभाव जस्ता स्थितिमा बाली विविधीकरण तथा एकीकृत कृषि तथा पशुपालन प्रणाली जरुरी भएकाले नेपाली कृषकहरूले आफ्ना

[5] कृषि खाद्य प्रणाली- बृहत् प्रणाली जसमा यस सम्बद्ध सबै प्रकारका पात्रहरू र खाद्य तथा गैरखाद्य वस्तु उत्पादनमा जोडिएका मूल्य अभिवृद्धिसंग सम्बन्धित क्रियाकलापहरू जस्तै भण्डारण, पोष्ट हार्भेष्ट, ढुवानी, प्रशोधन, वितरण, बजारीकरण, खेर जाने तथा गैहकृषिजन्य सहित सबै खाले खाद्य पदार्थहरू समावेश हुन्छन् ।

ससाना खेतबारीमा मिश्रित खेती प्रणाली अपनाई आएका हुन्। त्यसैले, विविधीकरणका साथै व्यावसायीकरण तथा आधुनिकीकरणका लागि विशिष्टीकरणको पनि त्यत्तिकै जरुरी र अपरिहार्यता हुन्छ।

१७०. यो प्रदेश खाद्य सुरक्षाको दृष्टिकोणबाट सुविधाजनक स्थितिमा छ। तराईका रूपन्देही, कपिलवस्तु, दाङ, पश्चिम नवलपरासी, बाँके तथा बर्दिया जिल्लाहरूमा खाद्यान्न बचत हुन्छ। यो प्रदेशमा कुपोषण दर राष्ट्रिय स्तरभन्दा २ प्रतिशत कम छ। तर, यस प्रदेशका प्रजनन उमेरका ३६.४ प्रतिशत महिला उनीहरूले उपभोग गर्ने खाद्यान्नमा विविधताको अभावले हुने रक्त अल्पता (जसलाई "अदृश्य भोकमरी" पनि भनिन्छ) बाट पीडित छन्। साथै, ५ वर्षमुनिका ७.६ प्रतिशत बालबालिका कुपोषणबाट ग्रसित छन्। अतः यो रणनीतिको कार्यान्वयनबाट आगामी ५ वर्ष भित्र पहाड तथा उच्च पहाडी जिल्लाका बासिन्दालाई प्रतिव्यक्ति प्रतिदिन २,३४० र तराईका बासिन्दालाई २,१५० क्यालोरी उपलब्ध हुने लक्ष्य राखिएको छ। साथै, खाद्यान्न विविधतामा जोड दिँदै बहुक्षेत्रीय पोषण योजना- दोस्रो (२०७५/७६-२०७९/८०) र शून्य भोकमरी चुनौती अन्तर्गत प्रस्तावित कार्यक्रमहरूलाई पनि यो रणनीतिमा निरन्तरता दिइएको छ।

१७१. यो प्रदेशमा खाद्यान्न बचत देखिए तापनि खाद्यान्न वितरण तथा पहुँचमा समानता देखिंदैन। परिणाम स्वरूप ठूलो सङ्ख्यामा मानिसहरू कुपोषणबाट ग्रस्त छन्। क्यालोरी बाहेकका प्रोटिन, भिटामिन, र खनिज पदार्थ जस्ता पोषक तत्त्वको उपभोगमा भने प्रदेशको स्थिति सन्तोषजनक छैन। यस प्रदेशको उच्च बहुआयामिक गरिबीको मुख्य कारण मध्ये कुपोषण एक रहेको बहुआयामिक गरिबी सूचकाङ्क प्रतिवेदन (२०७८) ले पनि प्रष्ट्याएको छ।

१७२. विविधीकरण र विशिष्टीकरण एक आपसमा विरोधाभास राख्ने प्रणाली हुन्। तथापि, विविधीकरण र विशिष्टीकरणका आ-आफ्नै फाइदा छन्। यस्तो अवस्थामा यो रणनीतिले प्रदेशको वर्तमान कृषि स्थिति, अवसर तथा चुनौतीलाई दृष्टिगत गरेर विविधीकरण र विशिष्टीकरण दुबैलाई आवश्यकताको आधारमा अवलम्बन गरी कृषि खाद्य प्रणाली दरिलो बनाएर खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नेछ। त्यसैले, सिंचित क्षेत्र विशेष कृषि उत्पादन कार्यक्रम, बीउ बिजन उत्पादन तथा वितरण, एक जिल्ला एक उपज, स्मार्ट कृषि गाउँ जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्न यो रणनीतिले जोड दिएको छ।

१७३. यो रणनीतिले खाद्य सम्प्रभुता तथा खाद्य सुरक्षाको अधिकारको सम्मान, संरक्षण, र परिपूर्तिका लागि नेपाल सरकार, प्रदेश सरकार, र स्थानीय सरकारसँग पारस्परिक समन्वयलाई जोड दिई त्यसलाई सबल र सशक्त पार्नेछ।

### ६.२.२ बहुआयामिक गरिबी दरमा कमी

१७४. बहुआयामिक गरिबी सूचकाङ्क, २०७८ को प्रतिवेदन अनुसार १० वटा विभिन्न सूचकमा मापन गरिएको लुम्बिनी प्रदेशको बहुआयामिक गरिबी दर २०७६ मा १८.२ प्रतिशत थियो, जुन नेपालको औसत १७.४ प्रतिशत भन्दा बढी हो। यसको मुख्य कारणहरूमध्ये बालबालिकाको विद्यालय जाने अवधिको असर सबै भन्दा बढी (२६.९ प्रतिशत) र त्यसपछि दोस्रोमा ५ वर्षमुनिका बालबालिकाको न्यून पोषण स्थिति (२१.९ प्रतिशत) लाई देखाएको छ। त्यसैले, यो रणनीति पाँच वर्ष भन्दा कम उमेरका बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउन केन्द्रित हुनेछ।

१७५. बहुआयामिक गरिबी दरको जानकारीले प्रदेश सरकारलाई गरिबी निवारण नीति तर्जुमा गरी दिगो विकासका लागि "सबै ठाउँबाट सबै स्वरूपको गरिबीको अन्त्य गर्ने" सम्बन्धी लक्ष्य हासिल गर्न सहयोग पुग्नेछ।

### ६.२.३ कृषिमा आधारित दिगो तथा समावेशी आर्थिक वृद्धि

१७६. यो रणनीतिले कृषिमा आधारित समावेशी, सन्तुलित तथा दिगो वृद्धि सम्बन्धी कार्यक्रमको सफल कार्यान्वयनबाट प्रदेशको आर्थिक वृद्धि उच्च तथा दिगो हुने अपेक्षा राखेको छ। उच्च तथा दिगो आर्थिक वृद्धिले कृषि तथा वन पैदावारमा आधारित उद्योगलाई मात्र टेवा नपुगी अन्य उद्योगहरूको सङ्ख्यात्मक तथा गुणात्मक विकास र वृद्धिलाई समेत सघाउ पुग्नेछ। अन्ततः यो रणनीतिले प्रदेशको व्यक्ति गणना गरिबी दर र बहुआयामिक गरिबी दर दुबै कम गर्न उल्लेखनीय योगदान पुऱ्याउनेछ।

१७७. यो रणनीतिले कृषि, पर्यटन र शिक्षाको त्रिकोणात्मक सम्बन्धलाई सुदृढ गर्दै एक अर्काको परिपूरकको रूपमा सन्तुलित तथा एकीकृत विकासको अपेक्षा गरेको छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनबाट पर्यटक सङ्ख्यामा उल्लेखनीय वृद्धि हुने अनुमान गर्न सकिन्छ। पर्यटकको परिमाणात्मक वृद्धिलाई अवसरको रूपमा लिइ कृषकहरूको आय वृद्धि गर्न कृषि, उद्योग र पर्यटनलाई जोड्ने काम गरिनेछ।

१७८. कृषिमा आधारित दिगो तथा समावेशी आर्थिक वृद्धिका लागि उत्पादक, प्रशोधक, व्यापारी, बजार एजेन्ट तथा सेवाप्रदायक सबैको क्षमता विकास तथा तिनीहरू बीचको अन्तरसम्बन्ध, सहकार्य तथा समन्वयबाट बाली/वस्तुमा आधारित मूल्य श्रृङ्खला प्रणाली विकास तथा सुदृढ गरिनेछ।

### ६.२.४ उच्च तथा समतामूलक कृषि आय वृद्धि

१७९. प्रदेशका जनताको खाद्यान्नमा पहुँच सुरक्षित गर्न तथा प्रदेशको समृद्धि हासिल गर्न यस प्रदेशका कृषक तथा व्यवसायीहरूको कृषि आय वृद्धि गर्नु अपरिहार्य छ। त्यसैले, हरेक परिवारको कृषि आयमा दुई गुना वृद्धि गर्ने लक्ष्यसहित त्यसलाई दिगो बनाउन प्रदेशमा विगतका परियोजनाले निर्माण गरेका सुविधा तथा संरचनाको भरपूर उपयोग र चालु परियोजनाले निर्माण गर्ने थप सुविधा तथा संरचनाको दिगो उपयोग गर्न यो रणनीति केन्द्रित रहनेछ।

### ६.३ लक्ष्य तथा सूचकहरू

१८०. तालिका १४ र १५ मा रणनीतिको दुरदृष्टि तथा प्रभाव सूचक तथा रणनीतिको अवधि १५ वर्ष (२०८१/८२ देखि २०९५/९६) मा हासिल हुने अपेक्षित लक्ष्यहरू प्रस्तुत गरिएको छ। यी सूचकहरूको सम्भव भएसम्म कृषि विकास रणनीतिका सूचकहरूसँग सामन्जस्यता कायम राख्ने प्रयास गरिएको छ। तथ्याङ्क उपलब्धताको आधारमा यो रणनीतिमा आ.व. २०७९/८० लाई आधार वर्षको रूपमा गणना गरिएको छ। आ.व. २०७९/८० को तथ्याङ्क उपलब्ध हुन नसकेको अवस्थामा त्यसभन्दा अगाडिका वर्षहरूको तथ्याङ्क प्रयोगमा ल्याइएको छ।

१८१. रणनीतिका लक्ष्यहरू निर्धारण गर्दा वर्तमान प्रगतिको स्थिति; प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८१/८२) ले निर्दिष्ट गरेको लक्ष्य; मुलुकको पन्धौं योजना (२०७६/७७-२०८१/८२) को लक्ष्य तथा दूरदृष्टि; प्रदेशको आवश्यकता, सम्भावना, वास्तविकता, र व्यवहारिकतालाई

आधार बनाइएको छ भने सम्भव भएसम्म वृद्धि दरको आधारमा भविष्यको मूल्य अनुमान गरिएको छ। यसर्थ, प्रदेशले आवधिक योजना तर्जुमा गर्दा यस रणनीतिमा प्रस्तावित लक्ष्यहरूलाई आधार बनाउन सक्नेछ। साथै, रणनीतिको सफल कार्यान्वयनका लागि प्रत्येक ५-५ वर्षमा समीक्षा र मूल्याङ्कन गराई यसका सूचक र लक्ष्यहरू परिमार्जन गर्नु पर्नेछ।

तालिका १४. दूरदृष्टि सूचक तथा लक्ष्य

| क्र.सं. | सूचक | स्रोत | आधार वर्ष | आधार वर्षको स्थिति | २०८५/८६ | २०९०/९१ | २०९५/९६ |
|---|---|---|---|---|---|---|---|
| १ | **आत्मनिर्भर** | | | | | | |
| | प्रदेशबासीको खाद्यान्न आवश्यकता पूर्ति भइ बजारीकरणको लागि उपलब्ध (Marketable Surplus) परिमाण (मे.टन) | कृ.प.वि.म, र राष्ट्रिय तथ्याङ्क कार्यालय, आर्थिक सर्वेक्षण[1,2]. | २०७९/८० | | | | |
| १.१ | खाद्यान्न (धान, गहुँ र मकै) (मे.टन) | नेपाल सरकारको आर्थिक सर्वेक्षण, लुम्बिनी प्रदेश सरकारको आर्थिक सर्वेक्षण, कृ.भू.व्य.म.को प्रगति प्रतिवेदन[3] | | ३८९,२७८ | ४३३,४९१ | ५२१,०५४ | ६२४,८२० |
| १.३ | दुध (आवश्यकता पूर्ति भइ बजारको लागि उपलब्ध) (लिटर) | | | ९७,३१९ | १०७,०५१ | ११७,७५७ | १२९,५३२ |
| १.४ | मासु (मे.टन) | | | ३९,४४० | ४३,३८४ | ४७,७२२ | ५२,४९५ |
| १.५ | तरकारी (मे. टन) | | | (८१,२२६) | (३४,३५१) | ३४,०२९ | १२०,८६८ |
| १.६ | फलफूल (मे. टन) | | | (२८,४२७) | (२१,४३५) | (१०,३४७) | ३,३११ |
| १.७ | अन्डा (००० गोटा) | | | (२०,४८८) | २,०४९ | २६,८४० | ५२,४९५ |
| २ | **प्रतिस्पर्धात्मक क्षमता** | | | | | | |
| २.१ | आधारभूत मूल्यमा दिगो कृषि वृद्धिदर प्रतिशत | लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण[2] | २०७९/८० | ३.६ | ५ | ६ | ६ |
| २.२ | खाद्यान्न बाली (धान, गहुँ, मकै)को उन्नत बीउ निर्यात, (मे. टन) | लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण[2], भन्सार बिभाग[4] | २०७९/८० | ० | ५०० | १००० | २००० |
| २.३ | लुम्बिनी प्रदेश स्थित खाद्यान्न मिलहरूले निर्यात गर्ने धान चामल परिमाणमा वृद्धि, (प्रतिशत) | भन्सार विभाग[4] | २०७९/८० | अप्राप्त | १० | २० | ३० |
| ३ | **समावेशीकरण** | | | | | | |
| ३.१ | महिलाको स्वामित्वमा एकल वा संयुक्त | प्रदेश योजना आयोग[5] | २०७२ | २१.६ | २५ | २७ | ३० |

| क्र.सं. | सूचक | स्रोत | आधार वर्ष | आधार वर्षको स्थिति | २०८५/८६ | २०९०/९१ | २०९५/९६ |
|---|---|---|---|---|---|---|---|
| | नाममा जग्गा हुने परिवार सङ्ख्या (प्रतिशत) | | | | | | |
| ३.२ | अधिकतम ३० मिनेटको पैदल दूरीमा कृषि बजारसम्म पुग्न सक्ने परिवार सङ्ख्या (प्रतिशत) | प्रदेश योजना आयोग[५] | २०७६ | ४४.७ | ५० | ५५ | ६० |
| ३.२ | कृषि क्षेत्रवाट वार्षिक रोजगारी सिर्जना (००० जना) | लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण[२] | २०७९/८० | ४५ | ७३ | ११७ | १८८ |
| ४ | **दिगोपन तथा जलवायु मैत्री** | | | | | | |
| ४.१ | सिंचाइ | | | | | | |
| ४.१.१ | कुल सिंचित क्षेत्रमध्ये वर्षै भर सिंचाइ हुने क्षेत्रको प्रतिशत | भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रतिवेदन लुम्बिनी आर्थिक सर्वेक्षण[२] | २०७९/८० | ६९ | ७५ | ८० | ८५ |
| ४.१.२ | राष्ट्रिय गौरवको सिंचाई आयोजना सम्पन्न भइ सिंचाइ हुने क्षेत्रफल, परियोजना: सङ्ख्या (सिंचित क्षेत्रफल, ००० हे.) | लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण[२] | २०७९/८० | ० | ३ (१२५) | ३ (१२५) | ३ (१२५) |
| ४.१.३ | एकीकृत जल तथा बाली विकास विकास कार्यक्रमले ढाकेको क्षेत्रफल (कुल सिंचित क्षेत्रफलको प्रतिशत) | भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रतिवेदन कृषि तथा भूमि व्यवस्था मन्त्रालयको प्रतिवेदन | २०७९/८० | अप्राप्त | १० | १५ | २० |
| ४.२ | वन क्षेत्रले ढाकेको क्षेत्रफल (बुट्यान सहित) (प्रतिशत) | लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण[२] | २०७९/८० | ४३.७२ | ४५ | ४५ | ४५ |
| ४.३ | खेती गरिएको जग्गाको माटोमा प्राङ्गारिक पदार्थ, प्रतिशत | कृषि तथा भूमि व्यवस्था मन्त्रालयको प्रतिवेदन[३] | २०७२/७३ | १.९६ | ३ | ४ | ४.५ |
| ४.४ | हैसियत बिग्रिएको जमिन, ००० हेक्टर | वन तथा वातावरण | २०७८/७९ | १६५ | १२० | १०० | ८० |

| क.सं. | सूचक | स्रोत | आधार वर्ष | आधार वर्षको स्थिति | २०८५/८६ | २०९०/९१ | २०९५/९६ |
|---|---|---|---|---|---|---|---|
| | | मन्त्रालय[६] | | | | | |

स्रोत: १. आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय २०७९/८०; २. लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८०; ३. कृषि तथा भूमि व्यवस्था मन्त्रालयको आ.व. २०७९/८० को प्रगति प्रतिवेदन; ४. आ.व. २०७९/८० को आयात निर्यात तथ्याङ्क, भन्सार विभाग; ५. दिगो विकासका लक्ष्यहरू, प्रदेश नं. ५ को आधार तथ्याङ्क प्रतिवेदन; ६. Final Report of the Land Degradation Neutrality Target Setting in Nepal, IUCN, gef, The Changwon Initiative, Ankara Initiative, Marc 2018 को तथ्याङ्कको आधारमा अनुमानित

## तालिका १५. प्रभाव सूचक तथा लक्ष्य

| क्र.सं. | सूचक | स्रोत | आधार वर्ष | आधार वर्षको स्थिति | २०८५/८६ | २०९०/९१ | २०९५/९६ |
|---|---|---|---|---|---|---|---|
| १ | **खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता**[1] | | | | | | |
| १.१ | मध्यम (Moderately) अथवा उच्च (Severe) खाद्य असुरक्षा अनुभव गर्ने जनसङ्ख्याको प्रतिशत (प्रतिशत) | NDHS 2022[1] | २०७८ | ९.७ | ५.१५ | ३.०४ | १.७९ |
| | (क) सहरी क्षेत्र | | | ८.४ | ४.४६ | २.६३ | १.५६ |
| | (ख) ग्रामीण क्षेत्र | | | ११.३ | ६.०० | ३.५५ | २.०९ |
| १.२ | खाद्य सुरक्षा[2] | | | | | | |
| | १.२.१ खाद्य सुरक्षित घर परिवार (प्रतिशत) | | २०७२/७३ | ४८.४ | ३८.४ | २८.४ | १८.४ |
| | १.२.२ उच्च खाद्य असुरक्षित घर परिवार (Severely food insecure household) (प्रतिशत) | | २०७२/७३ | १७.५ | १२.५ | १०.० | ५.० |
| १.३ | प्रति व्यक्ति खाद्यान्न तथा खाद्य बस्तु उपलब्धता[3] | कृषि तथा भूमि व्यवस्था मन्त्रालय/प्रदेश सरकार | | | | | |
| | १.३.१ खाद्यान्नः के.जी प्रति व्यक्ति प्रतिवर्ष | | २०७९/८० | २६७ | २६९ | २७९ | २९१ |
| | १.३.२ दुधः लिटर प्रति व्यक्ति प्रतिवर्ष | | २०७९/८० | ११० | १२१ | १३३ | १४६ |
| | १.३.३ तरकारीः के.जी. प्रति व्यक्ति प्रतिवर्ष | | २०७९/८० | ८४ | ९४ | १०६ | ११९ |
| | १.३.४ फलफूलः के.जी. प्रति व्यक्ति प्रतिवर्ष | | २०७९/८० | २४ | २६ | २८ | ३१ |
| | १.३.५ अन्डाः गोटा प्रति व्यक्ति प्रतिवर्ष | | २०७९/८० | ४४ | ४८ | ५३ | ५९ |
| | १.३.६ मासुः के.जी प्रति व्यक्ति प्रतिवर्ष | | २०७९/८० | २२ | २४ | २६ | २९ |
| | १.३.७ माछा, के.जी प्रति व्यक्ति प्रतिवर्ष | | २०७९/८० | ३.७ | ४.२ | ४.९ | ५.६ |

| क.सं. | सूचक | स्रोत | आधार वर्ष | आधार वर्षको स्थिति | २०८५/८६ | २०९०/९१ | २०९५/९६ |
|---|---|---|---|---|---|---|---|
| १.४ | कुल उपभोगको दुई-तिहाइभन्दा बढी खाद्यान्नमा खर्च गर्ने जनसङ्ख्या[२] (प्रतिशत) | NDHS 2022[1] | २०७८ | ४४.८७ | ४० | ३५ | ३० |
| १.५ | बालबालिकामा कुपोषण दर (प्रतिशत) | | | | | | |
| १.५.१ | पाँच वर्ष मुनिका बालबालिकामा देखिने पुडकोपना (2 SD को आधारमा) | | २०७८ | २५.१ | २५.० | २० | १५ |
| १.५.२ | पाँच वर्ष मुनिका बालबालिका कम तौल हुने बच्चाहरूको को अनुपात: कुल जनसङ्ख्याको प्रतिशत (2 SD को आधारमा) | | २०७८ | २० | १५ | १० | ५ |
| १.६ | अत्यधिक (Severe) रक्त अल्पतताबाट पीडित प्रजनन उमेरका (१५-४९ बर्ष) महिलाहहरू (प्रतिशत) | | २०७८ | १.६ | ०.५ | ०.० | ०.० |
| १.७ | अत्यधिक (Severe) रक्त अल्पताबाट पिडित ५ बर्ष मुनिका बालबालिका (प्रतिशत) | | २०७८ | ०.८ | ०.५ | ०.० | ०.० |
| २ | **बहुआयामिक गरिबी दरमा कमी**[४] | राष्ट्रिय योजना आयोग | | | | | |
| २.१ | बहुआयामिक गरिबी सूचकांक | | | | | | |
| २.१.१ | कुल गणना दर (प्रतिशत) (Incidence %) | | २०७७/७८ | १८.२ | १५.० | १०.० | ५.० |
| २.१.२ | प्रबलता दर (प्रतिशत) (Intensity %) | | | ४३.१ | ३९.० | ३५.२ | ३१.८ |
| २.२ | राष्ट्रिय गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात[४] (प्रतिशत) | प्रदेशको आर्थिक सर्वेक्षण/ नेपाल जीवनस्तर सर्वेक्षण/केन्द्रीय तथ्याङ्क विभाग/प्रदेश योजना आयोग | २०७५/७६ | २४.५ | १०.० | ५.० | ३.० |
| ३ | **कृषिमा आधारित दिगो तथा समावेशी आर्थिक** | | | | | | |

| क.सं. | सूचक | स्रोत | आधार वर्ष | आधार वर्षको स्थिति | २०८५/८६ | २०९०/९१ | २०९५/९६ |
|---|---|---|---|---|---|---|---|
| | वृद्धि, उपभोक्ताको मूल्यमा[५] | | | | | | |
| ३.१ | कुल ग्राहस्थ उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान (प्रतिशत) | प्रदेशको आर्थिक सर्वेक्षण | २०७९/८० | २९.८ | २७ | २५ | २० |
| ३.२ | कृषि क्षेत्रको मूल्य अभिवृद्धि (अरब) | | २०७९/८० | २०२ | २७१ | ३८० | ६११ |
| ३.३ | कृषि ग्राहस्थ उत्पादनको वार्षिक वृद्धि दर | | २०७९/८० | ३.६ | ५ | ७ | १० |
| ४ | **उच्च तथा समतामूलक कृषि आय वृद्धि** (खाद्यान्न उत्पादकहरूको औसत आय)[२] | नेपाल जीवनस्तर सर्वेक्षण/केन्द्रीय तथ्याङ्क विभाग/प्रदेश योजना आयोग | २०७६ | | | | |
| ४.१ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय (रू) | | | ३१,८१५ | ४०,६०५ | ५१,८२३ | ६६,१४१ |
| ४.२ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय (रू): पुरुष | | | ३७,७२५ | ४८,२३१ | ५१,५५६ | ७८,५६३ |
| ४.३ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय (रू) : महिला | | | ३४,९९० | ४४,६५७ | ५६,९९५ | ७२,७४२ |
| ४.४ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय (रू): आदिवासी | | | २८,९८५ | ३६,९९३ | ४७,२१४ | ६,०२५८ |
| ४.५ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय (रू): गैरआदिवासी | | | ४०,८७० | ५२,१६२ | ६६,५७३ | ८४,९६६ |

स्रोत: १. Nepal Demographic and Health Survey (NDHS), 2022; २. दिगो विकासका लक्ष्यहरू, प्रदेश नं. ५ को आधार तथ्याङ्क प्रतिवेदन; ३. कृषि तथा भूमि व्यवस्था मन्त्रालयको आ.व. २०७९/८० को प्रगति प्रतिवेदन; ४. Nepal Multi-dimensional Poverty Index Report, राष्ट्रिय योजना आयोग ५. लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण,२०७९/८०

सचिव

## उपलब्धि, प्रतिफल तथा क्रियाकलापहरू

१८२. यो रणनीतिको नतिजा श्रृङ्खलामा यसको कार्यान्वयनबाट हासिल हुने उपलब्धि, प्रतिफल तथा ती प्रतिफल हासिल गर्न सम्पन्न गरिने क्रियाकलापहरू पर्छन्। यस अन्तर्गत ५ उपलब्धि, ३४ प्रतिफल र प्रत्येक प्रतिफल हासिल गर्न १ देखि ९ क्रियाकलाप गरी कुल १७१ वटा क्रियाकलापहरू प्रस्ताव गरिएका छन्।

१८३. तालिका १६ मा प्रस्तुत गरे बमोजिम उपलब्धि १ (उच्च तथा दिगो उत्पादकत्व वृद्धि) अन्तर्गत १० प्रतिफल, उपलब्धि २ (कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि) अन्तर्गत ६ प्रतिफल, उपलब्धि ३ (कृषि व्यावसायीकरण अभिवृद्धि) अन्तर्गत ५ प्रतिफल, उपलब्धि ४ (कृषि पूर्वाधार तथा बजार विकास र सुधार) अन्तर्गत ५ प्रतिफल र अन्तमा उपलब्धि ५ (संस्थागत विकास तथा सुशासन प्रवर्द्धन) अन्तर्गत ८ प्रतिफल गरी कुल ३४ प्रतिफल हासिल हुने अपेक्षा गरिएको छ।

**तालिका १६. उपलब्धि र प्रतिफल**

| उपलब्धि (Outcome) | प्रतिफल (Outputs) |
|---|---|
| १. उच्च तथा दिगो उत्पादकत्व वृद्धि | १. दिगो भूमि व्यवस्थापन तथा उपयोग |
| | २. प्रविधि विकास, प्रसार तथा उपयोग |
| | ३. एकीकृत जल तथा बाली व्यवस्थापन |
| | ४. उत्पादन सामग्री (बीउ बिजन)मा पहुँच |
| | ५. मलखाद उत्पादन, वितरण तथा उपयोग सुनिश्चितता |
| | ६. कृषि यन्त्रिकीकरण अभिवृद्धि |
| | ७. कृषि कर्जा सरलीकरण तथा पहुँचमा वृद्धि |
| | ८. रोग तथा महामारी नियन्त्रण (बाली, पशुपन्छी, माछा) |
| | ९. कृषि जैविक विविधता संरक्षण |
| | १०. जलवायु अनुकूलन क्षमता वृद्धि तथा सूचना प्रवाह |
| २. कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि | १. उत्पादन तथा लगानीमैत्री नीति तर्जुमा तथा कार्यान्वयन |
| | २. कृषि बजार सूचना प्रणालीको विकास तथा पहुँच |
| | ३. खाद्य स्वच्छता सहित असल कृषि तथा पशु स्वास्थ्य अभ्यास संहिता पालन |
| | ४. पोस्ट हार्भेष्ट तथा मूल्य व्यवस्थापन |
| | ५. बाली/वस्तु विविधीकरण |
| | ६. उत्पादन प्रशोधन तथा मूल्य अभिवृद्धि |
| ३ कृषि व्यावसायीकरण अभिवृद्धि | १. मूल्य श्रृङ्खला विकास तथा सुदृढीकरण |
| | २. पशुपन्छी तथा मत्स्य विकास |
| | ३. प्राथमिकताका बाली/वस्तु प्रवर्द्धन |
| | ४. आन्तरिक क्वारेन्टाइन व्यवस्थापन |
| | ५. कृषि तथा पशु बीमा व्यवस्था |
| ४. कृषि पूर्वाधार तथा बजार विकास र सुधार | १. कृषि बजार संरचनाहरूको निर्माण, विस्तार तथा मर्मत सम्भार |
| | २. प्रशोधन, खाद्यान्न भण्डारण तथा शीत गृह निर्माण |
| | ३. कृषि यन्त्र उद्योगको स्थापना र विकास |

| उपलब्धि (Outcome) | प्रतिफल (Outputs) |
|---|---|
| | ४. ग्रामीण/कृषि सडक विस्तार तथा मर्मत |
| | ५. सिंचाइ संरचना निर्माण तथा सुधार |
| ५. संस्थागत विकास तथा सुशासन प्रवर्द्धन | १. नीति पुनरावलोकन, सामञ्जस्यता तथा निरन्तरता |
| | २. संस्थागत संरचना तथा सुविधा विस्तार |
| | ३. जनशक्ति विकास तथा व्यवस्थापन |
| | ४. वित्तीय व्यवस्थापन प्रणाली सुधार |
| | ५. एकीकृत तथा समन्वयात्मक योजना तर्जुमा |
| | ६. तथ्याङ्क तथा सूचना व्यवस्थापन |
| | ७. रणनीति कार्यान्वयनमा समन्वय |
| | ८. अनुगमन, मूल्याङ्कन तथा समीक्षा |

१८४. तालिका १७ देखि २१ सम्म उपर्युक्त पाँच उपलब्धि हासिल गर्न अवलम्बन गरिने रणनीति तथा कार्यनीतिहरूलाई क्रमशः प्रस्तुत गरिएको छ।

**तालिका १७. उपलब्धि १: उच्च तथा दिगो उत्पादकत्व वृद्धि**

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रादेशिक प्राथमिकता निर्धारण गर्ने | १. राष्ट्रिय तथा प्रादेशिक प्राथमिकताको समायोजन गरी प्रादेशिक प्राथमिकता निर्धारण गरिनेछ<br>२. प्राथमिकता निर्धारण गर्दा स्थानीय स्तरका महत्त्वपूर्ण बाली वस्तुहरूलाई समेत समेटिने छ। |
| २. खेतीयोग्य भूमिको दिगो व्यवस्थापन र उपयोग गर्ने। | १. जग्गा भाडामा लिइ सहकारी खेती, करार खेती तथा दीर्घकालीन खेती गर्न प्रोत्साहित गर्ने जस्ता कार्यक्रम प्रवर्द्धन गरी खेतीयोग्य जग्गा बाँझो नरहने तथा बाँझो हुन नदिने स्थिति सिर्जना गरिनेछ।<br>२. हैसियत बिग्रेको जमिनको पहिचान तथा पुनर्स्थापना गरी उपयोगमा ल्याउन दिगो भू-व्यवस्थापन प्रविधि सम्बन्धी सचेतना तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. उन्नत प्रविधिमा कृषक तथा उद्यमीहरूको पहुँच वृद्धि गर्ने। | १. उत्पादन क्लष्टरहरूलाई निर्यात उद्योगको लागि कच्चा पदार्थ उत्पादन गर्ने, शहरमा ताजा कृषि उत्पादन आपूर्ति गर्ने, तथा स्थानीय तहमा खाद्य तथा पोषण सुरक्षाको लागि उत्पादन गर्ने आधारमा वर्गीकरण गरी सोही अनुरुपका कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. कृषि शिक्षा, अनुसन्धान तथा प्रसार बीचको त्रिकोणात्मक सम्बन्धलाई सुदृढ गरिनेछ।<br>३. कृषि अनुसन्धान केन्द्रसँगको सहकार्यमा Out-reach केन्द्रहरूको स्थापना गरिनेछ।<br>४. उच्च पहाड, पहाड तथा तराईको कृषिलाई प्रतिनिधित्व हुने गरी पहाड र तराईमा १/१ वटा प्रदेश कृषि नव प्रवर्तन तथा प्रदर्शन केन्द्र स्थापना गरिनेछ।<br>५. कृषि स्नातक, स्नातकोत्तर तथा विद्यावारिधिमा अध्ययनरत छात्र छात्रालाई कृषि प्रविधि विस्तार कार्यमा उपयोग गर्न तथा व्यवहारिक ज्ञान हासिल गर्ने कार्यका लागि थेसिस सहयोग तथा इन्टर्न सुविधा उपलब्ध गराईनेछ।<br>६. जलवायु मैत्री कृषि प्रविधि पहिचान तथा उपयोग गर्न कृषकहरूको क्षमता अभिवृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ७. एग्रोभेट तथा कृषि सहकारीहरूलाई लागत सहभागिताको आधारमा प्रविधि प्रदर्शन, प्रसार तथा विस्तारमा उपयोग गरिनेछ र तिनीहरूको सम्बन्ध कृषि अनुसन्धान तथा शिक्षासँग जोडिनेछ। |
| ४. सञ्चालित तथा नयाँ सिंचाइ प्रणालीको संरक्षण, मर्मत सम्भार तथा कुशलताका साथ अधिकतम सदुपयोग गर्ने। | १. सिंचाइ प्रणाली बिग्रने, भत्कने तथा हानी नोक्सानी हुने गरी बस्ति विकास तथा जग्गा प्लटिंग गर्न दिईने छैन।<br>२. सिंचाइ प्रणाली नियमित रूपमा सञ्चालनमा आउन उचित मर्मत सम्भारको व्यवस्था मिलाइनेछ र त्यसका लागि तालिम प्राप्त जनशक्ति तयार गरिनेछ।<br>३. नयाँ सिंचाइ प्रणाली स्थापनाको लागि सरकार, निजी क्षेत्र र विकासका साझेदारहरूको लगानी वृद्धि गर्न प्रदेश सरकारले समन्वयकारी भूमिका खेल्नेछ।<br>४. बालीको उत्पादकत्व वृद्धि तथा पानीको सदुपयोग गर्न एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।<br>५. कृषि तथा भूमि व्यवस्था मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय बीचको समन्वय र सहकार्यलाई नियमित, सघन तथा नतिजामुखी बनाईनेछ। |
| ५. गुणस्तरीय उन्नत बीउ तथा पशु नश्लको सुनिश्चितता गर्ने। | १. पालिकाहरूमा सम्भाव्य बाली तथा जातको बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. प्रमाणित बीउ उत्पादनलाई बिक्रीको आधारमा सेवा सहुलियत प्रदान गरिनेछ।<br>३. गुणस्तर प्रमाणीकरण भएको उन्नत बीउ मात्र अनुदानमा वितरण गर्ने व्यवस्था मिलाइनेछ।<br>४. स्रोत बीउको सदुपयोग गर्दै बीउ चक्र प्रणालीलाई सुदृढ बनाउन अनुसन्धान संस्था तथा बीउ उत्पादक बीचको सम्बन्ध दरिलो बनाइनेछ।<br>५. सरकारी, सहकारी, निजी तथा सामुदायिक स्तरमा स्रोत केन्द्रहरू स्थापना तथा सुदृढीकरण गरी कृषकहरूको गुणस्तरीय बीउ बिजन तथा पशु नश्ल एवम् कृत्रिम गर्भाधान सेवामा पहुँच वृद्धि गरिनेछ। |
| ६. मलखादको सही उपयोगलाई प्रवर्द्धन गर्ने। | १. रासायनिक मलखाद वितरण व्यवस्था तथा अनुगमनलाई प्रभावकारी तुल्याई सर्वोत्तम व्यवस्थापन अभ्यासलाई विस्तार गरिनेछ।<br>२. प्राङ्गारिक तथा जैविक मलको उत्पादन, प्रवर्द्धन, उपयोग तथा बजारीकरणमा सहयोग गरिनेछ। |
| ७. कृषि यान्त्रिकीकरणमा जोड दिने। | १. साना तथा सीमान्त कृषकहरूको ठुला तथा महंगा कृषि यन्त्रमा पहुँच बढाउन निजी तथा सहकारी क्षेत्रको लागत साझेदारीमा पोष्ट हार्भेष्ट सुविधा सहितका कृषि यन्त्र भाडा केन्द्रहरूको स्थापना तथा सुदृढीकरण गरिनेछ।<br>२. स्थानीय स्तरमा कृषियन्त्र सहायक उत्पादन तथा परिचालन (कृषि यन्त्रदूत) कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. ग्रामीण क्षेत्रमा कृषियन्त्र मर्मत/सम्भार सुविधा तथा तालिम सेवा विस्तार गरिनेछ। |
| ८. कृषि कर्जा सरलीकरण तथा पहुँचमा वृद्धि गर्ने। | १. कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूमा कृषि कर्जा सहजकर्ताको व्यवस्था गरी कृषि कर्जामा कृषक तथा उद्यमीहरूको पहुँच वृद्धि गरिनेछ।<br>२. कर्जा लगानीका लागि आवश्यक पर्ने व्यावसायिक योजना तर्जुमा गर्न उद्यमीहरूको क्षमता विकास गरिनेछ।<br>३. प्राथमिकता प्राप्त कृषि व्यवसाय तथा उद्यममा लगानी भएको कर्जामा ब्याज अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ९. रोग व्याधि व्यवस्थापन गर्ने। | १. एकीकृत शत्रुजीव व्यवस्थापन प्रणालीको अभिवृद्धि गरी तिनीहरूमा कृषकको पहुँच र उपयोग क्षमता वृद्धि गरिनेछ।<br>२. जलवायु परिवर्तन अनुकूल तथा रोग कीरा अवरोधक जातहरू पहिचान तथा प्रयोगमा जोड दिईनेछ।<br>३. विषादी रहित (प्राङ्गारिक) खेती अभिवृद्धिका लागि निजी तथा सहकारी स्तरमा कृषि प्रदर्शन फार्म स्थापना तथा सञ्चालनमा सहजीकरण गरिनेछ।<br>४. जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको क्षमता तथा सुविधा विस्तार गरी आर्थिक दृष्टिकोणले महत्त्वपूर्ण पशुपन्छी तथा मत्स्य रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ। |
| १०. कृषि जैविक विविधता संरक्षण गर्ने। | १. कृषि जैविक विविधता सम्बन्धी विविध विषयमा विशेषज्ञ सेवा प्रदान गर्न प्रदेश स्तरमा फोकल एकाइको स्थापना गरी स्थानीय आनुवंशिक स्रोत तथा कृषि जैविक विविधता संकलन, संरक्षण तथा अभिवृद्धिका लागि सहभागितात्मक बाली प्रजनन कार्यक्रम, सामुदायिक बीउ बैंक स्थापना तथा सुदृढीकरण गरिनेछ।<br>२. कृषि जैविक विविधता संरक्षणका लागि सहकारी तथा स्थानीय तहको लागत सहभागितामा प्रदर्शन पर्या फार्म (बाली तथा पशुपन्छी) स्थापना गरिनेछ। |
| ११. जलवायु अनुकूलन क्षमता वृद्धि गर्ने। | १. प्रदेशको भूगोल (उच्च पहाडी, पहाडी तथा तराई) अनुसार जलवायु अनुकूलन प्रविधिहरूको पहिचान तथा सूचीकरण गरी जलवायु मैत्री कृषि प्रविधि विस्तारका लागि प्रदेश स्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने फोकल एकाइको स्थापना र स्थानीय तहमा जलवायु अनुकूलन विशेष कृषि कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. जलवायु परिवर्तनका असरबाट हुने प्राकृतिक प्रकोपबाट स्थानीय समुदायलाई जोगाउन पूर्व सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गरिनेछ।<br>३. खडेरीको सम्मुखता, संकटासन्नता र जोखिमको लेखाजोखाका साथै खडेरी/सुक्खा प्रभावित क्षेत्रमा उपयुक्त बालीनालीको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। |

## तालिका १८. उपलब्धि २: कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. निजी तथा सहकारी क्षेत्र मैत्री व्यावसायिक योजना तर्जुमा तथा कार्यान्वयन गर्ने। | १. कृषि व्यावसायीकरणमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि गर्न प्रदेशस्तरीय निजी क्षेत्र संलग्नता मार्गदर्शन तयार गरिनेछ। साथै, सङ्घीय तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति नियमित रूपमा पुनरावलोकन गरी निजी क्षेत्र मैत्री भए/नभएको यकीन गरी प्रदेश सरकारलाई सुझाव/सिफारिस गर्न प्रदेशस्तरीय कृषि नीति अध्ययन संस्था स्थापना गर्ने।<br>२. बजारको माग अनुसार गुणस्तरीय र आवश्यक परिमाणमा वस्तु उत्पादन र आपूर्ति गर्न निजी क्षेत्रको नेतृत्वमा बाली वस्तुको मूल्य श्रृङ्खला प्रवर्द्धन गरिनेछ।<br>३. लक्षित क्षेत्रमा निजी क्षेत्रलाई पूर्वाधार निर्माण र सञ्चालनमा सहुलियत प्रदान गरिनेछ।<br>४. सहकारी तथा निजी क्षेत्रलाई प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट पुऱ्याउनु पर्ने विशेषज्ञ सेवा प्रदान गर्ने फोकल एकाइको स्थापना र सञ्चालन गरिनेछ।<br>५. व्यावसायिक कृषिमा संलग्न संस्था र उद्यमीहरू (निजी तथा सहकारी क्षेत्र) को |

| रणनीति | कार्यनीति |
|---|---|
| | पहिचान गरी प्रदेश सरकारबाट उपलब्ध हुन सक्ने आवश्यक सेवा र सहुलियत तत्काल प्रदान गर्न र दोहोरोपन नियन्त्रण गर्न डिजिटाइज्ड उद्यमी पन्जिकरण प्रणाली सञ्चालन गरिनेछ।<br>६. प्रदेशमा लगानी गर्ने उद्यमी/व्यवसायीहरूलाई निश्चित अवधिसम्म व्यावसायिक कर तथा अन्य सुविधा उपलब्ध गराई सशर्त ब्याज अनुदान उपलब्ध गराइनेछ।<br>७. सहकारी संस्था र निजी क्षेत्रलाई बजार प्रतिस्पर्धामा सहभागी हुन समान सुविधा र सहुलियत प्रदान गर्ने ब्याज अनुदान सहितको निर्देशिका र मार्गदर्शन तर्जुमा गरिनेछ। |
| २. गुणस्तरीय कृषि उत्पादन सामग्री आपूर्तिको लागि अनुगमन प्रणालीको स्थापना गर्ने। | १. कृषि उत्पादनमा गुणस्तरीय मल, बीउ, विषादी, मेशिनरी औजार लगायतका उत्पादन सामग्रीको प्रयोग सुनिश्चित गर्न जिल्ला र प्रदेश स्तरमा अनुगमन संयन्त्र बनाइनेछ।<br>२. जिल्ला र प्रदेश स्तरमा बनाइएका अनुगमन संयन्त्रले कार्यतालिका बनाएर एवम् आकस्मिक तवरले कृषि उत्पादन सामग्रीको बजार अनुगमन गर्नेछन् र यस्तो अनुगमनबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। |
| ३. कृषि बजार सूचना प्रणालीको विकास तथा सबै सरोकारवालाहरूको बजार सूचनामा पहुँच वृद्धि गर्ने। | १. बजार सरोकारवाला (उत्पादक, बजार एजेन्ट, व्यापारी, उपभोक्ता) मैत्री बजार सूचना प्रणालीको विकास गरी त्यसको उपयोग वृद्धि गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. सबै कृषि कार्यक्रमहरूलाई डिजिटल कृषि प्रणालीमा रुपान्तरण गर्दै लगिनेछ।<br>३. व्यावसायिक खेतीमा संलग्न उत्पादकहरूलाई देश विदेशमा आयोजना हुने बजार मेला/प्रदर्शनमा सहभागी हुन सहयोग गरिनेछ।<br>४. साना कृषक (उत्पादक)हरूलाई World Fair Trade Organization सँग आवद्ध हुन सहजीकरण गरिनेछ ।<br>५. कृषि उपज निकासी प्रवर्द्धन गर्न मानक प्रयोगशालाहरू (Accredited laboratory) को स्थापना तथा प्रमाणीकरण क्षमता अभिवृद्धि गरिनेछ। |
| ४. खाद्य स्वच्छता सहित असल कृषि तथा पशु स्वास्थ्य अभ्यास संहिता पालन गर्ने। | १. व्यावसायिक कृषकहरूलाई असल कृषि अभ्यास, असल पशु स्वास्थ्य अभ्यास, असल मत्स्य अभ्यास अपनाउन सक्षम बनाउन कृषक तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>२. प्राङ्गारिक तथा विषादीरहित कृषि उत्पादन गरी बजारीकरण गर्नेलाई प्रोत्साहन गरिनेछ ।<br>३. स्थानीय तहमा कार्यरत प्राविधिकहरू र खाद्यान्न वस्तु उत्पादनमा संलग्न उद्योग र व्यवसायीहरूको गुणस्तरयुक्त खाद्य वस्तु उत्पादन गर्न क्षमता अभिवृद्धि गरिनेछ ।<br>४. फलफूल तथा तरकारी बजारहरूमा द्रुततर विषादी विश्लेषण सुविधा विस्तार गरी प्रभावकारी रूपमा पालना गराइनेछ। |
| ५. पोस्ट हार्भेष्ट तथा मूल्य व्यवस्थापन गर्ने। | १. पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण गर्न ऊर्जा खपत कम गर्ने स्टोर, सुधारिएको व्यावसायिक अन्न भण्डार, सौर्य ऊर्जामा आधारित स्टोरहरूको स्थापना र सञ्चालनमा सहयोग गरिनेछ।<br>२. निजी तथा सहकारी क्षेत्रको सहभागितामा कृषि उपज लिलाम बढाबढ (अक्सन) केन्द्रहरूको स्थापना तथा सञ्चालन गराइनेछ।<br>३. उत्पादक तथा उद्यमीहरूको कृषि उपज पोष्ट हार्भेष्ट सुरक्षा क्षमता अभिवृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ६. बाली/वस्तुको विविधीकरण गर्ने । | १. विपन्न, महिला तथा संकटापन्न समूहको सहभागिता सुनिश्चित गर्दै बाली विविधीकरण सम्बन्धी प्राविधिक तथा वित्तीय सेवामा सरलीकरण गर्न उपयुक्त संस्था/निकाय सहित एकद्वार सेवा प्रणाली सञ्चालन गरिनेछ ।<br>२. पशुपन्छीको दानाका लागि उपयुक्त मकै, भटमास लगायतका कच्चा पदार्थ उत्पादन गर्न दाना केन्द्रित सघन खेती कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. साना/सीमान्त/संकटापन्न समूह लक्षित खसीबोका उत्पादन तथा बजारीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. शहरी र शहरोन्मुख क्षेत्र लक्षित प्रि-सिजन तथा प्रोटेक्टेड तरकारी खेती, पुष्प खेती, च्याउ, मह लगायत हाइड्रोपोनिक प्रणालीमा आधारित शहरी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. स्टार्ट-अप तथा नवप्रवर्तक लक्षित कृषि बिजनेस इन्कुवेटर/प्रवर्द्धक सेवामा पहुँच तथा क्षमता वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| ७. उत्पादन, प्रशोधन तथा मूल्य अभिवृद्धिमा निजी तथा सहकारी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने। | १. मूल्य श्रृङ्खलामा आवद्ध उत्पादक, प्रशोधक (मील/उद्योग), बिक्रेता (खुद्रा, थोक, निर्यातकर्ता) लक्षित व्यावसायिक करार खेती प्रवर्द्धन गरिनेछ ।<br>२. निजी क्षेत्रसँगको सहकार्यमा गुणस्तरीय स्रोत केन्द्रहरू स्थापना गरिने छन् ।<br>३. कृषि तथा वन पैदावारमा आधारित उद्योगहरूको पूर्वाधार एवम् प्राविधिक तथा आर्थिक क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । |

## तालिका १९. उपलब्धि ३: कृषि व्यावसायीकरणमा अभिवृद्धि

| रणनीति | कार्यनीति |
|---|---|
| १. मूल्य श्रृङ्खला विकास तथा सुदृढीकरण गर्ने । | १. व्यावसायिक कृषि प्रवर्द्धन गर्न मूल्य श्रृङ्खला विकास तथा सुदृढीकरण, जस्तै धान-मील मोडेल वा यस्तै प्रकृतिका (मकै उत्पादक तथा पशु दाना उद्योग) कार्यक्रमद्वारा उत्पादक, प्रशोधक (मील) र व्यापारीलाई आवद्ध गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. व्यावसायिक उत्पादन क्षेत्रहरूमा गुणस्तरीय कृषि प्राविधिक सेवाको सुनिश्चितता गरिनेछ ।<br>३. निजी सेवा प्रदायकहरूलाई प्राविधिक सेवा प्रदान गर्न परिचालन गरिनेछ ।<br>४. व्यावसायिक कृषि करार कार्यान्वयनको लागि सम्बन्धित पक्षहरू र अन्य सरोकारवालाहरूको क्षमता विकास गरिनेछ ।<br>५. वर्तमान अनुदान नीति र प्रक्रियालाई परिष्कृत गर्दै कृषकमैत्री तथा व्यवहारिक बनाइनेछ ।<br>६. प्रदेश भित्रका सडक करिडोरमा उपयुक्त पकेट क्षेत्र पहिचान गरी तरकारी, फलफूल र तुलनात्मक लाभ भएका रैथाने बाली/वस्तुको सघन मूल्य श्रृंखला विकास कार्यक्रम सञ्चालन गर्दै बाली/वस्तुको ग्रेडिङ, ब्राण्डिङ, तथा बजारीकरणमा समन्वय तथा सहयोग गरिनेछ । |
| २. पशुपन्छी तथा मत्स्य विकास प्रवर्द्धन गर्ने | १. दुग्ध पदार्थ (घीउ, बटर, पाउडर दुध आदि) को आयात न्यूनीकरण गर्न तुलनात्मक लाभ र अवसरको आधारमा दुध मूल्य श्रृङ्खलामा आधारित दुध उत्पादन तथा बजारीकरण विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. खाने माछा आयात न्यूनीकरण गर्न मूल्य श्रृङ्खलामा आधारित युवा लक्षित विशेष |

| रणनीति | कार्यनीति |
|---|---|
| | कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. प्राथमिकताका बाली/वस्तु प्रवर्द्धन गर्ने | १. कृषि उपज/वस्तुको आयात न्यूनीकरण गर्न जिल्लाको तुलनात्मक लाभ र अवसरको आधारमा प्रदेशले प्राथमिकता निर्धारण गरेको बाली/वस्तुसँग सम्बन्धित मूल्य श्रृङ्खलालाई विशेष जोड दिई कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. व्यावसायिक क्षेत्र विकासको लागि स्थानीय तहहरूसँग साझेदारी गरिनेछ।<br>३. प्राथमिकताका बाली/वस्तुको व्यावसायीकरणका लागि निजी, सहकारी, तथा विकासका साझेदारहरूसँग समन्वय गरिनेछ।<br>४. पकेट, ब्लक, र जोनमा वर्गीकरण गरी कृषिका व्यावसायिक क्षेत्रहरू स्थापना गरिनेछन्।<br>५. नेपाल सरकारले समर्थन मूल्य तोकेका बाली वस्तु बाहेक प्रदेशको प्राथमिकतामा परेका निर्यातमूलक वस्तु तथा बालीको समर्थन मूल्य तोकिनेछ र यसरी समर्थन मूल्य तोकिएका वस्तुहरू खरिद गर्न घुम्ती कोषको व्यवस्था गरिनेछ।<br>६. युवाहरूलाई कृषिमा आकर्षित गर्न युवा लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ। |
| ४. आन्तरिक क्वारेन्टाइन व्यवस्थापन गर्ने। | १. Real Time मा आधारित आन्तरिक क्वारेन्टाइन प्रणालीको विकास गरिनेछ।<br>२. रोग लागेका/संक्रमित बाली/पशुपन्छीको ओसारपसार रोक्न स्थायी/ अस्थायी होल्डिङ केन्द्र सञ्चालन गरिनेछ।<br>३. आन्तरिक क्वारेन्टाइन गर्नु पर्ने बाली/वस्तुको पहिचानपछि स्थानीय तहको सहभागितामा उपयुक्त निर्णय लिइनेछ। |
| ५. कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाउने। | १. कृषि तथा पशुपन्छी बीमालाई कृषकमुखी तुल्याउन बीमा अभिकर्तालाई तालिम तथा प्रोत्साहन प्रदान गरिनेछ।<br>२. कृषि बीमा सुविधाको सदुपयोग गर्न तथा सही किसिमले हानि नोक्सानी दावी भुक्तानी लिन कृषक तथा व्यवसायीहरूको क्षमता अभिवृद्धि गरिनेछ। |

## तालिका २०. उपलब्धि ४: कृषि पूर्वाधार तथा बजार विकास र सुधार

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषि बजार संरचनाहरूको स्थापना, सुविधा विस्तार तथा मर्मत सम्भार गर्ने। | १. बजार पूर्वाधार निर्माणमा व्यावसायिक उत्पादन क्षेत्रहरूलाई प्राथमिकता दिइनेछ।<br>२. नयाँ कृषि उपज संकलन केन्द्रहरूको निर्माण, सुविधा विस्तार (फलफूल/तरकारी, माछा तथा खाद्यान्न) तथा स्तरोन्नतिसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. कृषि/पशु हाट बजारको स्थापना, सुविधा विस्तार तथा स्तरोन्नति कार्यक्रम सञ्चालन गरिनेछ। उत्पादनकर्ता र खरिदकर्ता बीच खरिद बिक्रीका (Auction समेत) लागि सहजीकरण गरिनेछ। |
| २. प्रशोधन, अन्न भण्डारण तथा शीतगृह सेवा विस्तार तथा उपयोग गर्ने। | १. कृषि उपजको व्यवस्थित भण्डारणका लागि सार्वजनिक, निजी, तथा सहकारी क्षेत्रको सहभागितामा ठुला भण्डारण गृह निर्माण गरी उत्पादक तथा व्यापारीहरूलाई गोदाम सेवा प्रदान गरिनेछ।<br>२. निजी तथा सहकारी क्षेत्रको सहभागितामा शीतगृह निर्माण तथा सञ्चालन गरिनेछ। निर्माण भएका शीत भण्डार गृहलाई सञ्चालनका लागि प्राविधिक सहयोग गरिनेछ। |
| ३. कृषि यन्त्र उत्पादन | १. निजी क्षेत्रद्वारा कृषि यन्त्र उत्पादन उद्योग स्थापना गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| उद्योगको स्थापना र विकास गर्ने। | २. कृषि यन्त्र उत्पादन तथा मर्मत सम्भारमा संलग्न व्यवसायीहरूलाई प्रदेश सरकारले आवश्यक सहयोग गर्नेछ। |
| ४. ग्रामीण/कृषि सडक विस्तार तथा मर्मत गर्ने। | १. ग्रामीण/कृषि सडक निर्माण र मर्मत सम्भार गरिनेछ। |
| ५. सिंचाइ संरचना निर्माण, मर्मत सम्भार तथा सुधार गर्ने। | १. ठुला तथा मध्यम स्तरका सिंचाइ संरचना निर्माण, मर्मत सम्भार तथा सुधार गरिनेछ।<br>२. भूमिगत सिंचाइ (डिप/स्यालोटुवेल समेत) संरचना निर्माण, मर्मत सम्भार, तथा पुनर्स्थापना गरिनेछ।<br>३. बर्षा र मौसमी खोलाको पानी संकलन गर्न सिंचाइसँग आवद्ध ठुला जलाशय/रिजरभ्वायर निर्माण तथा सञ्चालन गरिनेछ। |

## तालिका २१. उपलब्धि ५: संस्थागत विकास तथा सुशासन

| रणनीति | कार्यनीति |
|---|---|
| १. नीति सामञ्जस्यता तथा निरन्तरता दिने। | १. जिल्ला स्तरमा रहेर कार्य गर्ने सरकारी निजी तथा सहकारीसँग सम्बन्धित निकायहरूलाई प्रादेशिक कृषि विकास रणनीति सम्बन्धमा अभिमुखीकरण गरिनेछ।<br>२. स्थानीय तहमा सङ्घीय तथा प्रादेशिक कृषि विकास रणनीतिको मूल मर्म अनुरुप स्थानीयकरण गरी संयुक्त कार्ययोजना तर्जुमा गर्न सहजीकरण गरिनेछ।<br>३. प्रदेश तथा संघले तर्जुमा गरेका नीति, निर्देशिकाहरू कार्यान्वयन गर्न नीति समीक्षा, अध्ययन तथा परिमार्जनका लागि प्रदेशमा कृषि विकास रणनीति फोकल एकाइको स्थापना गरिनेछ।<br>४. सार्वजनिक, निजी , तथा सहकारीहरू बीचमा सघन तथा नतिजामुखी छलफल/अन्तरक्रिया गरिनेछ।<br>५. नीतिसँग सम्बन्धित कार्यक्रमहरूमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गरिनेछ।<br>६. कृषि विकासका साझेदारहरू र अन्य मुख्य सरोकारवालाहरू बीच सहकार्य तथा साझेदारी सुनिश्चित गरिनेछ।<br>७. आवधिक योजना तथा मध्यकालीन खर्च संरचना, सरकारको नीति कार्यक्रमहरूसँग सामञ्जस्यता हुने गरी वार्षिक योजना तर्जुमा गरिनेछ।<br>८. प्रभावकारी कार्यान्वयनका लागि नयाँ नीति निर्माण र आवश्यकता अनुसार विद्यमान नीतिलाई परिमार्जन गर्दै गरिनेछ। |
| २. संस्थागत संरचना तथा सुविधा विस्तार गर्ने। | १. प्रदेश सरकार मातहत सञ्चालित संस्था/निकायहरूको नियमित रूपमा व्यवस्थापन सर्वेक्षण गरी सो अनुरूप संस्थागत संरचना र जनशक्ति व्यवस्था गरिनेछ।<br>२. कृषि क्षेत्रमा आवश्यक नियम तथा मापदण्डहरूको निर्धारण गरी तिनको कार्यान्वयन गर्न क्षमता तथा संस्थागत विकास गरिनेछ।<br>३. कृषि क्षेत्रमा प्रदान गरिने सेवा, सुविधा, सहुलियत, र अनुदान पारदर्शी एवम् अनुमानयोग्य बनाईनेछ। |
| ३. जनशक्ति विकास तथा व्यवस्थापन गर्ने। | १. पदपूर्ति, अनुगमन, तथा व्यवस्थापन कार्यलाई सघन तथा नतिजामुखी तुल्याइनेछ।<br>२. प्रदेश मातहत रहेका जनशक्ति/प्राविधिकहरूका लागि सेवा प्रवेश/सेवाकालीन तालिम, उच्च अध्ययनको व्यवस्था गरिनेछ तथा उत्कृष्ट कर्मचारी/संस्था पुरस्कृत गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. वित्तीय व्यवस्थापन प्रणाली सुधार गर्ने। | १. प्रदेश मातहतका सबै संस्था/निकायमा Real time web based वित्तीय व्यवस्थापन प्रणालीको विकास गरी सञ्चालनमा ल्याइनेछ तथा त्यसलाई समयानुकूल अद्यावधिक गरिनेछ।<br>२. वित्तीय व्यवस्थापन प्रणालीले निजी तथा सहकारीहरूको तथ्याङ्क तथा सूचना व्यवस्थापनलाई समेत सहयोग पुऱ्याउने व्यवस्था मिलाइनेछ। |
| ५. एकीकृत तथा समन्वयात्मक योजना तर्जुमा गर्ने। | १. स्थानीय तहका योजना तर्जुमामा दक्षता बढाउन क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ।<br>२. प्रदेश र स्थानीय तहको एकीकृत कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्न गराउन प्रदेशले वित्तीय व्यवस्था मिलाउनेछ।<br>३. परियोजना बैंक अवधारणा अनुरूप परियोजना तयार गर्न स्थानीय तहमा कार्यरत प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूलाई तालिम प्रदान गरिनेछ। |
| ६. तथ्याङ्क तथा सूचना व्यवस्थापन प्रणाली सुधार गर्ने। | १. मन्त्रालयमा मिडिया सेन्टरको स्थापना तथा सञ्चालन गरिनेछ।<br>२. मन्त्रालय अन्तर्गतका हरेक निकायमा सूचना अधिकारी तथा गुनासो सुनुवाइ डेस्कको व्यवस्था गरिनेछ।<br>३. प्रदेश मातहतका सबै संस्था/निकायहरूले नियमित रूपमा वेबमार्फत आफ्ना सबै कार्य प्रगति (मासिक, त्रैमासिक तथा वार्षिक) तथा सूचनाहरू प्रवाह गर्नेछन्। |
| ७. रणनीति कार्यान्वयनमा समन्वय गर्ने। | १. प्रादेशिक कृषि विकास रणनीति कार्यान्वयनलाई स्वचालित, सघन, र सक्षम तुल्याउन मुख्यमन्त्री तहदेखि स्थानीय तहसम्म समन्वय समिति गठन गरी तिनीहरूलाई परिचालन गरिनेछ।<br>२. मन्त्रालयमा विकास साझेदार तथा अन्य निकाय र संस्थाहरूसँग नियमित वार्तामा रहन, कार्य प्रगति समीक्षा गर्न, तथा आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण उपलब्ध गराउन सचिवस्तरीय संयुक्त क्षेत्रगत समीक्षा संयन्त्र स्थापना गरिनेछ। |
| ८. अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सुधार गरी नियमित तथा नतीजामुखी बनाउने। | १. नेपाल सरकारले प्रदेश र स्थानीय तहमा तथा प्रदेश सरकारले स्थानीय तहमा समपूरक, विशेष तथा सशर्त अनुदान अन्तर्गत पठाएको बजेट तथा कार्यक्रमको त्रैमासिक तथा वार्षिक समीक्षा गरिनेछ।<br>२. तीनै तहका सरकारबाट सञ्चालित कार्यक्रमहरूका बीचमा दोहोरोपना हुन नदिने व्यवस्था मिलाइनेछ।<br>३. प्रत्येक कार्यक्रम/परियोजनाको नतिजा सूचकहरूका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ। |

## ७.१ उच्च तथा दिगो उत्पादकत्व वृद्धि

१८५. कृषिको उच्च तथा दिगो उत्पादकत्व वृद्धि सम्बन्धी लक्ष्यहरू १० वटा प्रतिफलबाट हासिल गरिनेछ। यी दश प्रतिफल मध्ये दिगो भूमि व्यवस्थापन तथा उपयोग, कृषि जैविक विविधता संरक्षण/संवर्द्धन तथा जलवायु अनुकूलन प्रतिफलसँग सम्बन्धित क्रियाकलापहरू कृषि तथा भूमि व्यवस्था मन्त्रालय र वन तथा वातावरण मन्त्रालयको समन्वयमा कार्यक्रमको प्रकृति अनुसार एकल, सह वा संयुक्त लगानीमा सञ्चालन हुनेछन्।

१८६. कृषि भूमि र उत्पादन दुबै संकुचित हुँदै गइरहेको वर्तमान अवस्थामा बढ्दो जनसङ्ख्याको खाद्य सम्प्रभुता सहितको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न कृषि कार्यको लागि क्षेत्रफल विस्तार गर्न सकिने

सम्भावना नभएकाले कृषि उत्पादकत्व वृद्धिमा सुधार ल्याउनु जरुरी छ। उत्पादन लागत वृद्धि लगायतका विविध कारणहरूले जग्गा बाँझो छोड्ने प्रवृति बढ्दै गइरहेको सन्दर्भमा त्यसलाई निरुत्साहित गर्न युवा जनशक्तिलाई बाँझो जग्गामा खेती गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन हुनेछन्।

१८७. यो रणनीतिले कृषि उत्पादन वृद्धिका तीन तत्त्वहरू- गुणस्तरीय बीउ, सिंचाइ तथा रासायनिक मलको समग्र योगदान करिब ६० प्रतिशत हुने भएकाले कृषि उत्पादकत्व वृद्धिमा यी तीन तत्त्वहरूलाई प्राथमिकता दिनुका साथै सो अनुसार कार्यक्रम प्रस्तावित गरिएको छ।

१८८. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि उपयुक्त भू-व्यवस्थापनका साथै प्रविधि विकास, प्रसार, उपयोग तथा विस्तारको अहम् भूमिका हुने भएकाले यसमा सरकारी क्षेत्रको सहजीकरण र नियमनमा निजी तथा सहकारी क्षेत्रलाई जिम्मेवार सहयोगी निकायको रूपमा सहभागी गराई उनीहरूको लगानी, अनुभव, सीप, कुशलताको उपयोग गर्न गराउन यो रणनीतिका क्रियाकलापहरू केन्द्रित गरिएका छन्।

१८९. कृषि प्रविधि विकास र प्रसार प्रणालीलाई सबल र प्रभावकारी बनाउन कृषि अनुसन्धान र कृषि शिक्षासँग समन्वय र साझेदारीका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न यो रणनीतिले विभिन्न कार्यनीति प्रस्तुत गरेको छ। यसका लागि व्यवहारिक, द्रुत, समयानुकूल कृषि अनुसन्धान तथा प्रविधि प्रवर्द्धन गर्न प्रदेशको तराई र पहाडी क्षेत्रको प्रतिनिधित्व हुने गरी कम्तीमा दुईवटा कृषि नवप्रवर्तन तथा प्रदर्शन केन्द्रको स्थापना, स्वदेशमा कृषि स्नातकोत्तर र विद्यावारिधि गरिरहेका विद्यार्थीहरूलाई थेसिस ग्रान्ट, नव कृषि स्नातकहरूलाई इन्टर्न भइ व्यवहारिक ज्ञान सिक्ने सुविधा र प्रदेशको मागमा आधारित अध्ययन अनुसन्धान गर्न इन्टर्नशीप सहयोग, कल सेन्टर सहितको सामुदायिक कृषि तथा पशु सेवा प्रसार केन्द्र स्थापना र स्थानीय स्तरमा विविध सशर्त अनुदान समेतका प्रावधानहरू हुनेछन्।

१९०. उन्नत बीउ उत्पादन र प्रयोगमा ह्रास आएको खण्डमा कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा ठुलो असर पर्ने स्पष्ट छ। उत्पादन वृद्धिमा उन्नत बीउ बिजनको ज्यादै महत्त्व हुने भएकाले बीउ उत्पादनको लागि रासायनिक मलको अभाव हुन नदिन प्रदेश सरकारले सर्वप्रथम सरकारी फार्म र स्रोत केन्द्र; त्यस पछि बीउ उत्पादक कृषक समूह, सहकारी संस्था, तथा निजी कम्पनी; र तेस्रो स्थानमा साना/सीमान्त उत्पादकहरूको रासायनिक मलको माग सम्बोधन गरेपछि मात्र ठुला र व्यावसायिक कृषक र व्यापारिक घरानालाई उपलब्ध गराउने नीति लिनेछ। साथै रासायनिक मलको कालोबजारी हुन नदिन स्थानीय सरकार र प्रदेश सरकारको सम्बन्धित निकायहरूले सघन अनुगमन र नियमन गर्नेछन्।

१९१. उत्पादित बीउको गुणस्तर कायम गर्न प्रदेश स्थित बीउ बिजन प्रयोगशालाको क्षमता अभिवृद्धि गर्ने क्रियाकलापहरू सञ्चालन गरिनेछन्। यस अन्तर्गत, बीउ बिजन आत्मनिर्भर तथा बीउ बिजन हब विकास गरी दुई किसिमका कार्यक्रमहरू प्रस्ताव गरिएका छन्। आत्मनिर्भर कार्यक्रमले प्रदेश उन्नत बीउमा आत्मनिर्भर हुने र बीउ बिजन हब विकास कार्यक्रमले यो प्रदेशका छानिएका ६ जिल्लालाई नेपालको बीउको राजधानीको रूपमा विकास गरी प्रदेश र नेपालको अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउने लक्ष्य राखेको छ। यसका लागि सार्वजनिक क्षेत्रले गुणस्तरमा सुनिश्चितता कायम गर्न प्राविधिक सहयोग उपलब्ध गराउने, बीउ बिजन निरीक्षकहरूलाई तालिम प्रदान गर्ने, तथा निजी क्षेत्रका बीउ व्यवसायीहरूलाई सशक्त बनाउने कार्यमा सहयोग पुऱ्याउनेछ। बीउ हब (Seed Hub) सम्बन्धी प्रतिफल

हासिल गर्न प्रदेश स्थित निजी तथा सहकारी क्षेत्रका सक्षम बीउ उत्पादकहरूको पहिचान गरी गुणस्तरीय बीउ उत्पादन गर्ने क्षमता विकास गर्न आवश्यक आर्थिक तथा प्राविधिक सेवा उपलब्ध गराउने, बीउ मूल्य श्रृङ्खला सुदृढ गर्न उच्चस्तरको प्रविधिमा बीउ उत्पादक तथा व्यवसायीको सरल पहुँच पुऱ्याउने, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान निकायसँग समन्वय गराई बीउ/विजन अनुसन्धान र विकास पकेट क्षेत्रमा केन्द्रित हुने व्यवस्था मिलाइनेछ।

१९२. यस रणनीतिले जलवायु अनुकूलन तथा समानुकूलन क्षमता वृद्धि र कृषि जैविक विविधता संरक्षणलाई उच्च प्राथमिकतामा राख्दै सामुदायिक बीउ बैंकको स्थापना, प्रदर्शन फार्म, मूल्य अभिवृद्धि, बजारीकरणमा सहयोग जस्ता विभिन्न क्रियाकलाप र जलवायु मैत्री प्रविधिहरूको पहिचान, प्रसार, विस्तार तथा कृषि सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्न जोड दिनेछ।

१९३. उच्च तथा दिगो उत्पादकत्व वृद्धि सम्बन्धी १० प्रतिफल प्राप्त गर्न तालिका २२ मा उल्लेख भए बमोजिमका ८७ क्रियाकलापहरू प्रस्ताव गरिएका छन्।

**तालिका २२. उपलब्धि १ सँग सम्बन्धित क्रियाकलापहरू**

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू | | |
|---|---|---|---|---|
| १ | | | | **उच्च तथा दिगो उत्पादकत्व वृद्धि** |
| | १.१ | | | *दिगो भूमि व्यवस्थापन तथा उपयोग* |
| | | १.१.१ | | भूमिको खण्डीकरण न्यूनीकरणका लागि कार्यविधि तर्जुमा, समीक्षा, नवीकरण |
| | | १.१.२ | | बाली वस्तुको उत्पादकत्व वृद्धि गर्न सरकार, विकासका साझेदार, निजी तथा सहकारी क्षेत्रबाट परिचालन हुने स्रोतलाई एकट्ठा गरी पालिकाको नेतृत्वमा एकीकृत खेती प्रवर्द्धन (सामुदायिक खेती, सहकारी खेती वा चक्लाबन्दी) |
| | | १.१.३ | | भूमि बैंक स्थापना तथा सञ्चालनको लागि पालिका लाई समन्वयात्मक तथा प्राविधिक सहयोग |
| | | १.१.४ | | दिगो भू व्यवस्थापन प्रविधि सम्बन्धमा सचेतना तथा क्षमता विकास कार्यक्रम |
| | | १.१.५ | | हैसियत बिग्रेको जमिनको पहिचान तथा पुनर्स्थापना |
| | | १.१.६ | | माटो परीक्षण तथा सुधारः नेपाल कृषि अनुसन्धान परिषदले तयार गरेको प्रदेश, जिल्ला तथा स्थानीय स्तरको माटो नक्सा (soil map) अद्यावधिक गर्ने तथा त्यसको उपयोग |
| | | १.१.७ | | दलित, संकटासन्न तथा सीमान्तकृत समुदाय लक्षित बगर खेती कार्यक्रम सञ्चालन तथा व्यवस्थापन |
| | | १.१.८ | | सामुदायिक वन उपभोक्ता समूह तथा वन तथा वातावरण मन्त्रालयसँगको सहकार्यमा सामुदायिक वनमा फलफूल तथा वनजन्य उत्पादन तथा बजारीकरण |
| | | १.१.९ | | वन तथा वातावरण मन्त्रालयसँगको सहकार्यमा नमुना कृषि वन कार्यक्रम |
| | १.२ | | | *प्रविधि विकास, प्रसार तथा उपयोग* |

| उपलब्धि | प्रतिफल | | | क्रियाकलापहरू |
|---|---|---|---|---|
| | | १.२.१ | | सहभागितात्मक प्रविधि विकास |
| | | | १.२.१.१ | प्रदेश कृषि नवप्रवर्तन तथा प्रदर्शन केन्द्रको स्थापना (कम्तीमा तराई तथा पहाडमा १/१ वटा) |
| | | | १.२.१.२ | प्रदेश कृषि नवप्रवर्तन तथा प्रदर्शन केन्द्रको सञ्चालन तथा क्षमता अभिवृद्धि |
| | | | १.२.१.३ | नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका अनुसन्धान केन्द्र, प्रदेश सरकार र प्रदेशस्थित कृषि सम्बन्धी अध्ययन अनुसन्धान गर्ने शिक्षण संस्थासँगको साझेदारीमा रैथाने बाली तथा पशु वस्तु सम्बन्धी अनुसन्धान गर्न कृषि अनुसन्धान प्रवर्द्धन कार्यक्रम |
| | | | १.२.१.४ | नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका अनुसन्धान केन्द्र, प्रदेश सरकार र प्रदेशस्थित कृषि सम्बन्धी अध्ययन अनुसन्धान गर्ने शिक्षण संस्थासँगको साझेदारीमा तुलनात्मक लाभ भएका व्यावसायिक र नव बजारोन्मुख मूल्य श्रृङ्खलामा आधारित बाली तथा पशु वस्तुमा अनुसन्धान गर्न कृषि अनुसन्धान प्रवर्द्धन कार्यक्रम |
| | | | १.२.१.५ | प्रदेशको तुलनात्मक लाभ भएका व्यावसायिक, नव बजारोन्मुख र रैथाने बाली, माछा तथा पशुवस्तुमा स्नातकोत्तर र विद्यावारिधि गरी रहेका विद्यार्थीहरूलाई प्रदेशको जिल्ला तथा स्थानीय तहका कृषि तथा पशु सेवा शाखासँगको आवद्धतामा अनुसन्धान गर्न शोधपत्र सहयोग |
| | | | १.२.१.६ | प्रदेशस्थित कृषि शिक्षण संस्थाबाट स्नातक तथा स्नातकोत्तर अध्ययन सम्पन्न गरी १ वर्ष ननाघेका नव स्नातक विद्यार्थीहरूका लागि इन्टर्नशीप सहयोग |
| | | | १.२.१.७ | प्रदेशभित्र सञ्चालित कृषि अनुसन्धान संस्थाहरूको पूर्वाधार विकास तथा अनुसन्धान क्षमता अभिवृद्धिका लागि सशर्त सहयोग |
| | | | १.२.१.८ | जलवायु अनुकूलन तथा जलवायु प्रकोप सम्बन्धी नेपालको कुनै विश्वविद्यालयमा स्नातकोत्तर र विद्यावारिधि अध्ययनरत प्रदेशका स्थायी बासिन्दालाई लुम्बिनी प्रदेशमा अनुसन्धान गर्न प्रतिस्पर्धात्मक शोधपत्र निर्माण सहयोग |
| | | १.२.२ | | प्रविधि प्रसार, विस्तार तथा उपयोग वृद्धि |
| | | | १.२.२.१ | प्रदेश सरकार र पालिकाहरूले संयुक्त रूपमा किसान वर्गीकरण तथा सूचीकरणको कार्यलाई निरन्तरता दिने |
| | | | १.२.२.२ | पालिकाहरूलाई वडा स्तरमा सामुदायिक कृषि प्रसार तथा तालिम सेवा केन्द्र स्थापना गर्न मागमा आधारित सशर्त अनुदान |
| | | | १.२.२.३ | सामुदायिक कृषि प्रसार तथा तालिम सेवा केन्द्र सम्बद्ध व्यवस्थापन, कर्मचारी, स्थानीय स्रोत व्यक्ति तथा स्वयंसेवकको क्षमता विकास |
| | | | १.२.२.४ | कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, र पालिकाको कृषि/पशु स्वास्थ्य शाखाहरूको क्षमता विकास |
| | | | १.२.२.५ | कृषि प्रसारमा आधुनिक सूचना प्रविधि (ICT) को विकास र विस्तारका लागि पालिका लक्षित मागमा आधारित पूरक अनुदान |
| | | | १.२.२.६ | छनोट गरिएका बाली/वस्तु र प्रविधिको प्रसार तथा विस्तार गर्न |

| उपलब्धि | प्रतिफल | | | क्रियाकलापहरू |
|---|---|---|---|---|
| | | | | सम्बन्धित पालिका तथा एग्रोभेटको संयुक्त साझेदारीमा कार्य गर्न एग्रोभेट लक्षित प्रविधि सहकार्य कार्यक्रम (तालिम प्राप्त महिलाको स्वामित्व भएको वा सञ्चालक रहेको एग्रोभेटलाई प्राथमिकता) |
| | | | १.२.२.७ | छनोट गरिएका बाली/वस्तु र प्रविधिको प्रसार तथा विस्तार गर्न सम्बन्धित पालिका तथा कृषि/दुग्ध तथा साना किसान सहकारीको संयुक्त साझेदारीमा कार्य गर्न सहकारी लक्षित प्रविधि सहकार्य कार्यक्रम (तालिम प्राप्त महिलाको व्यवस्थापनमा सञ्चालित वा महिला सहकारीलाई प्राथमिकता) |
| | | | १.२.२.८ | अनुभवी कृषक र स्थानीय तहमा कार्यरत प्राविधिकको संयुक्त प्रयासमा छनोट गरिएका बाली/वस्तुको तालिम तथा प्रदर्शन फार्मको स्थापना र सञ्चालन |
| | | | १.२.२.९ | प्रदेशस्थित कृषि शिक्षण संस्था र अनुसन्धान केन्द्रको सहकार्यमा बाली/वस्तु विशेष स्थानीय स्रोत व्यक्ति उत्पादन तथा परिचालन |
| | १.३ | | | *एकीकृत जल तथा बाली व्यवस्थापन* |
| | | १.३.१ | | कृषि ज्ञान केन्द्र तथा पालिका कृषि शाखाको संलग्नतामा समूह तथा सहकारी सिंचाइ (पोखरी सिंचाइ, फोहोरा सिंचाइ, ड्रिप सिंचाइ, लिफ्ट सिंचाइ, स्यालो ट्यूववेल) एवम् सहभागितात्मक साना तथा लघु सिंचाइ कार्यक्रम |
| | | १.३.२ | | जल उपभोक्ता संस्था, स्थानीय तह तथा कृषि सहकारीको सहभागितामा एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम |
| | | १.३.३ | | ठुला सिंचाइ आयोजना तथा जलाशयहरूको कमाण्ड क्षेत्रमा सघन कृषि व्यावसायीकरण कार्यक्रम सञ्चालन (तराई/पहाडी क्षेत्र सिंचित कृषि मोडेलहरूको विस्तार) |
| | १.४ | | | *उत्पादन सामग्री (बीउ बिजन)मा पहुँच* |
| | | १.४.१ | | बीउ बिजन आत्मनिर्भर कार्यक्रम |
| | | | १.४.१.१ | निजी तथा सहकारी स्तरबाट सञ्चालित बीउ बिजन उत्पादकहरूको पहिचान र क्षमता अभिवृद्धि |
| | | | १.४.१.२ | बीउ चक्रमा आधारित पूर्वाधार विकास तथा गुणस्तर वृद्धिका लागि बीउ बिजन उत्पादक तथा व्यवसायीहरूलाई सशर्त ब्याज अनुदान |
| | | | १.४.१.३ | बीउ उत्पादक र व्यवसायीहरूको नेटवर्किंग मार्फत बजारीकरणमा सहयोग (खाद्यान्न तथा तरकारी बीउ सम्बन्धी) |
| | | | १.४.१.४ | बीउ बिजन उत्पादक तथा व्यवसायीहरूलाई बीउ बिजन उत्पादन चक्रको पालना तथा गुणस्तरीय उत्पादनको लागि पुरस्कृत गर्ने |
| | | १.४.२ | | खाद्यान्न तथा तरकारी बीउ हब विकास |
| | | | १.४.२.१ | बीउ मूल्य श्रृङ्खला सुदृढ गर्न बीउ बिजन व्यवसायीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कृषि अनुसन्धान केन्द्र मार्फत प्यारेन्टल लाइनको सुविधा सहित उच्चस्तरको प्राविधिक सेवा प्रवाहको व्यवस्था |
| | | | १.४.२.२ | खाद्यान्न तथा तरकारी बीउ निकासीकर्ताहरूलाई ब्याज अनुदान सहितको कर्जा सेवा |

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू | | |
|---|---|---|---|---|
| | | | १.४.२.३ | बीउ/बिजन पकेट क्षेत्रमा रोग कीराको प्रवेश नियन्त्रण गर्न आन्तरिक क्वारेन्टाइन कार्यक्रम |
| | | | १.४.२.४ | बीउ बिजन निकासी कार्यलाई सरलीकृत गर्न मान्यता प्राप्त प्रयोगशालाको विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम |
| | | | १.४.२.५ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कृषि अनुसन्धान केन्द्र तथा अन्तर्राष्ट्रिय बीउ उत्पादकहरूसँग सहकार्य गर्न बीउ मूल्य श्रृङ्खलाका बीउ उत्पादन तथा बजारीकरणमा संलग्न संस्था/निकायहरूलाई प्रोत्साहन |
| | | १.४.३ | | तरकारी तथा फलफूलका बिरुवाको उपलब्धता वृद्धि |
| | | | १.४.३.१ | हाईटेक तथा सेमिहाईटेक नर्सरी (तरकारी, फलफूल) निर्माण तथा सञ्चालनका लागि उत्पादनमा आधारित प्राविधिक तथा वित्तीय सहयोगमा सुनिश्चितता |
| | | | १.४.३.२ | निजी नर्सरीहरूको क्षमता अभिवृद्धि |
| | | | १.४.३.३ | उत्पादन सामग्रीको गुणस्तर अनुगमन तथा नियमन |
| | | १.४.४ | | मत्स्य बीज (भुरा)को उपलब्धता वृद्धि |
| | | | १.४.४.१ | निजी स्तरमा मत्स्य बीजका स्रोत केन्द्र स्थापना र क्षमता विकास (भौतिक तथा प्राविधिक सहयोग समेत) |
| | | | १.४.४.२ | सहकारी स्तरमा मत्स्य बीजका स्रोत केन्द्र स्थापना र क्षमता विकास (भौतिक तथा प्राविधिक सहयोग समेत) |
| | | | १.४.४.३ | प्रदेश मातहत रहेका मत्स्य फार्महरूको सुदृढीकरण गरी प्रदेशस्तरीय स्रोत केन्द्र विकास कार्यक्रम |
| | | १.४.५ | | पशु नश्ल तथा कृत्रिम गर्भाधान सेवा |
| | | | १.४.५.१ | सहकारी स्तरमा पशु नश्ल स्रोत केन्द्र स्थापना र क्षमता विकास |
| | | | १.४.५.२ | निजी स्तरमा पशु नश्ल स्रोत केन्द्र स्थापना र क्षमता विकास |
| | | | १.४.५.३ | सामुदायिक स्तरमा पशु प्रजनन तथा कृत्रिम गर्भाधान केन्द्र स्थापनामा सहजीकरण र सेवा प्रदान |
| | | | १.४.५.४ | प्रदेश मातहत रहेका पशुपन्छी फार्महरूको सुदृढीकरण गरी प्रदेशस्तरीय स्रोत केन्द्र विकास कार्यक्रम |
| | १.५ | | | *मलखाद उत्पादन, वितरण तथा उपयोग सुनिश्चितता* |
| | | १.५.१ | | प्राङ्गारिक, जैविक, सूक्ष्मतत्त्वयुक्त, तथा अन्य मलको उत्पादन, प्रवर्द्धन तथा गुणस्तर नियमन |
| | | | १.५.१.१ | निजी तथा सहकारी स्तरमा प्राङ्गारिक तथा जैविक मलको उत्पादनका लागि सशर्त ब्याज अनुदान सहित सरलीकृत वित्तीय सेवा प्रदान |
| | | | १.५.१.२ | गुणस्तरीय प्राङ्गारिक तथा जैविक मल उत्पादनका लागि प्राविधिक सेवाको सुनिश्चितता |
| | | | १.५.१.३ | स्थानीय स्तरमा उत्पादित प्राङ्गारिक तथा जैविक मलको गुणस्तर परीक्षण तथा प्रवर्द्धन |
| | | | १.५.१.४ | गुणस्तरीय प्राङ्गारिक, जैविक, सूक्ष्मतत्त्वयुक्त, तथा अन्य मल (जस्तै liquid fertilizers)को उपयोग तथा बजारीकरणमा सहयोग |

| उपलब्धि | प्रतिफल | | | क्रियाकलापहरू |
|---|---|---|---|---|
| | | | १.५.१.५ | कृषिमा कार्यरत सरकारी संयन्त्र मार्फत बजारमा पाइने सूक्ष्मतत्त्वयुक्त तथा अन्य मलको सूचना संकलन तथा सम्प्रेषण |
| | | १.५.२ | | रासायनिक मलको सुनिश्चितता |
| | | | १.५.२.१ | रासायनिक मलखाद वितरण व्यवस्था अनुगमन (रासायनिक मल वितरक, पालिका तथा प्रदेशका सम्बद्ध निकाय बीच रासायनिक मलको माग र आपूर्ति विषयमा अन्तरक्रिया तथा संघलाई पृष्ठपोषण) |
| | | | १.५.२.२ | रसायनिक मलखादको सर्वोत्तम व्यवस्थापन अभ्यास, अभिवृद्धि कार्यक्रम तथा नयाँ प्रविधि (polymer coated urea, briquette आदि)को प्रयोग विस्तार कार्यक्रम |
| | १.६ | | | *कृषि यन्त्रिकीकरण अभिवृद्धि* |
| | | १.६.१ | | प्रदेश तथा स्थानीय तहबाट कृषि यन्त्रिकीकरण योजना तर्जुमामा सहजीकरण र कृषि यन्त्रिकीकरण सहितको उत्तम बाली प्रविधि प्रवर्द्धन |
| | | १.६.२ | | ग्रामीण क्षेत्रमा कृषियन्त्र मर्मत/सम्भार केन्द्र स्थापनामा सहयोग तथा सञ्चालकलाई तालिम प्रदान |
| | | १.६.३ | | पोष्ट हार्भेष्ट सुविधा सहितको कस्टम हायारिङ केन्द्रको स्थापना र सञ्चालनमा सहजीकरण तथा साना र सीमान्त कृषकहरूको कृषि यन्त्रमा पहुँच वृद्धि कार्यक्रम |
| | | १.६.४ | | कृषियन्त्र प्रयोगमा तालिम प्राप्त सिमान्त र बिपन्न कृषकहरूलाई ऋण तथा अनुदान सहयोग |
| | | १.६.५ | | तराईमा निजी क्षेत्रको लागत साझेदारीमा कृषि यन्त्र भाडा सुविधा सहितको सिंचित क्षेत्रमा उपयुक्त कृषि फार्म स्थापना तथा सञ्चालन |
| | | १.६.६ | | तराईमा सहकारी क्षेत्रको लागत साझेदारीमा कृषि यन्त्र भाडा सुविधा सहितको सिंचित क्षेत्रमा उपयुक्त कृषि फार्म स्थापना तथा सञ्चालन |
| | | १.६.७ | | तराईमा निजी क्षेत्रको लागत साझेदारीमा कृषि यन्त्र भाडा सुविधा सहितको असिंचित क्षेत्रमा उपयुक्त कृषि फार्म स्थापना तथा सञ्चालन |
| | | १.६.८ | | तराईमा सहकारी क्षेत्रको लागत साझेदारीमा कृषि यन्त्र भाडा सुविधा सहितको असिंचित क्षेत्रमा उपयुक्त कृषि फार्म स्थापना तथा सञ्चालन |
| | | १.६.९ | | स्थानीय कृषि यन्त्र सहायक (कृषि यन्त्रदूत) उत्पादन तथा परिचालन कार्यक्रम |
| | १.७ | | | *कृषि कर्जा सरलीकरण तथा पहुँचमा वृद्धि* |
| | | १.७.१ | | व्यावसायिक योजना तर्जुमाका लागि कृषि कर्जा सहजकर्ताको क्षमता अभिवृद्धि तथा परिचालन |
| | | १.७.२ | | कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा कृषि कर्जा सहजकर्ताको नियुक्ति तथा परिचालन |
| | | १.७.३ | | कृषि कर्जा सहजकर्तालाई कार्य सम्पादनमा आधारित रही पुरस्कृत गर्ने कार्यक्रम |
| | १.८ | | | *रोगव्याधि व्यवस्थापन* |
| | | १.८.१ | | बाली (अन्न, तरकारी तथा फलफूल) |

| उपलब्धि | प्रतिफल | | | क्रियाकलापहरू |
| --- | --- | --- | --- | --- |
| | | | १.८.१.१ | एकीकृत शत्रुजीव व्यवस्थापनमा लगायत रोगव्याधि नियन्त्रणका सरल उपायहरूको प्रवर्द्धन तथा आकस्मिक रूपमा देखा पर्ने सबै किसिमका रोगव्याधि नियन्त्रणमा सरकारी, निजी तथा सहकारी क्षेत्रको एकीकृत परिचालन |
| | | | १.८.१.२ | विषादीरहित (प्राङ्गारिक) खेती अभिवृद्धिका लागि कृषि प्रदर्शन फार्म स्थापना तथा सञ्चालन |
| | | | १.८.१.३ | प्राङ्गारिक कृषिमा अति उत्तम प्रदर्शन गर्ने कृषक, व्यवसायी, सहकारी वा समूहलाई कार्य प्रगतिका आधारमा पुरस्कृत गर्ने |
| | | १.८.२ | | पशु स्वास्थ्य तथा चिकित्सा |
| | | | १.८.२.१ | प्रदेशमा मान्यताप्राप्त व्यावसायिक शैक्षिक संस्थाका सहकार्यमा स्थानीय पशु स्वास्थ्य सहायक उत्पादन, क्षमता विकास तथा परिचालन |
| | | | १.८.२.२ | जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको क्षमता अभिवृद्धि गरी विशिष्टीकृत खोप सेवाका साथै महामारी तथा आर्थिक हिसाबले महत्वपूर्ण पशुपन्छी रोग नियन्त्रण कार्यक्रम सञ्चालन |
| | | १.८.३ | | मत्स्य स्वास्थ्य व्यवस्थापन |
| | | | १.८.३.१ | मत्स्य स्वास्थ्य व्यवस्थापनका लागि सरकारी सहयोगमा कृषक तथा व्यवसायीहरूको क्षमता अभिवृद्धि |
| | | | १.८.३.२ | मत्स्य रोग तथा परजीवी पहिचान तथा नियन्त्रणका लागि निजीस्तरमा प्रयोगशाला स्थापना तथा सञ्चालन |
| | १.९ | | | *कृषि जैविक विविधता संरक्षण* |
| | | १.९.१ | | कृषि जैविक विविधता सम्बन्धी कार्य गर्न प्रदेश स्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने फोकल एकाइको स्थापना र सञ्चालन |
| | | १.९.२ | | प्रदेश स्तरमा स्थानीय आनुवंशिक स्रोत तथा कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग तथा प्रदेशस्तरीय संरक्षण नीति तथा मापदण्ड तर्जुमा एवं नियमन सम्बन्धी कार्य |
| | | १.९.३ | | स्थानीय आनुवंशिक स्रोत तथा कृषि जैविक विविधता संकलन, संरक्षण तथा अभिवृद्धिका लागि सहभागितात्मक बाली प्रजनन कार्यक्रमबाट सामुदायिक बीउ बैंक स्थापना |
| | | १.९.४ | | प्रदेशका रैथाने बाली/जात पहिचान र संरक्षणका लागि अनुभवी अगुवा कृषक, सहकारी तथा निजी क्षेत्रको क्षमता अभिवृद्धि |
| | | १.९.५ | | कृषि जैविक विविधता संरक्षणका लागि सहकारी तथा स्थानीय तहको लागत साझेदारीमा प्रदर्शन पर्या फार्म (बाली तथा पशुपन्छी) स्थापना |
| | | १.९.६ | | स्थानीय बाली तथा वंशको संरक्षणका लागि मूल्य अभिवृद्धि, उत्पादन विविधीकरण तथा बजार पहुँच कार्यक्रम |
| | | १.९.७ | | रैथाने बाली/वस्तु उत्पादन विशेष पकेट क्षेत्र विकास कार्यक्रम |
| | १.१० | | | *जलवायु अनुकूलन क्षमता वृद्धि तथा सूचना प्रवाह* |
| | | १.१०. | | प्रदेशको भूगोल अनुसार जलवायु अनुकूलन प्रविधिहरूको पहिचान |

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू | | |
|---|---|---|---|---|
| | | १ | | तथा सूचीकरण (उच्च पहाडी, पहाडी तथा तराई) |
| | | १.१०.<br>२ | | जलवायु अनुकूलन सम्बन्धमा प्रदेश स्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने फोकल एकाइ स्थापना र सञ्चालन |
| | | १.१०.<br>३ | | जलवायु परिवर्तनका नकारात्मक असरहरू न्यूनीकरणका लागि स्थानीय तह, सरोकारवालाहरू र कृषकहरूको समानुकूलन क्षमता अभिवृद्धि |
| | | १.१०.<br>४ | | जलवायुमैत्री कृषि प्रविधि र विस्तारका लागि स्थानीय तहमा जलवायु अनुकूलन विशेष कृषि कार्यक्रम सञ्चालन |
| | | १.१०.<br>५ | | जलवायु परिवर्तनका असरबाट हुने प्राकृतिक प्रकोपबाट स्थानीय समुदायलाई जोगाउन पूर्वसचेतना प्रणालीको विकास तथा सूचना प्रवाह |
| | | १.१०.<br>६ | | खडेरीको सम्मुखता, संकटासन्नता र जोखिमको लेखाजोखाका साथै खडेरी/सुक्खा प्रभावित भू-उपयोग र बालीनालीको प्रवर्द्धन कार्यक्रम |

## ७.२ कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि

१९४. यो प्रतिफल हासिल गर्नका लागि प्रदेश भित्र लगानी गर्ने उद्यमी/व्यवसायीहरूलाई व्यावसायिक करमा सहुलियत तथा अन्य सुविधा उपलब्ध गराउन लगानी मैत्री नीति नियम तर्जुमा गर्ने, सहकारी संस्था र निजी क्षेत्रलाई बजार प्रतिस्पर्धामा सहभागी हुन समान अवसर प्रदान गर्न निर्देशिका र मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, सङ्घीय तथा प्रदेश सरकारबाट लागू भएका ऐन नियम निजी क्षेत्र मैत्री भए/नभएको पुनरावलोकन तथा परीक्षण गरी समसामयिक सुधार गर्न प्रदेश स्तरमा कृषि नीति अध्ययन संस्था स्थापना गरी सञ्चालनमा ल्याउने जस्ता क्रियाकलापहरू सञ्चालन गरिनेछन्।

१९५. रैथाने तथा तुलनात्मक लाभका कृषि बाली/वस्तुको पहिचान, गुणस्तर सुधार र ब्रान्डिङ गर्दै नेपाली तथा सीमा क्षेत्रका उपभोक्ताहरूको त्यस्ता बाली/वस्तु प्रति आकर्षण वृद्धि गरिनेछ। नेपाली उत्पादनको बजार विस्तार गर्न सबै सरोकारवालाहरूको ध्यान आकर्षण गरिनेछ।

१९६. निजी तथा सहकारी क्षेत्र, साना, मध्यम तथा वृद्धि उन्मुख नवप्रवर्तकहरूको क्षमता विकास गरी उनीहरूलाई बजार जोखिम बहन गर्न सक्षम बनाउँदै कृषि मूल्य श्रृङ्खलाको सुदृढीकरणमा यो प्रतिफल क्रियाशील हुनेछ।

१९७. कृषि, भेटेरिनरी तथा मत्स्यपालनमा संलग्न कृषक, व्यवसायी तथा सम्बन्धित प्राविधिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने; असल कृषि अभ्यासका विधिहरू अपनाउने; स्वस्थ तथा स्वच्छ खाद्य वस्तु उत्पादन गर्न गराउन सहयोग गर्ने; प्राङ्गारिक तथा विषादी रहित तरकारी तथा फलफूल उत्पादनलाई प्रोत्साहित गर्ने; तथा बजारमा बिक्रीमा आउने तरकारी तथा फलफूलको द्रुततर विषादी परिक्षण गर्ने जस्ता कार्यक्रमहरूमा जोड दिइनेछ।

१९८. बाली/वस्तु विविधीकरणका लागि पशुपन्छीको दाना उत्पादनमा संलग्न उद्योगलाई आवश्यक कच्चा पदार्थ स्वदेशमै आपूर्ति गर्न मकै भटमास जस्ता बालीको पकेट क्षेत्र निर्धारण गरी सघन खेती सञ्चालन गर्ने, शहरोन्मुख precision and protected तथा hydroponic प्रणालीमा आधारित तरकारी खेती,

पुष्प खेती, च्याउ, मह लगायतका बाली जस्तै प्रवर्द्धनका अतिरिक्त दशैं-तिहार पर्व केन्द्रित खसीबोका उत्पादन तथा बजारीकरण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

१९९. यो रणनीतिको दोस्रो उपलब्धि "कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि" को नतिजा तालिका २३ मा देखाइएका ६ वटा प्रतिफल र ती प्रतिफल प्राप्त गर्न सञ्चालन गरिने ३० वटा क्रियाकलापहरूबाट हासिल हुनेछ।

## तालिका २३. उपलब्धि २ सँग सम्बन्धित क्रियाकलापहरू

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू | |
|---|---|---|---|
| २ | | | **कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि** |
| | २.१ | | *उत्पादन तथा लगानी मैत्री नीति तर्जुमा तथा कार्यान्वयन* |
| | | २.१.१ | कृषि व्यावसायीकरणमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि गर्न प्रदेशस्तरीय निजी क्षेत्र संलग्नता मार्गदर्शन तयार गर्ने |
| | | २.१.२ | सहकारी तथा निजी क्षेत्रलाई प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट पुऱ्याउनु पर्ने विशेषज्ञ सेवा प्रदान गर्ने फोकल एकाइ स्थापना र सञ्चालन |
| | | २.१.३ | निजी तथा सहकारी क्षेत्रको समकालीन समस्या पहिचान तथा निराकरणका लागि सङ्घीय तथा स्थानीय तहको सहभागितामा गोष्ठी तथा अन्तरक्रिया गरी लगानी वातावरण तथा बजार अवसर सिर्जनामा सहयोग गर्ने |
| | | २.१.४ | व्यावसायिक कृषिमा संलग्न सबै किसिमका संस्थाहरूको पहिचान र पञ्जीकरण गर्ने – वेबमा आधारित |
| | | २.१.५ | सङ्घीय तथा प्रदेश सरकारबाट लागू गरिएका ऐन, नियम, नीति पुनरावलोकन र निजी क्षेत्र लगानी मैत्री भए/नभएको परीक्षण गरी निराकरणका लागि नीति अनुसन्धान गर्न प्रदेशस्तरीय कृषि नीति अध्ययन प्रतिष्ठान स्थापना गर्ने |
| | | २.१.६ | प्रदेशमा लगानी गर्ने उद्यमी/व्यवसायीहरूलाई प्रदेश सरकारका तर्फबाट उपलब्ध गराउन सकिने व्यावसायिक कर छुट तथा अन्य सुविधा निश्चित अवधिसम्मका लागि उपलब्ध गराई सशर्त ब्याज अनुदान उपलब्ध गराउने |
| | | २.१.७ | सहकारी संस्था र निजी क्षेत्रलाई बजार प्रतिस्पर्धामा सहभागी हुन समान सुविधा र सहुलियत प्रदान गर्ने |
| | | २.१.८ | उद्योगीहरूलाई आफ्ना उत्पादन प्रदर्शन तथा प्रवर्द्धन गर्न व्यापार तथा लगानी मेला आयोजना गर्न अभिप्रेरित गर्ने |
| | २.२ | | *कृषि बजार सूचना प्रणालीको विकास तथा पहुँच* |
| | | २.२.१ | उत्पादक तथा बजार एजेन्ट मैत्री सही समयमा आधारित बजार सूचना प्रणालीको विकास तथा उपयोग गर्ने वातावरण निर्माण गर्ने |
| | | २.२.२ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँच वृद्धि तथा प्रोत्साहन गर्न व्यावसायिक उत्पादनमा संलग्न कृषि व्यवसायीहरूलाई बजार मेला प्रदर्शनमा सहभागी हुन सहयोग गर्ने |
| | | २.२.३ | साना कृषक (उत्पादक)हरूलाई World Fair Trade Organization सँग आवद्ध व्यापारीसँग Fair Tradeको सिद्धान्त पालना गर्ने गरी जोडिन सहजीकरण गर्ने |
| | | २.२.४ | कृषि उपज निकासी प्रवर्द्धन गर्न मानक प्रयोगशालाहरू (Accredited laboratory) को स्थापना तथा प्रमाणीकरण गर्ने |

| उपलब्धि | प्रतिफल | | क्रियाकलापहरू |
|---|---|---|---|
| | २.३ | | *खाद्य स्वच्छता सहित असल कृषि तथा पशु स्वास्थ्य अभ्यास संहिता पालन* |
| | | २.३.१ | व्यावसायिक कृषकहरूलाई असल कृषि अभ्यास अपनाउने बनाउन कृषक तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्ने |
| | | २.३.२ | व्यावसायिक पशुपालक कृषकहरूलाई असल पशु स्वास्थ्य अभ्यास अपनाउन कृषक तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्ने |
| | | २.३.३ | व्यावसायिक मत्स्यपालक कृषकहरूलाई असल मत्स्य अभ्यास अपनाउन कृषक तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्ने |
| | | २.३.४ | असल कृषि, पशु तथा मत्स्य अभ्यास अवलम्वन गर्ने उत्पादकहरूलाई पुरस्कृत तथा प्रोत्साहन गर्ने |
| | | २.३.५ | खाद्य स्वच्छता तथा गुणस्तर प्रवर्द्धन क्षमता वृद्धि (स्थानीय तहमा कार्यरत प्राविधिकहरू र खाद्यान्न वस्तु उत्पादनमा संलग्न उद्योग र व्यवसायी)मा सहयोग गर्ने |
| | | २.३.६ | प्रदेश तथा स्थानीय तहको व्यवस्थापनमा रहेका फलफूल तथा तरकारी बजारहरूमा द्रुत विषादी अवशेष विश्लेषण गर्ने व्यवस्था मिलाउने |
| | २.४ | | *पोस्ट हार्भेष्ट तथा मूल्य व्यवस्थापन* |
| | | २.४.१ | सौर्य ऊर्जामा आधारित स्टोर, सुधारिएको अन्न भण्डार, सेलार स्टोर तथा कोल्ड स्टोर निर्माण तथा सञ्चालनमा सहयोग गरी पोष्टहार्भेष्ट क्षति न्यूनीकरण गर्ने |
| | | २.४.२ | कृषि उपजको उचित मूल्यमा खरिद बिक्रीका लागि उपयुक्त स्थानहरूमा कृषि उपज लिलाम बढाबढ (अक्सन) केन्द्रहरूको स्थापना गर्ने |
| | | २.४.३ | कृषि उपजको पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण गर्न उत्पादक तथा उद्यमीहरूको क्षमता अभिवृद्धि गर्ने |
| | २.५ | | *बाली/वस्तु विविधीकरण* |
| | | २.५.१ | विपन्न, महिला तथा संकटापन्न समूहको सहभागिता सुनिश्चित गर्दै बाली विविधीकरण सम्बन्धी प्राविधिक तथा वित्तीय सेवा सरलीकरण गर्न उपयुक्त संस्था/निकायबाट एकद्वार सेवा प्रणालीको व्यवस्था मिलाउने |
| | | २.५.२ | पशुपन्छीको दानाका लागि उपयुक्त मकै, भटमास लगायतका कच्चा पदार्थ उत्पादन गर्न निजी क्षेत्रको अगुवाइमा दाना केन्द्रित सघन खेती कार्यक्रम सञ्चालन गर्ने |
| | | २.५.३ | साना/सीमान्त/संकटापन्न समूहहरूलाई दशैंतिहार पर्व केन्द्रित खसीबोका उत्पादन तथा बजारीकरण कार्यक्रममा संलग्न गराउने |
| | | २.५.४ | शहरी र शहरोन्मुख क्षेत्र लक्षित प्रि-सिजन तथा प्रोटेक्टेड तरकारी खेती, पुष्प खेती, च्याउ, मह तथा हाइड्रोपोनिक प्रणालीमा आधारित शहरी खेती प्रवर्द्धन कार्यक्रममा सहयोग गर्ने |
| | | २.५.५ | स्टार्ट-अप तथा नवप्रवर्तक लक्षित कृषि बिजनेस इन्कुवेटर/प्रवर्द्धक सेवामा पहुँच तथा क्षमता वृद्धि गर्ने |
| | | २.५.६ | सीमापारबाट हुने बढ्दो आयात न्यूनीकरण गर्न विशिष्टीकृत तरकारी, फलफूल (ओखर, काजु लगायत) तथा अन्य बाली/वस्तुको उत्पादन प्रवर्द्धन |
| | २.६ | | *उत्पादन प्रशोधन तथा मूल्य अभिवृद्धि* |

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू | |
|---|---|---|---|
| | | २.६.१ | मूल्य श्रृङ्खलामा आवद्ध उत्पादक, प्रशोधक (मील/उद्योग), बिक्रेता (खुद्रा, थोक, निर्यातकर्ता), आदि बीच व्यावसायिक करार गरी कृषि तथा पशुजन्य उत्पादन पकेटमा व्यावसायिक खेती गर्न सहजीकरण गर्ने |
| | | २.६.२ | कृषि तथा वन पैदावारमा आधारित उद्योगहरूको प्राविधिक, पूर्वाधार तथा आर्थिक क्षमता विकास गर्न सहयोग गर्ने |
| | | २.६.३ | प्रदेशमा उत्पादित रैथाने तथा तुलनात्मक लाभ बढी भएका बाली/वस्तुको ग्रेडिङ, ब्राण्डिङ तथा बजारीकरणमा समन्वय र सहयोग गर्ने |

## ७.३ कृषि व्यावसायीकरण अभिवृद्धि

२००. कृषि व्यवसायलाई नाफामुखी तुल्याउन लुम्बिनी प्रदेश सरकारले मुख्य रूपमा चार बुँदामा ध्यान दिनेछः

(१) उत्पादनको गुणस्तरमा सम्झौता नगरी कृषि उपजको उत्पादन लागत घटाउन उत्पादक तथा मूल्य अभिवृद्धिमा संलग्न व्यवसायी/कम्पनी/उद्योग (धान मील, दाना उद्योग, आदि) बीच व्यावसायिक करार वा अन्य उपायबाट सहकार्य, सूचना आदानप्रदान तथा अन्तर सम्बन्ध सुदृढीकरण।

(२) उत्पादकत्व वृद्धि गर्न कृषक तथा व्यवसायीहरूलाई सहजीकरण।

(३) उत्पादित वस्तुको गुणस्तर तथा स्वस्थता सुरक्षा।

(४) प्रदेशमा उत्पादित वस्तुको प्रदेश भित्र, छिमेकी प्रदेश र विदेशमा निर्यात गर्न सहजीकरण।

२०१. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकेजिङ्ग जस्ता मूल्य अभिवृद्धिमा संलग्न उद्योगलाई कृषि तथा वन पैदावारमा आधारित उद्योगमा समावेश गराइ कृषिको व्यावसायीकरण एवम् प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ।

२०२. त्यसै गरी, यो रणनीतिले कृषि व्यावसायीकरणको अभिवृद्धिका लागि प्रदेश स्तरमा स्थायी प्रकृतिको मूल्य श्रृङ्खला विकास कार्यक्रम मार्फत उत्पादक, प्रशोधक र व्यापारीहरूलाई आवद्ध गर्ने वा समान प्रकृतिका कार्यक्रमहरूबाट मूल्य श्रृंखला विकाससँग सम्वन्धित क्रियाकलापहरू सञ्चालन गर्न जोड दिएको छ।

२०३. कृषि व्यावसायीकरण अभिवृद्धिको लागि प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयले लुम्बिनी प्रदेश अर्थ मन्त्रालय तथा प्रदेश योजना आयोगसँगको सहकार्यमा कृषक, अनुदानग्राही, परिलक्षित समूह तथा सरोकारवालाहरूले उठाउंदै आएका सवाल र गुनासोहरूलाई सम्बोधन गर्न वर्तमान अनुदान नीति र प्रक्रियालाई परिष्कृत गर्दै कृषक मैत्री तथा व्यवहारिक बनाउन वर्तमान टुक्रे अनुदान प्रणालीलाई समीक्षा गरी सर्वव्यापी अनुदानमा रूपान्तरण गर्न देहायका व्यवस्था गरिनेछ।

(१) सूचीकरणका आधारमा साना/सीमान्त कृषक एवम् उद्यम/उद्योगलाई निजी पूर्वाधार विकासका लागि पूँजीगत अनुदान शुरुमा बैंकबाट ऋणको रूपमा उपलब्ध गराउने र तोकिएको अवधि पछि संस्थाको आर्थिक क्रियाकलाप, क्षमता विस्तार, तथा कार्य प्रगतिको आधारमा ऋण मिनाहा वा ब्याज अनुदान दिने व्यवस्था मिलाइनेछ।

(२) कृषक समूह, सहकारी र निजी कम्पनीलाई एकै समूहमा राखी समान मापदण्ड र विधिबाट ब्याज अनुदान वा पुँजीगत अनुदान उपलब्ध गराउने वर्तमान प्रणाली अन्त्य गर्दै स्वीकृत कार्यक्रम बजेटको परिधि र अन्य मापदण्डका आधारमा कोटा छुट्याई कृषक समूह, सहकारी र निजी क्षेत्र/फर्मबीच अलग अलग प्रतिस्पर्धा गराउने। यसबाट सबैले समान अवसर पाउनुका साथै भिन्न-भिन्न क्षमता, विशेषता र सबल/दुर्बल पक्ष भएका संस्थाहरू बीच प्रतिस्पर्धा हुने स्थितिको अन्त्य हुने र एक अर्कामा अनुभव र सिकाइ आदान प्रदान हुने अपेक्षा गरिएको छ।

(३) मध्यम र ठुला उद्योग/उद्यमीहरूलाई कर्पोरेट सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत मन्त्रालयले निर्दिष्ट गरेको स्थान र लक्षित समूहलाई सेवा दिने शर्तमा मात्र ब्याज अनुदान उपलब्ध गराइनेछ।

(४) नवप्रवर्तक उद्यमी तथा वृद्धिउन्मुख नयाँ उद्यमीहरूलाई Business Incubator को सेवा अनिवार्य गरी तोकिएको अवधिभित्र अनुदान फिर्ता गर्ने शर्तमा घुम्ती पूँजी र ब्याज अनुदान उपलब्ध गराइनेछ।

(५) हाल सञ्चालनमा रहेको क्रियाकलापगत अनुदान प्रणालीलाई क्रमशः न्यूनीकरण गर्दै उत्पादनमा आधारित अनुदान प्रणालीमा रूपान्तरण गर्न अनुदानको आधार र मोडालिटी परिष्कृत गरिनेछ। निश्चित समयावधि भित्र तोकिएका शर्तहरू पूरा गरी आवेदन दिने सबैको आवेदन/पेश गरेका प्रमाण र कागजातहरू एकै साथ खोली तत्काल प्रक्रियामा लगी अनुदान उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

२०४. पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम मार्फत दुग्ध पदार्थ आयात न्यूनीकरण गर्न सघाउ पुऱ्याउने प्रकृतिका विशेष दुध मूल्य श्रृंखला विकास कार्यकम तथा खाने माछाको आयात कम गर्न मूल्य श्रृंखलामा आधारित युवा लक्षित विशेष मत्स्य विकास कार्यक्रमलाई निरन्तरता दिन यो रणनीतिले सुझाएको छ ।

२०५. कृषि उपज/वस्तु आयात न्यूनीकरण गर्न तुलनात्मक लाभ र अवसरको आधारमा जिल्ला वा पालिका विशेष कृषि उपज प्राथमिकता कार्यक्रम, कृषिमा युवा विशेष कार्यक्रम तथा समर्थन मूल्य तोकिएका वस्तुहरू खरिद बिक्री सुलभ बनाउने जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छन्।

२०६. कृषि बीमालाई कृषकमैत्री बनाउन बीमा अभिकर्ताको क्षमता अभिवृद्धि तथा बीमाको हानि नोक्सानी सहित समयमा दावी पेश गर्न कृषकहरूको क्षमता विकास गर्ने कार्यक्रमहरूमा जोड दिइनेछ।

२०७. उपलब्धि ३, "कृषि व्यावसायीकरण अभिवृद्धि" सम्बन्धी नतिजा तालिका २४ मा देखाइए अनुसार ५ वटा प्रतिफल र १८ वटा क्रियाकलापहरूबाट प्राप्त हुनेछ।

**तालिका २४. उपलब्धि ३ सँग सम्बन्धित क्रियाकलापहरू**

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू | |
|---|---|---|---|
| ३ | **कृषि व्यावसायीकरण अभिवृद्धि** | | |
| | ३.१ | *मूल्य श्रृङ्खला विकास तथा सुदृढीकरण* | |
| | | ३.१.१ | मूल्य श्रृङ्खला विकास मार्फत व्यावसायिक कृषि प्रवर्द्धन गर्न धान-मील मोडेल वा उत्पादक, प्रशोधक (मील) र व्यापारी (मकै उत्पादक, संकलनकर्ता, पशु |

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू | |
|---|---|---|---|
| | | | दाना उद्योग) आवद्ध हुने समान प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने |
| | | ३.१.२ | मूल्य श्रृङ्खला विकास कार्यक्रम सञ्चालन गर्ने |
| | | ३.१.३ | व्यावसायिक कृषि करार कार्यान्वयनमा सम्बन्धित पक्षलाई सहयोग र क्षमता विकास गर्ने |
| | | ३.१.४ | प्रदेश भित्रका सडक करिडोरमा उपयुक्त पकेट क्षेत्र पहिचान गरी तरकारी, फलफूल र तुलनात्मक लाभ बढी भएका बाली/वस्तुहरूको सघन मूल्य श्रृङ्खला विकास गर्ने |
| | | ३.१.५ | लघु, साना तथा मझौला उद्योगको प्राविधिक तथा पूर्वाधार क्षमता वृद्धि गर्ने |
| | ३.२ | *पशुपन्छी तथा मत्स्य विकास* | |
| | | ३.२.१ | दुग्ध पदार्थ (घीउ, बटर, पाउडर दुध, आदि) को आयात न्यूनीकरण गर्न तुलनात्मक लाभ र अवसरको आधारमा दुध मूल्य श्रृङ्खलामा आधारित दुध उत्पादन र बजारीकरण विशेष कार्यक्रम सञ्चालन गर्ने |
| | | ३.२.२ | खाने माछा आयात न्यूनीकरण गर्न मूल्य श्रृङ्खलामा आधारित कार्यक्रम सञ्चालन गर्ने |
| | | ३.२.३ | मत्स्य मूल्य श्रृङ्खलाको विकास तथा सुदृढीकरणमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने |
| | ३.३ | *प्राथमिकताका बाली/वस्तु प्रवर्द्धन* | |
| | | ३.३.१ | कृषि उपज/वस्तुको आयात न्यूनीकरण गर्न जिल्लाको तुलनात्मक लाभ र अवसरको आधारमा पहिचान गरिएका प्राथमिकता प्राप्त बाली/वस्तुको उत्पादन बढाउन मूल्य श्रृङ्खला विकास कार्यक्रम सञ्चालन गर्ने |
| | | ३.३.२ | नेपाल सरकारले तोकेको बाली/वस्तुको समर्थन मूल्य बाहेक प्रदेशको प्राथमिकतामा परेका बाली तथा वस्तुको समर्थन मूल्य तोक्ने र तोकिएको समर्थन मूल्यमा खरिद गर्ने प्रबन्ध मिलाउने |
| | | ३.३.३ | समर्थन मूल्य तोकिएका वस्तुहरू खरिद बिक्री गर्ने निजी, सहकारी, तथा सरकारी संस्था/निकायलाई पूर्वाधार निर्माण तथा मेशिनरी औजारको व्यवस्था गर्न सहयोग गर्ने |
| | | ३.३.४ | प्राथमिकता प्राप्त बाली/वस्तुको मूल्य श्रृङ्खलामा युवाको सहभागिता बढाउन कार्यक्रम सञ्चालन गर्ने |
| | ३.४ | *आन्तरिक क्वारेन्टाइन व्यवस्थापन* | |
| | | ३.४.१ | प्रदेशमा औपचारिक तथा अनौपचारिक रूपमा आयात भइरहेका वस्तु/उपजको पहिचान गरी नियमन गर्न सम्बन्धित पक्ष/निकायहरूको सचेतना अभिवृद्धि गर्न रियल टाइममा आधारित आन्तरिक क्वारेन्टाइन प्रणालीको विकास गर्न पहल गर्ने |
| | | ३.४.२ | रोग लागेका/संक्रमित बाली/पशुधनको आवश्यक परीक्षण पछि अन्य जिल्ला वा स्थानीय तहमा पठाउने वा नष्ट गर्ने व्यवस्था मिलाउन आवश्यकता अनुसार स्थायी/अस्थायी होल्डिङ केन्द्र सञ्चालनमा ल्याउने |
| | | ३.४.३ | आन्तरिक क्वारेन्टाइन गर्नु पर्ने बाली/वस्तुको ओसारपसार नियन्त्रण गर्न स्थानीय तहको नेतृत्वमा कार्यक्रम सञ्चालन गर्ने |
| | ३.५ | *कृषि तथा पशु बीमा व्यवस्था* | |

| उपलब्धि | प्रतिफल | | क्रियाकलापहरू |
|---|---|---|---|
| | | ३.५.१ | कृषि तथा पशुपन्छी बीमामा कृषक तथा व्यवसायीको पहुँच वृद्धि गर्न प्रदेश भित्र निर्जीवन बीमा कम्पनीको उपस्थिति र सकृयता बढाउन आवश्यक क्रियाकलापहरू सञ्चालन गर्ने |
| | | ३.५.२ | कृषि बीमा सुविधाको सदुपयोग तथा सही किसिमले हानि नोक्सानी दावी गर्न सक्ने तुल्याउन कृषकहरूको क्षमता अभिवृद्धि गर्ने |
| | | ३.५.३ | कृषि तथा पशुपन्छी बीमालाई सरल एवम् कृषकमैत्री तुल्याउन बीमा अभिकर्ता तथा क्षती मूल्याङ्कनकर्तालाई तालिम तथा प्रोत्साहन प्रदान गर्ने |

## ७.४ कृषि पूर्वाधार तथा बजार विकास र सुधार

२०८. कृषि उत्पादन वृद्धि, उत्पादित वस्तुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि, तथा नाफामुखी कृषि व्यावसायीकरणको लागि कृषि पूर्वाधार तथा बजारको महत्त्वपूर्ण स्थान हुन्छ। यो प्रदेशले बागमती, गण्डकी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशमा समेत कृषि वस्तु आपूर्ति गर्ने भएकाले यहाँ उत्पादित कृषि वस्तुको बजार सुनिश्चितताको लागि यो रणनीतिमा कृषि पूर्वाधार तथा बजार विकासलाई विशेष जोड दिएको छ।

२०९. विगतका धेरै परियोजनाहरूले निर्माण गरेका संरचना तथा सुविधाहरूको उचित संरक्षण र मर्मत सम्भार गर्दै नयाँ पूर्वाधार तथा बजार विकासका कार्यलाई अगाडि बढाइनेछ। बजार विकास गर्दा प्रदेशको पर्यटन क्षेत्र तथा निर्माणाधीन एवम् भविष्यमा निर्माण गरिने सडक करिडोर, केबलकार जस्ता संरचनाहरूमा विशेष ध्यान दिइनेछ। यसो गर्दा वातावरण सुरक्षाका लागि बनेका ऐन नियमका प्रावधान तथा संहिता माथि कुनै सम्झौता गरिने छैन।

२१०. कृषि तथा बजार पूर्वाधार तर्फ निर्माणाधीन ठुला सिंचाइ आयोजनाहरू समयमा सम्पन्न गर्न गराउन प्रदेश सरकारले नेपाल सरकारलाई आवश्यक सहयोग गर्नुका साथै नेपाल सरकारको समपूरक तथा विशेष अनुदान अन्तर्गत मध्यम स्तरका सिंचाइ परियोजनाहरूको सम्भाव्यता अध्ययन लगायत निर्माणका क्रियाकलापहरू सञ्चालन गर्न यो रणनीतिले जोड दिनेछ। साथै, विशेष कृषि सडक र बजार संरचनाहरूको निर्माण तथा सुधार एवम् उत्पादन मैत्री बजार व्यवस्थापनमा उचित ध्यान दिइनेछ।

२११. नयाँ कृषि उपज संकलन केन्द्रहरूको निर्माण तथा पुराना संरचनाहरूको स्तरोन्नतिका अतिरिक्त मत्स्य, पशु हाट बजार केन्द्रको स्थापना तथा सुविधा विस्तार गर्नुका साथै त्यस्ता संरचनाहरूलाई महिला कृषक मैत्री तुल्याउन समेत यो रणनीतिले जोड दिएको छ।

२१२. उपलब्धि ४, "कृषि पूर्वाधार तथा बजार विकास र सुधार" को नतिजा तालिका २५ मा उल्लेख भए अनुसारका ५ प्रतिफल र ९ क्रियाकलापहरूबाट प्राप्त हुनेछ।

**तालिका २५. उपलब्धि ४ सँग सम्बन्धित क्रियाकलापहरू**

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू |
|---|---|---|
| ४ | | **कृषि पूर्वाधार तथा बजार विकास र सुधार** |
| | ४.१ | *कृषि बजार संरचनाहरूको निर्माण, विस्तार तथा मर्मत सम्भार* |

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू | | |
|---|---|---|---|---|
| | | ४.१.१ | | पहिले स्थापना भएका कृषि उपज संकलन केन्द्र (फलफूल/ तरकारी, माछा तथा खाद्यान्न)को मर्मत सुधार, सुविधा विस्तार एवम् स्तरोन्नति तथा नयाँ संकलन केन्द्रको निर्माण गर्ने |
| | | ४.१.२ | | कृषि/पशु हाट बजारको स्थापना, सुविधा विस्तार तथा स्तरोन्नति गर्ने। खरिदकर्ता र उत्पादन कर्ता बीच बजारिकरणका लागि समन्वय तथा क्षमता अभिवृद्धि गर्ने। |
| | ४.२ | *प्रशोधन, खाद्यान्न भण्डारण तथा शीत गृह निर्माण* | | |
| | | ४.२.१ | | अन्न भण्डारण सुविधा विस्तार (कृषि उपजको व्यवस्थित भण्डारणका लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सहभागितामा ठुला गोदामघर निर्माण गरी उत्पादक तथा व्यापारीहरूलाई गोदाम सेवा उपलब्ध गराउने) तथा तथा प्रशोधनमा उपयोग गर्ने |
| | | ४.२.२ | | शीतभण्डार सुविधा विस्तार तथा उपयोग - निजी तथा सहकारी क्षेत्रको सहभागितामा शीतभण्डार निर्माण गर्ने र तिनीहरूको उपयोगको उचित व्यवस्था मिलाउन प्राविधिक सहयोग गर्ने। |
| | ४.३ | *कृषि यन्त्र उद्योगको स्थापना र विकास* | | |
| | | ४.३.१ | | कृषि यन्त्र उत्पादन उद्योगको स्थापना तथा सञ्चालनमा निजी क्षेत्रलाई सक्रिय बनाउने। साथै मर्मत केन्द्र स्थापना गर्न सहयोग गर्ने। |
| | ४.४ | *ग्रामीण/कृषि सडक विस्तार तथा मर्मत* | | |
| | | ४.४.१ | | ग्रामीण/कृषि सडक निर्माण तथा मर्मत सुधार गर्ने |
| | ४.५ | *सिंचाइ संरचना निर्माण तथा सुधार* | | |
| | | ४.५.१ | | ठुला तथा मध्यमस्तरका सिंचाइ संरचना निर्माण, मर्मत सम्भार तथा पुनर्स्थापनाका कार्यक्रमलाई तिब्रता दिने |
| | | ४.५.२ | | भूमिगत सिंचाइ संरचना (डिप/स्यालो ट्यूववेल) निर्माण गर्ने |
| | | ४.५.३ | | बर्षा र मौसमी खोलाको पानी संकलन गर्न सिंचाइ आवद्ध ठुला जलाशय/रिजरभ्वायरको निर्माण तथा सञ्चालन गर्ने |

## ७.५ संस्थागत विकास तथा सुशासन प्रवर्द्धन

२१३. काम गर्ने जनशक्ति बिना रणनीति पूर्ण कार्यान्वयनको परिकल्पना गर्नु असान्दर्भिक हुन जान्छ। त्यसैले, कर्मचारी दरवन्दी रिक्त हुन नदिने तथा रिक्त हुन लागे तत्कालै कुनै उपायबाट पूर्ति गरी अन्यत्र सरुवा भइ जानेले अर्कोलाई काम/जिम्मेवारी हस्तान्तरण गरेर जानुपर्ने व्यवस्था अनिवार्य गरिनेछ।

२१४. सुशासन तथा संस्थागत विकासका लागि प्रदेश तथा नेपाल सरकारले तर्जुमा गरेका नीति, निर्देशिकाहरूको समय समयमा समीक्षा गर्दै परिमार्जन/संशोधन गर्ने, प्रदेश भित्र रणनीति सचेतना कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तहलाई यस रणनीतिमा आधारित रही आफ्नो क्षेत्रको कार्य योजना तर्जुमा गर्न सहयोग गर्ने, तथा क्षमता विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन्। साथै, तीन तहका सरकार बीच अन्तरसम्बन्ध, समन्वय, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी तुल्याइनेछ।

सचिव

२१५. प्रदेश सरकारले प्रदान गर्ने सेवा, गुणस्तरीय, सेवामुखी तथा समयमा सेवा प्रवाह भएको सुनिश्चित गर्न सम्बन्धित निकायहरूमा फोकल एकाइहरूको प्रस्ताव गर्दै अनुगमन, नियमन तथा मूल्याङ्कनलाई नतिजामुखी तुल्याउन यो रणनीतिले विशेष जोड दिएको छ।

२१६. सुशासनका चार स्तम्भ पारदर्शिता, विकेन्द्रित शासन प्रणाली, कानुनी शासन, तथा जवाफदेहितालाई यो रणनीतिले जोड दिनुका साथै सबै तह, खासगरी जनतासँग प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्ने राष्ट्र सेवक कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम र अध्ययन भ्रमणको अवसर सिर्जना गर्न तथा एक अर्काको अनुभवबाट सिक्ने सिकाउने प्रावधानहरू कार्यान्वयन गर्न आवश्यक वित्तीय स्रोतको प्रस्ताव गरेको छ।

२१७. प्रत्येक ३/३ वर्षमा कार्यसम्पादन न्यून भएका निकायहरूको संस्था तथा व्यवस्थापन सर्वे गर्ने प्रस्ताव गरिएको छ। आवश्यक जनशक्ति सहितको संस्थागत सुधारका साथै कार्यसम्पादनको आधारमा राष्ट्रसेवक तथा स्थानीय अगुवाहरूलाई उचित पुरस्कारको प्रावधान राख्ने र वरिष्ठ अधिकारीहरूलाई जिल्ला, कार्यक्रम तथा परियोजनाहरूको अनिवार्य अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्नु गराउनु पर्ने अवस्था सिर्जना भएको छ। स्वीकृत पदहरू आवश्यक प्रक्रिया पुऱ्याई समयमै पूर्ति गर्न एवम् द्रुत गतिले विकास भइरहेको आधुनिक सूचना तथा सञ्चार प्रविधि तथा सामाजिक सञ्जालहरूलाई सदुपयोग गर्न समेत यो रणनीतिले जोड दिन्छ।

२१८. यो रणनीतिले उपलब्धि ५: "संस्थागत विकास तथा सुशासन प्रवर्द्धन" सम्बन्धी नतिजा तालिका २६ मा उल्लिखित ८ प्रतिफल र २७ क्रियाकलापहरूबाट प्राप्त हुने अपेक्षा गरेको छ।

**तालिका २६. उपलब्धि ५ का क्रियाकलापहरू**

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू | | |
|---|---|---|---|---|
| ५ | **संस्थागत विकास तथा सुशासन प्रवर्द्धन** | | | |
| | ५.१ | *नीति पुनरावलोकन, सामञ्जस्यता तथा निरन्तरता* | | |
| | | ५.१.१ | | रणनीति सचेतना कार्यक्रम सञ्चालन गरी यसका मुख्य विशेषता तथा सम्भाव्यता बारे जिल्ला तहमा रहेका सम्बद्ध सबै निकायहरूलाई जानकारी दिनुका साथै चालु कार्यक्रम सम्बन्धी छलफल तथा प्रगति समीक्षा गर्ने |
| | | ५.१.२ | | प्रादेशिक कृषि विकास रणनीति स्थानीयकरण गर्न स्थानीय तहमा संयुक्त कार्ययोजना तर्जुमाका लागि सहजीकरण गर्ने |
| | | ५.१.३ | | प्रदेश तथा संघले तर्जुमा गरेका नीति, निर्देशिकाहरूको प्रभावकारी कार्यान्वयनका लागि नीति समीक्षा तथा अध्ययन गर्ने |
| | | ५.१.४ | | कार्यान्वयनमा कमी कमजोरी भएका वा कार्यान्वयन हुन नसकेका नीति नियमलाई परिमार्जन/संशोधन गर्ने व्यवस्था मिलाउन फोकल एकाइको स्थापना र सञ्चालन गरी प्रक्रिया अगाडि बढाउने |
| | | ५.१.५ | | सार्वजनिक-निजी /सहकारी छलफल र अन्तरक्रिया कार्यक्रमहरू गर्ने |
| | ५.२ | *संस्थागत संरचना तथा सुविधा विस्तार* | | |
| | | ५.२.१ | | प्रदेश सरकार मातहत सञ्चालित संस्था / निकायहरूको व्यवस्थापन सर्वेक्षण गरी सो अनुरूप संस्थागत संरचना र जनशक्ति व्यवस्था |

| उपलब्धि | प्रतिफल | | | क्रियाकलापहरू |
|---|---|---|---|---|
| | | | | गर्ने |
| | | ५.२.२ | | प्रदेश मातहत कार्यरत जनशक्ति/प्राविधिकहरूलाई सेवाकालीन तालिमको व्यवस्था एवम् पारदर्शी तथा वस्तुगत आधारमा कर्मचारी पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गर्ने |
| | ५.३ | *जनशक्ति विकास तथा व्यवस्थापन* | | |
| | | ५.३.१ | | पदपूर्तिको नियमित अनुगमन तथा व्यवस्थापन गर्ने |
| | | ५.३.२ | | कर्मचारीहरूका लागि उच्च अध्ययनको व्यवस्था मिलाउने |
| | | ५.३.३ | | सेवाकालीन तथा पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गर्ने |
| | | ५.३.४ | | अध्ययन/अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गर्ने |
| | ५.४ | *वित्तीय व्यवस्थापन प्रणालीमा सुधार* | | |
| | | ५.४.१ | | प्रदेश मातहतका सबै संस्था/निकायमा Real time web based वित्तीय व्यवस्थापन प्रणालीको विकास गरी लागू गर्ने |
| | | ५.४.२ | | वित्तीय व्यवस्थापन प्रणालीमा निजी तथा सहकारी क्षेत्रबाट भएको लगानीको समेत हिसाब राख्ने व्यवस्था मिलाउने |
| | ५.५ | *एकीकृत तथा समन्वयात्मक योजना तर्जुमा* | | |
| | | ५.५.१ | | स्थानीय तहका योजना तर्जुमामा सहयोग पुऱ्याउन क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गर्ने |
| | | ५.५.२ | | प्रदेश सरकारको नेतृत्वमा संघ र स्थानीय तह समेतलाई सहभागी गराइ योजना तर्जुमा एवम् कार्यान्वयन गर्ने गराउने |
| | | ५.५.३ | | परियोजना बैंक अवधारणा अनुरूप परियोजना तयार गर्न स्थानीय तहमा कार्यरत प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूलाई तालिम प्रदान गर्ने |
| | ५.६ | *तथ्याङ्क तथा सूचना व्यवस्थापन* | | |
| | | ५.६.१ | | मन्त्रालयमा मिडिया सेन्टरको स्थापना तथा सञ्चालन गर्ने |
| | | ५.६.२ | | मन्त्रालयमा गुनासो सुनवाइ डेस्क स्थापना तथा सञ्चालन गर्ने |
| | | ५.६.३ | | प्रदेश मातहतका सबै संस्था/निकायहरूले नियमित रूपमा वेबमार्फत आफ्ना सबै कार्य प्रगति (मासिक, त्रैमासिक तथा वार्षिक) को सार्वजनिकीकरण गर्ने |
| | | ५.६.४ | | प्रदेश सरकारले तर्जुमा गरेका सबै ऐन, कानून, नीति, नियम प्रदेश मातहतका सबै संस्था तथा निकायले आ-आफ्ना वेबसाइटमा राख्ने, नियमित रूपमा समीक्षा गरी पृष्ठपोषण उपलब्ध गराउने र अद्यावधिक गर्ने/गराउने |
| | ५.७ | *रणनीति कार्यान्वयनमा समन्वय* | | |
| | | ५.७.१ | | उच्चस्तरीय कृषि विकास रणनीति निर्देशन समिति गठन र परिचालन |
| | | ५.७.२ | | मन्त्रीस्तरीय कृषि विकास रणनीति समन्वय समिति गठन र परिचालन |
| | | ५.७.३ | | सचिवस्तरीय संयुक्त क्षेत्रगत समीक्षा गठन र परिचालन |
| | | ५.७.४ | | पालिकास्तरीय कृषि विकास रणनीति कार्यान्वयन समिति गठन र |

| उपलब्धि | प्रतिफल | क्रियाकलापहरू | | |
|---|---|---|---|---|
| | | | | परिचालन |
| | ५.८ | *अनुगमन, मूल्याङ्कन तथा समीक्षा* | | |
| | | ५.८.१ | | नेपाल सरकारले प्रदेश र स्थानीय तहमा तथा प्रदेश सरकारले स्थानीय तहमा समपूरक, विशेष तथा सशर्त अनुदान अन्तर्गत पठाएको बजेट तथा कार्यक्रमको त्रैमासिक तथा वार्षिक समीक्षा गर्ने |
| | | ५.८.२ | | प्रत्येक कार्यक्रम/परियोजनाको नतिजा सूचकहरूका आधारमा अनुगमन मूल्याङ्कन गर्ने |
| | | ५.८.३ | | अनुगमन र मूल्याङ्कनका लागि प्रदेश मातहतका सबै निकायहरूले अनुगमन मूल्याङ्कन ढाँचा तयार गरी अद्यावधिक गर्ने |

२१९. यो रणनीतिका पाँच उपलब्धिहरूको मापन गर्न आवश्यक सूचकहरू तालिका २७ मा प्रस्तुत गरिएको छ। यी सूचकहरू उपलब्ध भएसम्म आ.व. २०७९/८० को आधार तथ्याङ्क, मुख्य बाली/वस्तुको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको स्थिति, कृषि क्षेत्रको हालको प्रतिस्पर्धात्मक क्षमता तथा कृषि व्यावसायीकरणको मापन गर्न कृषि विकास रणनीतिले निर्दिष्ट गरेका सूचकहरू र प्रदेशको प्रथम आवधिक योजनाको आधारमा निर्धारण गरिएका हुन्।

सचिव

**तालिका २७. उपलब्धि सूचक तथा लक्ष्य**

| क्र.सं. | सूचक | तथ्याङ्क स्रोत | प्रमुख जिम्मेवार निकाय | आधार वर्ष | आधार वर्षको स्थिति | २०८५/८६ | २०९०/९१ | २०९५/९६ |
|---|---|---|---|---|---|---|---|---|
| १ | उच्च तथा दिगो उत्पादकत्व वृद्धि | | | | | | | |
| | १.१ कृषि भूमिको उत्पादकत्व (AGDP/Ha) (क) रु./हे | अर्थ मन्त्रालयको प्रतिवेदन | अर्थ मन्त्रालय | २०७९/८० | २८४,११८ | ३२६,४५२ | ४१६,६४५ | ५३१,७५६ |
| | (ख) अमेरिकी डलर/हे (१ US$= ने. रु.१३०.००) | | | २०७९/८० | २,१८६ | २,६७६ | ३,४१५ | ४,३५९ |
| | १.२ कृषि श्रमको उत्पादकत्व, वर्तमान मूल्यमा (क) रू प्रति व्यक्ति (AGDP/Agri.Population) | अर्थ मन्त्रालयको प्रतिवेदन | अर्थ मन्त्रालय | २०७९/८० | ६५,१३७ | ७८,१२७ | ९३,७०७ | ११२,३९४ |
| | (ख) अमेरिकी डलर/हे (१ US$= ने. रु.१३०.००) | | | २०७९/८० | ५०१ | ६०१ | ७२१ | ८६५ |
| २ | कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि | | | | | | | |
| | २.१ कृषि तथा वनजन्य उद्योगमा निजी तथा सहकारी क्षेत्रको लगानी (प्रत्यक्ष वैदेशिक लगानी समेत, रू अरबमा) | अर्थ मन्त्रालयको प्रतिवेदन | अर्थ मन्त्रालय | २०७८/७९ | अप्राप्त | २५ | ३५ | ५० |
| | २.२ कृषि तथा पशुपन्छीजन्य उत्पादन निर्यात (रू अरबमा) | कृषि तथा भूमि व्यवस्था मन्त्रालय को प्रतिवेदन | उद्योग, पर्यटन तथा यातायात | | अप्राप्त | ५ | ८ | ११ |
| | २.३ बीउ/बिजन निर्यात, परिमाण (मे. टन) | भन्सार विभाग | कृषि तथा भूमि व्यवस्था | | अप्राप्त | १०० | ५०० | १५०० |

| क्र.सं. | सूचक | तथ्याङ्क स्रोत | प्रमुख जिम्मेवार निकाय | आधार वर्ष | आधार वर्षको स्थिति | २०८५/८६ | २०९०/९१ | २०९५/९६ |
|---|---|---|---|---|---|---|---|---|
| | | | मन्त्रालय | | | | | |
| ३ | कृषि व्यावसायीकरण वृद्धि | | | | | | | |
| | ३.१ कृषि ग्राहस्थ उत्पादनमा व्यावसायिक कृषिको योगदान (प्रतिशत) | अर्थ मन्त्रालयको प्रतिवेदन | प्रदेश सरकार | | अप्राप्त | ३० | ४० | ५० |
| | ३.२ कृषि यान्त्रिकीकरण दर (प्रतिशत) | कृषि तथा भूमि व्यवस्था मन्त्रालयको प्रतिवेदन | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २०७७/७८ | ५० | ५५ | ६० | ६५ |
| | ३.३ प्रमुख खाद्यान्न बालीको बीउ प्रतिस्थापन दर (प्रतिशत) | कृषि तथा भूमि व्यवस्था मन्त्रालयको प्रतिवेदन | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २०७९/८० | | | | |
| | ३.३.१ धान | | | | २० | २५ | ३५ | ४० |
| | ३.३.२ मकै | | | | १९.५ | ३३ | ४० | ४५ |
| | ३.३.३ गहुँ | | | | १८ | २५ | ३५ | ४० |
| ४ | कृषि तथा बजार पूर्वाधार विकास तथा सुधार | | | | | | | |
| | ४.१ सुरक्षित भण्डारमा भण्डारण गरिएको खाद्यान्न परिमाण (००० मे. टन) | कृषि तथा भूमि व्यवस्था मन्त्रालयको प्रतिवेदन | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २०७९/८० | अप्राप्त | १५० | २०० | २५० |
| | ४.२ शीत भण्डारमा भण्डारण गरिएको कृषि उत्पादन परिमाण (मे. टन) | कृषि तथा भूमि व्यवस्था मन्त्रालयको प्रतिवेदन | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २०७९/८० | १०,४२५ | १४,६७१ | १८,७२४ | २३,८९७ |

| क्र.सं. | सूचक | तथ्याङ्क स्रोत | प्रमुख जिम्मेवार निकाय | आधार वर्ष | आधार वर्षको स्थिति | २०८५/८६ | २०९०/९१ | २०९५/९६ |
|---|---|---|---|---|---|---|---|---|
| ५ | संस्थागत विकास तथा सुशासन प्रवर्द्धन | | | | | | | |
| | ५.१ कृषि तथा भूमि व्यवस्था मन्त्रालयको स्वीकृत पदपूर्ति (प्रतिशत) | कृषि तथा भूमि व्यवस्था मन्त्रालयको प्रतिवेदन | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २०७९/८० | ६५ | ८० | ८५ | ९० |
| | ५.२ वित्तीय प्रगति (प्रतिशत) | कृषि तथा भूमि व्यवस्था मन्त्रालयको प्रतिवेदन | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २०७९/८० | ५९ | ७५ | ९० | ९० |
| | ५.३ नीति नियम निर्माण, पुनरावलोकन तथा कार्यान्वयन (सङ्ख्या) | कृषि तथा भूमि व्यवस्था मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको प्रतिवेदन | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २०७९/८० | ९५ | १०३ | ११३ | १२३ |

२२०. प्रदेश तथा स्थानीय स्तरमा कृषि विकास सम्बन्धी विभिन्न आवश्यकताहरू देखिनु स्वाभाविक हो। सबै आवश्यकताहरू एकै समय र अवधिमा पूर्ति गर्न पर्याप्त स्रोत हुँदैन। त्यसैले तत्काल सम्बोधन गर्नुपर्ने कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी सही कार्यक्रम सही समयमा सही विधिबाट वास्तविक लक्षित समूह मार्फत सञ्चालन गर्नु पर्छ।

२२१. कार्यक्रमको प्राथमिकीकरणले मूल्य श्रृङ्खला मजबुत बनाउन तथा स्थान विशेषका सम्भाव्यता र प्राविधिक हिसाबले उपयुक्त विषयहरूमा ध्यान केन्द्रित गर्न सघाउ पुऱ्याउँछ। प्राथमिकता निर्धारण गर्दा बस्तीस्तरबाट शुरु गरी बस्तीबाट वडा, वडाबाट पालिका, पालिकाबाट जिल्ला र त्यसपछि प्रदेश स्तरसम्म ध्यान दिनु जरुरी हुन्छ। यसो गर्दा राष्ट्रिय प्राथमिकतालाई स्थानीय आवश्यकता र मागसँग जोड्न एवं अपनत्व लिन पनि सहयोग पुग्नेछ।

२२२. यो रणनीतिको अनुसूची ९ मा १०९ स्थानीय तहका प्रमुख बाली/वस्तुको सूची प्रस्तुत गरिएको छ। यो सूचीलाई रणनीति कार्यान्वयनको क्रममा आवश्यकता, माग र सम्भाव्यताको आधारमा परिमार्जन गर्दै लगिनेछ। साथै, रणनीति तर्जुमाको क्रममा केन्द्रीय, प्रदेश तथा स्थानीय स्तरका सरोकारवाला, कृषक, सम्बन्धित विज्ञ, स्थलगत अध्ययन/भ्रमण तथा उपलब्ध अध्ययन प्रतिवेदन, तथा राष्ट्रिय अन्तर्राष्ट्रिय अभिलेखहरूको समीक्षाबाट तलका केही कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गर्न सिफारिश गरिएको छ।

## ८.१ लुम्बिनी प्रदेश उन्नत बीउ बिजनको राजधानी

२२३. लुम्बिनी प्रदेशमा विगतमा सम्पन्न परियोजना मुख्यत: किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम, कृषि व्यावसायीकरण तथा व्यापार आयोजना, बाली विविधीकरण परियोजना, तथा हाल कार्यान्वयनमै रहेको यूएसएडको नेपाल सिड एण्ड फर्टिलाइजर प्रोजेक्ट जस्ता आयोजनाहरूले बीउ बिजन क्षेत्रको विकासमा सहयोग पुगेको छ। यो प्रदेशले बीउ बिजन क्षेत्रमा हासिल गरेको प्रगति, छिमेकी प्रदेशहरूको बीउ आपूर्ति चक्रमा यो प्रदेशप्रतिको निर्भरता, प्रदेशमा सञ्चालित २ वटा बीउ बिजन परीक्षण प्रयोगशाला, राष्ट्रिय गहुँ बाली अनुसन्धान कार्यक्रम, प्रादेशिक कृषि अनुसन्धान निर्देशनालय, राष्ट्रिय दलहन बाली अनुसन्धान कार्यक्रम लगायतका कार्यालय तथा उपलब्ध यातायात, पूर्वाधार, सिंचाइ सुविधा र तराई क्षेत्रको बाहुल्यता जस्ता कारणहरूबाट यो प्रदेशको तराईका ६ जिल्ला (नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया)लाई प्रदेशको "सिड हब" को रूपमा विकास गरी नेपालको बीउ बिजनको राजधानीको पहिचान दिन यो रणनीतिले खास महत्त्व दिएको छ।

२२४. लुम्बिनी प्रद्रेशको शानको रूपमा उचित मूल्यमा गुणस्तरीय बीउ बिजनको आपूर्ति भन्ने सिद्धान्तमा आधारित यो कार्यक्रमका मुख्य उद्देश्य निम्नानुसार हुनेछन्:

(क) प्रदेशको बीउको माग पूरा गर्नुका साथै छिमेकी प्रदेशहरूका लागि समेत गुणस्तरीय बीउको भरपर्दो स्रोत बन्ने।

(ख) बीउ चक्र पालना गरी मूल बीउलाई खाद्यान्न उत्पादनमा प्रयोग गर्ने बढ्दो प्रवृतिलाई निरुत्साहित गर्ने।

(ग) प्रदेशलाई बीउ बिजनको अध्ययन,अनुसन्धान र विकास गर्ने केन्द्र तथा प्रदर्शन स्थलका रूपमा विकसित गर्ने।

(घ) बीउ उत्पादन तथा बजारीकरणलाई कृषि शिक्षा र पर्यटनसँग जोड्ने।

## ८.२ बाँझो जमीनको उपयोग

२२५. नेपालमा हालका वर्षहरूमा कृषि उत्पादनको लागतमा आएको वृद्धिसंगै जग्गा बाँझो छोड्ने प्रवृत्ति बढ्दै गएको छ। लुम्बिनी प्रदेशको कुल क्षेत्रफलको पाँच प्रतिशत जमिन खेतीयोग्य भए तापनि बाँझो रहेको अनुमान छ। जमिन बाँझो छाड्ने प्रवृत्ति तराइमा भन्दा पनि पहाडमा बढी छ। यस्तो जमीनलाई विशेष गरी खाद्यान्न, तरकारी, फलफूल, पशुपन्छी र घाँस उत्पादनमा उपयोग गर्न प्रदेश सरकारले प्राथमिकता दिनेछ। बाँझो जमिनलाई एकीकृत गरी माथि उल्लेख गरिएका बाली/वस्तुको खेती गर्न चाहने युवा तथा लक्षित समुदायलाई प्रदेश र स्थानीय तह, विकासका साझेदार र गैर सरकारी संस्थाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। उत्पादनका अतिरिक्त जंगली जनावर नियन्त्रण, उत्पादित वस्तुको भण्डारण, तथा बजारीकरणमा समेत सहयोग उपलब्ध गराइनेछ। बाँझो जमिनको उपयोग गरी खेती गर्न चाहने लक्षित वर्गलाई प्रदेश तथा स्थानीय तहको सिफारिशमा प्रचलित विधि बमोजिम बैंक तथा वित्तीय संस्थाहरूबाट सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ।

## ८.३ एक जिल्ला एक कृषि उपज कार्यक्रम

२२६. लुम्बिनी प्रदेशका १२ वटै जिल्ला विभिन्न कृषि तथा पशुजन्य उत्पादनका लागि परिचित छन्। यी जिल्लाको प्रमुख कृषि तथा पशुजन्य उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन मन्त्रालयले आगामी वर्षहरूमा एक जिल्ला एक कृषि उपज कार्यक्रमलाई प्राथमिकता दिइने छ। कार्यक्रम कार्यान्वयन भएको पाँच वर्ष पश्चात् स्वतन्त्र मूल्याङ्कनको आधारमा बढीमा २ वर्ष अनुसरण तथा केही कमी कमजोरी भए सच्याउने समयको रूपमा लिइनेछ। यो कार्यक्रम शिक्षा, पर्यटन, तथा पूर्वाधार विकाससँग तादात्म्यता कायम गरी एक अर्काको परिपूरकको रूपमा सञ्चालन गरिनेछ र यसलाई प्रदेशको प्राथमिकता प्राप्त आयोजनाको रूपमा कार्यान्वयन गरिनेछ।

२२७. यो कार्यक्रमका मुख्य उद्देश्य देहाय बमोजिम हुनेछन्:

(१) उपजको उत्पादनदेखि उपभोग स्तरसम्म कृषि खाद्य प्रणालीमा आधारित आपूर्ति चक्रमा संलग्न सबै पात्रहरूको (संस्था/निकाय) क्षमता विकास तथा अन्तरसम्बन्ध सुदृढ गर्दै विशिष्टिकृत गराउने।

(२) जिल्लालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउने।

(३) जिल्लाको विशिष्ट कृषि उपजलाई स्थानीय कला, संस्कृति तथा सीप विकाससँग जोड्ने।

(४) उपजलाई व्यावसायिक तथा कलात्मक ढंगमा प्याकेजिङ, ब्रान्डिङ गर्ने।

(५) उपजलाई अन्तर्राष्ट्रिय/राष्ट्रिय मेला/प्रदर्शन, गिफ्ट तथा सोभेनर मार्फत पर्यटनसँग जोड्ने।

## ८.४ जलवायुमैत्री कृषि कार्यक्रम

२२८. विश्वका लाखौं मानिस जलवायु परिवर्तनका कारण प्रभावित भइरहेका छन्। साथै, जलवायु परिवर्तनका कारण घट्ने विषम मौसमी घटनाहरूले कृषिलाई नकारात्मक असर गरेको छ। यसै

सन्दर्भमा, स्थानीय सरकारको समन्वयमा आगमा आधारित रही निजी/सहकारी सेवा प्रदायकको समेत लागत सहभागितामा जलवायुमैत्री कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

२२९. यो कार्यक्रमका मुख्य उद्देश्य देहाय बमोजिम हुनेछन्:

(१) जलवायु परिवर्तन सम्बन्धी चुनौतीहरू प्रणालीगत रूपमा सम्बोधन गर्न कृषि खाद्य प्रणालीको आधारमा निर्वाहमुखी तथा व्यावसायिक कृषकहरूको जलवायुमैत्री कृषि प्रविधि र व्यवहार पहिचान गर्ने क्षमता अभिवृद्धि गर्ने।

(२) कृषि क्षेत्रमा सिंचाइको अभाव, भू-क्षय, घट्दो उर्वराशक्ति तथा रोगव्याधिको संक्रमण जस्ता चुनौतीहरू सम्बोधन गर्न जलवायुमैत्री व्यवहारिक कृषि कार्यक्रम कृषक लगायत सम्बन्धित पक्षहरूको सक्रियतामा सञ्चालन गर्ने।

(३) जलवायु परिवर्तनका चुनौती बीच खाद्य प्रणाली रूपान्तरण गर्ने।

## ८.५ निर्यातमुखी उद्योगको स्थापनामा सहजीकरण

२३०. नेपालका प्राय कृषि तथा वन पैदावारमा आधारित उद्योगहरू घरेलु आवश्यकता परिपूर्तिमा संलग्न देखिन्छन्। उपलब्ध स्रोत र साधनको परिचालनबाट तीव्र आर्थिक वृद्धि गरी प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन र समृद्ध अर्थतन्त्रको निर्माण गर्न निर्यातमुखी कृषि तथा वन पैदावारमा आधारित उद्योगको महत्त्वपूर्ण भूमिका हुन्छ। देशको १५ औं योजनाले कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान वि.सं. २१०० सम्ममा ३० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको र यो प्रदेश खाद्यान्नमा आत्मनिर्भर भइ अन्य कृषि उत्पादनमा समेत आत्मनिर्भरताको नजिक पुगी सकेको वर्तमान अवस्थामा यो प्रदेशले आगामी वर्षहरूमा निर्यातमुखी कृषि तथा वन पैदावारमा आधारित उद्योगहरूको विकास र संवर्द्धन तथा तिनीहरूको प्रतिस्पर्धात्मक क्षमता विकास गर्न कृषि मूल्य श्रृङ्खला प्रणालीलाई सुदृढ बनाउन सहयोग गर्नेछ।

## ८.६ आन्तरिक क्वारेन्टाइन

२३१. कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान, प्रयोगशाला सेवा, तथा क्वारेन्टाइन संघबाट सञ्चालन हुने भनी संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ मा उल्लेख गरिएको छ। उक्त मापदण्डमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम तथा कृषि क्षेत्रको व्यावसायीकरण र बजारीकरण सम्बन्धी कार्यक्रमहरू प्रदेश तहबाट सञ्चालन हुने भन्ने स्पष्ट व्यवस्था छ। लुम्बिनी प्रदेश सरकारले देहायमा उल्लिखित जोखिम व्यवस्थापन गर्न आन्तरिक क्वारेन्टाइनमा ध्यान दिनुपर्ने देखिन्छ।

(१) प्रदेशको दक्षिणी सीमा र भारतको उत्तर प्रदेश बीच खुला सीमा भएकाले यसको फाइदा उठाउँदै विना क्वारेन्टाइन रोगग्रस्त बाली, बिरुवा तथा जिउँदो पशुपन्छी भित्रिने सम्भावना रहेको हुँदा प्रदेशको कृषि उत्पादन तथा उत्पादकत्व एवं व्यावसायीकरणमा उच्च जोखिम रहेको।

(२) सीमाको भन्सार क्षेत्रमा रहेका क्वारेन्टाइन संरचना र प्रणाली कमजोर तथा सुविधा सम्पन्न नहुँदा रोगी बाली, बिरुवा तथा पशुपन्छी भित्रिने अवस्था विद्यमान रहेको।

(३) बढ्दो जलवायु परिवर्तनको कारणबाट पशु तथा बालीमा मुलुक भित्रै पनि संकट उत्पन्न हुने सम्भावना रहेको।

२३२. उपर्युक्त तथ्यहरूका आधारमा नेपाल सरकारको बाली तथा पशु क्वारेन्टाइन ऐनसँग समाञ्जस्य हुने गरी प्रदेश सरकारले आन्तरिक क्वारेन्टाइन प्रणालीलाई व्यवस्थित गर्नु पर्ने आवश्यकता छ। यसका लागि आवश्यकता अनुसार स्थानीय तहसँग समन्वय गरी प्रदेशको कुनै एक स्थानीय तह वा वडा वा स्थान विशेषबाट अन्य स्थानीय तह वा वडा वा स्थानमा एवं एक जिल्लाबाट अर्को जिल्ला वा प्रदेशबाट अन्य प्रदेशमा संक्रमित बाली बिरुवा वा पशुपन्छीको आवतजावतमा रोक लगाइनेछ। यसका लागि आवश्यकता अनुसार स्थायी वा अस्थायी होल्डिङ सेन्टर बनाउने र सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

### ८.७ स्रोत केन्द्रहरूको सुदृढीकरण तथा स्थापना

२३३. कृषि क्षेत्रको व्यावसायीकरण र बजारीकरणका लागि कृषि तथा पशु उत्पादन सामग्रीमा कृषकको पहुँच सरल र सुनिश्चित बनाउन अति आवश्यक भइसकेको छ। प्रदेशस्तरीय स्रोत केन्द्रका अतिरिक्त स्थानीय सरकारहरूलाई उनीहरूको प्राथमिकता प्राप्त बाली तथा वस्तुहरूको स्रोत केन्द्र स्थापना र सुदृढीकरण गर्न प्रदेश सरकारले सहयोग गर्नेछ।

२३४. हालको स्थितिमा सरकारी क्षेत्रबाट सञ्चालित कृषि तथा पशुपन्छी फार्म/केन्द्रमा उत्पादित कृषि तथा पशु उत्पादन सामग्रीले मात्र किसाहरूको आवश्यकता पूरा गर्न सम्भव छैन। यही यथार्थतालाई मध्यनजर गर्दै यो रणनीतिले सङ्घीय सरकारको सहयोग र स्थानीय सरकारको समन्वयमा निजी तथा सहकारी क्षेत्रको लगानी सहभागितामा सम्बन्धित बाली/विशेष लक्षित स्रोत केन्द्र स्थापना गर्ने कुरामा जोड दिएको छ। यस्ता स्रोत केन्द्रले चित्र १० मा देखाइए जस्तै एक आपसमा परिपूरक कम्तीमा ४ किसिमका सेवा उपलब्ध गराउनेछन्।




**चित्र १०. स्रोत केन्द्र अवधारणा**

२३५. प्रस्तावित सामुदायिक कृषि तथा पशु सेवा केन्द्र (स्रोत केन्द्र) को स्थापना, सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी वडा स्तरमा रहेका समुदायमा आधारित गैह्र नाफामुखी सामुदायिक संस्था, युवा/युवती क्लब वा कृषि सहकारी संस्थालाई दिइनेछ। यी केन्द्रहरू सेवाग्राहीबाट सेवा खरिद अवधारणामा व्यवस्थापन खर्च धान्ने किसिमबाट सञ्चालन गरिनेछ। प्रदेश सरकारले तयार गरेको स्रोत केन्द्रको संरचनागत अवधारणा चित्र ११ मा प्रस्तुत गरिएको छ।




*स्रोत :मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम, लुम्बिनी प्रदेश सरकार .२०८०*

**चित्र ११. स्रोत केन्द्र अवधारणा**

## ८.८ एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम

२३६. प्रदेशले रैथाने बाली, नवोदित बजारउन्मुख बाली तथा उच्च मूल्यका बालीहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न एकीकृत बाली तथा जल व्यवस्थापन सम्बन्धी कार्यक्रम उच्च प्राथमिकतामा राखी सञ्चालन गर्नेछ। जल उपभोक्ता नै कृषकहरू हुने हुँदा बाली सघनता वृद्धि तथा कृषिको व्यावसायीकरणमा जल उपभोक्ता संस्थाहरूलाई नै परिचालन गर्ने नीति लिइनेछ।

२३७. हाल सञ्चालित सिंचाइ आयोजनाहरू र निकट भविष्यमा सञ्चालनमा आउने प्रदेश स्थित संघको गौरवका आयोजनाहरूमा समेत सम्बन्धित सिंचाइ व्यवस्थापन कार्यालय, स्थानीय तह र जल उपभोक्ता संस्थाहरूको सहभागितामा सिंचाइ प्रणालीमा आधारित बजारमुखी व्यावसायिक कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ। सिंचित क्षेत्र विशेष कृषि उत्पादन कार्यक्रमहरू सञ्चालन गरी पानी तथा बाली दुबैको उत्पादकत्व वृद्धि गर्न स्थानीय तहलाई प्रस्तावको आधारमा सशर्त अनुदान उपलब्ध गराइनेछ।

## ८.९ सरोकारवालाहरू बीच सहकार्य र साझेदारी प्रवर्द्धन

२३८. कृषि तथा पशुपन्छी क्षेत्रमा अनुसन्धान र विकास बीच सहकार्य तथा साझेदारीमा आधारित मोडललाई प्रवर्द्धन गर्नु आवश्यक छ। यस सम्बन्धमा मार्ग निर्देशन तयार गरी सूचना आदान प्रदान गर्ने र क्षमता अभिवृद्धिका गतिविधि सञ्चालन गरी पृष्ठपोषण उपलब्ध गराउने संयन्त्र स्थापना गरिनेछ। प्रदेश र स्थानीय सरकारले योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि मुख्य सरोकारवालाहरूलाई साथमा लिने र सहभागितामूलक विधि अपनाउनका लागि प्रमुख भूमिका खेल्ने छन्। नेपाल सरकारसँगको समन्वयमा संयुक्त राष्ट्रसंघका निकायहरू, विश्व बैंक समूह (WBG), एसियाली विकास बैंक (ADB), अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID) र विभिन्न बहुपक्षीय र द्विपक्षीय विकास साझेदारहरूबाट उपलब्ध हुने स्रोत प्रादेशिक कृषि अनुसन्धान र विकासमा उपयोग गर्ने व्यवस्था मिलाइनेछ।

२३९. उद्यमी, सहकारी, समुदायमा आधारित संस्था (CBOs), विकास साझेदार, र कृषक समूहहरूसँगै प्रविधिको उत्पादन र प्रसारमा संलग्न निकाय (सङ्घीय अनुसन्धान संस्था) हरूको प्रमुख सहजकर्ताको रूपमा प्रदेश सरकारले काम गर्नेछ। अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने, नीति र योजना कार्यान्वयनलाई चुस्त दुरुस्त बनाउने, कार्यसम्पादन मूल्याङ्कन तथा अनुगमन गर्ने र नियमहरू लागू गर्ने जिम्मेवारी प्रदेश सरकारको हुनेछ। यो रणनीतिले धेरै सरोकारवालाहरू (जस्तै विकासका साझेदार, गैरसरकारी संस्था, नेपाल उद्योग वाणिज्य महासंघ/ जिल्ला उद्योग वाणिज्य संघ, र निजी क्षेत्र) कृषि अनुसन्धान तथा विकासमा संलग्न छन् र समयसँगै तिनीहरूको उपस्थिति अझ महत्त्वपूर्ण हुँदै जान्छ भन्ने कुरालाई स्वीकार गरेको छ।

## ८.१० निजी क्षेत्रसगँको सहभागिता सुनिश्चित गर्ने

२४०. प्रविधिको प्रवर्द्धन र प्रसार, क्षमता अभिवृद्धि, कृषि व्यवसाय केन्द्रको स्थापना एवं मूल्य श्रृङ्खला विकास, स्रोत केन्द्र स्थापना र सञ्चालन तथा मूल्य अभिवृद्धि लगायतका कृषि व्यवसाय सम्बन्धी क्रियाकलापहरूमा निजी क्षेत्रलाई आकर्षित एवम् उत्प्रेरित गरिनेछ।

२४१. यो रणनीतिले गरिबी निवारण, ग्रामीण स्वावलम्बन, स्थानीय सीप एवं छरिएर रहेको पुँजीको उपयोग, प्राथमिक कृषि उत्पादन, कृषि भूमिको चक्लाबन्दी, कृषि सेवा, कृषि उत्पादन सामग्री (मुख्य रुपले बीउ बिजन र उत्तम नश्लका पशुपन्छी), र लघु उद्यम सञ्चालनमा निजी तथा सहकारी क्षेत्रको प्रभावकारी संलग्नता एवम् परिचालनका लागि देहायका क्रियाकलापहरू प्रस्तावित गरेको छ।

(क) सहकारी तथा निजी क्षेत्रको वास्तविक मुद्दा, गुनासा तथा कठिनाइ समयमा र उपयुक्त ढंगबाट सम्बोधन गर्न र व्यावसायिक अवसर सृजना गर्न मन्त्रालय/निर्देशनालयमा निजी तथा सहकारी सहयोग एकाइको स्थापना गर्ने।

(ख) औद्योगिक व्यवसाय ऐन अन्तर्गत दर्ता भएका कृषि तथा वन पैदावारमा आधारित उद्योगहरूलाई लगानी वातावरण उपलब्ध गराई वर्गीकरणको आधारमा एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराउने।

(ग) प्रदेशमा स्थापित कृषि तथा वन पैदावारमा आधारित निर्यातमूलक उद्योगहरू पहिचान गरी प्राथमिक उत्पादकहरूसँग जोड्न प्रदेश सरकार अन्तर्गतका निकायहरूले उत्पादक र सम्बन्धित उद्योग बीच सेतुको कार्य गर्ने र त्यस्ता उद्योगहरूलाई सशर्त प्राविधिक तथा वित्तीय सहुलियत उपलब्ध गराउने।

(घ) सहकारी तथा निजी क्षेत्रका संस्थाहरूलाई आ-आफ्नो योग्यता, सीप/ दक्षता, अनुभव तथा व्यावसायिक योजनासँग तादात्म्यता कायम राख्ने कृषि व्यवसायमा संलग्न हुन सहयोग गर्ने।

(ङ) सार्वजनिक संस्थासँगको सहकार्यमा सहकारी तथा निजी क्षेत्रले सम्बन्धित मूल्य श्रृङ्खलामा कृषि व्यवसाय विस्तारका सम्भावनाहरूको पहिचान तथा नवप्रवर्तनात्मक क्षमताको विकास गर्ने।

(च) सहकारी तथा निजी क्षेत्रका संस्थाहरूको रेखदेख / पर्यवेक्षण (समन्वय, अनुगमन र मूल्याङ्कन) गर्न कार्यविधि/संरचना तयार गर्ने र उनीहरूलाई व्यावसायिक जोखिमबाट सुरक्षित राखी व्यवसायमा दिगोपन ल्याउन सहयोग गर्ने।

(छ) कृषि अनुसन्धान र प्रसार सेवा प्रदान गर्न सहकारी तथा निजी क्षेत्रका व्यवसायीहरूलाई आकर्षित गर्ने।

२४२. यो रणनीतिले एग्रोभेट, धान मिल लगायतका खाद्य प्रशोधनकर्ता, निजी फार्म, बीउ कम्पनी, निजी प्रयोगशाला, बजार एजेन्ट, वस्तुगत संघ, नेपाल उद्योग वाणिज्य महासंघ/जिल्ला उद्योग वाणिज्य संघ र अन्य उद्यमीहरूको अनुसन्धान तथा विकास कार्यमा संलग्नता सुनिश्चित गर्न समन्वय संयन्त्र स्थापना गर्नेछ। प्रदेश सरकारले निजी क्षेत्रका सफल व्यावसायिक मोडलहरू अवलम्बन गर्ने र त्यस्ता मोडलहरूलाई व्यापक बनाउन नगरपालिकासँग समन्वय गर्नेछ।

२४३. कृषि व्यवसायमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि सम्बन्धी मार्गदर्शन, २०२१ (Private Sector Engagement Guidelines in Agribusiness, २०२१)[6] मा आधारित रही निम्नानुसारका क्षेत्रमा निजी क्षेत्रको संलग्नता विस्तार गरिनेछः (क) भूमि उपयोग र व्यवस्थापन, (ख) बीउ उत्पादन, वितरण र बजार, (ग) नश्ल सुधार र कृत्रिम गर्भाधान सेवा, (घ) रासायनिक मल आपूर्ति तथा बिक्री वितरण र प्राङ्गारिक तथा जैविक मल व्यवस्थापन, (ङ) कृषि यान्त्रिकीकरण, (छ) प्रविधि विकास, (ज) प्रविधि हस्तान्तरण, (झ) कृषि वित्तीय व्यवस्था, (ञ) कृषि प्रशोधन र मूल्य अभिवृद्धि, र (ट) कृषि बजार पूर्वाधार विकास र सहयोग प्रणाली।

### ८.११ कृषि अनुसन्धान, शिक्षा र प्रसार बीच सम्बन्ध विस्तार तथा सेवा प्रवाहमा सुधार

२४४. यो रणनीतिको सफलता कृषि अनुसन्धान, शिक्षा र प्रसार बीचको त्रिकोणात्मक सम्बन्धमा भर पर्ने भएकाले यी तीनै क्षेत्रलाई कार्यक्रमद्वारा जोड्न मन्त्रालयमा एउटा नवप्रवर्तन (स्टार्ट-अप) उद्यमी कोषको व्यवस्था गरिनेछ। प्रसार र अनुसन्धान बीच, अनुसन्धान र शिक्षाबीच तथा शिक्षा र प्रसार बीचका सम्बन्ध सुदृढ र प्रगाढ भएमा कृषक र व्यवसायी दुवैले लाभ पाउन सक्नेछन्। नवप्रवर्तन (स्टार्ट-अप) केन्द्रित

[6] Private Sector Engagement Guideline in Agribusiness, २०२१ (draft), MoALD, Government of Nepal

कृषि व्यावसायीकरण सम्बन्धी खोज, अध्ययन, अनुसन्धान, व्यवसाय पहिचान, लगानी व्यवस्थापन, परीक्षण र प्रदर्शन सहयोगमा यी निकायहरूको आवश्यकता पर्नेछ। यसै गरी, प्रदेशस्तरीय कृषि नीति अध्ययन तथा विश्लेषण केन्द्र स्थापनामा तीन वटै क्षेत्रको संलग्नता जरुरी हुनेछ। मुख्यतः देहायका कार्यक्रमहरूबाट तीनैवटा निकायहरूलाई एकीकृत गरिनेछ।

(क) प्रदेश सरकार र मन्त्रालयबाट स्वीकृत नीतिहरूको कार्यस्थलमा स्वतन्त्र अध्ययन, विश्लेषण, मूल्यांकन गरी प्रदेश योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित मन्त्रालय तथा सरोकारवालाहरूलाई जानकारी गराई आवश्यकतानुसार परिमार्जन गराउने।

(ख) नवप्रवर्तन (स्टार्ट-अप) केन्द्रित कृषि व्यावसायीकरण सम्बन्धी खोज, अध्ययन, अनुसन्धान, व्यवसाय पहिचान, लगानी खोज तथा व्यवस्थापन, परीक्षण र प्रदर्शन सहयोग गर्ने।

(ग) कृषि सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गर्ने तथा तिनीहरूको उपलब्धि, अनुभव तथा प्रविधिहरू एक अर्कालाई जानकारी गराउने र अनुसन्धानमा सहकार्य गर्ने।

## ८.१२ प्रविधि विकास, हस्तान्तरण र विस्तार

२४५. यो रणनीतिको सफलता प्रविधि विकास, हस्तान्तरण र विस्तारको मापनमा भर पर्ने तथ्य स्पष्ट भइसकेको छ। त्यसका लागि रणनीतिका ५ वटै उपलब्धिसँग सम्बन्धित क्रियाकलापहरूको सही कार्यान्वयन हुनु जरुरी छ। यसै परिप्रेक्षमा यो रणनीतिले प्रविधि विकास, हस्तान्तरण र विस्तारलाई परिष्कृत, प्रतिस्पर्धात्मक र प्रभावकारी तुल्याउन देहायका प्रावधानहरू प्रस्ताव गरेको छ।

२४६. **प्रविधि विकास**

(१) नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत यस प्रदेशमा सञ्चालित राष्ट्रिय गहुँ बाली अनुसन्धान कार्यक्रम लगायतका संस्थाले प्रदेशवासीलाई प्रत्यक्ष देखिने र महसुस गर्ने प्रतिफलका लागि गरेको प्रस्तावको आधारमा लगानी गर्ने। यसरी लगानी गर्दा कृषि शिक्षा र कृषि प्रसारसँग त्रिकोणात्मक सम्बन्ध र अनुबन्ध स्थापित भए/नभएको सुनिश्चित गर्ने।

(२) कृषिमा संलग्न निजी तथा सहकारी संस्थाहरूलाई प्रस्तावको आधारमा प्रतिफलमा आधारित अनुदान उपलब्ध गराई त्यसको स्तर र मापदण्ड तथा प्राप्त प्रतिफलको विश्वसनीयता जाँच/मूल्याङ्कन प्रदेशस्थित नार्कका अनुसन्धान संस्थाबाट गराई अभिलेखीकरण गर्ने।

(३) अनुसन्धानका प्रतिफलहरू तत्कालै हस्तान्तरण र विस्तार गर्न नेपाल कृषि अनुसन्धान परिषद र कृषि अनुसन्धानमा संलग्न निजी/सहकारी संस्थाको बाह्य सेवा केन्द्र, कृषि शिक्षा, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानीय तहका कृषि तथा पशु सेवा शाखा र प्रस्तावित सामुदायिक कृषि तथा पशु सेवा विकास केन्द्रहरूलाई परिचालित गर्ने/गराउने।

२४७. **प्रविधि प्रसार तथा विस्तारः** हालको अवस्थामा प्रविधि प्रसार र विस्तार चाहिएको मात्रामा हुन नसक्नु कृषि विकासको सबैभन्दा ठूलो समस्याको रूपमा देखा परेको छ। कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू प्रविधि प्रसार, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, तालिम तथा बाह्य सेवा भन्दा अनुदान वितरण र व्यवस्थापनमा व्यस्त बन्नु पर्ने हुँदा कृषक तथा व्यवसायीहरूसँग दूरी बढ्दै गएकोले उनीहरूको कार्य विवरण र जिम्मेवारी समीक्षा गरिनेछ। गाउँ/नगरपालिकामा आवश्यकता भन्दा निकै कम दरबन्दी र भएको दरबन्दी अनुसार पदपूर्ति पनि हुन नसक्दा कृषकहरूले प्राविधिक सेवा प्राप्त गर्न अति नै कठिन अवस्था छ। साथै, एग्रोभेटहरूबाट उपलब्ध

हुने सेवा पनि प्रविधि प्रसार भन्दा व्यापारिक बढी हुने देखिएकाले प्रविधि प्रसार र विस्तार नवप्रवर्तनात्मक ढंगबाट वडास्तरमा स्थापना हुने सामुदायिक कृषि तथा पशु सेवा विकास केन्द्र, एग्रोभेट र कृषि सहकारीहरूबाट गरिनेछ। यी परिवर्तनहरूबाट प्रविधिमा कृषकको पहुँच वृद्धि हुनेछ।

(१) स्थानीय तहको वडाहरूमा सम्भाव्यताको आधारमा वडास्तरीय सामुदायिक कृषि तथा पशु सेवा केन्द्र स्थापना गरी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहको प्रस्तावको आधारमा प्रदेश सरकारले सशर्त अनुदान दिने। यसरी स्थापित सेवा केन्दरहरूको वस्तुगत मूल्याङ्कन हरेक २/२ वर्षमा गरी राम्रो काम गर्न सक्नेहरूलाई निरन्तरता दिइ राम्रो काम गर्न नसक्नेहरूलाई सहयोग रोक्का गर्ने।

(२) नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र प्रदेश सरकारको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जिल्ला भित्रका स्थानीय तहमा कार्यरत प्राविधिकहरूको प्राविधिक क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाउने।

(३) नयाँ बाली/वस्तु विशेष र निर्दिष्ट अवधिभित्र तोकिएको प्रतिफल प्राप्त गर्नुपर्ने/सकिने कार्यमा स्पष्ट कार्यादेश सहित वैकल्पिक सेवा प्रदायक (एग्रोभेट, सामुदायिक कृषि तथा पशु सेवा केन्द्र, सहकारी संस्था, तथा स्वतन्त्र विज्ञहरू) को सेवा लिने।

(४) वैकल्पिक सेवा प्रदायकबाट सम्पन्न कार्यहरूको अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण जिल्ला स्थित कृषि र पशु सेवा हेर्ने कार्यालयमा कार्यरत विज्ञबाट गर्ने व्यवस्था मिलाउने।

२४८. सरकारी सेवामा रहेका प्राविधिकहरूले हाल सेवा पुऱ्याइ रहेका कृषक परिवार सङ्ख्या, विकासका साझेदारहरूको सहयोगमा सञ्चालित परियोजनाबाट परिचालित प्राविधिकहरूले सेवा दिंदै आएका कृषक परिवार सङ्ख्या, तथा निजी लगायतका अन्य सेवा प्रदायकबाट सेवा प्रदान गरिने कृषक परिवार सङ्ख्यामा आधारित रहेर कृषकहरूलाई सहज र गुणस्तरीय प्राविधिक सेवा प्रदान गर्न यो रणनीतिले ५०० घर धुरीको लागि कृषि तर्फ एक र पशु सेवा तर्फ एक प्राविधिकको व्यवस्था गर्न सिफारिस गरेको छ। यो नर्मस अवलम्बन गर्दा आवश्यक पर्ने कृषि प्राविधिकको सङ्ख्या तालिका २८ मा प्रस्तुत गरिएको छ। जस अनुसार प्रदेशका १२ जिल्लाका १०९ स्थानीय तहका लागि कृषि तर्फ ११४७ र पशु सेवा तर्फ ११४७ जना प्राविधिकहरू आवश्यक पर्ने देखिन्छ। जिल्लाको लागि आवश्यक पर्ने प्राविधिक सङ्ख्यालाई स्थानीय तह अनुसार भाग लगाउँदा सबैभन्दा बढी दाङ र बाँकेमा १६/१६ जना तथा सबैभन्दा कम रुकुम पूर्वमा ४ जना पर्ने देखिन्छ। प्राविधिकहरूको यो सङ्ख्या तीनै तहका सरकारी निकाय, विकासका साझेदारहरूको सहयोगमा सञ्चालित परियोजना, निजी क्षेत्र, र कृषि तथा पशुपन्छी सेवा प्रवाह गर्ने स्रोत केन्द्रमा कार्यरत प्राविधिकहरूको जम्मा सङ्ख्या भएकाले ठूलो होइन। तर, विभिन्न संस्थाबाट खटिने प्राविधिकहरूले प्रदान गर्ने प्राविधिक सेवामा दोहोरोपना आउने भएकाले कुनै स्थानका कृषकले बढी सेवा पाउने र कुनै स्थानका कृषकले पाउँदै नपाउने अवस्था छ। यो समस्याको निराकरणको लागि प्रदेशको जिल्लास्थित कृषि तथा पशु सेवा सम्बन्धी कार्य गर्ने निकायले सबै संस्थाबाट खटिएका प्राविधिकहरूको अद्यावधिक विवरण राख्ने, उनीहरूको क्षमता विकासमा आवश्यक परे सहयोग गर्ने तथा सेवा प्रवाहमा दोहोरोपना आउन नदिने व्यवस्था मिलाउनु पर्छ। त्यस्तै, यी निकायमा कार्यरत विषय विशेषज्ञहरूले तत्काल आइपर्ने आकस्मिक सेवा (Emergency Service) प्रदान गर्नुका साथै प्रदेश र स्थानीय तह बीच समन्वय तथा सम्पर्क सुदृढीकरण गर्ने, निजी तथा सहकारी क्षेत्रबाट प्रवाहित सेवाको अनुगमन गर्ने, कृषि क्षेत्रमा लगानी मैत्री वातावरण निर्माण गर्ने, तथा विपद् व्यवस्थापनका कार्यहरू गर्नेछन्।

तालिका २८. कृषि/पशु सेवा प्राविधिकको अनुमान

| क्र. सं. | जिल्ला | गा.पा/ न.पा. सङ्ख्या | वडा सङ्ख्या | राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा परिवार सङ्ख्या | कृषि पेशामा संलग्न परिवार सङ्ख्या (५१.१०%) | आवश्यक कृषि प्राविधिक सङ्ख्या | अनुमानित आवश्यक कृषि प्राविधिक | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कृषि / स्थानीय तह | पशु सेवा/ स्थानीय तह |
| १. | नवलपरासी (पश्चिम) | ७ | ७४ | ८२,७३८ | ४१,४५२ | ८३ | १२ | १२ |
| २ | रूपन्देही | १६ | १५५ | २३८,३२० | ११९,३९८ | २३९ | १५ | १५ |
| ३ | कपिलवस्तु | १० | ९६ | १२१,९४६ | ६१,०९५ | १२२ | १२ | १२ |
| ४ | पाल्पा | १० | ८१ | ६५,०४९ | ३२,५९० | ६५ | ७ | ७ |
| ५ | अर्घाखाँची | ६ | ६१ | ४८,४६५ | २४,२८१ | ४९ | ८ | ८ |
| ६ | गुल्मी | १३ | १०३ | ६६,१२५ | ३३,१२९ | ६६ | ५ | ५ |
| ७ | प्यूठान | ८ | ५४ | ५६,२०३ | २८,१५८ | ५६ | ७ | ७ |
| ८ | रोल्पा | १० | ७२ | ५५,२२१ | २७,६६६ | ५५ | ६ | ६ |
| ९ | रुकुम पूर्व | ३ | ३१ | १२,८८६ | ६,४५६ | १३ | ४ | ४ |
| १० | दाङ | १० | १०० | १६२,३१६ | ८१,३२० | १६३ | १६ | १६ |
| ११ | बाँके | ८ | ८१ | १२९,३०७ | ६४,७८३ | १३० | १६ | १६ |
| १२ | बर्दिया | ८ | ७५ | १०६,३२६ | ५३,२६९ | १०७ | १३ | १३ |
| कुल जम्मा | | १०९ | ९८३ | ११,४४,९०२ | ५७३,५९६ | ११४७ | | |

सचिव

# कार्यान्वयन तथा समन्वय व्यवस्था

## ९.१ कार्यान्वयन व्यवस्था

२४९. यस परिच्छेदमा वर्तमान सङ्घीय संरचना, कृषक तथा व्यवसायीहरूको बढ्दो माग/अपेक्षा, चुनौतीहरूको सम्बोधन, तथा अवसरहरूको उपयोग गर्दै प्रादेशिक कृषि विकास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न प्रदेश सरकारले अवलम्बन गर्नु पर्ने क्रियाकलापहरू प्रस्तुत गरिएको छ। रणनीति कार्यान्वयनको मुख्य जिम्मेवारी र जवाफदेहिता कृषि तथा भूमि व्यवस्था मन्त्रालयको हुनेछ। यसमा अन्य मन्त्रालयहरू, स्थानीय तह, र सम्बन्धित अन्य निकायहरूले आफ्नो जिम्मेवारी तथा कार्य विवरण अनुरूप सहयोग र समन्वय गर्नेछन्। रणनीति कार्यान्वयनको ढांचा चित्र १२ मा प्रस्तुत गरिएको छ।




**चित्र १२. रणनीति कार्यान्वयन व्यवस्था**

### <u>९.१.१ प्रादेशिक कृषि विकास रणनीति समन्वय एकाइको व्यवस्था</u>

२५०. यो रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी र नेतृत्व कृषि तथा भूमि व्यवस्था मन्त्रालयले लिनेछ। तथापि, यो बृहत् जिम्मेवारी र बहुपक्षीय कार्य एउटा मन्त्रालयको प्रयासले मात्र सम्भव नहुने हुँदा यसमा अन्य मन्त्रालय र सरकारी निकायहरूका साथै निजी तथा सहकारी क्षेत्रको सहभागिता, समन्वय, अनुभव आदान प्रदान र अन्तरक्रियाको महत्त्वपूर्ण भूमिका रहनेछ। सरकारी, सहकारी तथा निजी क्षेत्र यस्ता कुराहरूमा मात्र सिमित नरही जोखिम बहन तथा लगानी वृद्धिमा पनि संलग्न हुनु पर्ने

भएकाले चार तहका समन्वय समितिहरूको कार्यमा समेत समन्वय गर्ने गरी मन्त्रालयका वरिष्ठ अधिकृतको नेतृत्वमा प्रादेशिक कृषि विकास रणनीति समन्वय एकाइको व्यवस्था गरिनेछ।

२५१. एकाइको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ।

(१) प्रादेशिक कृषि विकास रणनीति समन्वय समितिबाट प्रस्तावित उच्चस्तरीय प्रादेशिक कृषि विकास रणनीति निर्देशन समितिको कार्यसूची (Agenda) लाई अन्तिम रूप दिने।

(२) मासिक/ त्रैमासिक रूपमा जिल्लाको स्थलगत भ्रमण गरी रणनीति कार्यान्वयन अवस्थाको जानकारी लिने र प्रतिक्रिया सहित प्रतिवेदन सम्बन्धित मन्त्रालयलाई बुझाउने।

(३) आवश्यकता अनुसार छोटो अवधिका लागि स्पष्ट कार्यादेश (Terms of Reference) तर्जुमा गरी सम्बन्धित मन्त्रालयको समन्वय र सहकार्यमा प्रतिफलमा आधारित (Output based) अध्ययन गर्न गराउन पहल गर्ने र त्यसको सुझाव कार्यान्वयन गर्न/गराउन लगाउने।

(४) कृषकको अधिकार सुनिश्चित गर्न कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई सहजीकरण गर्ने।

(५) स्थानीय सरकारहरूलाई नेपाल सरकारको कृषि विकास रणनीति तथा प्रादेशिक कृषि विकास रणनीतिका बारेमा अभिमुखीकरण गरी ती रणनीतिहरू स्थानीयकरण (Localization) गर्नको लागि संयुक्त कार्ययोजना (Joint Action Plan) तर्जुमा गर्न सहजीकरण गर्ने।

## ९.१.२ योजना तर्जुमा प्रणालीमा सुधार

२५२. यो रणनीति कार्यान्वयनमा आइ सकेपछि प्रदेश सरकार मातहतका मन्त्रालय, विभाग तथा जिल्ला स्थित निकायहरू एवम् स्थानीय सरकार मातहतका निकायहरूले कृषि विकास सम्बन्धी वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयहरूलाई प्राथमिकता दिनु पर्नेछ:

(क) रणनीतिका पाँच स्तम्भ/सम्भागहरू र निर्दिष्ट कार्यक्रम अनुरुप खाद्य तथा पोषण सुरक्षा, आर्थिक विकास, तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने।

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने।

(ग) जनताको जीवनस्तर, आम्दानी, र रोजगारी बढ्ने।

(घ) स्वदेशी स्रोत, साधन, र सीपको अधिकतम उपयोग हुने।

(ङ) महिला, बालबालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने।

(च) दिगो विकास, वातावरण संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुऱ्याउने।

२५३. संघ तथा प्रदेशबाट विभिन्न किसिमका अनुदान प्राप्त गरी निर्दिष्ट प्रतिफल हासिल गर्न स्थानीय तहका सम्बन्धित निकायहरूले चित्र १३ मा देखाइए अनुसार ७ चरणका एकीकृत योजना तर्जुमा प्रणाली अपनाई कार्यक्रम र बजेट वार्षिक रूपमा स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ।

सचिव




| बजेट र कार्यक्रम तर्जुमा समिति | योजना र कार्यक्रम प्राथमिकीकरण र तर्जुमाका आधार |
|---|---|
| (क) उपाध्यक्ष/उप मेयरः संयोजक<br>(ख) बिषयगत क्षेत्र हेर्ने पालिकाका सदस्यहरूः ६ जना (महिला, दलित र पिछडिएको वर्गबाट कम्तीमा ३ जना) सदस्य<br>(ग) प्रमुख प्रशासकीय अधिकृतः सदस्य<br>(घ) परियोजना महाशाखा/विभाग वा शाखा प्रमुखः सदस्य सचिव | (क) खाद्य सुरक्षा, आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने<br>(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल दिने<br>(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने<br>(घ) स्वदेशी स्रोत साधन र सिपको अधिकतम उपयोग हुने<br>(ङ) महिला, बालबालिका, तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने<br>(च) दिगो विकास, वातावरण संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने |

**चित्र १३. स्थानीय तहमा योजना तर्जुमा चरणहरू (स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय (ख) (२०७७)**

२५४. प्रदेशस्तरमा कृषि विकास योजना तर्जुमा गर्दा अवलम्बन गर्नु पर्ने मुख्य चरणहरूको रूपरेखा चित्र १४ मा प्रस्तुत गरिएको छ।

सचिव




**चित्र १४. प्रदेश तहमा वार्षिक कृषि विकास कार्यक्रम तर्जुमाका चरणहरू (स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय (ख) २०७७)**

## ९.२ प्रभावकारी समन्वय

२५५. प्रादेशिक कृषि विकास रणनीतिको सफल कार्यान्वयनका लागि तीनै तहका सरकारहरू बीच प्रभावकारी समन्वय र सम्पर्क आवश्यक छ। त्यसैले, यो रणनीतिमा प्रदेश स्तरमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रादेशिक योजना आयोगका उपाध्यक्ष सहितको उच्चस्तरीय निर्देशन समिति, कृषि तथा भूमि व्यवस्था मन्त्रालयका मन्त्रीको अध्यक्षतामा प्रादेशिक कृषि विकास रणनीति समन्वय समिति र कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिवको अध्यक्षतामा संयुक्त क्षेत्रगत समीक्षा संयन्त्रको व्यवस्था गरिएको छ। यस्तै गरी, स्थानीय तहमा त्यहाँका प्रमुखको अध्यक्षतामा पालिका कृषि विकास रणनीति समन्वय समिति गठन गरिनेछ। यी चारवटै समन्वय समितिहरू बीचको अन्तरसम्बन्ध चित्र १५ मा देखाइएको छ। यी समन्वय समितिहरूको गठन विधि र कार्य विवरण अनुसूची १० मा दिइएको छ।




**चित्र १५. प्रादेशिक कृषि विकास रणनीति समन्वय समितिहरू**

सचिव

# परिच्छेद १०
# लगानी प्रक्षेपण

## १०.१ उपलब्धि र प्रतिफलमा लगानी

२५६. प्रादेशिक कृषि विकास रणनीति कार्यान्वयनका लागि १५ वर्षको अवधिमा (आ.व. २०८१/८२ देखि आ.व. २०९५/९६ सम्म) हालको मूल्यमा १ खरब २८ अरब ११ करोड ६५ हजार आवश्यक पर्ने अनुमान गरिएको छ। यसमा कर्मचारीका लागि आवश्यक पर्ने तलब भत्ता तथा सुविधा हिसाब गरिएको छैन। यस रणनीतिले सम्भाग/उपलब्धिको आधारमा सबैभन्दा बढी उच्च तथा दिगो उत्पादकत्व वृद्धिमा ५४ अर्ब ८३ करोड ८६ लाख ४० हजार (४२.८ प्रतिशत) र त्यसपछिका चार सम्भागहरूमा क्रमशः कृषि व्यावसायीकरण अभिवृद्धिमा ३० अर्ब ३ करोड १७ लाख ५० हजार (२३.४ प्रतिशत) कृषि पूर्वाधार तथा बजार विकास र सुधारमा २५ अर्ब ४२ करोड ५० लाख (१९.८ प्रतिशत), कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धिमा १४ अर्ब ४४ करोड ८१ लाख २५ हजार (११. ३ प्रतिशत) र अन्त्यमा संस्थागत विकास तथा सुशासन प्रवर्द्धनमा ३ अर्ब ३६ करोड ६५ लाख ५० हजार (२.६ प्रतिशत) अनुमान गरेको छ (तालिका २९)। अनुसूची ११ मा प्रत्येक सम्भाग अनुसार लगानीको आधार र आ.व. २०८१/८२ देखि क्रमशः २०९५/९६ सम्म १५ वर्षको लगानी प्रस्तुत गरिएको छ। लगानी अनुमान गर्दा रणनीतिले प्रस्ताव गरेका सबै प्रतिफल र क्रियाकलापहरूलाई समेटिएको छ।

**तालिका २९. लगानी प्रक्षेपण (रु हजारमा)**

| उपलब्धि | प्रथम पाँच वर्ष (२०८१/८२-२०८५/८६) | दोस्रो पाँच वर्ष २०८६/८७-९०-९१) | तेस्रो पाँच वर्ष २०९१/९२-९५/९६ | कुल लगानी | प्रतिशत |
|---|---|---|---|---|---|
| १. उच्च तथा दिगो उत्पादकत्व वृद्धि | २०,६४६,६०० | १७,१४७,२५० | १७,०४४,७९० | ५४,८३८,६४० | ४२.८ |
| २. कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि | ४,९१९,३७५ | ४,७५९,३७५ | ४,७६९,३७५ | १४,४४८,१२५ | ११.३ |
| ३. कृषि व्यवसायीकरण अभिवृद्धि | १०,०३९,६५० | १०,०१७,८५० | ९,९७४,२५० | ३०,०३१,७५० | २३.४ |
| ४. कृषि पूर्वाधार तथा बजार विकास र सुधार | ८,२९०,००० | ८,३९०,००० | ८,७४५,००० | २५,४२५,००० | १९.८ |
| ५. संस्थागत विकास तथा सुशासन प्रवर्द्धन | १,११२,८५० | १,०७५,८५० | १,१७७,८५० | ३,३६६,५५० | २.६ |
| **कुल लगानी** | **४५,००८,४७५** | **४१,३९०,३२५** | **४१,७११,२६५** | **१२८,११०,०६५** | **१००.०** |

२५७. चित्र १६ मा यो रणनीति कार्यान्वयनको पहिलो पाँच वर्ष (आ.व. २०८१/८२ देखि २०८५/८६), दोस्रो पाँच वर्ष (२०८६/८७-२०९०/९१) र तेस्रो पाँच वर्ष (२०९१/९२-२०९५/९६) सम्मका लागि पाँच उपलब्धिका लागि प्रक्षेपित लगानी चरणबद्धरूपमा देखाइएको छ।




**चित्र १६. उपलब्धि अनुसार प्रादेशिक कृषि विकास रणनीतिको लगानी प्रक्षेपण**

२५८.सुशासन तथा संस्थागत विकास यस रणनीतिको मुटु हो तर यसमा २ प्रतिशत मात्र लगानी प्रस्तावित गरिएको छ। यसको मुख्य कारण यो उपलब्धिसँग सम्बन्धित नतिजा अन्य चार उपलब्धिमा समेत समावेश हुने र कर्मचारी तर्फको पारिश्रमिक, सुविधा आदि नियमित खर्चमा समावेश हुने हुँदा यसमा नजोडिएकाले हो।

२५९.तालिका ३० मा प्रादेशिक मन्त्रालय, स्थानीय तह, निजी, तथा सहकारी क्षेत्रबाट हुने लगानी प्रस्तुत गरिएको छ। यस तालिकामा प्रस्तुत अंक प्रादेशिक कृषि विकास रणनीतिको लागि गरिने लगानी मात्र हो र यसमा कृषि तथा भूमि व्यवस्था मन्त्रालय बाहेकका अन्य मन्त्रालय र निकायहरूले आफ्नो जिम्मेवारी अनुरुप नियमित रूपमा सम्पन्न गर्नु पर्ने कार्यहरूको लगानी समावेश गरिएको छैन। यसमा कृषि तथा भूमि व्यवस्था मन्त्रालयको कार्यक्रम तर्फको सम्पूर्ण लगानी समाबेश भएको हुनाले कुल लगानी प्रक्षेपणको ५३ प्रतिशत (६८ अर्ब ६ करोड ७५ लाख ९० हजार) यो मन्त्रालयको हिस्सामा पर्न गएको छ।

**तालिका ३०: लगानी विभाजन (रु हजारमा)**

| निकाय | प्रथम पांच वर्ष (२०८१-२०८५) | दोस्रो पांच वर्ष (२०८६-२०९०) | तेश्रो पांच वर्ष (२०९१-२०९५) | कुल लगानी | % |
|---|---|---|---|---|---|
| कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २३,०९६,८५० | २२,४०२,६०० | २२,५६८,१४० | ६८,०६७,५९० | ५३.१ |
| स्थानीय तह (१०९ पालिका) | १२,२५७,१२५ | ९,४९०,२२५ | ९,३३२,६२५ | ३१,०७९,९७५ | २४.३ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ७,१८५,००० | ७,१८५,००० | ७,४१०,००० | २१,७८०,००० | १७.० |
| वन तथा वातावरण मन्त्रालय | १,२६०,००० | १,२६०,००० | १,२६०,००० | ३,७८०,००० | ३.० |
| अर्थ मन्त्रालय | २८४,४५० | ३२०,४५० | ३७१,४५० | ९७६,३५० | ०.८ |
| मुख्य मन्त्री तथा | ३०६,००० | ३१८,००० | ३३५,००० | ९५९,००० | ०.७ |

| निकाय | प्रथम पांच वर्ष (२०८१-२०८५) | दोस्रो पांच वर्ष (२०८६-२०९०) | तेश्रो पांच वर्ष (२०९१-२०९५) | कुल लगानी | % |
|---|---|---|---|---|---|
| मन्त्रिपरिषद्को कार्यालय | | | | | |
| निजी क्षेत्र | ३८५,००० | १७०,००० | १८०,००० | ७३५,००० | ०.६ |
| सहकारी | १३०,००० | १४०,००० | १५०,००० | ४२०,००० | ०.३ |
| प्रदेश योजना आयोग | १०४,०५० | १०४,०५० | १०४,०५० | ३१२,१५० | ०.२ |
| कुल लगानी | ४५,००८,४७५ | ४१,३९०,३२५ | ४१,७११,२६५ | १२८,११०,०६५ | १०० |

२६०.तालिका ३१ मा क्रियाकलापको प्रकृति अनुसार खर्चको बाँडफाँट गरिएको छ। यो बाँडफाँट बमोजिम कार्यक्रम तर्फ ७४.८३% र पूर्वाधार विकास तर्फ २०.३४% लगानी प्रस्ताव गरिएकाले प्रादेशिक कृषि विकास रणनीतिले यी दुईलाई प्राथमिकता दिएको स्पष्ट देखिन्छ।

**तालिका ३१: लगानी विभाजन (रु हजारमा)**

| लगानी क्षेत्र | प्रथम पांच वर्ष (२०८१-२०८५) | दोस्रो पांच वर्ष (२०८६-२०९०) | तेश्रो पांच वर्ष (२०९१-२०९५) | कुल लगानी | % |
|---|---|---|---|---|---|
| कार्यक्रम | ३४,३९१,२५० | ३०,७५७,४५० | ३०,७१९,३५० | ९५,८६८,०५० | ७४.८३ |
| पूर्वाधार विकास | ८,४८२,५०० | ८,६१२,५०० | ८,९६७,५०० | २६,०६२,५०० | २०.३४ |
| तालिम/ क्षमता | १,३०८,५७५ | १,३०२,२२५ | १,३०८,२६५ | ३,९१९,०६५ | ३.०६ |
| वित्तीय सेवा पहुँच | ३०८,५०० | ३०८,५०० | ३०८,५०० | ९२५,५०० | ०.७२ |
| प्रोत्साहन/ पुरस्कार | २३३,५०० | २३३,५०० | २३३,५०० | ७००,५०० | ०.५५ |
| समन्वय | ९०,७५० | ९०,७५० | ९०,७५० | २७२,२५० | ०.२१ |
| नीति निर्माण | १४१,२५० | ३३,२५० | ३१,२५० | २०५,७५० | ०.१६ |
| नियमन | ३५,५०० | ३५,५०० | ३५,५०० | १०६,५०० | ०.०८ |
| अनुगमन | १०,८०० | १०,८०० | १०,८०० | ३२,४०० | ०.०३ |
| संस्थागत संरचना सुधार | ५,८५० | ५,८५० | ५,८५० | १७,५५० | ०.०१ |
| कुल लगानी | ४५,००८,४७५ | ४१,३९०,३२५ | ४१,७११,२६५ | १२८,११०,०६५ | १०० |

२६१. तालिका ३२ मा यो रणनीतिका पाँच उपलब्धि अन्तर्गतका प्रतिफल अनुसार लगानी विवरण देखाइएको छ। तालिकामा देखाइए अनुसार लगानीका प्रमुख क्षेत्रमा सिंचाइ संरचना निर्माण तथा सुधार, उत्पादन प्रशोधन तथा मूल्य अभिवृद्धि, प्राथमिकताका बाली/वस्तु प्रवर्द्धन, जलवायु अनुकूलन क्षमता वृद्धि तथा सूचना प्रवाह, बाली/वस्तु विविधीकरण र प्रविधि विकास प्रसार तथा उपयोग पर्छन्।

सचिव

## तालिक ३२. प्रतिफलको आधारमा लगानी विवरण (रु हजारमा)

| क.स. | संकेत | प्रतिफल | प्रथम पांच वर्ष (२०८१-२०८५) | दोस्रो पांच वर्ष (२०८६-२०९०) | तेस्रो पांच वर्ष (२०९१-२०९५) | कुल लगानी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १.१ | दिगो भूमि व्यवस्थापन तथा उपयोग | २,३३५,९०० | १,९५७,००० | २,०५७,००० | ६,३४९,९०० | ५.० |
| २ | १.२ | प्रविधि विकास प्रसार तथा उपयोग | ५,२७३,६०० | २,५०८,२५० | २,३७८,४४० | १०,१६०,२९० | ७.९ |
| ३ | १.३ | एकीकृत जल तथा बाली व्यवस्थापन | ४३५,००० | ४३५,००० | ४३५,००० | १,३०५,००० | १.० |
| ४ | १.४ | उत्पादन सामग्री (बीउ बिजन)मा पहुँच | २,०६४,७७५ | १,७८१,३७५ | १,७८१,३७५ | ५,६२७,५२५ | ४.४ |
| ५ | १.५ | मलखाद उत्पादन, वितरण तथा उपयोग सुनिश्चितता | ४२५,७५० | ४२५,७५० | ४२५,७५० | १,२७७,२५० | १.० |
| ६ | १.६ | कृषि यान्त्रिकीकरण अभिवृद्धि | १,५३९,४५० | १,४५७,७५० | १,३७४,५०० | ४,३७१,७०० | ३.४ |
| ७ | १.७ | कृषि कर्जा सरलीकरण तथा पहुँचमा वृद्धि | ३०८,८७५ | ३०८,८७५ | ३०८,८७५ | ९२६,६२५ | ०.७ |
| ८ | १.८ | रोगव्याधी व्यवस्थापन (बाली, पशुपन्छी, माछा) | १,५५२,७५० | १,५६०,७५० | १,५५५,३५० | ४,६६८,८५० | ३.६ |
| ९ | १.९ | कृषि जैविक विविधता संरक्षण | ३,२३१,७५० | ३,२३२,७५० | ३,२५०,७५० | ९,७१५,२५० | ७.६ |
| १० | १.१० | जलवायु अनुकुलन क्षमता बृद्धि तथा सूचना प्रवाह | ३,४७८,७५० | ३,४७९,७५० | ३,४७७,७५० | १०,४३६,२५० | ८.१ |
| ११ | २.१ | उत्पादन तथा लगानी मैत्री नीति तर्जुमा तथा कार्यान्वयन | १८०,२५० | ३०,२५० | ३०,२५० | २४०,७५० | ०.२ |
| १२ | २.२ | कृषि बजार सूचना प्रणालीको विकास तथा पहुँच | ३३,७५० | २३,७५० | ३३,७५० | ९१,२५० | ०.१ |
| १३ | २.३ | खाद्य स्वच्छता सहित असल कृषि तथा पशु स्वास्थ्य अभ्यास संहिता पालन | २४,००० | २४,००० | २४,००० | ७२,००० | ०.१ |
| १४ | २.४ | पोस्ट हार्भेष्ट तथा मूल्य व्यवस्थापन | ८५,६२५ | ८५,६२५ | ८५,६२५ | २५६,८७५ | ०.२ |
| १५ | २.५ | बाली/वस्तु विविधीकरण | ४,२७७,२५० | ४,२७७,२५० | ४,२७७,२५० | १२,८३१,७५० | १०.० |

| क्र.स. | संकेत | प्रतिफल | प्रथम पांच वर्ष (२०८१-२०८५) | दोस्रो पांच वर्ष (२०८६-२०९०) | तेस्रो पांच वर्ष (२०९१-२०९५) | कुल लगानी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १६ | २.६ | उत्पादन प्रशोधन तथा मूल्य अभिवृद्धि | ३१८,५०० | ३१८,५०० | ३१८,५०० | ९५५,५०० | ०.७ |
| १७ | ३.१ | मूल्य श्रङ्खला विकास तथा सुदृढीकरण (निजी तथा सहकारी क्षेत्रको कृषि व्यवसायमा लगानी अभिवृद्धि) | २,३२०,००० | २,३२०,००० | २,३२०,००० | ६,९६०,००० | ५.४ |
| १८ | ३.२ | पशुपन्छी तथा मत्स्य विकास | १,९५०,००० | १,९५०,००० | १,९५०,००० | ५,८५०,००० | ४.६ |
| १९ | ३.३ | प्राथमिकताका बाली/वस्तु प्रवर्द्धन | ५,४९१,२५० | ५,४९१,२५० | ५,४९१,२५० | १६,४७३,७५० | १२.९ |
| २० | ३.४ | आन्तरिक क्वारेन्टाइन व्यवस्थापन | १८४,५०० | १८४,५०० | १८४,५०० | ५५३,५०० | ०.४ |
| २१ | ३.५ | कृषि तथा पशु बीमा व्यवस्था सहजीकरण | ९३,९०० | ७२,१०० | २८,५०० | १९४,५०० | ०.२ |
| २२ | ४.१ | कृषि बजार संरचनाहरूको निर्माण, विस्तार तथा मर्मत सम्भार | १,०५०,००० | १,१५०,००० | १,२५०,००० | ३,४५०,००० | २.७ |
| २३ | ४.२ | प्रशोधन, खाद्यान्न भण्डारण तथा शीत गृह निर्माण | १२७,५०० | १२७,५०० | १५७,५०० | ४१२,५०० | ०.३ |
| २४ | ४.३ | कृषि यन्त्र उद्योगको स्थापना र विकास | २,५०० | २,५०० | २,५०० | ७,५०० | ०.० |
| २५ | ४.४ | ग्रामिण/कृषि सडक विस्तार तथा मर्मत | ६००,००० | ६००,००० | ६००,००० | १,८००,००० | १.४ |
| २६ | ४.५ | सिंचाइ संरचना निर्माण तथा सुधार | ६,५१०,००० | ६,५१०,००० | ६,७३५,००० | १९,७५५,००० | १५.४ |
| २७ | ५.१ | नीति पुनरावलोकन, सामञ्जस्यता तथा निरन्तरता | १४२,२५० | ३३,२५० | ३३,२५० | २०८,७५० | ०.२ |
| २८ | ५.२ | संस्थागत संरचना तथा सुविधा विस्तार | १०,००० | १०,००० | १०,००० | ३०,००० | ०.० |
| २९ | ५.३ | जनशक्ति विकास तथा व्यवस्थापन | २२२,५०० | २२२,५०० | २२२,५०० | ६६७,५०० | ०.५ |
| ३० | ५.४ | वित्तीय व्यवस्थापन प्रणालीमा सुधार | ३३३,००० | ३६९,००० | ४२०,००० | १,१२२,००० | ०.९ |
| ३१ | ५.५ | एकीकृत तथा समन्वयात्मक योजना तर्जुमा | १६,९५० | १६,९५० | १६,९५० | ५०,८५० | ०.० |
| ३२ | ५.६ | तथ्याङ्क तथा सूचना व्यवस्थापन | २८६,६०० | ३२२,६०० | ३७३,६०० | ९८२,८०० | ०.८ |

| क.स. | संकेत | प्रतिफल | प्रथम पांच वर्ष (२०८१-२०८५) | दोस्रो पांच वर्ष (२०८६-२०९०) | तेश्रो पांच वर्ष (२०९१-२०९५) | कुल लगानी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ३३ | ५.७ | रणनीति कार्यान्वयनमा समन्वय | ९०,७५० | ९०,७५० | ९०,७५० | २७२,२५० | ०.२ |
| ३४ | ५.८ | अनुगमन, मूल्याङ्कन तथा समीक्षा | १०,८०० | १०,८०० | १०,८०० | ३२,४०० | ०.० |
| | | कुल जम्मा | ४५,००८,४७५ | ४१,३९०,३२५ | ४१,७११,२६५ | १२८,११०,०६५ | १००.० |

सचिव

२६२.लगानीका हिसाबले प्राथमिकतामा पर्ने प्रतिफलहरू तालिका ३३ मा देखाइएको छ। तालिकामा देखाइए अनुसार कुल लगानी प्रक्षेपणको १० प्रतिशत भन्दा माथि प्रस्ताव गरिएका प्रतिफलहरूमा सिंचाइ संरचना निर्माण तथा सुधार, प्राथमिकताका बाली/वस्तु प्रवर्द्धन, र बाली/वस्तु विविधीकरण गरी जम्मा ३ वटा रहेका छन्। त्यसै गरी, ५-१० प्रतिशत लगानी प्रक्षेपण गरिएका ४ वटा प्रतिफल, ३-५ प्रतिशत लगानी प्रक्षेपण गरिएका ५ वटा प्रतिफल, र ३ प्रतिशत भन्दा कम लगानी प्रक्षेपण गरिएका २२ वटा प्रतिफल रहेका छन्।

**तालिका ३३. प्रतिफल अनुसार लगानी प्राथमिकता**

| लगानी रेन्ज | प्रतिफल सङ्ख्या | प्रतिफल |
|---|---|---|
| कुल लगानी प्रक्षेपणको १० प्रतिशत भन्दा माथि | ३ | सिंचाइ संरचना निर्माण तथा सुधार |
| | | प्राथमिकताका बाली/वस्तु प्रवर्द्धन |
| | | बाली/वस्तु विविधीकरण |
| कुल लगानी प्रक्षेपणको ५-१० प्रतिशत भित्र | ४ | जलवायु अनुकुलन क्षमता बृद्धि तथा सूचना प्रवाह |
| | | प्रविधि विकास प्रसार तथा उपयोग |
| | | कृषि जैविक विविधता संरक्षण |
| | | मूल्य श्रङ्खला विकास तथा सुदृढीकरण |
| कुल लगानी प्रक्षेपणको ३-५ प्रतिशत भित्र | ५ | दिगो भूमि व्यवस्थापन तथा उपयोग |
| | | पशुपन्छी तथा मत्स्य विकास |
| | | उत्पादन सामग्री (बीउ बिजन)मा पहुँच |
| | | रोगव्याधि व्यवस्थापन |
| | | कृषि यान्त्रिकीकरण अभिवृद्धि |
| ३ प्रतिशत भन्दा कम | २२ | |

## १०.२ वित्तीय स्रोत

२६३.प्रस्तुत रणनीतिको लगानी व्यवस्था सरकारबाट मात्र नभई सरकार, सहकारी, निजी तथा कृषक समुदाय सबैले आ-आफ्नो हिस्सा, योगदान र जरुरतको आधारमा गर्ने हिसाबले प्रस्ताव गरिएको छ। तालिका ३४ मा वित्तीय स्रोत अनुसार लगानी प्रक्षेपण गरिएको छ।

२६४.यो रणनीति कार्यान्वयनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई वार्षिक कुल बजेटको १० देखि १५ प्रतिशत सशर्त अनुदान उपलब्ध गराइने अपेक्षा गरेको छ।

**तालिका ३४. उपलब्धि अनुसार वित्तीय स्रोत सहभागिता प्रक्षेपण (प्रतिशत)**

| उपलब्धि/लगानी क्षेत्र | उच्च तथा दिगो उत्पादकत्व | कृषि क्षेत्रको क्षमता अभिवृद्धि | व्यावसायिक कृषि अभिवृद्धि | कृषि पूर्वाधार | संस्थागत विकास तथा सुशासन | % |
|---|---|---|---|---|---|---|
| सरकारी | | | | | | |
| प्रदेश सरकार | ५१.४ | ३२.७ | ४९.५ | ८५.५ | ८८.४ | ५६.६ |
| स्थानीय तह | १९.७ | २१.७ | ४.४ | ५.५ | १०.० | १३.२ |

| उपलब्धि/लगानी क्षेत्र | उच्च तथा दिगो उत्पादकत्व | कृषि क्षेत्रको क्षमता अभिवृद्धि | व्यावसायिक कृषि अभिवृद्धि | कृषि पूर्वाधार | संस्थागत विकास तथा सुशासन | % |
|---|---|---|---|---|---|---|
| १. सरकारी कुल | ७१.१ | ५४.४ | ५३.९ | ९१.० | ९८.४ | ६९.८ |
| अन्य निकाय | | | | | | |
| २.सहकारी | १७.३ | २२.७ | २०.० | ५.२ | ०.० | १५.७ |
| ३.निजी क्षेत्र | १०.१ | २२.९ | २६.१ | ३.८ | १.६ | १३.९ |
| ४. अनुसन्धान तथा शैक्षिक संस्था | १.५ | ०.० | ०.० | ०.० | ०.० | ०.६ |
| **कुल लगानी (%)** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |
| **कुल लगानी (अर्ब)** | **५४.८३८** | **१४.४४८** | **३०.०३१** | **२५.४२५** | **३.३६६** | **१२८.११०** |

२६५. चित्र १७ मा वित्तीय स्रोत प्रस्तुत गरिएको छ। यो रणनीति कार्यान्वयनमा स्थानीय सरकारसँग समन्वय गरी कार्यक्रमहरू एकैसाथ लैजाने उद्देश्य राखिएको छ। रणनीति कार्यान्वयनमा स्थानीय तहलाई सहभागी गराउन उनीहरूको पनि लगानी सहभागिता हुने प्रस्ताव गरिएको छ। यसै गरी, निजी तथा सहकारी क्षेत्रको हिस्सा पनि स्पष्ट देखाइएको छ। रणनीति कार्यान्वयनको लागि कुल लगानीको करिब दुई तिहाइ सरकारी क्षेत्रबाट र बाँकी एक तिहाइ सहकारी, निजी, तथा अनुसन्धान संस्थाहरूले व्यहोर्ने गरी प्रस्ताव गरिएको छ। कृषक वा समुदायको हिस्सा कार्यक्रम अनुसार निजी तथा सहकारी क्षेत्र मार्फत वा सोझै प्राप्त हुने व्यवस्था मिलाउनु पर्नेछ।




**चित्र १७. वित्तीय स्रोत व्यवस्था**

२६६. माथि उल्लिखित लगानी प्रक्षेपण देहायको आधारमा गरिएको हो।

(१) यो रणनीतिले प्रस्तावित गरेको उपलब्धि र उपलब्धि अनुरूपका प्रतिफल र क्रियाकलापहरूसँग तालमेल (सामञ्जस्यता) कायम गर्न।

(२) स्थानीय तहसँग कार्यगत तथा नीतिगत समन्वय, सहभागिता तथा सहकार्य गर्दै प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय हस्तान्तरण मार्फत उपलब्ध गराउने सशर्त अनुदान र समपूरक अनुदान उपलब्ध गराउन।

(३) पूर्वाधार निर्माणमा निजी तथा सहकारी क्षेत्र दुबैलाई पुँजीगत अनुदानभन्दा ब्याज अनुदान र आधार ब्याज सहित फिर्ता गर्नुपर्ने चक्रीय कोषको व्यवस्था मिलाउन।

(४) वित्तीय समावेशीकरण र वित्तीय अनुशासनतर्फ ध्यान दिन।

(५) उपलब्धिलाई प्रतिफलसँग र प्रतिफललाई क्रियाकलापसँग तालमेल मिलाउँदै प्रदेशका जनताको आकांक्षा तथा आवश्यकतालाई सम्बोधन गर्न ।

(६) सहकारी तथा निजी क्षेत्रको संलग्नता अभिवृद्धि तथा सुनिश्चित गर्न।

सचिव

# परिच्छेद ११
# अनुगमन, मूल्याङ्कन र समीक्षा

२६७. अनुगमन तथा मूल्याङ्कन यस रणनीतिको अभिन्न अंग हो। यो रणनीतिले निम्न दुई प्रमुख उद्देश्यले अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी तुल्याउन जोड दिन्छ।

(१) प्रदेशवासी जनताप्रति प्रदेश सरकारको उत्तरदायित्व वहन गर्नु।

(२) कार्यक्रमको प्रभाव, उपलब्धि तथा प्रतिफल सुनिश्चित गर्नु।

२६८. अनुगमन तथा मूल्याङ्कन प्रतिफल, उपलब्धि तथा प्रभावका सूचकहरूमा केन्द्रित रही गरिने छ। साथै, रणनीतिको अनुगमन तथा मूल्याङ्कन प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ बमोजिम गरिनेछ र यो रणनीति कार्यान्वयनको क्रममा अनुगमन तथा मूल्याङ्कन ढाँचा विकास गरी संस्थागत गरिनेछ।

## ११.१ अनुगमन

२६९. कृषि तथा भूमि व्यवस्था मन्त्रालयमा रहने प्रादेशिक कृषि विकास रणनीति समन्वय एकाइ (फोकल निकाय) ले यो रणनीतिको नियमित अनुगमनको व्यवस्था मिलाउने एवम् त्यसको अभिलेख राख्ने काम गर्नेछ। यो एकाइको सिधा सम्बन्ध कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिवको अध्यक्षतामा गठन हुने संयुक्त क्षेत्रगत समीक्षा संयन्त्रसँग हुनेछ र एकाइले यही संयन्त्रलाई आफ्नो प्रतिवेदन पेश गर्नेछ।

२७०. कार्यक्रम तथा आयोजनाहरूमा भएको लगानी तथा स्रोत साधनको प्रवाह उचित ढंगले भए नभएको वा अपेक्षित नतिजा (प्रभाव, उपलब्धि, प्रतिफल) हासिल भए नभएको सम्बन्धमा प्रदेश योजना आयोगले अनुगमन गर्नेछ। मन्त्रालयले नियमित तवरमा गर्ने निर्देशनालय र मातहतका निकायको अनुगमन र निर्देशनालयहरूले आफू मातहतका निकायहरूको अनुगमनमा रणनीतिको मार्गदर्शन अनुसार काम भैराखेको छ छैन, सुधार गर्नु पर्ने पक्षहरू के के हुन्, लक्ष्य हासिल गर्न के गर्नु पर्छ भन्ने जस्ता बुँदाहरूको समेत जानकारी लिइ कृषि विकास रणनीति समन्वय समिति र उच्चस्तरीय कृषि विकास रणनीति निर्देशन समितिलाई समय समयमा जानकारी गराउने व्यवस्था मिलाउनु पर्छ। मन्त्रालयले अन्य निकाय तथा क्षेत्रबाट भैराखेको काम कारवाहीहरूको समेत प्राविधिक हिसाबले अनुगमन गरी आवश्यक परेको खण्डमा सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

२७१. अनुगमन लक्ष्य र प्रगतिमा मात्र सीमित नरही जनशक्ति, बजेट खर्च, निजी, सहकारी तथा विकास साझेदारहरूको लगानी, कार्यक्रम र उपलब्धिको समेत गर्नु पर्नेछ। मन्त्रालयले अनुगमन तथा मूल्याङ्कनको ढाँचा तयार गरी सम्बद्ध सबै निकायहरूलाई उपलब्ध गराउनेछ।

२७२. सम्बन्धित निकायले तोकिएको ढाँचामा अनुगमन गरी हरेक त्रैमासिकमा माथिल्लो निकायलाई प्रतिवेदन बुझाउनु पर्नेछ।

२७३. अनुगमन प्रतिवेदनमा सफल कार्यक्रम, प्राप्त नतिजा र त्यसमा भएको खर्च तथा संलग्न अधिकारीहरूको नाम, पद, र योगदान स्पष्ट हुने गरी पेश गर्नुपर्नेछ र पारदर्शिताका लागि प्रतिवेदन कार्यालयको वेबसाइटमा अनिवार्य राख्नु पर्नेछ। सम्बन्धित निकायले वेबसाइटमा राखेको मितिलाई प्रतिवेदन पेश गरेको मितिको रूपमा गणना गर्नु पर्नेछ।

२७४. प्रत्येक कार्यालय, परियोजना तथा निकाय, मुख्यतः कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, प्रयोगशाला, परियोजना, तथा फार्म/केन्द्रहरूले हरेक ३/३ महिनामा सम्पन्न क्रियाकलापहरूको लेखाजोखा गर्न, हासिल गरेको नतिजा सुनिश्चित गर्न तथा पहिचान गरिएका समस्याहरू निराकरण गर्न आ-आफ्नो कार्यालय प्रमुखको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरी समीक्षा गर्ने प्रबन्ध मिलाउने छन्। यो समितिको सचिवालयको काम अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यालय/शाखाले गर्नेछ।

## ११.२ मूल्याङ्कन

२७५. आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताद्वारा पारदर्शीतालाई उच्च प्राथमिकतामा राख्दै उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले रणनीतिको उपलब्धि, प्रतिफल तथा क्रियाकलापहरूको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, तथा दिगोपनको मूल्याङ्कन गरिनेछ। यस्तो मूल्याङ्कनमा लैगिक समानता तथा समावेशिताको दृष्टिले रणनीति कार्यान्वयनबाट दूरदृष्टिमा पुगेको योगदान तथा प्रदेशको कृषि विकासमा परेको प्रभावको विश्लेषण गरिनेछ।

२७६. यो रणनीति कार्यान्वयनको आन्तरिक मूल्याङ्कन सरकारले निर्धारण गरेको समयसारिणी अनुसार नियमित रूपमा र बाह्य मूल्याङ्कन हरेक ५/५ वर्षमा गरिनेछ। बाह्य मूल्याङ्कन तेस्रो पक्षबाट गराइनेछ। यी मूल्याङ्कनहरूमा रणानीति कार्यान्वयनको अवस्था र त्यसबाट प्राप्त नतिजाका अलावा कार्यान्वयनका क्रममा देखा परेका राम्रा र नराम्रा पक्ष तथा सुधार गर्नु पर्ने कुराहरू समेत सिफारिश गरिनेछ। मूल्याङ्कन समयमा गर्ने गराउने जिम्मेवारी प्रदेश योजना आयोगको हुनेछ र रणनीति कार्यान्वयनको अवधिभर निरन्तर रूपमा आयोगले अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने छ।

२७७. कृषि तथा भूमि व्यवस्था मन्त्रालयले प्रदेश योजना आयोगको समन्वयमा तेस्रो पक्षबाट मूल्याङ्कन गराउने कार्यक्रम तथा परियोजनाहरूको सूची तयार गरी आर्थिक वर्षको शुरुमै मन्त्रालयको वेबसाइटमा राखी मूल्याङ्कन कार्यलाई पारदर्शी बनाउनेछ। यसबाट सम्बन्धित सबै सरोकारवालाहरू शुरुदेखि नै सचेत भइ प्रभावकारी ढंगबाट कार्यक्रम/परियोजना कार्यान्वयन गर्न अभिप्रेरित हुने यो रणनीतिले विश्वास लिएको छ।

२७८. यो रणनीति कार्यान्वयनको मूल्याङ्कनसँग सम्बन्धित कार्य गर्न/गराउन प्रदेश योजना आयोगले नेतृत्वदायी भूमिका गर्ने छ।

२७९. रणनीति मूल्याङ्कनको तरिका तथा ढाँचा प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ बमोजिम हुनेछ।

२८०. सचिव स्तरीय संयुक्त क्षेत्रगत समीक्षा (Joint Sector Review) संयन्त्रले अनुगमन तथा मूल्याङ्कनको ढाँचा तर्जुमा गरी प्रादेशिक कृषि विकास रणनीति समन्वय समितिमा पेश गर्ने र त्यहाँबाट स्वीकृत भइसकेपछि सम्बन्धित सबै निकायहरूमा पठाउने कार्य मन्त्रालयमा रहेको प्रादेशिक कृषि विकास रणनीति समन्वय एकाइले गर्नेछ। प्रादेशिक कृषि विकास रणनीति समन्वय समितिबाट स्वीकृत ढाँचा कार्यान्वयनमा ल्याए नल्याएको अनुगमन संयुक्त क्षेत्रगत समीक्षा संयन्त्रले गर्नेछ।

२८१. रणनिति कार्यान्वयनसँग सम्बन्धित कार्यक्रम/परियोजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा नतिजा ढाँचाभित्र रही सूचकहरूको स्थिति अद्यावधिक गर्नुका साथै वातावरणमा पर्ने वा पर्न सक्ने वा परेको नकारात्मक र सकारात्मक प्रभाव तथा हरित ग्याँस उत्सर्जनमा पर्ने प्रभाव, दिगो विकास लक्ष्यमा योगदान, तथा लैगिक समता तथा सामाजिक समावेशिता अभिवृद्धिमा गरेको योगदान समेत मूल्याङ्कन गर्नु पर्नेछ।

२८२. परियोजना अवधिको आधारमा आधारभूत सर्वेक्षण, आवधिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन गर्ने/गराउने परिपाटी विकास गरिनेछ। साथै, तेस्रो पक्षबाट गराएको मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने र वेबसाइटमा अनिवार्य राख्नुपर्ने व्यवस्था मिलाइनेछ। मूल्याङ्कन प्रतिवेदनको सिफारिस कार्यान्वयन स्थिति तोकिएको ढाँचामा वेबसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ। प्रदेशले संघबाट सशर्त अनुदान लिँदा र प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान दिँदा दुवै अवस्थामा रणनीतिसँगको सामञ्जस्यता जाँच गर्नु पर्नेछ। अनुदान लिने दिने कार्य गर्दा रणनीति कार्यान्वयनमा सघाउ पुग्न सक्ने अवस्था नरहेमा सम्बन्धित निकायले जे सच्याउनु पर्छ तत्काल सच्याउने प्रणाली अनुगमन तथा मूल्याङ्कनको मुख्य आधार हुनेछ।

### ११.३ समीक्षा

२८३. प्रादेशिक कृषि विकास रणनीति कार्यान्वयनको समीक्षा नियमित प्रगति समीक्षा संगै गरिनेछ। यसका अलावा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विकास साझेदारहरूसँग संयुक्त रूपमा स्थापना गरेको कृषि विकास रणनीतिको संयुक्त क्षेत्रगत समीक्षा संयन्त्र प्रदेशमा समेत गठन गरी कृषि तथा भूमि व्यवस्था मन्त्रालयको नेतृत्वमा विकास साझेदार र कृषि विकासमा संलग्न अन्य सरोकारवालाहरूको संयुक्त क्षेत्रगत समीक्षा गरिनेछ। संयुक्त क्षेत्रगत समीक्षा संयन्त्र प्रादेशिक कृषि विकास रणनीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने महत्त्वपूर्ण विधि हुनेछ। यो संयन्त्र मार्फत लुम्बिनी प्रदेशले प्रदेशको कृषि विकासमा सहयोग गर्ने विकास साझेदार र अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्नेछ। यो संयन्त्रले कृषि क्षेत्रको कार्यसम्पादन र उपलब्धिको संयुक्त रूपमा मूल्याङ्कन गर्न सूचना स्रोतको रूपमा समेत काम गर्नेछ। यसले विभिन्न समसामयिक सवाल तथा नयाँ उत्पन्न समस्याहरू सम्बोधन गर्न, सरोकारवालाहरूको जवाफदेहिता जाँच गर्न, र प्रदेश र राष्ट्रिय स्तर बीच क्षेत्रगत विकासका आयामहरूलाई पारस्परिक रूपमा सहयोग गरी व्यवहारिक समाधान खोज्न सहजीकरण गर्नेछ।

### ११.४ जोखिम व्यवस्थापन

२८४. लुम्बिनी प्रदेशको कृषि क्षेत्रको आधुनिकीकरण तथा औद्योगिकीकरणको मार्गचित्र सहित आगामी १५ बर्षको लागि तर्जुमा गरिएको यो प्रादेशिक कृषि विकास रणनीति स्वीकृत गर्दा लिइएका मान्यता र पूर्वानुमान अनुरुप रणनीति कार्यान्वयनमा जाने अपेक्षा राखिएको छ। रणनीति कार्यान्वयनमा आइ पर्न सक्ने सम्भाव्य जोखिम नियन्त्रण गर्ने उपायहरू उपलब्धि र प्रतिफलसंगै चर्चा गरिएका छन्। रणनीतिको सफल कार्यान्वयन प्रदेश सरकारको जोखिम व्यवस्थापनको तौर तरिका, प्रदेश सरकारले तयार गर्ने आगामी आवधिक योजना लगायतका दीर्घकालीन योजनाहरू, तथा नेपाल सरकारले तयार गर्ने आवधिक

योजनाहरूको तर्जुमा तथा कार्यान्वयनको क्रममा अवलम्बन गर्ने रणनीति तथा कार्यनीतिहरूमा भर पर्छ। प्रदेशको यो रणनीतिलाई देशको अर्थतन्त्र र यसले व्यहोर्ने बाह्य तथा आन्तरिक जोखिमबाट भिन्न रूपमा हेर्न सकिंदैन।

२८५. नेपालको संविधानले राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण; वित्तीय नीति; मौद्रिक नीति; विदेशी अनुदान, सहयोग र ऋण; भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धिकर, संस्थागत आयकर, व्यक्तिगत आयकर, र पारिश्रमिककर; अन्तराष्ट्रिय व्यापार र क्वारेन्टाइन; बौध्दिक सम्पति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकार); राष्ट्रिय तथा अन्तराष्ट्रिय वातावरण व्यवस्थापन; बीमा नीति; राष्ट्रिय वन नीति; भूउपयोग नीति तथा वातावरण अनुकूलन; कृषि सम्बन्धी राष्ट्रिय नीति, ऐन, नियम, बीउ बिजनको गुणस्तर नियन्त्रण, विषादीको उपयोग र नियमन, जस्ता कार्यहरू संघको अधिकार सूची भित्र राखेको छ। त्यसै गरी, प्रदेश विकास नीति, योजना तर्जुमा, अनुगमन, र मूल्याङ्कन; सहकारीहरूको क्षमता अभिवृद्धि; भूउपयोग, भूमिसुधार र चक्लाबन्दी सम्बन्धी; कृषि औद्योगिकीकरण, पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन; कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार जस्ता कार्यहरू प्रदेशको अधिकार सूचीभित्र र कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी; कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण स्थानीय सरकारको अधिकार सूची भित्र समावेस गरेको छ। कृषि क्षेत्रको समग्र विकासमा प्रभाव पार्ने विभिन्न कार्यहरू संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने संवैधानिक प्रावधान अनुरुप सबै तहका सरकारबाट आ-आफ्नो जिम्मेवारी भित्रका कार्यहरूको कार्यन्वयन क्षमताले यो रणनीति कार्यान्वयनलाई प्रभावित पार्ने स्पष्ट छ। तसर्थ, स्रोत साधनको विनियोजन एवम् सञ्चालन कुशलता कायम गर्दै कार्यपद्धति र कार्यसंस्कृतिमा सुधारबाट जोखिम पक्षको व्यवस्थापन गरिनेछ।

२८६. राष्ट्रिय नीति अनुरुप प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै जोखिम व्यवस्थापनका लागि नेपाल सरकारले पहिचान गरेका तथा गर्ने बाह्य जोखिम र आन्तरिक जोखिम व्यवस्थापनमा[7] प्रदेश सरकारले सङ्घीय सरकारलाई दृढतापूर्वक सहयोग गर्नेछ। तालिका ३५ मा पन्ध्रौं योजनामा उल्लेख गरिएका जोखिम व्यवस्थापनका रणनीतिमा आधारित रहेर प्रादेशिक कृषि विकास रणनीति कार्यान्वयनमा आइ पर्न सक्ने जोखिम व्यवस्थापनका रणनीति तथा कार्यनीति प्रस्तुत गरिएको छ।

**तालिका ३५. जोखिम व्यवस्थापनका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विश्व अर्थतन्त्रबाट नेपालमा तथा यसको चेनको रूपमा प्रदेशमा आउन सक्ने सम्भावित उतार चढावको जोखिम पहिचान गरी प्रदेशको अर्थतन्त्रमा यस्को नकारात्मक प्रभाव न्यूनीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने। | १. यो रणनीतिले परनिर्भरतालाई प्रमुख चुनौतीको रूपमा लिई त्यसलाई न्यूनीकरण गर्न उच्च तथा दिगो उत्पादकत्व वृद्धि, कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि तथा कृषि व्यावसायीकरण अभिवृद्धिमा जोड दिनेछ।<br>२. आर्थिक तथा वित्तीय जोखिम पहिचान गर्दै पूर्व सावधानी प्रणाली विकास गर्न नेपाल सरकारसँग समन्वयात्मक रूपमा कार्य गरिनेछ। |
| २. नेपालका कृषि तथा सम्बद्ध नीतिहरूको विश्लेषण | १. नेपाल सरकारसँग निरन्तर सम्बन्ध, सहकार्यमा रही अन्तराष्ट्रिय |

[7]पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), पृष्ठ ३८०-३८३

| रणनीति | कार्यनीति |
|---|---|
| गरी नीतिगत सामञ्जस्यता कायम गर्दै प्रदेशको नीति तथा रणनीति तर्जुमा गर्ने। | विकास साझेदार संस्था तथा निकायका नीतिहरूले यस प्रदेशमा पार्न सक्ने प्रभाव अध्ययन-विश्लेषण गरी नेपाल सरकारलाई उपयुक्त नीति र रणनीति तर्जुमामा योगदान गरिनेछ।<br>२. प्रदेशको नीतिलाई नेपाल सरकारको नीतिसँग तथा स्थानीय सरकारहरूलाई पनि नेपाल सरकार तथा प्रदेश सरकारको नीतिसँग सामञ्जस्यता तुल्याउन सहजीकरण गरिनेछ। |
| ३. अन्तरिक रोजगारीको अभावमा ग्रामीण युवाहरू अस्थायी तथा न्यून ज्यालादारीका लागि समेत विदेश पलायन भइ रहेको अवस्थामा कृषि श्रमिकको अभावलाई न्यूनीकरण गर्ने। | १. कृषि आधुनिकीकरण तथा औद्योगिकीकरणबाट आन्तरिक रोजगारीको अवसर सिर्जना गर्दै कृषिलाई सम्मानित तथा उच्च आय दिने पेशाको रूपमा रूपान्तरण गरिनेछ। |
| ४. सार्वजनिक वित्तको प्रभावकारी कार्यान्वयन गर्ने। | १. नेपाल सरकारसँगको सहकार्य तथा समन्वयमा प्रदेशको वित्तीय जोखिमको नियमित लेखाजोखा गरी तत् सम्बन्धी जानकारी नेपाल सरकारलाई उपलब्ध गराइनेछ।<br>२. उच्च प्रतिफल दिने कृषि बाली वस्तु उत्पादन वृद्धिसँग सम्बन्धित कृषि पूर्वाधारका क्षेत्रमा सार्वजनिक स्रोत विनियोजन गरिनेछ।<br>३. मध्यकालीन खर्च संरचना तर्जुमा प्रक्रियालाई सुदृढ गरी यथार्थपरक बनाइनेछ। |
| ५. पूर्वाधार र सूचना प्रविधिजन्य जोखिम न्यूनीकरण गर्ने। | १. सूचना प्रविधिको विस्तार तथा पहुँच अभिवृद्धि गरी डिजिटल डिभाइड न्यूनीकरण गरिनेछ। |
| ६. प्राकृतिक प्रकोप तथा गैर प्राकृतिक विपत्को जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने। | १. विपत् जोखिम पूर्वानुमान, पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी अध्ययन, अनुसन्धान तथा बहुप्रकोप जोखिम नक्साङ्कन र सूचनामा आधारित योजना, रणनीति र कार्ययोजना तर्जुमा गरी लागू गरिनेछ।<br>२. विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्वि गरी समुदायस्तरदेखि नै उत्थानशील क्षमता अभिवृद्वि गरिनेछ।<br>३. राष्ट्रिय, क्षेत्रीय तथा विश्वव्यापी रूपमा देखा पर्न सक्ने महामारीको रोकथाम र नियन्त्रणको लागि प्रदेश सरकारले आवश्यक रणनीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछ।<br>४. विपत्को जोखिम आँकलन गरी आवश्यक पूर्वाधार निर्माण, दक्ष जनशक्ति विकास, र वित्तीय स्रोत-साधनको व्यवस्थापन गरी विपत् जोखिम न्यूनीकरण गरिनेछ।<br>५. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न स्थानीय समुदायमा अनुकूलन क्षमता अभिवृद्वि, सचेतना र सवलीकरण गरिनेछ।<br>६. विकास निर्माणका चरणमा जलवायु परिवर्तन सम्बन्धी विषयलाई मुल प्रवाहीकरण गरिनेछ। |
| ७. शासकीय जोखिम न्यूनीकरण गर्ने। | १. प्रदेश सरकारका काम कारवाहीमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्वन गरी सुशासन कायम गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. नेपाल सरकारले अवलम्बन गर्ने राजनीतिक, प्रशासनिक र वित्तीय सङ्घीयतालाई परिष्कृत गर्न प्रदेशको तर्फबाट योगदान गर्दै संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइनेछ।<br>३. दीर्घकालीन सोच, आवधिक योजना, र वार्षिक बजेट बीच तादात्म्यता र क्षेत्रगत नीतिसँग सामञ्जस्यता कायम गरिनेछ।<br>४. यस रणनीतिलाई प्रदेशको दोस्रो अवधिक योजनाको शुरुदेखि तादात्म्यता कायम गर्दै लगी आवधिक योजनामा कृषि क्षेत्रको कार्यक्रम यो रणनीतिबाट लिइनेछ। |

## ११.५ भावी मार्गचित्र

२८७. यो रणनीति कार्यान्वयन गर्दा देहायका बुँदाहरूमा विशेष ध्यान दिनु पर्नेछ।

(१) निर्माणाधीन र विभिन्न कारणबाट सम्पन्न हुन नसकेका र लगानी भइसकेका कृषि पूर्वाधारका आयोजनाहरूलाई सम्पन्न गर्न प्राथमिकता दिने।

(२) भूउपयोग नीति तथा भूउपयोग ऐन, २०७६ बमोजिम प्रदेशमा प्रदेशस्तरीय तथा स्थानीय तहमा स्थानीय भूउपयोग परिषद् तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ बमोजिम प्रदेश खाद्य परिषद् तथा स्थानीय खाद्य समन्वय समिति गठन गर्ने तथा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मन्त्रीको अध्यक्षतामा गठन हुने राष्ट्रिय खाद्य परिषद्लाई सहयोग गर्ने।

(३) यो रणनीति प्रदेश सरकारले स्वीकृत गरेको ३ महिनाभित्र मुख्यमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय कृषि विकास रणनीति निर्देशन समिति, कृषि तथा भूमि व्यवस्था मन्त्रीको अध्यक्षतामा प्रादेशिक कृषि विकास रणनीति समन्वय समिति तथा सचिवको अध्यक्षतामा संयुक्त क्षेत्रगत समीक्षा संयन्त्र गठन गर्ने र संस्थागत गर्ने। प्रदेश स्तरका समितिहरू गठन भइ सकेपछि स्थानीय तहमा स्थानीय सरकार स्तरीय कृषि विकास रणनीति समन्वय समिति गठन गर्न सहजीकरण गर्ने।

(४) कृषि व्यवसाय प्रवर्द्धन ऐन तर्जुमा गर्न पहल गर्नुका साथै निजी तथा सहकारी क्षेत्रलाई कृषि व्यावसायीकरणमा संलग्न गराउने सम्बन्धमा मार्गदर्शन तर्जुमा गरी लागू गर्ने।

(५) देशमा धानको आयात घटाउन प्रदेश धान नीति तर्जुना गर्ने र यस्तो धान नीति तर्जुमा गर्दा सरकारको अगुवा, सहजकर्ता र नियामक भूमिकालाई सीमित गरी निजी क्षेत्रलाई नेतृत्वदायी बनाउन पहल गर्ने (राष्ट्रिय योजना आयोग, २०७८)।

(६) ६ महिना भित्र प्रदेश कृषि विकास रणनीति अनुगमन मूल्याङ्कन ढाँचा तर्जुमा गरी स्वीकृत गराउने।

(७) ६ महिनाभित्र सबै स्थानीय तहलाई अभिमुखीकरण गरी प्रादेशिक कृषि विकास रणनीतिको मूल मर्म अनुसारका क्रियाकलाप तर्जुमा गरी कार्यान्वयन गर्न कार्य योजना बनाउन सहजीकरण गर्ने।

(८) कतिपय पालिकाहरूले कृषिको गुरुयोजना/आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको हुँदा तिनीहरूलाई यो रणनीतिको आधारमा समीक्षा गरी यो रणनीतिसँग तादात्म्यता कायम गर्न सहजीकरण गर्ने।

(९) यो रणनीति जीवन्त दस्तावेज भएकाले प्रत्येक ५/५ वर्षमा तेस्रो पक्षबाट मूल्याङ्कन गराई रणनीति सुधार तथा परिमार्जन गर्ने।

सन्दर्भ सामग्री

Bishwakarma B.K., D. K. Sharma, S. Khadka, R. P. Mishra and B. Prasai (2021). Pluralistic Agriculture Extension System: A Conceptual Framework for Institutional Arrangement at Local Level.

CBS (2011). Nepal Sample Census on Agriculture 2010/11. Central Bureau of Statistics, Government of Nepal.

CBS (2019). Nepal Labor Force Survey 2017/18. Central Bureau of Statistics, Government of Nepal.

CBS (2022). Regional (Provincial) National Account, Different Years, Central Bureau of Statistics, Government of Nepal.

CBS (2020). National Economics Census 2018. National Profile, Central Bureau of Statistics, Government of Nepal.

CBS (2021). National Economic Census 2018. Analytical Report Food and Beverage Industry March 2021. Central Bureau of Statistics, Government of Nepal.

Daniele Giovannucci, Sara Scherr, Danielle Nierenberg, Charlotte Hebebrand, Julie Shapiro, Jeffrey Milder, and Keith Wheele. (2012). Food and Agriculture: the future of sustainability. A strategic input to the Sustainable Development in the 21st Century (SD21) project. New York: United Nations Department of Economic and Social Affairs, Division for Sustainable Development.

DOC (2016). Food & Nutrition Security Plan of Action (FNSPA) of Nepal. Ministry of Agricultural Development, Kathmandu.

DOC (2020). Glimpse of Cooperatives, 2020. Department of Cooperatives, Kathmandu.

FAO (2021). The State of Food and Agriculture 2021, Making Agricultural Food Systems More Resililient to Shocks and Streses. Food and Agriculture Organization of United Nations, Rome.

FAO (2021). Abstracts of Conference Presentations. Global Conference on Green Development of Seed Industries, 4-5 November 2021, https://www.fao.org/events/detail/global-conference-on-green-development-of-seed-industries/en.

FAO, IFAD, UNICEF, WFP and WHO. (2021). The State of Food Security and Nutrition in the World 2021. Transforming food systems for food security, improved nutrition and affordable healthy diets for all. Rome, FAO. https://doi.org/10.4060/cb4474en.

Gautam, M., Laborde, D., Mamun, A., Martin, W., Piñeiro, V. and Vos, R. (2022). Repurposing Agricultural Policies and Support: Options to Transform Agriculture and Food Systems to Better Serve the Health of People, Economies, and the Planet © The World Bank and IFPRI.

IRENA and FAO (2021). Renewable energy for agri-food systems – Towards the Sustainable Development Goals and the Paris agreement. Abu Dhabi and Rome. https://doi.org/10.4060/cb7433en.

MoAD (2014). Agricultural Development Strategy. Ministry of Agricultural Development, Singhadurbar, Kathmandu, Nepal.

MoAD (2016). Nepal: Zero Hunger Challenge National Action Plan (2016-2025), Ministry of Agricultural Development, Singhadurbar, Kathmandu, Nepal.

MoALD. Statistical Information on Nepalese Agriculture, Different Years (2009/10, 2010/11, 2011/12, 20012/13, 2013/14, 2014/15, 2016/17, 2017/18, 2018/19, 2019/20), Ministry of Agriculture and Livestock Development, Kathmandu, Nepal.

MoAD (2016). Nepal: Zero Hunger Challenge National Action Plan (2016-2025), Ministry of Agricultural Development, Singhadurbar, Kathmandu, Nepal.

MoALD, WFP and Australian Aid (2021). The Impact of COVID-19 on Households in Nepal, Kathmandu, Nepal, March 2021.

MOALD (2021). Agriculture Development Strategy – Joint Sector Review, Third Annual Report. Ministry of Agriculture and Livestock Development, Kathmandu

MoFE (2021). Vulnerability and Risk Assessment and Identifying Adaption Options in the Agriculture and Food Security. Ministry of Forests and Environment, Government of Nepal.

MoLMAC (2020). Institutional Mapping for Province No. 5 (Unpublished Mimiograph paper, Dilaram Bhandari).

MoLMAC (2020). Report of the Interaction Workshop on Agriculture Development Strategy with Development Partners in Lumbini Province (Unpublished Mimeograph paper).

MoLJFA (2077). Local Government Operation Act, 2074. Ministry of Law, Justice and Federal Affairs. Singhadurbar, Kathmandu.

MoH, New Era & ICF (2017). Nepal Demographic and Health Survey 2016. Ministry of Health, New ERA, and ICF, Kathmandu, Nepal.

MoPE (2017). Vulnerability and Risk Assessment Framework and Indicators For National Adaption Plan ((NAP) formulation Process in Nepal. Ministry of Population & Environment, National Adaption Plan Formulation Process, May 2017.

NARC (2008). Research Highlights (2002/03-2006/007). Nepal Agricultural Research Council (NARC), Kathmandu.

National Adoption Plan Formulation Process May (2017). Synthesis of the Stocking Report for the National Adoption Plan (NAP), Formulation Process in Nepal. Government of Nepal, Ministry of Population and Environment, Kathmandu.

National Statistics Office (NSO) (2023). National Population and Housing Census 2021 (National Report). National Statistics Office, Kathmandu, Nepal

NPC (2021). Nepal Multidimensional Poverty Index: Analysis:  Towards Action. National Planning Commission. Kathmandu.

NPC & UNDP (2020). Nepal Human Development Report 2020. Beyond Gradation: Productive Transformation and Prosperity. National Planning Commission and United Nations Development Program.

NPC & UNICEF (2019). Multiple Indicator Cluster Survey 2019, National Planning Commission and UNICEF Nepal.

NPC and WFP (2019). The Food Security Atlas of Nepal. Kathmandu, Nepal.

NWRP (2019). Annual Report. National Wheat Research Program. Bhairahawa, Rupandehi, Nepal Agricultural Research Council, Government of Nepal.

Pieris, Blackie, John Cameron & David Seddon (1980). Nepal in Crisis. Oxford University Press, New Delhi.

Saravanan, R. (2008). Agricultural Extension Worldwide Innovations. Nepal: Ganapati Ojha and Birendra Bir Basnyat. New India Publishing Agency, New Delhi, 2008.

Sharma, K.P.(2010). Climate Change Trends and Instances of Socio-economic Effects in Nepal. Jalsort Vikar Sansthat, Anamnagar, Kathmandu.

Upadhyaya, H.K. (2019). A Report on Enhancing Three-Tier Coordination and Linkages in Agriculture: Current Status, Proposed Strategies, and Action Plan. Knowledge-Based Integrated Sustainable Agriculture in Nepal (KISAN) II Project, Feed the Future.

अर्थ मन्त्रालय (२०८०). आर्थिक स्रवेक्षण २०७९/८०. अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।

आर्थिक मामिला तथा योजना मन्त्रालय (२०७८)। वार्षिक कार्यक्रम २०७८/७९, लुम्बिनी प्रदेश सरकार, बुटवल, नेपाल।

आर्थिक मामिला मन्त्रालय (२०८०). लुम्बिनी प्रदेशको आर्थिक स्रवेक्षण २०७९/८०. लुम्बिनी प्रदेश सरकार, देउखुरी, नेपाल।

आर्थिक मामिला मन्त्रालय (२०८०). वार्षिक कार्यक्रम २०८०/८१. लुम्बिनी प्रदेश सरकार, देउखुरी, नेपाल।

आर्थिक मामिला तथा योजना मन्त्रालय (२०७६)। मध्यकालिन खर्च संरचना (आ.व. २०७६/७७-२०७८/७९), लुम्बिनी प्रदेश सरकार, बुटवल नेपाल, असार २०७६।

कर्णाली प्रदेश सरकार. सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७७, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुर्खेत, कर्णाली।

कृषि सम्बन्धी नीति, ऐन, नियम र आदेशहरूको संगालो (२०६५), कृषि तथा सहकारी नीति शाखा, कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं, नेपाल।

कृषि विकास रणनीति कार्यान्वयनका लागि स्थानीय तह सँग अभिमूखिकरण कार्यशाला गोष्ठी प्रतिवेदन (अप्रकाशित प्रतिवेदन, आन्तरिक)।

कृ.वि.नि. (२०७७)। वार्षिक प्रगति तथा तथ्याङ्क पुस्तिका २०७७, कृषि विकास निर्देशनालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बुटवल, नेपाल।

कृ.वि.नि. (२०७७ ख)। लुम्बिनी प्रदेशको खाद्य वासलात (२०७६/७७), कृषि विकास निर्देशनालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बुटवल।

कृ.प.वि.म (२०७७)। संघ, प्रदेश र स्थानीय तहमा कृषि विकास योजना तथा कार्यक्रम तर्जूमा : चरण र विधिहरू, कृषि विकास सम्बद्ध अधिकारीहरूका लागि योजना तर्जूमा सहयोगी पुस्तिका. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं।

कृ.भू.व्य.म. (२०७९). कृषि तथा भूमि व्यवस्था मन्त्रालयको पाँच वर्षीय उपलब्धी विवरण. कृषि तथा भूमि व्यवस्था मन्त्रालय, देउखुरी, नेपाल

कृषि सम्बन्धी नीतिहरूको संगालो (२०७७ क), योजना तथा विकास सहायता समन्वय महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, काठमाण्डौ, नेपाल।

के.त.वि. (२०७६)। व्यावसायिक कफीखेती सर्वेक्षण (२०७५/७६). प्रतिवेदन २०७६. राष्ट्रिय योजना आयोग, केन्दीय तथ्याङ्क विभाग, २०७६।

कृ.वि.म. (२०७३)। कृषि विकास रणनीति भाग -१ (२०१५-२०३५), कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल सरकार, काठमाण्डौं।

देवकोटा मिना, कृष्ण देवकोटा, स्कट जस्टिस, एन्ड्रयू म्याकडोनाल्ड (२०७५)। नेपालमा अन्नबालीको उत्पादन बढाउन आवश्यक मार्ग-निर्देशिका। यू एस ए आइ डी, सिसा नेपाल संयुक्त प्रकाशन, २०७५।

प्रदेश सरकार (२०७८)। वार्षिक प्रगति प्रतिवेदन. लुम्बिनी प्रदेश (२०७७/७८), लुम्बिनी प्रदेश, भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बुटवल।

प्रदेश योजना आयोग (२०७६)। दिगो विकासका लक्ष्यहरू, लुम्बिनी प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन -२०७५, प्रदेश योजना आयोग, ५ नं प्रदेश सरकार, बुटवल, नेपाल।

प्रदेश योजना आयोग (२०७५)। प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन -२०७५, प्रदेश योजना आयोग, ५ नं प्रदेश सरकार प्रदेश योजना आयोग, बुटवल, नेपाल।

प्रदेश योजना आयोग (२०७५)। प्रदेश नं. ५ को वस्तुस्थिति विवरण। प्रदेश योजना आयोग, प्रदेश सरकार, प्रदेश नं ५, बुटवल, नेपाल।

प्रदेश योजना आयोग (२०७६)। प्रदेश नं. ५ को प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१), प्रदेश योजना आयोग, ५ नं प्रदेश सरकार प्रदेश योजना आयोग बुटवल, नेपाल।

प्रदेश योजना आयोग (२०७७)। प्रथम आवधिक योजनाको प्रथम वर्षको वार्षिक समिक्षा प्रतिवेदन (आ.व. २०७६/७७)। प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश सरकार, प्रदेश योजना आयोग, मुकाम बुटवल, मंसिर, २०७७।

प्रदेश सरकार (२०७८)। नीति तथा कार्यक्रम प्रदेश सरकार २०७८. लुम्बिनी प्रदेश।

प्रदेश योजना आयोग (२०७७)। प्रदेश सरकारको मध्यावधि उपलब्धि ( २०७७ फाल्गुन), लुम्बिनी प्रदेश प्रदेश योजना आयोग, बुटवल, नेपाल।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (२०८०) . मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम, कार्यान्वयन अवधारणा पत्र (मस्यौदा) . लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, देउखुरी, नेपाल।

लुम्बिनी प्रदेश सरकार (२०८०) . आ.व. २०८०/८१ को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम. लुम्बिनी प्रदेश सरकार, देउखुरी, नेपाल।

वार्षिक प्रगति प्रतिवेदन (२०७८)। प्रदेश विकास समस्या समाधान समितिको बैठकमा आ.व. २०७७/७८, प्रस्तुत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवल, नेपाल।

वार्षिक समिक्षा प्रतिवेदन (२०७७)।प्रथम आवधिक योजनाको प्रथम आर्थिक वर्षको वार्षिक समिक्षा प्रतिवेदन ( आ.व. २०७६/७७), प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश, बुटवल।

बेल्बासे लेखनाथ, नारायण बेलबासे (२०५६)। जैविक विविधता संरक्षण स्रोत सँगालो. जनहित संरक्षण मञ्च २०५६, काठमाण्डौ, नेपाल।

वार्षिक प्रगति एवं प्राविधिक पुस्तिका मत्स्य शुद्व नक्ष संरक्षण तथा प्रवर्द्वन स्रोत केन्द्र (२०७६/७७), ठुटीपिपल, रुपन्देही. पशुसेवा विभाग कृषि तथा पशुपन्छी विकास मन्त्रालय।

वार्षिक पुस्तिका (२०७७)। पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, जानकीनगर बुटवल।

भू.व्य.कृ.स.म. मध्यकालिन खर्च संरचना (२०७७/७८-२०७९/८०) तथा वार्षिक विकास कार्यक्रम, प्रदेश सरकार, लुम्बिनी प्रदेश, बटवल।

भू.व्य.कृ.स.म. (२०७५)। रुपान्तरणको मार्गचित्र (कृषि पशुपंक्षी भूमि व्यवस्था र सहकारी क्षेत्र)। कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सिंहदरबार, काठमाण्डौं, वैषाख २३, २०७५।

राष्ट्रिय योजना आयोग (२०७६). पन्धौं योजना (२०७६/७७-२०८०/८१). राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल।

राष्ट्रिय योजना आयोग (२०७४)। बहु क्षत्रिय पोषण योजना-दोस्रो (२०७५/७६-२०७९/८०), काठमाडौं, नेपाल।

सिंचाइ बिभाग (२०७७)। एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रमको प्रकृयात्मक दिशानिर्देश २०७७, सिंचाइ विभाग, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, पुल्चोक, ललितपुर, २०७७।

सचिव

# अनुसूचीहरू

## अनुसूची १. जिल्लागत भूउपयोग, खेती विवरण, सिंचाइ सुविधा विवरण, २०७७/७८

| क्र. सं. | भौगोलिक स्थिति | जिल्लाको नाम | | कुल क्षेत्रफल (वर्ग कि.मि.) | कृषि योग्य क्षेत्रफल (वर्ग कि.मि.) | खेती गरिएको क्षेत्रफल (वर्ग कि. मि.) | सिंचित क्षेत्रफल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | (वर्ग कि. मि.) | प्रतिशत |
| १ | पहाडी | १ | पाल्पा | १४६१.९० | ५७१.७२ | ३६५.६७ | ८७.५० | २३.९३ |
| | | २ | अर्घाखाँची | १२३९.८० | ४५७.१२ | २७९.४१ | ८४.४४ | ३०.२२ |
| | | ३ | गुल्मी | ११९०.७६ | ८५६.७० | ३२८.३० | १०२.६० | ३१.२५ |
| | | ४ | रुकुम पूर्व | ११६१.१३ | १७६.८० | १२५.६३ | ३४.८२ | २७.७२ |
| | | ५ | रोल्पा | १८८५.४१ | ४०९.२७ | ३१४.९६ | ६४.८४ | २०.५९ |
| | | ६ | प्यूठान | १३२०.९३ | ४२७.६६ | २२१.७५ | ८१.१८ | ३६.६१ |
| **कुल (पहाड)** | | | | **८१७९.९३** | **२८९९.२७** | **१६३५.७२** | **४५५.३८** | **२७.८४** |
| २ | भित्री मधेश | ७ | दाङ | ३०५९.८१ | ६९९.५० | ६५९.८० | ५८८.६२ | ८९.२१ |
| ३ | तराई | ८ | नवलपरासी (ब.सु.प) | ६३४.८८ | ३९५.७५ | ३५०.७५ | ११३.४८ | ३२.३५ |
| | | ९ | रूपन्देही | १२९७.४९ | ८२६.२२ | ८०१.२२ | ५७९.८९ | ७२.३८ |
| | | १० | कपिलवस्तु | १६५१.१७ | ८३०.०० | ८१७.५६ | ३४९.४२ | ४२.७४ |
| | | ११ | बाँके | १८८२.२७ | ५७२.५७ | ५२८.३८ | १५४.६० | २९.२६ |
| | | १२ | बर्दिया | ११०५.३६ | ७५०.०० | ६०१.०० | ५२६.८० | ८७.६५ |
| **कुल (तराई)** | | | | **६५७१.१७** | **३३७४.५४** | **३०९८.९१** | **१७२४.१९** | **५५.६४** |
| **कुल** | | | | **१७८१०.९१** | **६९७३.३१** | **५३९४.४३** | **२७६८.१९** | **५१.३२** |

स्रोतः वार्षिक प्रगति तथा तथ्याङ्क पुस्तिका २०७७/७८, कृषि खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, बुटवल

सचिव

अनुसूची २. प्रदेशको खाद्य वासलात स्थिति, २०७८/७९

| जिल्ला | कुल उपलब्ध खाद्यान्न | कुल उपभोग्य प्रशोधित खाद्यान्न | २०७७ सालको प्रक्षेपित जनसङ्ख्या (२०६८ को जनगणनाको आधारमा) | आवश्यक खाद्यान्न प्रतिव्यक्ति प्रतिवर्ष के.जी. | कुल आवश्यक खाद्यान्न | बचत वा न्यून | प्रतिव्यक्ति प्रति वर्ष उपलब्ध खाद्यान्न के.जी. |
|---|---|---|---|---|---|---|---|
| पाल्पा | ९४,९७३ | ७१,२८४ | २९४,६८२ | २०१ | ५९,२३१ | १२०५३ | २४२ |
| गुल्मी | ११४,१८१ | ८६,७१४ | ३१६,०९७ | २०१ | ६३,५३५ | २३१७९ | २७४ |
